३३३

# भक्तपुर मासिक

Bhaktapur Monthly

चैत २०८०

ISSN 2705-4454




# अन्तर नगर महिला कबड्डी प्रतियोगिता

- बिजुक्छेँद्वारा ऐतिहासिक भाजुपुखू उद्घाटन
- प्राचीन पोखरी ब्युँताउन लागिपरेका स्थानीय सरकार
- एनजीओ आइएनजीओहरु: साम्राज्यवादका आर्थिक हतियार !
- समालोचनाया सिद्धान्त (२५)
- भूमिगत पानीको दोहनले उपत्यका मरुभूमिउन्मुख
- याकति अजिमाको पीठ
- राइट दाजुभाइ– राजेन्द्रबहादुर कायष्ठ
- महिला मुक्तिको प्रश्न र राजनैतिक व्यवस्था
- अनुकरणीय कार्यको अभियानमा भक्तपुर
- भक्तपुर नपाको गतिविधि



अन्तर नगर महिला कबड्डी प्रतियोगितामा प्रथम मेलौली नपा



अन्तर नगर महिला कबड्डी प्रतियोगितामा द्वितीय बुटवल उपमनपा



अन्तर नगर महिला कबड्डी
प्रतियोगितामा तृतीय भीमदत्त नपा



अन्तर नगर महिला कबड्डी
प्रतियोगितामा तृतीय पोखरा मनपा

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०  फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì{$! ✭ cÆ %✭ g}; ={!$$ ✭ lj=; ={@)*) r}t ✭ A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५/-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## सम्झनाको लागि



भक्तपुरको बिस्का जात्रा


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'घर नै अनुशासनको सबैभन्दा उत्तम विद्यालय हो ।' - एमस्माइन्स

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | अन्तर नगर महिला कबड्डी प्रतियोगिता | – | ३ |
| २) | के भन्छन् महिला कबड्डी प्रतियोगिताका सहभागीहरू | – | १४ |
| ३) | अध्यक्ष बिजुक्छेँसँग महिला कबड्डीका खेलाडीहरूको भेट | – | २४ |
| ४) | नेमकिपा अध्यक्ष बिजुक्छेँद्वारा ऐतिहासिक भाजुपुखू उद्घाटन | – | २६ |
| ५) | पानी | आर. दिस्ती | ३० |
| ६) | 'वैदेशिक रोजगारीको नाममा चेलिबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय हुनु जरुरी' | प्रेम सुवाल | ३९ |
| ७) | शिक्षामन्त्री सुमना श्रेष्ठलाई खुला पत्र | – | ४० |
| ८) | एनजीओ आइएनजीओहरू : साम्राज्यवादका आर्थिक हतियार ! | विवेक | ४३ |
| ९) | अनुकरणीय कार्यको अभियानमा भक्तपुर | जे.पी. तिमिल्सिना | ४५ |
| १०) | उपत्यकाका प्राचीन पोखरी ब्युँताउन लागिपरेका स्थानीय सरकार | प्रबिता श्रेष्ठ | ४८ |
| ११) | भूमिगत पानीको दोहनले उपत्यका मरुभूमिउन्मुख | विष्णुभक्त राजचल | ५३ |
| १२) | समालोचनाया सिद्धान्त (२६) : नेपाल भाषाया समालोचना साहित्य | प्रा.माणिकलाल श्रेष्ठ | ५६ |
| १३) | याकति अजिमाको पीठ | ओम धौभडेल | ६२ |
| १४) | नेपालमा महिला मुक्तिको प्रश्न र राजनैतिक व्यवस्था | अनिता | ६५ |
| १५) | महिला सहभागिता बढाउन राजनीतिक चेतना आवश्यक | मञ्जु | ६८ |
| १६) | राइट दाजुभाइ | राजेन्द्रबहादुर कायष्ठ | ७० |
| १७) | सिद्धान्त ज्योतिषमा आधारित भक्तपुरको बिस्केट जात्रा | डा. वीरेन्द्रप्रसाद कायस्थ | ७४ |
| १८) | 'समाजसेवी' महाशयको कर्तुत | रसिक | ७६ |
| १९) | दिदीको लामो मेसेज | कुशल | ७९ |
| २०) | नेपाली कलाको विकास : एक झलक | न्हुछेरत्न बुद्धाचार्य | ८२ |
| २१) | भक्तपुर नगरपालिका गतिविधि | – | ८४ |
| | क) शैक्षिक गतिविधि | – | ९४ |
| | ख) स्वास्थ्य सेवा | – | ९९ |
| | ग) अनुभवको आदान-प्रदान | – | १०४ |
| | घ) भेटघाट | – | १०५ |
| | ङ) सङ्क्षेपमा | – | १०६ |
| २२) | विविध समाचार | – | १०७ |
| २३) | ऐतिहासिक प्रतियोगिताका विजयीलाई बधाई ! सहभागीलाई धन्यवाद ! (सम्पादकको पृष्ठ) | – | १२४ |

**साथमा** : जीवन-आचरण – ५५/ हाम्रा मौलिक सामग्री – ६४/ चीनका प्राचीन नीति कथा – ६९/ प्रेरणीय ९८/ ख्वप अस्पतालको प्रगति-१०३/ बसिबियाँलो – १०४/ हाम्रो स्वास्थ्य – १२२/ पर्यटक तथ्याङ्क – १२३/ रङ्गीन पृष्ठ – क-घ ।

# भक्तपुर नगरपालिका

## अन्तरनगर महिला कबड्डी प्रतियोगिता-२०८०

फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म

# प्रथम : मेलौली नपा, द्वितीय : बुटवल उपमनपा

# तृतीय : भीमदत्त नपा र पोखरा उपमनपा

## समुद्घाटन समारोह

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले २०८० फागुन २९ देखि चैत्र ३ गतेसम्म सहिदस्मृतिमा सञ्चालन हुने अन्तर नगर महिला कबड्डी प्रतियोगिताको फागुन २९ गते एक समारोहबीच पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो।

भक्तपुरको सहिद स्मृति खेलमैदानमा भएको उद्घाटन समारोहमा प्रमुख अतिथि **बिजुक्छेँ**ले खेलकुद महिलाहरूलाई शारीरिक र मानसिक रूपले बलियो बनाउने सशक्त माध्यम भएको बताउनुभयो।

खेलकुदमा सहभागी महिलाहरू अरूभन्दा तुलनात्मक रूपमा सभ्य, अनुशासित र निडर हुने बताउनुहुँदै उहाँले खेलकुद स्वास्थ्य र तन्दुरुस्तको निम्ति पनि भएको बताउनुभयो।

खेलकुदको नियमअनुसार खेलाडीहरूले उत्साहपूर्वक प्रतियोगितामा सहभागी हुन आह्वान गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले खेलमा हार जित स्वाभाविक भएको र खेलाडीहरूबीच आपसी मित्रता कायम गर्ने अवसर पनि भएको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले विभिन्न नगरपालिकाबाट सहभागी खेलाडीहरूलाई भक्तपुर नपामा स्वागत गर्नुहुँदै खेलकुदको माध्यमबाट देशका विभिन्न नपासँग सुमधुर सम्बन्ध विस्तार गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना भएको बताउनुभयो।

जनप्रतिनिधि र खेलाडीहरूसँग अनुभव आदानप्रदान गर्ने राम्रो अवसर हुने बताउनुहुँदै उहाँले खेलाडीको प्रतिभा








प्रदर्शन गर्ने अवसरको रूपमा प्रतियोगितालाई उपयोग गर्न खेलाडीहरूलाई मार्गनिर्देश गर्नुभयो ।

भक्तपुर नपाले खेलकुदलाई पनि प्राथमिकतामा राख्दै हरेक नागरिकलाई खेलकुद र शरीरिक अभ्यासमा सहभागी गराउने प्रयास चालु राखेको बताउनुहुँदै भक्तपुर नपाले नियमित खेलकुद प्रशिक्षणको पनि आयोजना गर्दै आएको बताउनुभयो ।

वाग्मती प्रदेशका सांसद **सुरेन्द्रराज गोसाई**ले अन्तर नगर खेलकुद प्रतियोगिता आयोजनाले देशका विभिन्न नगरपालिकाका खेलाडी र नगरवासीहरूबिच मैत्रीपूर्ण सम्बन्ध, आपसी सद्भाव विकास हुने बताउनुहुँदै देशलाई स्वस्थ बनाउन त्यहाँका नागरिकहरू मानसिक र शारीरिक रूपमा स्वस्थ हुनुपर्ने धारणा राख्नुभयो ।



खेलकुदलाई राज्यले उच्च प्राथमिकतामा राख्नुपर्छ भन्नुहुँदै उहाँले देश हाँक्नेहरूसँग अनुशासन नहुँदा नेपाली जनताले अठेरो अवस्था महसुस गरिरहेको बताउनुभयो । शासकहरूले खेलाडीहरूको देशप्रेम र अनुशासनबाट पनि केही पाठ सिक्नुपर्ने बताउनुहुँदै उहाँले नयाँ पुस्ताले आ–आफ्नो तर्फबाट अनुशासनको प्रदर्शन गर्नुपर्छ भन्नुभयो ।

नेपाल कबड्डी सङ्घका अध्यक्ष **तुलसी थापा**ले महिला कबड्डी आयोजनाले भक्तपुर नपाप्रति आभार प्रकट गर्नुहुँदै गाउँगाउँमा पूर्वजहरूले खेल्ने कबड्डी खेल अन्तर्राष्ट्रिय क्षेत्रमा पनि तीव्र गतिले विकास हुँदै आएको बताउनुभयो ।



खेलकुद विकासमा तीनओटै तहका सरकारहरूको समन्वय आवश्यक भएको बताउनुहुँदै उहाँले नेपालका खेलाडीहरूलाई विदेश पलायन हुनबाट रोक्न नेपालमै रोजगारीको सुनिश्चितता गर्नुपर्ने धारणा राख्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले अन्तर नगर महिला कबड्डी प्रतियोगितामा १५ ओटा नगरपालिका सहभागी रहेको



बताउनुभयो । उहाँले प्रतियोगितामा प्रथम हुने टीमलाई रु. १ लाख ५० हजार, दोस्रो हुनेलाई रु. १ लाख, तेस्रो र चौथो हुनेलाई रु. ५०–५० हजार प्रति समूह नगद पुरस्कारको व्यवस्था गरेको जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले खेलकुदको प्रवर्द्धन र सम्बर्द्धन गर्न भक्तपुर नपाले प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै खेलकुदले देशको भूगोल, पहिचान, सांस्कृतिक, रहन र जीवनशैलीलाई पनि जोड्ने काम गर्ने बताउनुभयो ।



कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने युवा तथा खेलकुद समितिका सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा निर्णायकको तर्फबाट राष्ट्रिय निर्णायक **दिलिपनारायण श्रेष्ठ** र खेलाडीहरूको तर्फबाट भक्तपुर नगरपालिकाका राष्ट्रिय महिला कबड्डी खेलाडी **पूजा दुवाल**ले अन्तर नगर महिला कबड्डी प्रतियोगिता २०८० को खेल अखिल नेपाल कबड्डी सङ्घको नियमअनुसार अनुशासित र मर्यादित ढङ्गले सम्पन्न गर्न शपथ लिनुभयो ।

प्रतियोगिताको उद्घाटनअघि भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट




¥यालीसहित नगरपरिक्रमा गरी सहिदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो । ¥यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्वयम्सेवक, खेलाडी तथा विभिन्न विद्यालयहरूका विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

### अन्तरनगर महिला कबड्डी प्रतियोगितामा सहभागी नगरपालिकाहरू

- महाकाली नगरपालिका, दार्चुला
- मेलौली नगरपालिका, बैतडी
- भिमदत्त नगरपालिका, कञ्चनपुर
- बुटवल उपमहानगरपालिका, रूपन्देही
- कलैया उपमहानगरपालिका, बारा
- सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
- विराटनगर महानगरपालिका, मोरङ
- काठमाडौँ महानगरपालिका, काठमाडौँ
- गोदावरी नगरपालिका, ललितपुर
- कीर्तिपुर नगरपालिका, काठमाडौँ
- मध्यपुर थिमि नगरपालिका, भक्तपुर
- पनौती नगरपालिका, काभ्रे
- बनेपा नगरपालिका, काभ्रे
- भक्तपुर नगरपालिका, भक्तपुर
- पोखरा महानगरपालिका, कास्की

# अन्तर नगर महिला कबड्डी प्रतियोगिता

**२०८० फागुन २९ देखि चैत ३ गते**

## टोली समूह

| समूह क | समूह ख | समूह ग | समूह घ |
|---|---|---|---|
| भक्तपुर नपा | बुटवल उपमनपा | मेलौली नपा | भीमदत्त नपा |
| मध्यपुर थिमि नपा | विराटनगर मनपा | सिद्धिचरण नपा | कीर्तिपुर नपा |
| काठमाडौँ मनपा | गोदावरी नपा | कलैया उपमनपा | पनौती नपा |
| | महाकाली नपा | पोखरा मनपा | बनेपा नपा |



अन्तर नगर महिला कबड्डी प्रतियोगिताको फाइनल खेलका निर्णायक लगायतका सञ्चालकहरू

## लिगचरणका खेल र नतिजा

| खेल नं. | टोली विरुद्ध टोली (कोष्ठमा अङ्क) | | उत्कृष्ट खेलाडी |
|---|---|---|---|
| **फागुन २९ गते** | | | |
| १ | भक्तपुर नपा (५७) भक्तपुर | मध्यपुर थिमि नपा (२२) भक्तपुर | पुजा दुवाल (भक्तपुर) |
| २ | मेलौली नपा (७८) बैतडी | सिद्धिचरण नपा (१७) ओखलढुङ्गा | जयन्ती बडु (मेलौली) |
| ३ | भीमदत्त नपा (८६) कन्चनपुर | कीर्तिपुर नपा (१६) काठमाडौँ | मानमति विष्ट (भीमदत्त) |
| ४ | पनौती नपा (५७) काभ्रे | बनेपा नपा (३२) काभ्रे | रुबिना बस्नेत (पनौती) |
| ५ | गोदावरी नपा (१७) ललितपुर | महाकाली नपा (४३) दार्चुला | वर्षा बोहरा (महाकाली) |
| **फागुन ३० गते** | | | |
| ६ | विराटनगर मनपा (२२) मोरङ्ग | बुटवल उपमनपा (६४) रुपन्देही | विष्णु सोमरी मगर (बुटवल) |
| ७ | मेलौली नपा (४३) बैतडी | पोखरा मनपा (२२) कास्की | होममाया खप्तड मगर (पोखरा) |
| ८ | भीमदत्त नपा (६९) कन्चनपुर | बनेपा नपा (१६) काभ्रे | मानमति विष्ट (भीमदत्त) |
| ९ | काठमाडौँ मनपा (६५) काठमाडौँ | मध्यपुर थिमि नपा (२५) भक्तपुर | पुनम कार्की (काठमाडौँ) |
| १० | विराटनगर मनपा (३९) मोरङ्ग | गोदावरी नपा (२३) ललितपुर | रोजिना खवास (विराटनगर) |
| ११ | सिद्धिचरण नपा (७९) ओखलढुङ्गा | पोखरा मनपा (१७) कास्की | आशिका नेपाली (पोखरा) |
| १२ | बुटवल उपमनपा (५९) रुपन्देही | गोदावरी नपा (२४) ललितपुर | सृजना थारु (बुटवल) |
| १३ | कीर्तिपुर नपा (३५) काठमाडौँ | बनेपा नपा (३२) काभ्रे | नितु सुनार (कीर्तिपुर) |
| १४ | मेलौली नपा (६१) बैतडी | कलैया उपमनपा (१३) बारा | रविना चौधरी (मेलौली) |
| १५ | काठमाडौँ मनपा (२९) काठमाडौँ | भक्तपुर नपा (४३) भक्तपुर | इशा सैंजु (भक्तपुर) |
| १६ | बुटवल उपमनपा (५७) रुपन्देही | महाकाली नपा (२४) दार्चुला | सृजना थारु (बुटवल) |
| **चैत १ गते** | | | |
| १७ | विराटनगर मनपा (१७) मोरङ्ग | महाकाली नपा (४८) दार्चुला | रक्षा धामी (महाकाली) |
| १८ | सिद्धिचरण नपा (१८) ओखलढुङ्गा | कलैया उपमनपा (६२) बारा | जलशा चौधरी (कलैया) |
| १९ | कीर्तिपुर नपा (२४) काठमाडौँ | पनौती नपा (२६) काभ्रे | रश्मि थापा (पनौती) |
| २० | कलैया उपमनपा (२०) बारा | पोखरा मनपा (५३) कास्की | आशिका नेपाली (पोखरा) |
| २१ | भीमदत्त नपा (७३) कन्चनपुर | पनौती नपा (१९) काभ्रे | मानमति विष्ट (भीमदत्त) |

## क्वाटर फाइनलका खेल र नतिजा

| | | | |
|---|---|---|---|
| **चैत २ गते** | | | |
| २२ | भक्तपुर नपा (२४) भक्तपुर | पोखरा मनपा (२७) कास्की | बुद्धिमाया मगर (पोखरा) |
| २३ | बुटवल उपमनपा (४३) रुपन्देही | पनौती नपा (२६) काभ्रे | विष्णु सोमरे मगर (बुटवल) |
| २४ | मेलौली नपा (५६) बैतडी | काठमाडौँ मनपा (२४) काठमाडौँ | जयन्ती बडु (मेलौली) |
| २५ | भीमदत्त नपा (५७) कन्चनपुर | महाकाली नपा (२१) दार्चुला | सृजना सुनुवार (भीमदत्त) |

## सेमि फाइनलका खेल र नतिजा

| | | | |
|---|---|---|---|
| **चैत २ गते** | | | |
| २६ | पोखरा मनपा (२५) कास्की | बुटवल उपमनपा (४३) | सृजना थारु (बुटवल) |
| २७ | मेलौली नपा (३७) बैतडी | भीमदत्त नपा (३१) कन्चनपुर | रविना चौधरी (मेलौली) |

## फाइनलको खेल र नतिजा

| | | |
|---|---|---|
| **चैत ३ गते** | | |
| २८ | बुटवल उपमनपा (२०) रुपन्देही | मेलौली नपा (५२) बैतडी |

**प्रतियोगिताका सबै खेलका**

सर्वोत्कृष्ट खेलाडीतर्फ जयन्ती बडु (मेलौली), बेष्ट रेडरतर्फ रविना चौधरी (मेलौली), बेष्ट डिफेन्डरतर्फ रोशनी साउद (मेलौली)

# समापन तथा पुरस्कार वितरण

भक्तपुर नपाको आयोजनामा फागुन २९ गतेबाट सुरु भएको अन्तर नगर महिला कबड्डी प्रतियोगिताको समापन समारोह सहिद स्मृति खेलमैदानमा चैत ३ गते एक कार्यक्रमबिच सम्पन्न भयो ।



कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले गणतन्त्रमा समेत सहिदहरूको सपना पूरा नभएको र यसमा सिंहदरबारमा बस्ने राजनैतिक पार्टीहरू प्रमुख दोषी रहेको बताउनुभयो । सहिदहरूको सपना पूरा गर्न विद्यालय शिक्षा निःशुल्क, रोजगारी, योग्यता अनुसार काम दिनुपर्ने र दिनप्रतिदिन व्यापार घाटा बढ्दै जाँदा देशको अर्थतन्त्र खतरामा पुगेको बताउनुभयो । सरकारबाट नै नेपालको चुरे क्षेत्र दोहन भैरहेको र तराई मरुभूमिमा परिणत हुने खतरा बढेको बताउनुभयो । नेपालका सबै नदिनाला भारतलाई सुम्पिने कुरा नेपाल र नेपाली जनताको हितमा नभएको बताउनुहुँदै अन्तर नगर कबड्डी मार्फत नपाले सहिदहरूलाई सम्झिरहेको बताउनुभयो ।

भनपाका **प्रमुख सुनिल प्रजापति**ले भनपाले खेलकुद क्षेत्रलाई प्राथमिकता राख्दै आएको र घोषणापत्र अनुसार काम गर्दै आइरहेको बताउनुभयो । नपाले खेलकुद क्षेत्रमा



नियमित प्रशिक्षण दिदै आइरहेको अवगत गराउनुहुँदै अन्तर नगर खेलकुद प्रतियोगिताले नगरपालिकाबिच एक आपसमा अनुभव साटासाट गर्ने अवसर प्राप्त भएको बताउनुभयो । समाजमा महिला र पुरुषबिच असमानता रहेकोले महिलालाई खेलकुद क्षेत्रमा आकर्षित गर्ने उदेश्यले नगरपालिकाले नेपालमै पहिलोपटक महिला कबड्डी प्रतियोगिता आयोजना गरेको बताउनुभयो । साथै सरकारकै नीतिका कारण युवा जनशक्तिहरू विदेशिनु परेको बताउनुभयो ।



वाग्मती प्रदेश सभाका सदस्य **सृजना सैंजु**ले भक्तपुर नपाले अन्तर नगर खेलमार्फत पालिका र पालिकाबिच खेलकुदले जोडेको बताउनुभयो । भक्तपुरको शैक्षिक, धार्मिक, रहनसहन, स्वास्थ्य, पर्यटन प्रचारप्रसार हुने र यसले नगरपालिकाहरूबिच सहकार्य र मित्रता बढ्ने बताउनुभयो । महिलाबिचको खेलकुद प्रतियोगिताले खेलजगतमा महिलाको सकृय सहभागिता बढ्ने र कामदार वर्गको छोरीलाई जुझारु बन्न प्रोत्साहित हुने बताउनुभयो ।







कार्यक्रममा एसियन कबड्डी फेडेरेसनका उपाध्यक्ष **बिनोद प्रजापति**ले भनपाले आयोजना गरेको महिला कबड्डी प्रतियोगिताप्रति आभार प्रकट गर्नुहुँदै महिला कबड्डी खेलको विकासमा भक्तपुर नगरपालिकाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले २०५५ सालमा नपाले अन्तर नगर कबड्डी प्रतियोगिता आयोजना गरेको समेत स्मरण गर्नुभयो।

फागुन ३ गते भएको बुटवल उपमहानगरपालिका र मेलौली नगरपालिकाबिचको फाइनल खेलमा मेलौलीले बुटवललाई ५२-२० अङ्कले पराजित गऱ्यो भने मेलौलीका रविना चौधरी म्यान अफ द म्याच घोषित भए। कार्यक्रममा प्रमुख अतिथि सुवालले विजयी प्रतियोगीहरूलाई प्रमाणपत्र, शिल्ड र नगद पुरस्कार वितरण गर्नुभएको थियो।

अन्तर नगर महिला कबड्डी खेलमा सर्वोत्कृष्ट खेलाडीतर्फ मेलौली नपाका जयन्ती बडु, बेष्ट रेडतर्फ मेलौली नपाका रविना चौधरी, बेष्ट डिफेन्डरतर्फ मेलौली नपाका रोशनी साउद, घोषित भएका थिए।

कार्यक्रममा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले स्वागत मन्तव्य दिनुभएको थियो भने वडा अध्यक्ष **उपेन्द्र सुवाल** र वडा सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो।

## प्रमुख अतिथि सुवालबाट शिल्ड र प्रमाणपत्र ग्रहण गर्दै




सर्वोत्कृष्ट खेलाडी जयन्ती बडु (मेलौली नपा)

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।



बेष्ट रेडर रविना चौधरी (मेलौली नपा)



बेष्ट डिफेन्डर रोशनी साउद (मेलौली नपा)

# प्रतियोगिताको अवलोकन

भक्तपुर नपाको आयोजनामा भएको अन्तर नगर महिला कबड्डी प्रतियोगिताको भक्तपुर नपाका प्रमुख, उपप्रमुख र जनप्रतिनिधिहरूबाट विभिन्न खेलको अवलोकन गर्नुभयो। त्यस्तै चैत २ गते भएको क्वाटर फाइनल खेलको महाकाली नगरपालिका, दार्चुलाका नगर प्रमुख नरसिंह चैंसिरद्वारा अवलोकन गर्नुभयो।



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले महाकाली नगरपालिकाका नगर प्रमुखलाई मायाको चिनो वितरण गर्नुभयो।



त्यस्तै फागुन ३० गते भएको काठमाडौँ महानगरपालिका र भक्तपुर नगरपालिकाबिच भएको खेलको अवलोकन गर्नुहुँदै भनपाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशी, कामनपाका उपप्रमुख सुनिता डंगोल, लगायत जनप्रतिनिधिहरू।




प्रतियोगिताको तेस्रो दिन चैत १ गते भएको खेलको अवलोकन गर्नुहुँदै कीर्तिपुर नपाका उपप्रमुख शुभलक्ष्मी शाक्य, भक्तपुर नपाका वडाध्यक्षहरू राजकृष्ण गोरा, उपेन्द्र सुवाल, लक्ष्मीप्रसाद ह्यौमिखा, कार्यपालिका सदस्य रोशनमैया सुवाल।



मोहम्मद



भुवन



डम्बर

त्यस्तै बारा जिल्ला कबड्डी सङ्घका अध्यक्ष एवम् वरिष्ठ अन्तराष्ट्रिय कबड्डी खेलाडी फुल मोहम्मद मन्सुर, पूर्व अन्तर्राष्ट्रिय कबड्डी खेलाडी भुवन खडका, दार्चुला जिल्ला कबड्डी सङ्घका अध्यक्ष डम्बर सिंह खत्रीलगायतले पनि प्रतियोगिताका विभिन्न खेलको अवलोकन गर्नुभएको थियो।

धन्यवाद ज्ञापन

# खेलाडीहरूमा राजनैतिक, सांस्कृतिक र नैतिक संस्कार आवश्यक




भक्तपुर नगरपालिकाको आयोजनामा फागुन २९ देखि चैत ३ सम्म भएको अन्तरनगर महिला कबड्डी प्रतियोगिता–२०८० भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्नुभएका सबैमा चैत ८ गते एक कार्यक्रमबिच धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले अन्तर नगर महिला कबड्डी प्रतियोगिता सम्पन्न गर्न प्रत्यक्ष र परोक्ष सहयोग गर्ने सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

प्रत्येक व्यक्तिमा राजनैतिक, सांस्कृतिक र नैतिक संस्कार आवश्यक भएको बताउनुहुँदै खेलाडीहरूमा ती संस्कार भएन भने अघि बढ्न नसक्ने धारणा राख्नुभयो ।

पुँजीवादी व्यवस्थामा जालझेल, षड्यन्त्र र छलछाम हुने हुँदा सबै नागरिकहरू त्यसबाट सचेत हुनुपर्ने बताउनुहुँदै उहाँले खेलकुद प्रतियोगिता खेलाडी, प्रशिक्षक र सिङ्गो भक्तपुरको सबै पक्षको परीक्षा पनि भएको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले महिला कबड्डी खेलले महिलालाई अगाडि बढाउन उत्साह मिलेको बताउनुहुँदै विभिन्न नपाका जनप्रतिनिधिहरूसँगको भेटघाटले अनुभव आदानप्रदानको अवसर मिलेको बताउनुभयो ।

भलिवल सङ्घ भक्तपुरका अध्यक्ष **विनोदचरण राय**ले भक्तपुर नपाले आयोजना गरेको कबड्डी खेल खेलाडीहरूको लागि उपयुक्त निर्णय भएको बताउनुहुँदै भक्तपुर नपाले खेलकुदमार्फत खेलाडीहरूलाई संस्कार सिकाउने काम भएको बताउनुभयो ।

उहाँले प्रतियोगितामा विभिन्न जिल्लाबाट सहभागी खेलाडी र प्रशिक्षकहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, कलेजहरू तथा विकास निर्माण अवलोकनपछि नगरपालिकाले त्यस्तो संरचना बनाउने कल्पना नगरेको प्रतिक्रिया व्यक्त गरेको बताउनुभयो ।

एसियन कबड्डी फेडेरेसनका उपाध्यक्ष **विनोद प्रजापति**ले कबड्डी खेल कभर्ड हलमा खेलाउनुपर्नेमा सहिदस्मृति खेलमैदानमा खुल्ला रूपमा गरे पनि कुनै राष्ट्रिय स्तरको प्रतियोगिताभन्दा कम नभएको विचार राख्नुभयो । भक्तपुर नपाको आयोजनामा अन्तर नगर कबड्डी प्रतियोगिताले अन्तर्राष्ट्रिय प्रतियोगिताको झल्को दिएको राय व्यक्त गर्नुभयो ।

कार्यक्रममा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले मूल समितिमा रहेर काम गर्ने सबैमा बधाई तथा धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुर नपाले पहिलोपटक खेलाडीको लागि स्वास्थ्य बीमा लागू र लाइजन अफिसर बन्दोबस्त गरेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित सहभागीहरूले सहभागी नपालाई मायाको चिह्न दिन नपाएको, खेलकुदको समाचार राष्ट्रिय दैनिकमा प्रकाशन नभएको, सबै उपसमितिहरूले समान ढङ्गले काम गर्न नसकेकोलगायत केही कमीकमजोरीहरू रहेको औँल्याउनुभयो ।



"पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## हार्दिक धन्यवाद

भक्तपुर नगरपालिकाको आयोजनामा २०८० फागुन २९ गतेदेखि चैत ३ गतेसम्म अन्तरनगर महिला कबड्डी प्रतियोगिता सफलतापूर्वक सम्पन्न भयो।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित)ले एक समारोहबीच प्रतियोगिताको समुद्घाटन गर्नुभयो भने पार्टीका सचिव एवम् प्रतिनिधिसभा सांसद प्रेम सुवालले पुरस्कार वितरण गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. ९ दत्तात्रयबाट उद्घाटन ऱ्याली सुरु भई भनपा वडा नं. २ स्थित सहिद स्मृति खेलमैदानमा उद्घाटन समारोहमा परिणत भयो। देशभरिका १५ वटा विभिन्न महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाहरूले सहभागिता जनाएको उक्त प्रतियोगितामा मेलौली नगरपालिका बैतडी विजेता र बुटवल उपमहानगरपालिका रुपन्देही उपविजेता हुन सफल भएका थिए।

प्रतियोगिताको उद्घाटन गर्नुहुने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, वाग्मती प्रदेशसभा सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजु, अखिल नेपाल कबड्डी सङ्घका अध्यक्ष तुलसा थापा, एसियन कबड्डी फेडरेसनका उपाध्यक्ष विनोद प्रजापति, सहभागी नगरपालिकाका प्रमुख, उपप्रमुखलगायत जनप्रतिनिधिहरू, कबड्डी सङ्घका पदाधिकारीहरू, निर्णायक, रेफ्री, ख्वप अस्पताल, विभिन्न सहभागी महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाहरू, विद्यालय, टीम क्लब, सङ्घ संस्था, सांस्कृतिक टोली, स्काउट, स्वयंसेवक र खेलाडीहरू, जनप्रतिनिधि, पूर्वजनप्रतिनिधि, सञ्चारकर्मी, नगरवासी खेलप्रेमी र कर्मचारीहरूलगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

### सहभागी नगरपालिकाहरूको नामावली :

| | | |
|---|---|---|
| मेलौली नगरपालिका, बैतडी | सिद्धिचरण नगरपालिका, ओखलढुंगा | मध्यपुर थिमि नगरपालिका, भक्तपुर |
| बुटवल उपमहानगरपालिका, रूपन्देही | विराटनगर महानगरपालिका, मोरङ | पनौती नगरपालिका, काभ्रे |
| भिमदत्त नगरपालिका, कन्चनपुर | काठमाडौं महानगरपालिका, काठमाडौं | बनेपा नगरपालिका, काभ्रे |
| महाकाली नगरपालिका, दार्चुला | गोदावरी नगरपालिका, ललितपुर | भक्तपुर नगरपालिका, भक्तपुर |
| कलैया उपमहानगरपालिका, बारा | कीर्तिपुर नगरपालिका, काठमाडौं | पोखरा महानगरपालिका, कास्की |











# अन्तर नगर महिला कबड्डी प्रतियोगिताबारे पत्रकार भेटघाट




भक्तपुर नगरपालिकाले फागुन २९ देखि चैत ३ गतेसम्म गर्ने अन्तर नगर महिला कबड्डी प्रतियोगिताबारे जानकारी दिन भक्तपुर नगरपालिकाले फागुन २७ गते भनपाको सभाकक्षमा पत्रकार भेटघाट कार्यक्रम गऱ्यो।

उक्त भेटघाट कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पार्टीको घोषणापत्र, चुनावी प्रतिबद्धताअनुसार अन्तरनगर महिला कबड्डी प्रतियोगिताको आयोजना गरेको विचार व्यक्त गर्नुभयो।

खेललाई हरेक नागरिकको जीवनको अभिन्न अङ्ग बनाउने उद्देश्यले विद्यालयस्तरीय र अन्तर नगरस्तरीय खेलकुद प्रतियोगिता गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले खेलकुद प्रतियोगिता गर्दा र प्रतियोगितामा सहभागी गराउँदा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी तयार हुने बताउनुभयो।

मानिस स्वस्थ भए अस्पताल र स्वास्थ्य केन्द्रहरूमा उपचार गराउने बिरामीको सङ्ख्या कम हुने औँल्याउनुहुँदै कम आलोचना आउने गरी प्रतियोगिता सफल पार्न सञ्चारकर्मी तथा सम्बन्धित व्यक्तिहरूको साथ र सहयोग आवश्यक हुन्छ भन्नुभयो।

पत्रकार भेटघाट कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले अन्तरनगर महिला कबड्डी प्रतियोगिताबारे प्रेस विज्ञप्ति प्रस्तुत गर्नुभयो।

## अन्तरनगर महिला कबड्डी प्रतियोगिताबारे प्रेस विज्ञप्ति

पत्रकार मित्रहरू,

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणसँगै खेलकुद क्षेत्रमा पनि विशिष्ट स्थान हासिल गर्दै आइरहेको छ। विद्यालयका विद्यार्थी र युवाहरूलाई शारीरिक रूपमा स्वस्थ्य र तन्दुरुष्ट बनाउन कुनै न कुनै खेलमा सहभागी बनाउनुपर्छ भन्ने मान्यताअनुरूप भक्तपुर नगरपालिकाले भलिबल, फुटबल, कराँते, बक्सिङ, टेबुलटेनिस, जिम्नाष्टिकलगायत ६ ओटा खेलकुदको नियमित प्रशिक्षण चलाउँदै आइरहेको छ।




ज्येष्ठ नागरिक, युवा, विद्यार्थीलगायत सम्पूर्णले सजिलैसँग अभ्यास गर्न मिल्ने श्वासप्रश्वाससँग सम्बन्धित छिकोङ शारीरिक अभ्यासको वडा–वडामा प्रशिक्षण व्यवस्था गरिएको छ। विद्यालयहरूमा खेलहरूको विकास गर्ने उद्देश्य अनुसार विगत ४ वर्षदेखि पूर्णकालीन प्रशिक्षकहरू व्यवस्था गरी खेलकुद प्रशिक्षणलाई निरन्तरता दिई कराँते खेलका प्रशिक्षार्थीहरूलाई आत्मरक्षासम्बन्धी प्रशिक्षण सञ्चालन गरी विद्यालयहरूका छात्राहरूलाई प्रशिक्षण सञ्चालन गर्दै आइरहेको छ। २०८० कार्तिक १७ गतेदेखि २४ गतेसम्म नगर भित्रका ४९ ओटा विद्यालयका शिक्षकहरूलाई एक हप्ते प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी पाठ्यपुस्तकमा रहेको आधारभूत सीपहरू सम्बन्धी तालिम सञ्चालन गरिएको छ।

नेपाल मजदुर किसान पार्टीले स्थानीय तहको चुनावमा व्यक्त गरेका प्रतिबद्धतामध्ये प्रत्येक वर्ष एउटा खेलको अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना पनि एक हो।

निर्वाचनमा जनताबिच गरेको प्रतिबद्धताअनुसार भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आइरहेको पनि यहाँहरूमा जानकारी गराउन चाहन्छौँ। पहिलो वर्ष भलिबल, दोस्रो वर्ष कराँते, तेस्रो वर्ष एथ्लेटिक्स, चौथो वर्ष बुद्धिचाल र गत वर्ष खो खो खेलको प्रतियोगिता सफलताका साथ सम्पन्न गऱ्यौँ। २०८० साल फागुन २९, ३० र चैत्र १,२,३ गते सम्म सहिद दिवसको अवसरमा अन्तर नगर महिला कब्बडी प्रतियोगिता गर्ने नगर प्रमुख सुनिल प्रजापतिले घोषणा लगत्तै उहाँकै संयोजकत्वमा १५१ सदस्यीय मूल समिति र ११ ओटा उपसमितिहरू गठन गरिसकेका छौँ। हरेक वर्षको प्रतियोगिताले हामीलाई हौसला र उत्साह प्रदान गरिरहेको छ। हाम्रा हरेक प्रतिबद्धताहरू दृढताका साथ पूरा गर्दैछौँ।

अन्तर नगर महिला कबड्डी प्रतियोगिताको उद्घाटन नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्युबाट हुनेछ।



यस वर्षको अन्तर विद्यालय खेलकुद प्रतियोगितामा नगरमा रहेका ९२ ओटा विद्यालयहरूमध्ये ८१ विद्यालयहरूले सहभागिता जनाएका थिए। कबड्डी खेलमा छात्रा ८ र छात्र ८ ओटा विद्यालयहरूले भाग लिएका थिए। यस वर्षदेखि भक्तपुर नगरपालिकाबाट तयार पारिएको स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको बाघचाल खेल पनि समावेश गरी १५ ओटा खेलहरूको प्रतियोगिता भएको थियो। त्यसमध्ये बाघचाल प्रतियोगितामा विद्यार्थीहरू अत्यन्त उत्साहित देखिएको पाइएको छ भने आगामी वर्ष अझ बढी विद्यालय र विद्यार्थीहरूले भाग लिने हामीले आशा गरेका छौँ।

अखिल नेपाल कबड्डी सङ्घबाट मान्यताप्राप्त कबड्डी प्रतियोगितामा आजसम्म देशका विभिन्न १७ ओटा नगरपालिकाहरूबाट भाग लिन नाम दर्ता गराइसकेका छन्। अन्तर नगर महिला कबड्डी प्रतियोगिता नेपालकै पहिलो प्रतियोगिताको रूपमा भक्तपुर नपाले आयोजना गर्दैछ। भक्तपुर नपाले यस प्रतियोगितामा प्रथम हुने टिमलाई रु. १ लाख ५० हजार, दोस्रोलाई रु. १ लाख, तेस्रो र चौथोलाई रु. ५०/५० हजार प्रतिसमूह नगद पुरस्कारको व्यवस्था गरेको छ भने सहभागी खेलाडी र अफिसियलहरूलाई खाने र बस्ने व्यवस्था पनि गर्दैछ। खेलाडीहरूको दुर्घटना बिमा पनि गरिएको छ।

अन्तमा, फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने कबड्डी प्रतियोगिता उद्घाटन र्‍याली भक्तपुर नपा वडा नं. ९ दत्तात्रय प्राङ्गणबाट बिहान १० बजे सुरु भई तचपाल, इनाचो, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दुधपाटी हुँदै नगरको मुख्य बजार परिक्रमा गरी सहिद स्मृति खेलमैदानमा पुगी उद्घाटन कार्यक्रम हुनेछ। यस प्रतियोगिताबारे आ-आफ्नो सञ्चारमाध्यमबाट व्यापक प्रचारप्रसार गरी सहयोग गरिदिनुहुन सम्पूर्ण सञ्चारकर्मी मित्रहरूमा हार्दिक अनुरोध गर्दछौँ।

(भक्तपुर नगरपालिकाको आयोजनामा २०८० फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म सञ्चालन हुने अन्तर नगर महिला कबड्डी प्रतियोगिताबारे २०८० फागुन २७ गते भएको पत्रकार भेटघाट कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीद्वारा प्रस्तुत प्रेस विज्ञप्ति)

# खेल अभ्यास

भक्तपुर नपाको आयोजनामा २०८० फागुन २९ गतेबाट सञ्चालन हुने अन्तरनगर महिला कबड्डी प्रतियोगिताको लागि भक्तपुर नपाबाट सहभागी हुने खेलाडीहरू खेलको अभ्यास गर्दै।



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले अभ्यासरत खेलाडीहरूलाई फागुन २३ गते उत्साहित र मार्गनिर्देश गर्नुभयो।



त्यस्तै भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले फागुन २६ गते अन्तरनगर महिला कबड्डी प्रतियोगिताको तयारी स्वरूप भक्तपुर नगरपालिका र बनेपा नगरपालिकाबिच खेलिएको अभ्यास खेलमा खेलाडीहरूलाई प्रोत्साहन गर्नुभयो।



# ट्र्याक सुट वितरण



भक्तपुर नगरपालिकाको तर्फबाट अन्तरनगर महिला कबड्डी प्रतियोगितामा सहभागी खेलाडीहरूलाई फागुन २८ गते ट्र्याक सुट वितरण गरियो।

(तस्बिर : भादगाउँ टेलिभिजन, फेसबुकलगायत)

# पहिलो अन्तर नगर महिला कबड्डी प्रतियोगिता के भन्छन् सहभागीहरू

भक्तपुर नपाबाट देशमा पहिलो पटक आयोजित देशव्यापी अन्तर नगर महिला कबड्डी प्रतियोगिता (२०८० फागुन २९ – चैत ३) सफलताका साथ सम्पन्न भएको छ । यस प्रतियोगितामा सहभागी विभिन्न टीमका केही प्रशिक्षक, टीम लिडर र खेलाडीसँग एकै प्रकारको प्रश्नमा लिइएको अन्तरवार्ता पाठकहरूको जानकारीको लागि यहाँ दिइएको छ ।

## प्रश्नहरू

१. तपाइँको सङ्क्षिप्त परिचय दिनुहोस् ।

२. तपाईँ कहिलेदेखि यस खेलमा आबद्ध हुनुभयो र अन्य खेलमा पनि आबद्धता छ कि ?

३. प्रतियोगितामा भाग लिनुपूर्व स्थानीय तहबाट के कस्तो सहयोग प्राप्त भयो र प्रतियोगिता स्थलसम्म आइपुग्दा के कस्ता समस्याहरू झेल्नुपयो ?

४. भक्तपुर नपाले देशमा पहिलोपटक अन्तर नगर महिला कबड्डी प्रतियोगिता आयोजना गरेको छ । यसबारे तपाईँ के भन्नुहुन्छ ?

५. अन्तर नगर महिला कबड्डी प्रतियोगितामा भक्तपुर नपाको समग्र व्यवस्थापन तपाईँलाई कस्तो लाग्यो ?

६. तपाईँको नगरपालिकामा प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरूको वर्तमान अवस्था कस्तो रहेको छ ? तपाईँको नगरमा के कस्ता खेल गतिविधिहरू हुन्छन् ?

७. स्थानीय सरकारहरूले खेलकुद पूर्वाधार विकासमा के कस्ता नीति अवलम्बन गर्नुपर्ने जस्तो देखिन्छ ?

८. कबड्डी खेल विकासमा राज्यको तर्फबाट कस्तो पहल आवश्यक देखिन्छ ?

९. खेलकुद विकासको लागि तपाईँको विचारमा के कस्तो कार्यहरू गर्नुपर्छ ? केही सुझाव ?

१०. प्रतियोगिता अझ प्रभावकारी बनाउन आयोजक समितिलाई के सुझाव दिन चाहनु हुन्छ ?

११. महिलाहरूका लागि खेलको यस्ता प्रतियोगिताहरूको औचित्यताबारे यहाँको धारणा के होला ?

१२. महिला राष्ट्रिय/अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्न विभिन्न तहका सरकारहरूले के कस्ता नीति ल्याउनु पर्ला ?



### विष्णुदत्त भट्ट

**उत्तर १.** मेलौली नगरपालिका टीमको प्रशिक्षक । भीमदत्त नपा ७ कञ्चनपुर । कबड्डी प्रशिक्षक (रा.खे.परिषद्) तथा नेपालको राष्ट्रिय कबड्डी टीम प्रशिक्षक ।

**उत्तर २.** म कबड्डी खेलमा २०४४ सालदेखि हालसम्म निरन्तर खेलाडी/प्रशिक्षकको रूपमा कार्य गर्दै आइरहेको छु । करिब ३६ वर्षको समयावधिमा मैले थुप्रै नवजवान खेलाडीहरू उत्पादनमा पनि जोड दिँदै आएको छु । कबड्डीबाहेक अन्य कुनै खेलमा आबद्ध छैन ।

**उत्तर ३.** यस कबड्डी प्रतियोगितामा भाग लिनुपूर्व स्थानीय तहबाट एकदमै सकारात्मक सहयोग र साथ प्राप्त भएको छ । यस प्रतियोगितामा सहभागी हुनका लागि हाम्रो मेलौली नगरपालिकाले उचित बजेट व्यवस्थापन र खेलाडीहरूलाई प्रोत्साहन स्वरूप केही सान्त्वना पुरस्कार र हौसलाको लागि धेरै कुराको व्यवस्था गरेको छ । हामी सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लाको मेलौली नपा एकदमै विकट क्षेत्रबाट यस प्रतियोगिता स्थलसम्म यात्रा गर्दा बसको यात्रामा कच्ची बाटो/सडक भएर आउने क्रममा थुप्रै दुःख कष्टहरू भोग्नुपरेता पनि भक्तपुर नपाले आयोजना गरेको प्रतियोगितामा आउने मौका पाउँदा दुःखको अनुभव भएन । र व्यक्तिगत रूपमा कुनै पनि किसिमको नराम्रो दुर्व्यवहार कसैबाट भएन ।

**उत्तर ४.** भक्तपुर नगरपालिकाले देशमा पहिलोपटक अन्तर नगर महिला कबड्डी प्रतियोगिता आयोजना गरेकोमा सर्वप्रथम मेरोतर्फबाट हृदयदेखि नै धन्यवाद एवम् आभार प्रकट गर्न चाहन्छु । वर्तमान समयमा खेलकुद क्षेत्रलाई अगाडि बढाउन जुन कदम चालेको छ यसप्रति उच्च सम्मानका साथ हार्दिक धन्यवाद दिन चाहन्छु । यसले नेपालमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि आफ्नो नगरपालिकालाई

चिनाउने एउटा प्रशंसनीय कार्यप्रति हार्दिक धन्यवादसहित आउँदा दिनहरूमा यस्ता थुप्रै खालका खेलहरू आयोजना गर्दै जानुहुनेछ भन्ने आशा राख्दछु । यो उदाहरणीय आयोजनाप्रति सधैँ सकारतत्मक भावना राखी भक्तपुर एक सुन्दर एवम् सांस्कृतिक नगरको उज्ज्वल भविष्य एवम् उत्तरोउत्तर प्रगतिको कामना गर्दछु ।

**उत्तर ५.** भक्तपुर नपाद्वारा अयोजित अन्तरनगर महिला कबड्डी प्रतियोगिताको समग्र व्यवस्थापन एकदमै चित्तबुझ्दो र प्रशंसनीय छ । यहाँको व्यवस्थापन एकदमै सह्राहनीय छ । सम्पूर्ण आगन्तुक पालिकाको टीमलाई खाना, बास, स्वास्थ्यको हेरचाह र व्यवस्थापनप्रति अत्यन्तै खुसी व्यक्त गर्दै तपाईंहरूले गरेको जुन अतुलनीय आत्मीय व्यवहार छ, यो एकदमै राम्रो छ । हामीले सबै व्यवस्थापनमा खुसी भएर खेल खेलिरहेका छौं । यो प्रतियोगिताको व्यवस्थापन धेरै उल्लेखनीय छ ।

**उत्तर ६.** हाम्रो नगरपालिकामा राष्ट्रिय, अन्तराष्ट्रिय तथा प्रदेश स्तरका खेलाडीहरूको अवस्था एकदमै दयनीय छ । खेलाडीहरूलाई प्रशिक्षण इत्यादि कार्यहरू गर्न उचित बजेटको अभाव छ । खेल जगतलाई अगाडि बढाउन धेरै काम गर्नुपर्ने देखिन्छ । मेरो नगरमा खेल गतिविधिहरू भलिबल, कबड्डी, एथ्लेटिक्सलगायतका थुप्रै खेलहरू सञ्चालन भएका छन् ।

**उत्तर ७.** खेलकुदमा सरकारले उचित नीति, नियम, ऐन, कानुनलगायत खेलाडीहरूको व्यवस्थापनको लागि धेरै गृहकार्य गर्नुपर्ने अवस्था छ । खेलकुद पूर्वाधारको लागि उचित खेलमैदानको व्यवस्था हुनुपर्ने, खेल सामग्रीहरू प्रसस्त रूपमा हुनुपर्ने आदि व्यवस्था गर्न आवश्यक छ ।

**उत्तर ८ र ९.** कबड्डी खेलको विकासको लागि राज्यले उचित कबड्डी हल, म्याट, खेलाडी उत्पादनको लागि खेल प्रशिक्षक र खेलाडीलाई खेल सामग्रीहरूको व्यवस्था गर्नुपर्छ ।

**उत्तर १०.** यो प्रतियोगितालाई अझ प्रभावकारी बनाउन आयोजक समितिलाई सुझाव स्वरूप एउटा कुरा पत्राचारको विषयमा १/२ महिना अगाडि पूर्व जानकारी गनुपर्ने देखिन्छ । बाँकी सबै सन्तोषजनक छ ।

**उत्तर ११.** हरेक क्षेत्रमा महिलाहरूको सहभागिता हुनुपर्ने र महिलालाई राम्रोसँग अभ्यास गराएर विभिन्न खेलमा सहभागी गराई महिला मैत्री प्रतियोगिताले महिलाको खेल, कला र प्रतिभालाई देशभर चिनाउन मद्दत गर्छ । धन्यवाद !



## महेन्द्रबहादुर सुनार

**उत्तर १.** पूर्वराष्ट्रिय तथा अन्तर्राष्ट्रिय कबड्डी खेलाडी ।

### सहभागी राष्ट्रिय प्रतियोगिताहरू

१) राष्ट्रिय खुला पुरुष कबड्डी प्रतियोगिता २०५१, काठमाडौं
२) १३ औं राष्ट्रिय पुरुष प्रतियोगिता २५३, कञ्चनपुर (दोस्रो स्थान)
३) चौथो राष्ट्रिय खेलकुद प्रतियोगिता २०५५, नेपालगञ्ज (प्रथम स्थान)
४) पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०६५, काठमाडौं (खेल जीवनबाट सन्यास)

### अन्तराष्ट्रिय प्रतियोगिताहरू

1. 1st Nike Cup International Kabaddi Tournament 1997, Calcutta, India
2. 8th South Asian Games 1999, Kathmandu, Nepal
3. 10th South Asian Games 2006, Colombo, Srilanka
4. 2nd world Cup Kabaddi Tournament 2007, Mumbai, India

### निर्णायकको भूमिका

- छैटौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०६८, सुदूरपश्चिमाञ्चल कन्चनपुरदेखि अहिलेसम्म ।

**उत्तर २.** म २०५१ सालदेखि कबड्डी खेलमा निरन्तर आबद्ध छु ।

**उत्तर ३.** प्रतियोगितामा भाग लिनु अगाडि आफैले खेलाडीलाई ट्रेनिङ गराएँ, स्थानीय तहबाट कुनै पनि सुविधा लिइएन । पछि बुटवल उपमहानगरपालिकाले खेलाडीलाई खर्च दिने भने पनि समयमा पैसा नपाएर आफ्नै पैसाले खेलाडीलाई यहाँसम्म ल्याएँ । पैसा पछि प्राप्त भयो ।

**उत्तर ४.** अन्तर नगर महिला कबड्डी प्रतियोगिता गरेकोमा भक्तपुर नगरपालिकालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । यस किसिमको प्रतियोगिता कबड्डी खेलको विकासको लागि अन्य नगरपालिकाले पनि गर्नुपर्छ ।

**उत्तर ५.** हामी र खेलाडीको लागि व्यवस्थापन राम्रो लागेको छ । अन्तर्राष्ट्रिय प्रतियोगितामा जस्तै लाइनर अफिसर को व्यवस्था गरेको छ ।

**उत्तर ६.** हाम्रो नगरमा प्रदेशदेखि अन्तर्राष्ट्रिय

खेलाडीहरू छन्। आर्थिक अवस्थाले गर्दा पलाएन हुने गरेका छन्। खेल गतिविधिहरू त धेरै हुन्छन् तर कबड्डी खेल चाहीँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बाहेक अरूमा हुँदैन।

**उत्तर ७.** स्थानीय सरकारले खेलाडीलाई चाहिने स्रोत साधनको व्यवस्था गरी दिनुपर्छ।

**उत्तर ८.** कबड्डी खेलमा सरकारले खेलाडीहरूको लागि खेलेर खान सक्ने र भविष्यको आधार पूरा गर्नुपर्छ।

**उत्तर ९.** खेलकुद विकासको लागि सरकारले आर्थिक, भौतिक लगानीका साथै खेलकुद प्रतियोगिताहरू निरन्तर गर्नुपर्छ।

**उत्तर १०.** प्रतक्ष प्रसारण गर्ने, खेलको मध्यान्तरमा नाचगान राख्ने गर्नुपर्छ।

**उत्तर ११.** व्यवस्थापन धेरै राम्रो छ। यस्तो खालको प्रतियोगिता बरोबर गर्नुपर्छ। महिलाहरूको खेल प्रतियोगिता कम हुने गर्छ। त्यसैले निरन्तर गर्नु राम्रो हुन्छ।

**उत्तर १२.** सरकारले पहिला त खेलाडीलाई खेल्न स्रोत साधनको बन्दोबस्त गर्नुपर्छ। खेलाडी कस्तो खालको छ त्यसको पहिचान गरी राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको खेलाडीलाई रोजगारीको व्यवस्था गर्नुपर्छ। खेल जीवन पछि पनि सरकारले स्वास्थ्यको र आर्थिक पाटो खान बस्नको सम्पूर्ण हेरचाह गरेमा खेलाडीहरू पलाएन हुनबाट जोगिन्छन्।



## गणेश भट्ट

**उत्तर १.** म भीमदत्त नगरपालिकाको महिला कबड्डी कोच हुँ। भीमदत्त नपा वडा नं. ७ को वडा सदस्य पनि।

**उत्तर २.** म २०५४ सालदेखि कबड्डी खेलमा आबद्ध छु।

**उत्तर ३.** हामीलाई यस प्रतियोगिता स्थलसम्म आउन जान हाम्रो पालिकाले बस भाडा, बाटोमा खाना नास्ता, खेलाडीलाई ड्रेस जस्ता आदि सबै व्यवस्था मिलाएको छ।

**उत्तर ४.** यो प्रतियोगिता देश कै नमुना प्रतियोगिता हो। यस्तो कबड्डी सङ्घले गर्न सक्दैन।

**उत्तर ५.** व्यवस्थापन धेरै राम्रो लाग्यो।

**उत्तर ६.** नेपाली खेल इतिहासमा सबैभन्दा बढी अन्तरराष्ट्रिय खेलाडी भीमदत्त नगरपालिकाले उत्पादन गरेको छ।

**उत्तर ८.** राज्यको तर्फबाट कम्तिमा एक ओटा नेशनल गेम गर्नुपर्छ।

**उत्तर ९.** स्थानीय सरकारदेखि प्रदेश हुँदै सङ्घीय सरकारले खेलकुदको लागि उचित बजेट विनियोजन गर्नुपर्छ।

**उत्तर १०.** भीमदत्त नपाले आउँदा दिनमा यस्तै कार्यक्रमहरू गर्ने छ भन्दै धन्यवाद दिन चाहन्छौँ।

**उत्तर ११.** राज्यले थप सोच्नु पर्ने देख्दछु।

**उत्तर १२.** अहिलेको खेल इतिहासमा नेपालकै कबड्डी खेलका महिला होस् या पुरुष खेलाडी उत्पादनमा भीमदत्त नगरपालिका, कञ्चनपुर नेपालकै अग्लो स्थानमा छ। अरू नपाले पनि यस्तै प्रगति गरोस् भन्ने हाम्रो शुभकामना छ।



## डम्बर सिंह खत्री

**उत्तर १.** प्रशिक्षक, महाकाली नगरपालिका, दार्चुला।

**उत्तर २.** म यस खेलमा २०४३ सालदेखि आबद्ध छु। अन्य खेलमा फुटबल, क्रिकेट र एथ्लेटिक्स खेलमा पनि आबद्ध छु।

**उत्तर ३.** स्थानीय तहबाट एकदमै राम्रो सहयोग पाएँ। खेलाडीहरूको आवत-जावतमा गाडी भाडा, खाना नास्ता, खेल पोशाक, जुत्ता तथा अन्य धेरै सहयोग पाएँ। यतिको सहयोग महाकाली नपाबाट पाउनु साँच्चै नै खेलाडी र हाम्रो लागि सौभाग्यको कुरा हो।

प्रतियोगिता स्थलमा आउँदा झेल्नुपरेका केही समस्या:

१) गाडीको यात्रा लामो हुँदा शारीरिक कष्ट व्यवहोर्नु पर्‍यो।

२) बाटोमा खाना स्तरीय र राम्रो पाइएन।

३) भक्तपुर पुग्दा बाटो थाहा नभएर अलि अलमलियौँ।

**उत्तर ४.** भक्तपुरले आयोजना गरेको यो प्रतियोगिता ऐतिहासिक प्रतियोगिता हो। यस प्रतियोगिताबाट खेलाडीहरूको खेल विकास हुनुका साथै खेलाडीको हौसला बढाउन र खेलाडीहरूले ठूलो अनुभव प्राप्त गर्न सक्छन्।

**उत्तर ५.** भक्तपुर नपाले प्रतियोगितामा गरेको व्यवस्थापन साह्रै राम्रो लाग्यो–

१) खाना, नास्ता र बासको व्यवस्था राम्रो छ।

२) खेलाडीका लागि गरेको स्वास्थ्य सुझाव, सल्लाह र प्राथमिक उपचार राम्रो छ।

३) खेलाडी र प्रशिक्षकलाई सहज गर्न यस नगरपालिकाले ४ जना खटाएका महिला टोलीले गरेको सहयोग अविस्मरणीय छ।

४) समग्रमा सम्पूर्ण व्यवस्थापन साह्रै राम्रो छ ।

**उत्तर ६.** हाम्रो टोलीमा सहभागी सम्पूर्ण खेलाडी स्थानीय मात्रै छन् । कुनै बाहिरको खेलाडी र अन्तरराष्ट्रिय खेलाडी छैनन् तर चार जना राष्ट्रिय खेलका र बाँकी क्षेत्रीय तथा स्थानीय खेल खेलेका छन् ।

हाम्रो नगरमा विशेष गरी कबड्डी, क्रिकेट, फुटबल र भलिबल खेलिन्छन् ।

**उत्तर ७.** स्थानीय सरकारले अवलम्बन गर्नुपर्ने खेलकुद पूर्वाधार विकासका निम्ति –

१) वडा वडामा खेलमैदान,
२) सम्पूर्ण खेलका एक एकजना मात्रै भए पनि खेल प्रशिक्षकको व्यवस्था गर्नुपर्ने,
३) व्यायाम तथा कसरतका लागि सामग्री उपलब्ध गराउने,
४) खेलको आधारभूत आवश्यकता जस्तै कबड्डीलाई म्याट, भलिबल, ब्याटमिन्टन खेलको लागि इन्डोरको व्यवस्था गर्नुपर्ने,
५) हरेक खेलाडीको स्वास्थ उपचार निःशुल्क गर्नुपर्ने ।

**उत्तर ८.** कबड्डी खेल विकासको लागि राज्यले गर्नुपर्ने पहल–

१) जिल्लामा एकओटा भएपनि म्याट व्यवस्था गर्नुपर्ने ।
२) हरेक जिल्लामा एकजना प्रशिक्षक नियुक्त गर्ने ।
३) समय समयमा यस्तै किसिमका महिला तथा पुरुष कबड्डी प्रतियोगिता सञ्चालन गर्ने ।
४) खेलाडी सम्मान र रोजगारीको व्यवस्था गर्ने ।
५) खेलाडीको स्वास्थ उपचार, बिमा आदिको व्यवस्था गर्ने ।

**उत्तर ९.** मेरो व्यक्तिगत विचारमा खेलकुद विकासका लागि निम्न कार्य गर्न जरुरी छ–

१) हाम्रोभन्दा राम्रो खेलाडीलाई अवसर दिने ।
२) खेल क्षेत्रबाट राजनीतिलाई टाढा राख्ने ।
३) राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेल खेलेका खेलाडीलाई राज्यको तर्फबाट सम्मान र रोजगारी प्रदान गर्ने ।
४) नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीमा २५ प्रतिशत सिपाही राष्ट्रिय र अन्तरराष्ट्रिय खेलाडीहरूबाट भर्नाको योजना ल्याउने ।

**उत्तर १०.** प्रतियोगिता अझ प्रभावकारी बनाउन आवश्यक सुझाव–

१) स्थानीय खेलाडीलाई प्राथमिकता दिने (विभागीय खेलाडीलाई नगरपालिकाको टीमबाट खेल्न नदिने)
२) रेफ्री तथा एम्पाएर राम्रो र उत्कृष्ट छनोट गर्ने ।
३) आकर्षक पुरस्कारको व्यवस्था गर्ने ।
४) बढीभन्दा बढी टीम सहभागी गराउने ।

**उत्तर ११.** महिलाहरूका लागि यस्ता खेल प्रतियोगिता गर्नु जरुरी छ । खेल जगतमा महिला पुरुषभन्दा अलि पछाडि रहेको कुरा सर्वविदितै छ । महिला खेलाडी उत्पादन, महिलाहरूको अधिकार, खेल विकास तथा अभ्यासकालागि भएपनि यस्ता प्रतियोगिता गर्न आवश्यक छ ।

**उत्तर १२.** राष्ट्रिय तथा अन्तरराष्ट्रिय महिला खेलाडी उत्पादन गर्न सरकारले ल्याउनु पर्ने नीति–

१) ट्रेनिङ सेन्टरको व्यवस्था ।
२) प्रशिक्षक व्यवस्था ।
३) खेलाडी उपचार तथा बिमाको व्यवस्था ।
४) बढीभन्दा बढी प्रतियोगिता सञ्चालन ।
५) खेल स्वस्थ र निष्पक्ष सञ्चालन गराउने ।
६) नयाँ नयाँ खेलाडी ल्याई अवसर दिने ।



## आशा चौधरी

**उत्तर १.** विराटनगर महानगरपालिकाको टीम म्यानेजर । बुढीगंगा गापा–३ ।

**उत्तर २.** म यस खेलमा २०६३ सालदेखि लागेकी हुँ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कबड्डी खेल खेलेर women विश्वकप कबड्डी पनि खेलेकी छु । साथै विभिन्न ठाउँका विद्यार्थीलाई प्रशिक्षण दिएर कबड्डी खेलाडी पनि उत्पादन गरेकी छु ।

**उत्तर ३.** भक्तपुरले नेपालमा पहिलो पटक अन्तर नगर महिला कबड्डी प्रतियोगिता आयोजाना गरेर नेपालभरिका कबड्डी खेलाडीहरूलाई प्रेरणा र हौसला प्रदान गरेको छ । साथै आउने दिनमा महिला खेलाडी अझ उत्पादन गर्ने श्रेय आयोजकलाई नै जान्छ ।

**उत्तर ४.** स्थानीय प्रतियोगितामा भाग लिनु पूर्व स्थानीय तहबाट अहिलेसम्म कुनै सहयोग भएको छैन ।

**उत्तर ५.** व्यवस्थापन राम्रो छ र राम्रै लाग्यो ।

**उत्तर ६.** खेलकुदको सन्दर्भमा भन्नुपर्दा प्रायः अन्य खेलहरूका साथै कबड्डी पनि भइनै रहेको हुन्छ । तर, अन्य पेशामा लागेकाहरूलाई जस्तो खेलाडीलाई खासै राम्रो मानिन्दैन ।

**उत्तर ७.** स्थानीय सरकारले कबड्डी खेलाडीको लागि छुट्टै मैदान र यस खेलमा लागेकाहरूलाई मात्रै होइन सबै खेलमा लागेका खेलाडीहरूलाई जागिर वा सो सरह नै

व्यवस्थापन गर्दा अलि सहज हुन्थ्यो ।

**उत्तर ८.** राज्यले खेलाडीहरूको श्रेणी छुट्याई सो श्रेणीअनुसार सेवा सुविधाका लागि व्यवस्थापन गर्दा राम्रो हुन्थ्यो ।

**उत्तर ९.** खेलकुदमा आबद्ध भएका सम्पूर्ण खेलाडीलाई विशेष गरी महिला कबड्डी खेलाडीहरूको लागि जति लाग्ने खर्चहरू आउने जाने सबै खर्चहरू व्यवस्थापन गर्दा राम्रो हुन्थ्यो ।

**उत्तर १०.** प्रतियोगिता अझ प्रभावकारी बनाउन खेलाडीहरूको लागि राम्रो पुरस्कार र प्रत्येक खेलाडीलाई कम्तीमा दुई लाख पर्ने गरी छुत्याउँदा राम्रो हुन्थ्यो ।

**उत्तर ११.** नेपालमा कुनै पनि क्षेत्रमा महिलालाई कम प्राथमिकता दिने गरेको देखेकी छु । तर, भक्तपुर नपाले देशमा पहिलो पटक अन्तर नगर महिला कबड्डी प्रतियोगिता आयोजना गरेर महिलालाई प्राथमिकता दिएको छ ।

**उत्तर १२.** सरकाले टोल, वडा, पालिका, जिल्ला, प्रदेश श्रेणीबद्ध गरी सोही अनुसारको पद बढुवा र सोही अनुसारको व्यवस्थापन सुविधा दिनुपर्ने व्यवस्था मिलाए खेलाडीहरूलाई ठूलो सहयोग हुन्थ्यो ।

## शान्ति श्रेष्ठ

**उत्तर १.** स्थायी ठेगाना मध्यपुर ठिमी नपा ८, बोडे, हाल क्षिरेश्वरनाथ नपा-७, धनुषा ।

**उत्तर २.** म यस खेलमा २०५३ सालदेखि आबद्ध भई धनुषा कबड्डी टीममा सहभागी भई विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने मौका पाएकी छु । साथै भलिबल, एथ्लेटिक्स, खो खोमा आफ्नो स्कुलको तर्फबाट सहभागी भएर खेलेकी छु ।

**उत्तर ३.** पहिला महिलाहरूले खेल खेल्दा समाजले नराम्रो दृष्टिकोणले हेर्ने, गाउँघरमा छोरीले खेल्यो भन्दा घरपरिवारले नराम्रो सोच्ने, खेल स्थानसम्म आइपुग्दा साधनको राम्रो व्यवस्था नहुने ।

**उत्तर ४.** भक्तपुर नपा ले सञ्चालन गरेको महिला कबड्डीले अगामी दिनमा महिलाहरूलाई खेलको बारेमा जानकारी गराउन मदत पुऱ्याएको छ ।

**उत्तर ५.** व्यवस्थापन पक्ष राम्रो थियो ।

**उत्तर ६.** हाम्रो नपामा खेलाडीको अवस्था राम्रो नभएको । हाम्रो नपामा मात्र नभई देश मै महिला कबड्डीमा चासो नदेखाएको अवस्था छ ।

**उत्तर ७.** खेलकुदमा राजनीति र आफन्तवाद त्याग्नुपर्छ ।

**उत्तर ८.** यस खेलको विकासको लागि खेलाडीहरूलाई जीविका चलाउन सघाउने र बढीभन्दा बढी खेल सञ्चालन गराउने ।

**उत्तर ९.** समय समयमा खेलकुद सञ्चालन गराउने साथै खेलाडीहरूलाई राज्यको तर्फबाट हौसला बढाउनु पर्छ ।

**उत्तर १०.** प्रतियोगिता राम्रो सञ्चालन भएको थियो ।

**उत्तर १२.** बढीभन्दा बढी प्रतियोगिता सञ्चालन गर्ने र गराउने ।



## भगवन प्रजापति

**उत्तर १.** कोच, काठमाडौँ मनपा । टेङ्गाल टोल प्रजापति (गुल्पा कुम्हाः) समुदायको सदस्य । चःमति १५ वडा ।

**उत्तर २.** म २०७१ सालदेखि कबड्डी खेलमा निरन्तर रूपमा लागिरहेको छु । २०७२ सालमा काठमाडौँ जिल्ला खेलकुद विकास समितिको सदस्य पदमा नियुक्ति भएको थिएँ । त्यो समयमा काठमाडौँको कबड्डी खेलाडीहरू सीमित गुरुको मातहतमा मात्र थिए । म जिल्लामा आइसकेपछि व्यापक रूपमा काठमाडौँ निर्वाचन क्षेत्रहरूमा कबड्डी खेलको विकासतर्फ लागेको थिएँ र लागिरहेको छु । काठमाडौँको पहिलो सङ्घ म आइसकेपछि बनेको थियो । उक्त सङ्घको वरिष्ठ उपाध्यक्षमा बसी दुई कार्यकाल कबड्डी खेलको विकासको लागि काम गरेँ । २०७४ सालमा अखिल नेपाल कबड्डी सङ्घको खेलकुदको कोटाबाट मनोनित सदस्यको रूपमा मलाई काठमाडौँ जिल्लाको तर्फबाट पहिलो मनोनित सदस्य भएको थिएँ । दोस्रो अधिवेशनबाट पनि सदस्य पदमा निर्वाचित भई कबड्डी खेलको विकासका साथै खेल सम्बन्धी विविध जानकारी एवम् कार्य गर्ने मौका प्राप्त भयो ।

**उत्तर ३.** हाम्रो काठमाडौँ महानगरपालिकाबाट राम्रो सहयोग गरेको छ । उप-प्रमुख आफै उपस्थित हुनुभएर खेलाडीको लागि हौसला प्रदान गर्दै खेलको अवलोकन गर्नु भएको थियो । समस्या त केही थिएन । भक्तपुर नगरपालिकाको खेलकुद प्रतियोगिताको सूचनाको पत्र

प्रतियोगिता हुनु भन्दा १५ दिन अगाडिमात्र प्राप्त भएकोले खेलाडी व्यवस्थापन तथा आवश्यक ट्रेनिङ गराउन गाह्रो भएको थियो ।

**उत्तर ४.** भक्तपुर नगरपालिकाले पहिलो पटक अन्तर नगर महिला कबड्डी प्रतियोगिता आयोजना गर्नु भएकोमा नगरलाई धेरै धेरै धन्यवाद दिन चहान्छु । कबड्डी खेललाई राज्य र खेलकुद परिषद्ले वास्ता नगरेको साथै खेल सुस्ताएको अवस्थमा अन्तर्राष्ट्रिय पदकसमेत भित्र्याउने कबड्डी विकासमा यस आयोजनाले थप उर्जा खेलाडी तथा खेलप्रेमीहरूमा थपिदिएको छ । यस प्रतियोगितालाई निरन्तरता दिनुहुनेमा आशावादी छु ।

**उत्तर ५.** प्रथम पटक गरिएको प्रतियोगिता समग्रमा व्यवस्थापन राम्रै भन्नुपर्छ ।

**उत्तर ६.** काठमाडौँ महानगर टीममा आफ्नै जिल्लाको राष्ट्रिय र प्रदेश स्तरीय खेलाडीहरू समावेश गरेको छु। हाम्रो महानगरपालिकामा कममात्र प्रतियोगिता हुने भएकोले खेलाडीहरूमा खेलको अनुभव कम भएको महसुस गरेको छु। हामीले यसै वर्ष जेष्ठमा प्रथम काठमाडौँ जिल्ला अन्तर नगर महिला कबड्डी प्रतियोगित चःमति खेलकुद संरक्षण समितिले महानगरपालिकाको सहयोगमा आयोजना गरेका थियौँ ।

**उत्तर ७.** खेल र खेलाडीको विकास गर्न विभिन्न खेलहरूको प्रतियोगिताहरू नगरपालिकाकाले आयोजना गरिरहनु पर्ने देखिन्छ। खेलमा राजनीतिभन्दा बाहिर रहेर खेलकुद विकासमा लाग्नु पर्ने देखिन्छ । स्थानीय तहमा खेलाडी उत्पादन गर्नको लागि सम्बन्धित खेलको लागि आवश्यक खेल मैदान, खेल सामग्री तथा प्रशिक्षकको व्यवस्था गरी तालिमहरू दिनुपर्ने हुन्छ ।

**उत्तर ८.** सबभन्दा पहिला हरेक प्रदेशमा कबड्डी कभर्डहल तथा प्रशिक्षक तालिमको व्यवस्था गर्नुपर्छ । नेपालमा भएका प्रशिक्षकहरूलाई पनि एडभान्स तालिम एवम् परीक्षा लिनुपर्ने देखिन्छ अनिमात्र खेल र खेलाडीको विकास हुने देखिन्छ । अन्यथा खेल खेल्ने र खेलाउने भन्दा अपरच्युनिटीहरू प्राप्त गर्नको लागि खेल र सङ्घमा फाइदा लिनेहरूको बिगबिगी हुने भइरहेको छ ।

**उत्तर ९.** प्रतियोगिताहरू भइरहन पर्ने, राष्ट्रिय स्तरमा कबड्डी खेलको जानकारी गराउँदै दुर्गम स्थानहरूमा पनि खेल सम्बन्धी अवगत गराउनु पर्ने । खेलाडीहरूलाई निरुत्साहित नगरी प्रोत्साहन गर्नुपर्ने ।

**उत्तर १०.** (क) व्यवस्थापनलाई अझै सुधार गर्नुपर्ने देखिन्छ ।

(ख) यस्तो प्रतियोगिता गर्दा विभागीय टीमहरूलाई अरू टीमबाट खेलमा समावेश गर्न नहुने ।

ग) विभागीय टीमबाट अन्तर्राष्ट्रिय खेलाडीमा सहभागिता जनाएका खेलाडीहरू समावेश गर्न नहुने र सिभिलको खेलाडी राख्न पाइने गर्नुपर्छ ।

घ) नगरहरूले खेलाडीहरू ल्याउँदा आफ्नो जिल्लाभरिका खेलाडीमात्र समावेश गर्न पाइने ।

(ङ) टीमको कोच कुनै पनि आयोजक समितिको उप-समितिमा बस्न नपाइने । (निर्णायक भएर पनि टीम कोचको भूमिका निभाएको देखियो ।)

(च) प्रतियोगिता गर्नु अगावै सही निर्णायकहरू छनौट गरी रिफ्रेश तालिम दिनु पर्ने देखिन्छ ।

(छ) हरेक टीमको सहजीकरणको लागि खटाइएका सहजकर्ताबिच समन्वय गर्नुपर्ने ।

(ज) उपत्यकाको टीमलाई पनि अरू नगरबाट आएको टीमलाई जस्तै चाहेको खण्डमा आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

**उत्तर ११.** महिला खेलाडी उत्पादन गर्नको लागि यस प्रकारको प्रतियोगिता भइराख्नु पर्ने । खेलाडीहरूबिच खेल सम्बन्धी तालिमहरूको व्यवस्थापन गर्नुपर्ने । खेलप्रति आकर्षण गर्नको लागि उत्प्रेरणा जगाउन स्थानीय स्तरदेखि नै लागि पर्नुपर्ने ।

**उत्तर १२.** विभिन्न तहका सरकार र सङ्घहरूलाई ६ महिना अगाडिको खेल गतिविधि र छ महिना पछि गरिने गतिविधिहरूको प्रतिवेदन तयार गर्न लगाउने । विभिन्न तहका माननीय, मन्त्री, विभागीय प्रमुखहरूबाट भनसुन गर्न र गराउन रोक्नु पर्ने । गर्ने र गराउने दुवैलाई खेलबाट वञ्चित गराई आवश्यक सजाय दिनुपर्ने ।

सरकारबाट खेलाडीहरूलाई दिइने प्रोत्साहन स्वरूपको पुरस्कार रकम समय मै वितरण गर्नुपर्ने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई मासिक भत्ता तथा स्थानीय स्तर देखिकाहरूलाई बीमाको व्यवस्था गर्नुपर्ने । यस खेलमा कबड्डी खेल खेल्नेभन्दा खेलसँग असम्बन्धित व्यक्तिहरूलाई छानबिन गरी कारबाही गर्नुपर्ने । अन्य माथि उल्लेखित बुँदाहरूबाट पनि लिन सकिन्छ । धन्यवाद !



**ओमकृष्ण श्रेष्ठ**

**उत्तर १.** पनौती नगरपालिका महिला कबड्डी टीमको

प्रशिक्षक। पेशाले पनौती नगरपालिका वडा नं. ४ स्थित सामुदायिक बोर्डिङ स्कुलको प्रवन्ध निर्देशक। पनौती नपा वडा नं. ७।

**उत्तर २.** यस खेलमा आबद्ध भएको ८ वर्ष भयो। अन्य खेल फुटबल, भलिबल, टेवल टेनिस, ब्याटमिटन आदि खेल खेल्छु।

**उत्तर ३.** राम्रै सहयोग प्राप्त भयो। भक्तपुरबाट नजिककै जिल्ला भएको कारण त्यस्तो समस्या अप्ठ्याराहरू आइपरेन।

**उत्तर ४.** प्रतियोगिता आयोजना गरेकोमा भक्तपुर नपालाई हृदयदेखि आभार प्रकट गर्न चाहन्छु। सम्पूर्ण खेलाडीहरूको तर्फबाट धन्यवाद टक्र्याउन चाहन्छु। यस प्रकारको प्रतियोगिता हालसम्म सञ्चालन नभएको र कबड्डी खेल विद्यालय स्तरमा राष्ट्रपति कपले मात्र धानिराखेको अवस्थामा यो प्रतियोगिताले खेलाडीहरूको मनोबल बढाउन ठूलो सहयोग मिलेको छ। भक्तपुर नपाको यस प्रकारको गतिविधि अरू नपाले सिक्नु जरुरी देखिन्छ।

**उत्तर ५.** व्यवस्थापन उत्कृष्ट लाग्यो। भक्तपुर नपाले आफ्ना जनप्रतिनिधि र कर्मचारी २/२ जना प्रत्येक टीमको हेरचाहको लागि समन्वय गराउनु भएको र उक्त प्रतिनिधिहरूबाट टीमसँग यति राम्रो समन्वय राखेको मैले मेरो जीवनमा पहिलो अनुभव बटुलेको छु। खाना र बसोवासको व्यवस्था सहित टाढाबाट आउनु भएका नपा टीमलाई जुन व्यवस्थापन गर्नुभयो त्यो उत्कृष्ट रह्यो। विशेष गरी भनपाका कर्मचारी सीता मैया शाक्य, वडा नं. ६ का महिला प्रतिनिधि सीतादेवी नेपाली र स्वयंसेवक रञ्जना सुवालज्यूलाई हाम्रो रेखदेख र हरपल साथ र सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु।

**उत्तर ६.** हाम्रो नगरपालिकाबाट खेल र खेलाडीको लागि भनेर भक्तपुर नपाले जस्तै आफ्नै खर्चमा कुनै खेल प्रशिक्षकको व्यवस्था गरिएको छैन। कबड्डी खेलमा त झन कुनै चासो पनि छैन, प्रशिक्षक पनि छैन। र यस प्रकारको प्रतियोगिता नगरपालिका आफैले कहिले पनि सञ्चालन गरेको छैन। जुनसुकै विधामा आबद्ध खेलाडीहरू आफ्नै खर्चमा खेल सिक्ने, सिकाउने कार्य भइरहेको छ। वास्तवमा भन्नुपर्दा खेलकुदको लागि नपाले त्यति चासो दिएको देखिँदैन।

**उत्तर ७.** वास्तविक सङ्घीयताको मर्मलाई अवलम्बन भक्तपुर नपाले मात्र गरेको देखिन्छ। हामीकहाँको मात्र नभई सम्पूर्ण स्थानीय तहले भक्तपुर नपाको कार्ययोजना, काम कारबाही अवलोकन गरी आफ्नो स्थानीय तहमा यहाँ लागु भइरहेका गतिविधिलाई सञ्चालनमा ल्याउन जरुरी देखिन्छ। शिक्षा, स्वास्थ र खेलकुद क्षेत्रमा विशेष कार्यक्रम तय गर्नु जरुरी छ। यस क्षेत्रमा विशेष कार्य गर्न सकेमा युवा जनशक्तिको मन जित्न र नेपालमै केही गर्न सकिन्छ भन्ने भावना जगाउन सकिन्छ।

**उत्तर ८.** कबड्डी खेलको लागि बजेट विनियोजन आवश्यक देखिन्छ। यो खेल देशको खेलकुद क्षेत्रमा ओझेलमा परेको छ। खेलाडीलाई खेल खेल्न कबड्डी हलको कमी, खेल तालिमको लागि म्याटको कमी, राष्ट्रिय खेलकुद, प्रदेश खेलकुद, जिल्ला खेलकुद र स्थानीय सरकाको ध्यान खेलकुद विकासमा नजानु सम्पूर्ण खेल जगतको लागि विदम्बना हो। अहिलेको खेलकुद मन्त्री विराज भक्त श्रेष्ठज्यूमा यो सन्देश पुऱ्याउन सकेमा खेलकुद क्षेत्रमा आमूल परिवर्तन ल्याउन सकिन्छ भन्ने आशा जीवित छ।

**उत्तर ९.** सर्वप्रथम, खेलकुद क्षेत्रसँग आबद्ध सम्पूर्ण पदाधिकारी र खेलकुद परिषद् खेलकुद क्षेत्रको विकासमा प्रतिबद्ध हुनुपर्छ। खेलकुदको बजेट खेल क्षेत्रमै लागू हुनुपर्नेमा जोड दिन चाहन्छु। र माथि भनेजस्तै गतिविधि गरेमा यो क्षेत्रको विकास अवश्य हुन्छ साथै खेलाडीहरूलाई राम्रो तलब भत्ताको व्यवस्था हुनु जरुरी छ।

**उत्तर १०.** एकमात्र सुझाव राष्ट्रिय र अन्तरराष्ट्रिय खेलाडीहरू नराखी यस प्रतियोगिता सञ्चालन गर्दा हाम्रोजस्तो नपा र खेलाडीहरूको मनोबल उच्च हुन्थ्यो र खेल प्रतिस्पर्धात्मक हुनेमा विश्वास लाग्छ। आगामी वर्ष यस्तै प्रतियोगिता भक्तपुर नपाले सञ्चालन गरेमा यस सुझावलाई ध्यान दिनुहुनेमा पूर्ण विश्वस्त छु।

**उत्तर ११.** सर्वप्रथम, म मेरा खेलाडीहरूका अभिभावकहरूलाई म माथि विश्वास गरेर हालसम्म जुनसुकै स्थानमा खेल खेल्न पठाउनु भएकोमा हार्दिक कृतज्ञता प्रकट गर्दछु। महिलाहरूले पनि खेलकुद क्षेत्रमा हाम्रो देशको नाम उच्च राख्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण एसिएन खेलकुद प्रतियोगितामा नेपाली कबड्डी टीमले हासिल गरेको तृतीय पुरस्कार र वाफ ओमेन च्याम्पेनसीपमा महिला फुटबल टोलीले हासिल गरेको द्वितीय स्थान काफी नै छ। महिला खेलकुद प्रतियोगिता विभिन्न विधामा हुनु एकदमै जरूरी छ।

**उत्तर १२.** निरन्तर तालिमको आवश्यकता र तालिमका लागि प्रशिक्षकहरूको जरुरी छ। खेलाडीहरूलाई प्रशिक्षणको दौरानमा डाइट र खेल दौरानमा बन्द प्रशिक्षणको आवश्यकता देखिन्छ। स्थानीय स्तर, जिल्ला स्तरबाट प्रदेश हुँदै राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्नु जरुरी छ। भक्तपुर नपाले जस्तै विभिन्न खेल क्षेत्रमा प्रशिक्षकको व्यवस्था गरी खेल तालिम सञ्चालन गर्नु अति आवश्यक देखिन्छ।

## अनित गुरुङ

**उत्तर १.** ओखलढुङ्गा जिल्ला खेलकुद विकास समिति सदस्य, जिल्ला कबड्डी सङ्घ ओखलढुङ्गा अध्यक्ष, गुरुङ समाज ओखलढुङ्गाको जिल्ला सचिव, समाज सुधार कल्याण समाज गुरुङ असिने ओखलढुङ्गाको अध्यक्ष। सिद्धिचरण नपा–३।

**उत्तर २.** २०४० सालदेखि कबड्डी खेलमा आबद्ध। फुटबल, एथ्लेटिक्सलगायतमा पनि आबद्ध।

**उत्तर ३.** यस प्रतियोगितामा भाग लिन स्थानीय तहबाट टीम सहभागीताको पत्र बाहेक अन्य कुनै किसिमको सहयोग नभए पनि आश्वासन दिएको छ। लामो बाटो भएकोले हल्का अप्ठेरो अनुभव गरियो।

**उत्तर ४.** यो प्रतियोगिता आयोजना हुनु गौरवपूर्ण हो। यसले अन्य स्थानीय तहमा राम्रो सन्देश गएको छ।

**उत्तर ५.** व्यवस्थापन एकदमै उत्कृष्ट छ। खेलाडीहरुको खानपान, बासस्थान, स्वास्थ्य उपचारका साथै सम्बन्धित टीममा खटिएका भक्तपुर नपाका स्वयम सेवक–सेविकालगायत सम्पूर्णको उत्कृष्ट कार्य !

**उत्तर ६.** हाम्रो वा समग्र देशभरिका एकाध बाहेकका स्थानीय वा प्रदेश, राष्ट्रिय–अन्तर्राष्ट्रिय खेलाडीहरूको अवस्था गुमनाम रहेको छ। हाम्रो स्थानीय तहमा भलिबल, फुटबललगायतका खेलहरू वर्षभरि नै भइरहन्छन्। कबड्डी राष्ट्रपति कपमा बाहेक कुनै पनि प्रतियोगिताहरू हुँदैन।

**उत्तर ७.** एकाध स्थानीय तहले बाहेक अन्यले खासै चासो दिएको देखिँदैन। यसमा राज्यबाटै पर्याप्त नीति निर्माण गरेर अक्षरशः लागु गर्नुपर्ने देखिन्छ।

**उत्तर ८.** कबड्डी खेलको विकासमा राज्यबाट पर्याप्त प्रतियोगिता आयोजना गर्ने, देश तथा विदेशी टीम ल्याउने, जाने, मुलुकका ७७ ओटै जिल्लामा प्रशिक्षकको व्यवस्था मिलाउनेलगायत गर्नु आवश्यक छ।

**उत्तर ९.** खेलकुद विकासमा प्रत्येक स्थानीय तहमा एक विद्यालय एक खेलकुद शिक्षक अनिवार्य गर्नुपर्छ र राजनीतिबाट खेलकुदलाई मुक्त गराउनुपर्छ।

**उत्तर १०.** सहभागी हुन आउने खेलाडी र अफिसियलको कोटा निर्धारण गरी आते–जाते खर्चको व्यवस्था, सम्भव भएसम्म खेलाडीलाई दैनिक भत्तालगायत आयोजकले के कति गर्न सक्छ त्यसबारेमा पनि जानकारी दिने र एक पालिका वा जिल्ला बाहेकका खेलाडीलाई सहभागी नगर्ने नगराउने भएमा अझ प्रभावकारी वा सार्थकता पाउँछ भन्ने बुझाइ रहेको छ। साथै सहभागी पालिकाहरूलाई सहभागिताको प्रशंसा पत्र वा मायाको चिनो प्रदान गरेमा अझ उत्कृष्ट हुने थियो किनकी यस वर्ष सहभागी भएको टीम अर्को वर्ष नहुने र सहभागी नभएको टीम सहभागी हुनसक्छ।

**उत्तर ११.** महिलाहरू पनि हरेक खेल गतिविधिमा सक्षम र सवल छन् भन्नको लागि थप मद्दत मिलेको छ। र यो खालको गतिविधि भक्तपुर नगरपालिकाले नीति नै बनाएर यो प्रतियोगिता निरन्तर गरी मुलुकमै एक उदाहरण नगरपालिका बनोस् भन्ने शुभकामना पनि दिन चाहन्छु ।

**उत्तर १२.** विभिन्न तहका स्थानीय वा उपल्लो केन्द्रस्तरका सरकार या सरोकारवालाहरूले लगानी पर्याप्त सुनिश्चितता गरी एक वडा एक राष्ट्रिय महिला कबड्डी खेलाडी उत्पादनको नीति बनाएर प्रभावकारी कार्य गरेमा सम्भव हुनेछ।

जय खेलकुद, जय कबड्डी, जय भक्तपुर नगरपालिका !



## विक्की राज महर्जन

उत्तर १. म कीर्तिपुर नगरपालिकाको नगर केलकुद समिति सदस्य। अन्तरराष्ट्रिय खो खो खेलाडी तथा प्रशिक्षक। MA in sports science अध्यनरत। कीर्तिपुर नगरपालिका वडा नं. २ देवढोका।

**उत्तर २.** विगत एक वर्षदेखि कीर्तिपुरमा पनि कबड्डीको विकास गर्ने हेतु आबद्ध छु। खो खो खेलका अन्तर्राष्ट्रिय खेलाडी तथा प्रशिक्षक भएकोले खो खो खेलमा आबद्ध छु। साथै भलिबल खेलका क्षेत्रीय रेफ्रि तथा प्रशिक्षक पनि छु।

**उत्तर ३.** यस प्रतियोगितामा भाग लिनु पूर्व हाम्रो नगरपालिकाबाट राम्रो आश्वासन पाइयो। तर, बजेट दिने बेला निराश पारियो। राम्रो प्रशिक्षणको लागि समय नभएकोले राम्रो खेलाडी उत्पादन गर्न सकिएन। यस प्रतियोगिता स्थलसम्म पुग्न आवत जावतको लागि गाडी भाडा कम हुन गएकोले खेल सकेपछि सबै खेलाडी एकै ठाउँमा बस्न नपाएकोले गर्दा राम्रो Coordination गर्न समय पनि भएन। अर्को पटक आयोजना गर्दा काठमाडौँ

उपत्यकाको लागी पनि बस्नेको व्यवस्था गर्दा उपयुक्त होला।

**उत्तर ४.** भक्तपुर नगरपालिकाद्वारा पहिलो पटक महिला कबड्डी आयोजना गरेकोमा विशेष धन्यवाद दिन चाहन्छु। यसले समग्र कबड्डी खेलको विकास हुनुको साथै विभिन्न पालिकाबिच मित्रता तथा उनीहरूको खेल कौशल सिक्ने अवसर पाउने गर्छ। खेलाडीलाई अवसरको सृजना भएको महसुस गर्दै यस्तै प्रतियोगिताहरू भइराख्नु पर्दछ भन्ने मेरो भनाइ छ।

**उत्तर ५.** समग्रमा प्रतियोगिताको व्यवस्थापन अतिनै सराहनीय र व्यवस्थित भएको छ। तर, उपत्यका भित्रका खेलाडीहरूको लागि पनि आवासको व्यवस्था गर्दा निकै नै उत्कृष्ट हुन्छ जस्तो लान्छ। खेलकुदको विकास गर्न दर्ता शुल्क नलाग्ने भए अझै राम्रो हुन्छ। दर्ता शुल्क तिर्न पर्दा पालिकाले बजेटमा घटाउने गर्दछ। यसले गर्दा खेलाडीको लागि व्यवस्थामा समस्या आइपऱ्यो।

**उत्तर ६.** हाम्रो नगरभित्र यस्ता धेरै प्रतिभावान खेलाडीहरू छन् जुन अन्तरराष्ट्रिय स्तरका, राष्ट्रिय तथा प्रदेश स्तरका खेलाडीहरू छन्। हाम्रो पालिका विशेष गरी बास्केटबल, पौडी, उसु, कराँते, खो-खो, भलिबल, फुटबल, ब्याटमिन्टन, टाइकोन्डो आदि खेलमा विशेष तालिम तथा आयोजना हुनुको साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलमा सहभागी भई पदक जित्न सफल भएका छन्।

**उत्तर ७.** स्थानीय सरकारले पूर्वाधार विकासको लागि खेलकुद क्षेत्रमा लगानीको वातावरण गर्नुको साथै भौतिक पूर्वाधारको विकासमा टेवा पुऱ्याउनु पर्दछ। पूर्वाधारहरू बनाउँदा अन्तरराष्ट्रिय स्तरका पनि खेल मैदानहरूको विकास गर्नुपर्दछ।

**उत्तर ८.** कबड्डी खेलको विकासको लागि राज्यले कबड्डीको लागि छुट्टै कभर्ड हल बनाएर कबड्डी खेलाडीहरूलाई आत्म निर्भर बनाउनु जरुरी छ। साथै विभिन्न जिल्लाहरूमा यसको एकेडेमी सञ्चालन गरी वार्षिक केलेन्डरअनुसार प्रतियोगिताहरू सञ्चालन गर्नुपर्छ। यसमा खेलाडीहरूको बीमा, पारिश्रमिक आदिको व्यवस्था गरिनु पर्दछ।

**उत्तर ९.** खेलकुद विकास गर्न विद्यालय स्तर देखिनै खेलकुदको महत्त्व र यसबाट हुने सकारात्मक पक्षहरूको ज्ञान दिनुपर्छ। खेलकुद भनेको के हो। यसले के फाइदा हुन्छ भन्ने शिक्षा दिनुपर्छ। अहिलेको इलेक्ट्रोनिक्सको जमानामा घरमा बच्चाहरू मोबाइलमा खेल खेल्छन् जस्ले गर्दा उनीहरूको स्वास्थ्यमा नकारात्मक असरहरू बढी देखिन थालेको छ।

**उत्तर १०.** प्रतियोगिता प्रभावकारी बनाउन निम्न कुरामा ध्यान दिनुपर्छ–

१) दर्ता शुल्क कम गर्दा हुन्छ।

२) खेलाडीहरूलाई खाना, बस्ने व्यवस्था सबै सहभागीको लागि हुनुपर्दछ।

३) उपत्यका भित्रका टीमलाई यातायातले गर्दा समयमा पुग्न गाह्रो हुन्छ।

४) खेलाडीहरूको लागि भत्ताको व्यवस्था गर्नुपर्छ।

५) प्रतियोगितामा अन्तर्राष्ट्रिय तथा विभागीय खेलाडीहरू सामेल नगराइकन आयोजना गरेको भए यसभन्दा बढी टीम आउँछ जस्तो लाग्छ। सबै पालिकाको बराबर खेल जस्तो देखिन्छ।

**उत्तर ११.** विशेषतः महिलाहरूको खेल कम नै हुन्छ। यस्तो प्रतियोगिता गर्दा महिलाहरूको हौसला बढ्नुको साथै खेलमा मन जाने हुन्छ। अहिले खेल छोडेर विदेशीने धेरै छन्। यस्तो प्रतियोगिता नहुनु र खेलाडीको कुनै पनि आर्थिक स्थिति परिवर्तन नहुनु यसको कारण हो।

**उत्तर १२.**

१) महिला खेलाडीहरूलाई प्रशिक्षण दिने।

२) महिलाको खेलहरू प्रतियोगिता सञ्चालन समय समयमा गर्ने।

३) सानो उमेर समूहदेखि नै प्रतियोगिता सञ्चालन गर्ने।

४) समुदायबाट नै खेलकुदमा महिलालाई प्राथमिकता दिने।

५) महिलाहरूको एकेडेमीको विकास गरी ट्रेनिङ इन्स्टिच्यूट तथा खेलकुद विश्वविद्यालयको विकास गर्ने।

## राजेश तिमल्सिना

**उत्तर १.** बनेपा नगरपालिकाको टीम म्यानेजर। बनेपा नपा-७।

**उत्तर २.** म विगत १ वर्षदेखि यस कबड्डी खेलमा प्रशिक्षकको रूपमा कार्यरत छु। म म्याराथोनलयायतका ट्र्याक खेलहरूमा आबद्ध थिएँ।

**उत्तर ३.** प्रतियोगितामा भाग लिनुपूर्व स्थानीय तहबाट खासै सहयोग पाइएन। हामीले यस प्रतियोगिता स्थलसम्म आइपुग्दा हामीले डाइट, खेलाडीले पाउनु पर्ने सहयोग लगायतका समस्याहरू भोग्नुपऱ्यो। ट्रेनिङमा लागेको खर्च सबै खेलाडी, टीम म्यानेजर र टीम कोचले ब्यहोरेको थियो।

**उत्तर ४.** यस नगरले हरेक वर्ष केही न केही खेल

आयोजना गरेको छ र बनेपा नगरपालिकाले हरेक वर्ष भाग लिएको यहाँहरूलाई अवगत नै छ। यस वर्ष भने भक्तपुर नगरले नेपालमा पहिलो पटक अन्तर नगर महिला कबड्डी प्रतियोगिता आयोजना गरेको छ। यस्ता खेलहरू आगामी दिनहरूमा पनि आयोजना गर्नुहुने छ भन्ने आशा राखेका छौँ। साथसाथै बनेपा नगरपालिकाको तर्फबाट बधाई पनि दिन चाहन्छौँ।

**उत्तर ५.** अन्तर नगर कबड्डी प्रतियोगितामा भक्तपुर नपाको समग्र व्यवस्थापन एकदमै राम्रो छ। वर्णन गरेर पनि नसकिने खालको छ।

**उत्तर ६.** हाम्रो नगरमा प्रदेश स्तरीय खेलका केही खेलाडी छन् भने हालका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी छैनन्। हाम्रो नगरमा मेयर कप, राष्ट्रपति रनिङ शिल्ड र केही थोरै अरू गेमहरू हुने गरेको छ।

**उत्तर ७.** स्थानीय तहले खेलकुद पूर्वाधार विकासमा अवलम्बन गर्नुपर्ने नीतिहरू हरेक महिना वडाहरू अथवा पालिका स्तरीय खेलहरू आयोजना गर्नुपर्ने जसले खेलाडीको खेलमा विकास साथै पढाइमा पनि सहयोग गरोस्।

**उत्तर ८.** राज्यतर्फबाट स्थायी रूपमा खेलाडीको जिम्मा लिनुपर्ने र खेलका साथसाथै पढाइमा पनि राज्यले सहयोग गर्नुपर्ने देखिन्छ। यस्तै खेलहरू व्यापक रूपमा आयोजना गर्नुपर्ने देखिन्छ।

**उत्तर ९.** खेलकुद विकासका लागि राज्यद्वारा नयाँ खेलाडीहरूलाई प्रोत्साहन गर्नुपर्छ भने पुराना खेलाडीहरूलाई कोच, म्यानेजर र कुनै खेल प्रशिक्षणमा लगाएर पुरानो खेलहरूको संरक्षण पनि गर्नुपर्ने देखिन्छ।

**उत्तर १०.** प्रतियोगिता प्रभावकारी नै छ। कुनै पनि सुझाव दिनुपर्छ जस्तो लाग्दैन। तर पनि यसमा सहभागी भएका खेलाडीहरूलाई पछिसम्म संरक्षण गरेर राख्नु भयो भने उत्तम हुने थियो।

**उत्तर ११.** यसैपनि महिलाहरूको खेल हाम्रो देशमा थोरै मात्रामा हुने गर्दछ। यसमा भक्तपुर नपाले गरेको कार्य एकदमै स्वागत योग्य छ। अरू पालिकालगायत जि.खे.वि.स., प्रदेश आदिले पनि यस्तै खेलहरू आगामी दिनहरूमा आयोजना गर्दा उत्तम होला।

**उत्तर १२.** विभिन्न तहका सरकारले खेलाडी उत्पादन गर्नका लागि समय समयमा यस्ता खेलहरूको आयोजना गर्नुपर्ने र वडाबाट, पालिकाबाट, जिल्लाबाट, प्रदेशबाट र केन्द्र सरकारले पनि यस्ता खेलहरू आयोजना गर्‍यो भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादन गर्न सहजीकरण होला।


भक्तपुर नपाबाट प्रकाशित पुस्तकहरू खोजी खोजी पढ्नुहोस्।



# अध्यक्ष बिजुक्छेँसँग महिला कबड्डी प्रतियोगिताका खेलाडीहरूको भेट

## खेलाडीहरूद्वारा ख्वप कलेजहरू र ख्वप अस्पतालको अवलोकन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**ले खेलकुदलाई अतिरिक्त क्रियाकलापसँग मात्र नजोडी देशको शिक्षा, स्वास्थ्य र संस्कृतिसँग पनि जोड्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।




भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको अन्तर नगर महिला कबड्डी प्रतियोगिताका सहभागी खेलाडीहरूसँग चैत १ गते भएको भेटघाट कार्यक्रममा अध्यक्ष बिजुक्छेँले खेलकुदमा महिलाहरूको प्रस्तुती रोचक भएको बताउनुहुँदै महिलाहरूले खेल जीवनलाई निरन्तरता दिनुपर्नेतर्फ जोड दिनुपर्छ भन्नुभयो ।

विकसित देशहरूले खेलकुदको विषयमा विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने व्यवस्था गरेको प्रसङ्ग जोड्नुहुँदै नेपालमा पनि विस्तारै खेलकुद विषयको अध्ययन अध्यापन र उच्च शिक्षा पाउने बन्दोबस्त हुँदै जाने विश्वास दिलाउनुभयो ।

खेल शारीरिक र मानसिक स्वास्थ्यको लागि आवश्यक विषय भएको बताउनुहुँदै उहाँले अनुशासन, समय परिपालना खेलाडीहरूको राम्रो र स्वागतयोग्य पक्ष भएको बताउनुभयो ।

प्रतियोगिता अवधिभर खेलाडीहरूलाई उत्साहित बनाइराख्नुपर्ने भन्नुहुँदै अध्यक्ष बिजुक्छेँले विद्यार्थी जीवनमा सिकेको ज्ञान र सीप जीवनभर अङ्गिकार गर्नुपर्ने बताउनुभयो ।

खेलकुद देश विदेशको राजनीति र लडाइँसँग पनि जोडिएको विषय भएको बताउनुहुँदै उहाँले अन्तर्राष्ट्रिय जगतमा खेलाडीहरूले आफूलाई देशको राजदूतको रूपमा प्रस्तुत गर्नुपर्छ भन्नुभयो ।

देशको रक्षा गर्न र शत्रुमाथि हमला गर्ने भावनाले खेलकुदलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले खेलाडीहरूले नागरिक भावनाले प्रतियोगिताहरूमा सहभागी हुनुपर्छ भन्नुभयो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर क्षेत्रफलको आधारमा सानो नगर भए पनि कला संस्कृतिले समृद्ध र संसारकै जीवित सङ्ग्रहालयको रूपमा परिचित नगर भएको बताउनुभयो ।



प्रतियोगितामा सहभागी खेलाडीहरूलाई भक्तपुर नपाबाट सञ्चालित कलेज र अस्पताल अवलोकनको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै उहाँले जनताको अझ बढी सेवा गर्ने उद्देश्यले भक्तपुर नपाले काम गरिरहेको बताउनुभयो ।



मेडिकल कलेज सञ्चालन गर्ने उद्देश्यअनुरूप ख्वप विश्वविद्यालय सम्बन्धनको लागि भक्तपुर नपाले निरन्तर पहल गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपालाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने नगरपालिकाको उद्देश्यले विस्तारै मूर्त रूप लिँदै गइरहेको बताउनुभयो ।



कार्यक्रममा जिल्ला कबड्डी सङ्घ दार्चुलाका प्रशिक्षक **श्यामराजा अवस्थी**ले भक्तपुर नपाको आयोजनामा भएको महिला कबड्डी प्रतियोगिता निकै उत्साहपूर्वक सञ्चालन भइरहेको र प्रतियोगिताका सहभागीहरूलाई नपाले खान र बस्ने व्यवस्थाले खेलाडीहरूलाई धेरै सहजता प्राप्त गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले विभिन्न नगरपालिकाबाट उपस्थित खेलाडीहरूलाई खेलमार्फत जोडिएको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै लानुपर्नेमा जोड दिनुभयो ।



खेलाडीहरू ख्वप कलेजबारे जानकारी लिँदै



खेलाडीहरू ख्वप अस्पतालबारे जानकारी लिँदै



खेलाडीहरू ख्वप इन्जिनियरिङ कलेजबारे जानकारी लिँदै

भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तर नगर महिला कबड्डी प्रतियोगितामा १५ ओटा नगरपालिकाबाट सहभागी खेलाडीहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेजसहित सातओटा संस्थाहरूको स्थलगत अवलोकन गरी त्यहाँबाट प्रवाहित सेवासुविधाहरूबारे अवगत हुनुभयो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# बिजुक्छेँद्वारा ऐतिहासिक भाजुपुखू उद्घाटन

## सम्पदा संरक्षण र उत्खननमा बौद्धिक व्यक्तित्वहरूको सक्रियता आवश्यक



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा हालै पुन:निर्माण गरिएको भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित भाजुपुखू र मध्यभागमा अवस्थित जलेश्वर मन्दिरको फागुन २५ गते एक भव्य कार्यक्रमबिच उद्घाटन गर्नुभयो। सोही अवसरमा अध्यक्ष बिजुक्छेँले भक्तपुर नपाबाट प्रकाशित **'भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माण'** पुस्तक पनि विमोचन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले भक्तपुरको भाजुपुखू मानव सभ्यताको एक महत्त्वपूर्ण उपलब्धी भएको बताउनुभयो।

लोपोन्मुख अवस्थामा रहेका राष्ट्रिय धरोहरहरूलाई पुन:जीवन दिने काममा पुरातत्त्व विभाग, प्रज्ञा प्रतिष्ठान र विश्वविद्यालहरू अग्रसर हुनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुरको इतिहास, कला संस्कृति नयाँ पुस्तालाई पाठ्यक्रममार्फत अध्ययन गर्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो।

प्राचीन सांस्कृतिक र वास्तुकलाको संरक्षण र उत्खननमा बौद्धिक व्यक्तित्वहरूको सक्रियता आवश्यक भएको बताउनुहुँदै उहाँले भाजुपुखू पुन:निर्माणमा सहभागी सम्पूर्ण डकर्मी, सिकर्मी र महिला कालिगडहरूमा धन्यवाद ज्ञापन गर्नुभयो।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरका अन्य सम्पदा निर्माणमा जस्तै भाजुपुखू पुन:निर्माणको क्रममा पुरातत्त्वविद्, संस्कृतिविद्, इतिहासविद्, वास्तुकलाविद्लगायत सरोकारवालाहरूको सल्लाह र सुझावअनुसार पुन:निर्माण कार्यलाई अगाडि बढाएको बताउनुभयो।

भाजुपुखूको मौलिकतामा आँच पुग्ने कुरामा भक्तपुर




नपाले अत्यन्त सचेतनापूर्वक काम गरेको बताउनुहुँदै उहाँले पोखरीमा जनताको अपनत्व कायम होस् भन्ने उद्देश्यले अन्य सम्पदाहरूमा जस्तै स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत पुनःनिर्माणको काम गर्ने व्यवस्था मिलाएको बताउनुभयो ।





भाजुपुखू र भक्तपुर क्याम्पस दुवै जनताका साझा सम्पत्ति भएको बताउनुहुँदै उहाँले पोखरीको दक्षिण भाग भक्तपुर क्याम्पसतर्फ बाटो खोल्न बाँकी नै रहेको उल्लेख गर्नुहुँदै क्याम्पसका पदाधिकारीहरूसित त्यसबारे पटकपटक छलफल गरिसकेको र छलफलको क्रम अगाडि बढिरहेको बताउनुभयो ।



नेमकिपा वाग्मती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले लोप हुनै लागेको भाज्यापुखूलाई भक्तपुरको सुन्दर र मनमोहक अवस्थामा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने वडावासी, कालिगड, जनप्रतिनिधि, पुरातत्त्व विभाग, प्राविधिक सम्पूर्णमा उच्च सम्मान व्यक्त गर्नुभयो ।

भाजुपुखू पुनःनिर्माणको सपनाले साकार रूप लिएसँगै सम्पदाप्रेमीहरूमा उत्साह पुगेको बताउनुहुँदै उहाँले मौलिकता र सम्पदा संरक्षित सहरको रूपमा देश-विदेशमा परिचित भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षण अभियान र भाजुपुखूको पुनःनिर्माण कार्य भक्तपुरको लागि कोसेढुङ्गा साबित भएको बताउनुभयो ।

सार्वजनिक सम्पत्ति अतिक्रमण र नास हुँदै जाने क्रम बढ्दै गएको सन्दर्भमा देश अत्यन्त लज्जित भइरहेको छ । भक्तपुरले गरेको सार्वजनिक सम्पत्ति संरक्षण कार्य प्रशंसनीय भएको बताउनुहुँदै उहाँले भाजुपुखू पुनःनिर्माण नयाँ पुस्ताको लागि सुन्दर उपहारको रूपमा रहेको बताउनुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले पोखरी सुकेर घाँसेमैदानमा परिणत भएको पोखरीलाई २०७४ सालको स्थानीय तहको निर्वाचनपश्चात भक्तपुर नगरपालिकामा नेमकिपाका जनप्रतिनिधि निर्वाचित भएर आएपछि



भाजुपुखु पुनःनिर्माण कार्य अगाडि बढेको बताउनुभयो ।

भक्तपुरका सबै सांस्कृतिक सम्पदाहरू यहाँका मौलिक पहिचानमात्र नभई नगरवासीहरूको आर्थिक र सामाजिक विकासको आधार पनि भएको बताउनुहुँदै उहाँले सम्पदा संरक्षणको सन्दर्भमा भक्तपुर नपाले स्थानीय उपभोक्तामार्फत संरक्षण गर्दै आएको अवगत गर्नुभयो ।





भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठ**ले २०५८ सालदेखि उत्खनन हुँदै आएको भक्तपुरको भाज्यापुखू पुनःनिर्माण कार्यमा भक्तपुर नगरपालिकाको अग्रणी भूमिका रहेको उल्लेख गर्नुहुँदै पानीका स्रोतहरू संरक्षण गर्न यहाँ रहेका पोखरीहरूको जगेर्ना गर्नु आवश्यक रहेको बताउनुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले सम्पदा निर्माण पनि मानव सभ्यतासँग जोडिएको विषय भएको बताउनुहुँदै भक्तपुरमा रहेका पोखरीहरू जनसमुदाय र समाजको लागि आवश्यक पानी आपूर्ति र आगलागीजस्ता विपद्मा प्रयोग गर्नको लागि बनेको बताउनुभयो । भाजुपुखु अरू पुखूको तुलनामा महत्त्वपूर्ण भएको बताउनुहुँदै उहाँले पोखरीहरू भक्तपुरको सिँचाइ र हिति प्रणालीसँग पनि जोडिएको छ भन्नुभयो ।

पुरातात्त्विक सम्पदाहरूले भरिएको जीवन्त सङ्ग्रहालयको रूपमा परिचित भक्तपुरलाई ८०० वर्ष पुरानो पोखरी पुनः निर्माणबाट अझ गौरव गर्ने अवसर मिलेको उहाँले बताउनुभयो ।

इतिहासविद् डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले भाज्यापुखूको ऐतिहासिक पक्षमाथि उजागर गर्दै अन्वेषण र उत्खननकै सिलसिलामा भाज्यापुखूको मध्यभागमा पश्चिमाभिमुख जलेश्वर मन्दिर रहेको थाहा हुन आएको बताउनुभयो ।



जलेश्वर मन्दिर जीर्णोद्धारको अभावमा भत्किएर डम्फूमा परिणत भएको बताउनुहुँदै उहाँले भाज्यापुखू पुनःनिर्माणसँगै पोखरीको इतिहास पनि जीवित भएको छ भन्नुभयो ।



पूर्व न्यायाधीश **गौरीबहादुर कार्की**ले पुरातात्त्विक महत्त्व बोकेको भाजुपुखू पुनःनिर्माण कार्यमा संलग्न सबैमा उच्च सम्मान व्यक्त गर्दै भक्तपुरकै आकर्षक पोखरीको रूपमा भाजुपुखू रहेको बताउनुभयो ।



दरबार हेरचाह तथा स्मारक संरक्षण अड्डा भक्तपुरका कार्यालय प्रमुख **अरुणा नकर्मी**ले भक्तपुर सांस्कृतिक सम्पदा र पोखरीहरूले सम्पन्न नगर भएको बताउनुहुँदै भाज्या पोखरी पुनःनिर्माण कार्यमा कालीगडहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।



भक्तपुर क्याम्पसका प्रमुख सहप्राध्यापक **कविता लुईंटेल**ले भाजुपुखू र भक्तपुर क्याम्पस दुवै जनताको साझा सम्पत्ति भएको बताउनुहुँदै भाज्यापुखू पुनःनिर्माणले भक्तपुरको शानलाई अझ उँचो बनाएको बताउनुभयो ।

कार्यक्रममा भनपा १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भाजुपुखू पुनःनिर्माणको सङ्क्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुभयो भने भनपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले भाज्यापुखू पुनःनिर्माणका लागि गठित अध्ययन कार्यदलका पदाधिकारी र उपभोक्ता समितिका अध्यक्षहरूलाई धन्यवादज्ञापन पत्र वितरण गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले भाजुपुखू पुनःनिर्माण र सरसफाइ कार्यमा विशेष योगदान पुऱ्याउने श्रमिक महिलाहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन अगाडि नासमनामा ःयाली सुरु हुनु अगाडि वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ** र वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले बोल्नु भएको थियो ।



ःयालीमा जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजीवी, व्यवसायी, प्रहरी, युवा, महिला, कर्मचारी, स्काउट, विभिन्न सामाजिक सङ्घ संस्था, बाजागाजा तथा माक प्याखं टोली आदिको सहभागिता थियो ।

## कार्यक्रमका केही झलक

















तस्बिर : इन्टरनेटलगायत

लघुकथा

# पानी

– आर. दिस्ती

मलाई थाहा छ, राम्रैसँग याद छ, म सानै छँदा मेरो घरको कौसीको धारासम्म पानी आउँथ्यो। बच्चा बेलामा आमाले मलाई कौसीमै नुहाई दिनुहुन्थ्यो। पानीको लागि कसैलाई समस्या थिएन। एकदिन चिया पसलमा चियागफ गर्दा गर्दै कुरो उठ्यो। 'अब तेस्रो विश्व युद्ध हुन्छ भने पानीकै लागि हुन्छ।' नेपालमा पनि पानीको समस्या हुँदै जाने छ। त्यो कुरा सुनेर मलाई अचम्म लाग्यो। जलस्रोतको धनी देश, 'हरियो वन, नेपालको धन' भनेर विश्वमा चिनिएको देश र नदिनाला थुप्रै भएको देश 'नेपाल'। यस्तो देशमा पानीको समस्या हुने ? अहँ, मलाई पटक्कै विश्वास लागेन। समय बित्दै गयो। जनसङ्ख्या वृद्धि हुँदै गए। नयाँ नयाँ घरहरू बन्दै गए। नयाँ नयाँ बस्तीहरू बस्न थाले। वन फडानी भए। मुहान सुक्दै गयो। पानीको माग बढ्दै गयो र विस्तारै पानीको अभाव हुँदै गयो। पानीको लागि टोल छिमेकी, दाजुभाइहरू नै झगडा हुन थाले।

वर्षौं भयो के कारणले हो खै कुन्नी मेलम्चीको पानी पनि आएको छैन। पैसा हुनेले त ट्याङ्करको पानी किनेर खाए। पैसा नहुने गरिब विपन्न व्यक्तिहरू पानीको लागि काकाकुल अवस्थामा भए। शनिबारको दिन एउटा साहित्यिक कार्यक्रममा जानुपर्ने थियो। धारामा पानी आउँछ भनेर उक्त कार्यक्रममै नगई पानी आउने प्रतिक्षा गरी बसिरहें। पानी आउला भनी दिनभरि नै कुरें, तर पानी आएन। भोलीपल्ट पनि पानी आउला कि भनी कुर्दाकुर्दै अफिसमा पुग्न ढिलो भयो र हाकिमको बात सुन्नुपर्‍यो। अनि अफिसमा पनि घरमा पानी आयो कि भन्ने ध्यान गइरह्यो।

आज एक्कासी मेरो घरमा पानी आयो। कुनै खै खबर छैन। टोलमा पनि कुनै हल्ला थिएन। पानी आएकोले म धेरै खुशी भएँ। खुशीले खुट्टा भूईँमै भएन। हतरपतर मैले घरको ट्यांकी, ड्रमदेखि लिएर भएभरको साना–साना बोतल समेत भरें। मैला लुगाफाटो सबै धोइयो। अनि नुहाएँ, बच्चाहरू पनि नुहाइयो। पानी आएकोले घरमा सबै ब्यस्त रह्यो। पानीमा चले, खेले र रमाईलो गरे। लामो समय भयो, पानी आएको आएै थियो। पानीको सबै काम सकियो। पानी थाप्ने खाली भाँडाकुँडा कुनै बाँकी रहेन।

पानी आईनै रहेकोले मलाई के गरुँ के गरुँ भयो। मलाई अझै नुहाउन मन लाग्यो, पटक पटक साबुन दली नुहाएँ। नुहाएर जिउ पखाल्दै थिएँ एक्कासी मलाई चिसो हुन थाल्यो। चिसोले कठ्याङ्ग्रिएर दाँत कट्‌कट्‌ खाइरह्यो। एक्कासी म झसङ्ग हुन्छु र मेरो आँखा खुल्छ। मेरो जिउमा सिरक हुँदैन। मैले ओढि राखेको सिरक खात तल झरिराखेको हुन्छ। म हतपताउँदै सिरक तान्छु र पुनः सुत्ने प्रयास गर्छु। यस्तै मिठो सपना देख्नको लागि !

**मन्तव्य**

# 'भाजुपुखूको मौलिकतामा आँच पुग्ने कुरामा हामी अत्यन्त सचेत थियौँ'

- सुनिल प्रजापति,
प्रमुख, भक्तपुर नगरपालिका




भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ। मूर्त र अमूर्त सम्पदाहरूले भरिएको भक्तपुर अहिले जीवित सङ्ग्रहालयको रूपमा थप परिचित हुँदै छ र आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षक गन्तव्य बन्दै छ।

२०७२ सालको भूकम्पले भक्तपुरका धेरै सम्पदाहरूमा क्षति पुग्यो। २०७४ सालमा हामी जनप्रतिनिधि निर्वाचित भएपछि क्षतिग्रस्त ती सम्पदाहरूलाई प्राथमिकता क्रमअनुसार योजनाबद्ध ढङ्गले पुनःनिर्माण र जीर्णोद्धार कार्य सुरु गर्‍यौँ। स्थानीय जनताको साथ र सहयोगमा विदेशीको सहयोगबिना पुनःनिर्माण कार्य अगाडि बढाउँदै गयौँ। सोही क्रममा ५ वर्षको पहिलो कार्यकालमा १२४ ओटा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भएको पाउँदा हामीलाई गर्व लाग्छ। त्यसैबेला निर्माण कार्य सुरु गरेका मध्ये एउटा सम्पदा हो – ऐतिहासिक महत्त्व बोकेको भक्तपुर नपा १ स्थित भाजुपुखू (भाज्यापोखरी)।

भाजुपुखू २०५४ सालमा निर्वाचित नगरपालिकाका जनप्रतिनिधिहरूले २०५८ सालमा नै पुनःनिर्माण कार्य सुरु गर्नुभएको थियो। कार्यकालको अन्तिम समयमा मात्र सुरु भएको हुँदा २०५९ साल साउनदेखि स्थानीय निकायमा जनप्रतिनिधिविहीनतासँगै भाजुपुखू पुनःनिर्माण कार्यले पूर्णता पाउन सकेन।

१५ वर्ष जनप्रतिनिधिविहीन अवस्थापछि २०७४ सालमा हामी निर्वाचित भयौँ। शिक्षा, स्वास्थ्यसँगै सम्पदा पुनःनिर्माण कार्यलाई पनि अगाडि बढायौँ। भाजुपुखू निर्माणलाई पनि प्राथमिकतामा राख्दै पुरातात्त्विक महत्त्वलाई ध्यानमा राखेर गम्भीरतापूर्वक लाग्यौँ। पुनःनिर्माणको क्रममा पुरातत्त्वविद्, संस्कृतिविद्, इतिहासविद्, वास्तुकलाविद्‌लगायत सरोकारवालाहरूको पटक पटक औपचारिक र अनौपचारिक छलफल तथा अन्तरक्रियाहरू गर्‍यौँ। उहाँहरूकै सल्लाह र सुझावअनुसार भक्तपुर नगर कार्यपालिकाको २०७५।४।२९ गते बसेको बैठकले डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा ६ सदस्यीय अध्ययन कार्यदल गठन गर्‍यो। कार्यदलले सात महिना अध्ययन गरेर त्यसको विस्तृत अध्ययन प्रतिवेदन नगरपालिकामा प्रस्तुत गर्‍यो। भाजुपुखूमा प्राप्त ऐतिहासिक प्रमाणको आधारमा मौलिक शैलीमा पुनःनिर्माणको लागि अगाडि बढ्न सहज भयो।

सुरुमा भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय टीम, क्लब, सङ्घ संस्थाहरू र स्थानीय जनताको सहभागितामा सफाइ कार्यक्रमहरू गर्दै गयौँ। अध्ययन प्रतिवेदनअनुसार त्यहाँ प्राप्त प्रमाणहरूको आधारमा पोखरीको बिचमा जलेश्वर मन्दिर भएको खुल्न आयो। त्यस अघिसम्म पोखरीको बिच भागमा मन्दिर भएको कसैबाट जानकारी प्राप्त भएको थिएन। उत्खननको क्रममा प्राप्त सबै वस्तुहरूको अभिलेख राख्दै संस्कृतिविद्हरूको सुझावअनुसार पोखरी निर्माणसँगै जलेश्वर मन्दिर पुनःनिर्माणको कामलाई पनि अगाडि बढायौँ। भाजुपुखूको मौलिकतामा आँच पुग्ने कुरामा हामी अत्यन्त सचेत थियौँ। पोखरीमा जनताको अपनत्व कायम होस् भन्ने उद्देश्यले अन्य सम्पदाहरूमा जस्तै स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत पुनःनिर्माणको काम गर्ने व्यवस्था मिलायौँ।

पोखरीमा पानी नअडिने समस्या थियो। त्यसलाई स्थानीय साथीहरूको सल्लाहअनुसार कालोमाटो (देचा) राखेर व्यवस्थापन गर्‍यौँ। पानीको अभाव हुन नदिन नजिकै बोरिङ गरेर पानी भर्‍यौँ। वरिपरिको पर्खाल निर्माणका लागि नेपाल सरकार सहरी विकास मन्त्रालयबाट पनि सहयोग प्राप्त भयो।

भाजुपुखू पुरानै स्वरूपमा निर्माण गर्ने क्रममा प्राचीन शैलीका इँटाहरू समयमा उपलब्ध नहुनु, उपयुक्त साइजका काठहरू बजारमा प्राप्त नहुनु जस्ता निकै चुनौतिहरू भोग्नु

पऱ्यो। उत्तरतर्फको दमकलसँगैको बाटो खोल्न लामो समय लाग्यो। बाटो नखुलेसम्म पोखरीको उत्तरी भाग बनाउन नदिने टोलवासीहरूको अडानले निर्माणकार्यमा बाधा पुगेको थियो। पटक पटकको छलफल पछि बल्ल सहमतिमा पुगियो र १३ फिटको बाटो बनेपछि पोखरीको उत्तरतर्फको काम सम्पन्न भयो। उत्तरतर्फका डिल स्थानीयहरूले व्यक्तिगत प्रयोग गरिरहेका थिए। हाम्रो आग्रहमा उहाँहरूले आआफैले सामानहरू हटाइ सहयोग गर्नुभयो। यसरी पोखरीको प्राचीन स्वरूप कायम गर्न वातावरण सहज बन्दै गयो। जतिसुकै समय लागे पनि मौलिक स्वरूपमा आँच पुग्ने काम हुन दिएनौँ। हरेक विषयमा विज्ञहरूसँग परामर्श गरी अगाडि बढ्यौँ।

अझै पनि पोखरीको दक्षिणभाग भक्तपुर क्याम्पसतर्फ बाटो खोल्न बाँकी नै छ। क्याम्पसका पदाधिकारीहरूसित त्यसबारे पटक पटक हामीले छलफल गरेका छौँ। भाजुपुखू र भक्तपुर क्याम्पस दुवै जनताका साझा सम्पत्ति हुन्। दुवैको संरक्षण र सम्बर्द्धन गर्नु जनताको साझा जिम्मेवारी हो। राज्यको सम्पत्तिमा क्षति नहोस् भन्ने कुरामा हामी बढी सचेत छौँ। पुराना नक्साहरूमा भाजुपुखूको डिल स्पष्ट देखिन्छ। नक्साहरू अगाडि राखेर पनि हामीले छलफल गऱ्यौँ। त्यो क्रम अगाडि बढिरहेको छ।



सम्मानित भाजुपुखु पुनर्निर्माणका लागि गठन भएका उपभोक्ता समितिका अध्यक्षहरू तथा पुनर्निर्माणमा अहोरात्र खटिएका महिला श्रमिकहरू

पोखरी पुन:निर्माणको क्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले समय समयमा अवलोकन गरेर मार्गनिर्देशन गर्नुभयो। त्यसले हामी जनप्रतिनिधि र कार्यरत मजदुरहरूमा उत्साह प्राप्त भयो। हामीले उहाँको मार्गनिर्देशनअनुसार कामलाई अगाडि बढाउँदै गयौँ। अहिले भाजुपुखूको स्वरूप फेरिएको छ। भक्तपुर आन्तरिक र बाह्य पर्यटकहरूको आकर्षक गन्तव्य बन्न भाजुपुखूले थप मद्दत पुग्ने हाम्रो विश्वास छ। भनपा वडा नं. १ मा सिद्ध पोखरी, न्हू पुखू (रानीपोखरी), न:पुखू र भाजुपुखूसमेत गरी ४ ओटा आकर्षक पोखरीहरू बनिसकेका छन्। वडा नं. १ ले पोखरीहरूको वडाको रूपमा विशेषता कायम गर्दै छ। पुन:निर्माणमात्रै होइन त्यसको संरक्षण झनै चुनौतिपूर्ण हुने कुराबारे हामी जानकार छौँ। यसबारे स्थानीय जनताले ध्यान दिनु हुने हाम्रो अपेक्षा छ।

पोखरी निर्माणको क्रममा समय समयमा मार्गनिर्देश गर्नुहुने नेमकिपाका अध्यक्ष आदरणीय नेता नारायणमान बिजुक्छेँ (रोहित) प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ। भाजुपुखूबारे विस्तृत अध्ययन गर्नुहुने अध्ययन कार्यदलका संयोजक डा. पुरुषोत्तमलोचन श्रेष्ठलगायत सम्पूर्ण सदस्यहरू, जनप्रतिनिधिहरू, उपभोक्ता समितिमा संयोजक भएर काम गर्नुहुने लक्ष्मीनारायण खत्री, कृष्णप्रसाद दुमरु, केशव कोजु र जीवन दुवाललगायत समितिका सबै सदस्य, स्थानीय तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्ण जनतामा हार्दिक आभार व्यक्त गर्दछौँ।

भाजुपुखू सम्बन्धी सबै विवरण सहितको भाजुपुखू र जलेश्वर मन्दिर पुन:निर्माण पुस्तक पनि आजै सार्वजनिकीकरण हुँदै छ। उक्त पुस्तक तयार गर्न सम्बन्धित लेखहरू दिएर तेजेश्वर बाबु ग्वंग, गौरीबहादुर कार्की, ओम धौभडेललगायत धेरैले सहयोग गर्नुभयो। त्यसै गरी पुस्तक प्रकाशनमा लक्ष्मणराज जोशी, धनलक्ष्मी त्यातलगायत धेरैले मिहिनेत गर्नु भएको छ। यस क्रममा सहयोग गर्नुहुने सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

(भक्तपुर नगरपालिकाद्वारा हालै पुन:निर्माण सम्पन्न गरिएको भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित भाजुपुखूको उद्घाटन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)

# 'भाजुपुखु र जलेश्वर मन्दिरले पुनर्जीवन पाएको छ'

- वसन्त भट्टराई

प्रमुख प्रशासकीय अधिकृत



भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, जीवित सङ्ग्रहालय तथा सांस्कृतिक नगर निर्माण गर्ने नीति अनुरूप कला संस्कृतिको जगेर्ना तथा सम्पदाको पुनर्निर्माणका कार्यहरू भइरहेको ब्यहोरा यहाँहरूलाई अवगत नै छ। २०५८ सालदेखि सोच बनाई थालनी भएको यस भाजुपुखु र जलेश्वर मन्दिर पुनर्निर्माण कार्यले आज यस क्षेत्रलाई पुनर्जीवन प्रदान गरेको छ। भौतिक संरचनाले

पुनर्जीवन प्राप्त गरेसँगै यसको इतिहास, महत्त्व, अवस्था र पुनर्निर्माणका सन्दर्भमा भएका प्रयासहरूको बारेमा आम नागरिकहरूलाई आजै सार्वजनिक गरिएको **'भाजुपुखु तथा जलेश्वर मन्दिर पुनर्निर्माण'** नामक पुस्तकबाट ज्ञान हासिल गर्ने सुअवसर प्राप्त भएको छ ।

सभ्यता विकास र जीवन निर्वाहको प्रमुख आधार पानी हो । काठमाडौँ उपत्यकाको इतिहास अध्ययन गर्दा पानीको संरक्षणका लागि यसको स्रोतको आधारका रूपमा रहेका पोखरी, ईनार, कुवा, ढुङ्गेधारा निर्माण गर्ने संस्कारको विकास भएको पाइन्छ । यसका अलावा उपत्यका अझै विशेष गरी भक्तपुरका पोखरीहरूमा विभिन्न धार्मिक, सांस्कृतिक मान्यता र विश्वासहरू समेत जोडिएका छन् । जस्तै उदाहरणका लागि तलेजु मन्दिर भित्र रहेको दुमाजु पोखरीमा रुञ्चे लागेका बच्चाबच्चीलाई आईतबार वा विहीबारका दिन मुख धुवाएमा रुञ्चे निको हुन्छ भन्ने मान्यता रहेको छ भने पोखरीको डिलमा रहेका नेवार समुदायका ईष्ट देवता प्रतिको आस्था होस् वा नित्यकर्मका लागि पोखरीको पानीको प्रयोग होस् यी पोखरीहरू हाम्रो जीवनपद्धतिसँग जोडिएका छन् ।



उद्घाटन समारोहमा उपस्थितिको एक भाग

यस नगरका अन्य पोखरीहरू जस्तै यस पोखरीको पुनर्निर्माणका माध्यमबाट पनि भक्तपुरको शोभा र महत्त्व बढ्दै जानेछ । पर्यटकीय गतिविधिमार्फत यस क्षेत्रमा नागरिकहरूको आर्थिक गतिविधिमा बढोत्तरी हुने अपेक्षा गरिएको छ । प्राकृतिक रूपमा जल पुनर्भरण गर्न सहयोगी हुनेछ भने जलेश्वर मन्दिरले धार्मिक गतिविधि र धार्मिक पर्यटनमा टेवा पुऱ्याउने छ ।

अब उप्रान्त पनि यस पोखरीको सौन्दर्य प्रवर्द्धनका लागि सरसफाइ, फुलबारी र विरुवा संरक्षण, सम्बर्द्धन तथा पर्यटकीय गतिविधि सञ्चालन र विकासका लागि आम जनसमुदाय, स्थानीयवासी नागरिक, जनप्रतिनिधिलगायतलाई सक्रिय सहभागिताका लागि आग्रह गर्दछु । जनहितको साझा उद्देश्य बोकेको यस जिल्लाकै पुरानो क्याम्पस भक्तपुर क्याम्पसबाट पनि यस पोखरी र मन्दिरको संरक्षण र प्रवर्द्धनका लागि सबै प्रकारका सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा लोप नै हुन लागेको यस पोखरीलाई हालको अवस्थामा ल्याउन सहयोग पुऱ्याउनु हुने अध्ययन समितिका संयोजक पुरुषोत्तमलोचन श्रेष्ठलगायत सदस्यज्यूहरू, उपभोक्ता समितिका संयोजकहरू लक्ष्मीनारायण दुमरु, कृष्णप्रसाद दुमरु, केशव कोजु, जीवन दुवाललगायत जनप्रतिनिधिहरू, समाजसेवी, स्थानीयवासी, सम्पूर्णलाई हार्दिक आभार प्रकट गर्दछु ।

आजको यस भव्य कार्यक्रममा आफ्नो अमूल्य समय र मार्गदर्शन प्रदान गर्नुहुने यस समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै हाम्रो निमन्त्रणलाई सहस्र स्वीकार गरी आफ्नो ब्यस्त समयका बाबजुद कार्यक्रममा उपस्थित भई शोभा बढाउनु भएका सम्पूर्ण अतिथिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आज यस कार्यक्रममा सम्मानित हुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक बधाई प्रदान गर्दछु । धन्यवाद ।

(२०८० फागुन २५ गते सम्पन्न भक्तपुरको भाजुपुखू र जलेश्वर मन्दिर उद्घाटन कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईद्वारा व्यक्त मन्तव्य)

# भाजुपुखूमा प्रतिबिम्बित समृद्ध इतिहास



- उपेन्द्र लामिछाने



उपत्यकालगायत मुलुकका विभिन्न भागमा प्राचीन पोखरीहरू नासिएका खबर आउँछन् । तर, भक्तपुरमा भने पोखरीहरूको जीर्णोद्धार र पुनर्निर्माण गर्ने लहर चलेको छ । यसै लहरको पछिल्लो कडी हो–भक्तपुर–१, दुधपाटीस्थित भाजुपुखू अर्थात् भाजुपोखरी ।

सुरुमा तीन सय वर्ष पुरानो भनिए पनि अध्ययनका

# सर्वसाधारणका लागि खुल्यो भक्तपुरको भाजुपुखू र जलेश्वर मन्दिर



भक्तपुरको भाजुपुखू (भाज्या पोखरी) औपचारिक रूपमा सर्वसाधारणका लागि खुला गरिएको छ। शिवरात्रिको अवसर पारेर शुक्रबार यो पोखरी र जलेश्वर मन्दिर उद्घाटन भएको हो।

२०७२ सालको भूकम्पमा भक्तपुरका थुप्रै सम्पदा भत्किएको थियो। यो पोखरीको अस्तित्व त्यसभन्दा अघि नै गुमनाम भएको थियो। भक्तपुर नगरपालिकाले अन्य सम्पदासँगै यो पोखरी जीर्णोद्धार गर्ने कामलाई पनि प्राथमिकतामा राखेको थियो। सोहीअनुसार यो पोखरी जीर्णोद्धार भएको हो।

'२०७४ सालमा जनप्रतिनिधिका रूपमा हामी निर्वाचित भएपछि क्षतिग्रस्त सम्पदाहरूलाई प्राथमिकता दिएर योजनाबद्ध ढङ्गले पुनर्निर्माण र जीर्णोद्धार गऱ्यौँ,' भक्तपुरका नगर प्रमुख सुनिल प्रजापतिले भने, 'पाँच वर्षको पहिलो कार्यकालमा हामीले १२४ ओटा सम्पदाको पुनर्निर्माण र जीर्णोद्धार गरेका थियौँ। सोही कार्यकालमा निर्माण थालेको भाजुपुखू दोस्रो कालसम्ममा निर्माण सम्पन्न गराउन पाउँदा निकै गर्व लागेको छ।'

भाजुपुखू निर्माणलाई प्राथमिकता राख्दै नगरपालिकाले पुरातत्त्वविद्, संस्कृतिविद्, इतिहासविद्, वास्तुकलाविद् लगायत सरोकारवाला निकायसँग पटकपटक औपचारिक र अनौपचारिक छलफल र अन्तरक्रिया गरेको थियो। नगरपालिकाले ६ सदस्यीय अध्ययन टोलीसमेत बनाएको थियो।

उनीहरूको अध्ययन प्रतिवेदनअनुसार पोखरीको बिचमा ग्रन्थकुट अर्थात् शिखर शैलीको मन्दिर भएको तथ्य निस्कियो। पोखरी उत्खनन क्रममा भेटिएका मूर्ति र प्राप्त सामग्रीका क्रममा १२औँ शताब्दीमा निर्माण भएको प्रमाण फेला परेको छ। राजधानीको रानीपोखरीभन्दा पनि पुरानो मानिएको यो पोखरीमा समृद्ध इतिहास प्रतिबिम्बित छ।

इतिहासकार पुरुषोत्तमलोचन श्रेष्ठले भाजुपोखरीको निर्माण रानीपोखरीको निर्माणभन्दा अगाडि भएको बताउँछन्। रानीपोखरी निर्माणमा देखिएको शैली भाजुपोखरीबाट प्रभावित भएको उनले बताए। त्यसैले यो पोखरीको पुनर्निर्माण वर्तमान समयको अविस्मरणीय क्षण भएको उनले बताए।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा ऐतिहासिक भाजुपुखू र पुखूको मध्यभागमा पुनर्निर्माण गरिएको जलेश्वर मन्दिरको शुक्रबार उद्घाटनसँगै पोखरीहरूको सहर भक्तपुरमा थप सुन्दरता छाएको छ।

'भाजुपोखरीको संरक्षण, उत्खनन र पुनर्निर्माण भनेको प्राचीन सम्पदा संरक्षण र पुनर्निर्माण हो,' कार्यक्रममा अध्यक्ष बिजुक्छेँले भने, 'भाजुपोखरीको इतिहास र सम्पदा पनि मानव सभ्यताकै एक धरोहर मान्नु अत्युक्ति हुने छैन।'

भाजुपुखु नेपाली इतिहास, कला र संस्कृतिका अध्येता एवं जिज्ञासुका लागि प्रयोगशाला भएको भन्दै बिजुक्छेँले यसको पुनर्निर्माणमा जुटेका सबैलाई धन्यवाद दिए।

त्यस्तै कार्यक्रममा भक्तपुर नगरपालिका मेयर सुनिल प्रजापतिले नगरपालिकाले सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै मूर्त र अमूर्त सम्पदाले भरिएको भक्तपुर अहिले जीवित सङ्ग्रहालयका रूपमा परिचित हुँदै गएको बताए।

यस पोखरीको विशेष महत्त्व बुझेर नै होला, शुक्रबारको उद्घाटन समारोह पनि निकै आकर्षक थियो। बिहान १०:३० बजे नासमनाबाट ऱ्याली सुरु भई वंशगोपाल, भार्वाचो हुँदै भाजुपुखूमा पुग्दा बाटोमा उभिएका सर्वसाधारणले ताली बजाउँदै कार्यक्रमको शोभा बढाए।

कार्यक्रममा प्रमुख अतिथिबाट **'भाजुपुखु तथा जलेश्वर मन्दिर पुनर्निर्माण'** पुस्तक विमोचनसमेत भयो। जसले पोखरीको समृद्ध इतिहासबारे विस्तृत वर्णन गरिएको छ।

भक्तपुर नगरपालिकामा अहिले ३२ ओटा पोखरी जीवन्त रहेका छन्। भाजु पोखरीसँगै यसअघि भक्तपुरको रानीपोखरीको पनि पुनर्निर्माण सम्पन्न भएको थियो। त्यस्तै नगरपालिकाले लोप भइसकेका भक्तपुर-६ को भोलाछेँ पुखू र भक्तपुर-८ को जेँला पुखूको पनि पुनर्निर्माण सम्पन्न गरिसकेको छ।

'भक्तपुरका पोखरी चिनौँ, सम्पदा संरक्षणमा अघि बढौँ' भन्ने नाराका साथ सांस्कृतिक सम्पदा पदयात्रा सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ।

नागरिक, २६ फाल्गुण २०८०

आधारमा त्यहाँ जलेश्वर मन्दिर स्थापना गरिएको छ। पोखरी र मन्दिरलाई परम्परागत अनि मौलिक शैलीमा नै निर्माण गरिएको छ।

'पोखरीमा पानी नअडिने समस्या थियो। त्यसलाई स्थानीय साथीहरूको सल्लाहअनुसार कालोमाटो (देचा) राखेर व्यवस्थापन गर्‍यौं। पानीको अभाव हुन नदिन नजिकै बोरिङ गरेर पानी भर्‍यौं,' नगरप्रमुख प्रजापतिले भने, 'वरिपरिको पर्खाल निर्माणका लागि नेपाल सरकार सहरी विकास मन्त्रालयबाट पनि सहयोग पायौं।'

भाजुपुखू पुरानै स्वरूपमा निर्माण गर्दा प्राचीन शैलीका इँटाहरू समयमा उपलब्ध नहुनु, उपयुक्त साइजका काठहरू बजारमा प्राप्त नहुनु जस्ता अन्य चुनौतिहरू पनि आएका थिए। उत्तरतर्फको दमकलसँगैको बाटो खोल्न पनि समय लाग्यो। बाटो नखुलेसम्म पोखरीको उत्तरी भाग बनाउन नदिने टोलवासीहरूको अडानले निर्माण कार्यमा बाधा पुगेको थियो। पटकपटकको छलफल पछि बल्ल सहमति भयो।

'जतिसुकै समय लागे पनि मौलिक स्वरूपमा आँच पुग्ने काम हुन दिएनौं। हरेक विषयमा विज्ञहरूसँग परामर्श गरेरै अगाडि बढ्यौं,' प्रजापतिले भने।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठका अनुसार भाजुपुखू करिब १२ औं शताब्दी पुरानो पोखरी हो। पोखरीको पुरातात्त्विक अवशेषहरूबाट उक्त कुरा पत्ता लागेको उनले बताए।

'१२–१३ औं शताब्दीका सम्पदाहरू यो भेगमा भेटिन्छ। नजिकैको गणेश, पूर्वपट्टि रहेको सरस्वतीको मूर्ति, फल्चा (पाटी) सबै त्यही समयमा बनेका सम्पदा हुन्। ती कसः अर्थात् अहिलेका कायस्थहरूका पूर्वजले बनाएका थिए,' उनले भने, 'उत्खनन क्रममा हामीले १२–१३ औं शताब्दीका इँटाहरू पनि फेला पर्‍यो। ती इँटा दोलखा, त्रिपुरा सुन्दरीलगायत ठाउँका इँटासँग दुरुस्त मिल्छ। यहाँ शिलालेख पनि भेटिन्छ कि भन्ने आशा थियो। त्यो नभेटिए पनि मन्दिरको गर्भमा हुने चारपाटे इँटाले बनेको स्तम्भ हामीले फेला पार्‍यौं।'

लोचनका अनुसार सुरूमा यहाँ मन्दिर छ भनेर कल्पना पनि गरिएको थिएन। पोखरी बिचमा थुम्को जस्तो थियो जसलाई धेरैले 'डम्फू' भन्थे। यसमा एउटा जनश्रुति पनि जोडिएको छ, जसअनुसार एकादेशमा एउटा राक्षस थियो। त्यो राक्षसले यो पोखरी एक रातमै बनाइदिने वचन दिएको थियो।

भाले नबास्दै पोखरी बनाइदिने वचन दिएको भए पनि उनले पूरा गर्न सकेन। पोखरी अधुरै रह्यो। बिचमा डम्फूजस्तो भने रह्यो।

'त्यस कथामा केही ऐतिहासिक सत्यता रहेछ भन्ने अहिले मलाई अनुभूत भइरहेको छ। त्यो डम्फूमा यति सुरिलो मन्दिरको जग थियो भन्ने हामीले सोचेका पनि थिएनौं,' इतिहासविद् लोचनले भने।

भाजुपुखू र जलेश्वर मन्दिर उद्घाटनसँगै शुक्रबार **'भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माण'** नामक किताब पनि सार्वजनिक भएको छ। कार्यक्रमअघि विभिन्न बाजागाजासहित नासमनाबाट र्‍याली गरिएको थियो।

सेतोपाटी, फागुन २५, २०८०

# गरे के हुँदैन र ! भक्तपुर नगरपालिकाले ब्युँतायो ८ सय वर्षको इतिहास



भक्तपुरको भक्तपुर नगरपालिका वडा नम्बर-१ दुधपाटीस्थित १२औं शताब्दीमा निर्मित ऐतिहासिक भाजुपुखू (पोखरी) र यसको बिचमा रहेको जलेश्वर महादेवको मन्दिर पुनर्निर्माण सम्पन्न भएको छ। भक्तपुर नगरपालिकाले यी पुरातात्त्विक सम्पदाको पुनर्निर्माण सम्पन्न गरेको हो।

शुक्रबार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले पुनर्निर्माण गरिएका पुखू र मन्दिरको उद्घाटन समेत गरेका छन्। शिवरात्री र अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर पुखू र मन्दिर उद्घाटन गरिएको हो।

*भाजु पोखरी नाम भएपनि प्रौढहरूले पनि त्यहाँ पानी कहिल्यै देख्न पाएका थिएनन्। काठमाडौंको रानीपोखरी भन्दा पनि ५ सय वर्ष अघि बनेको भाजु पोखरी लोपोन्मुख अवस्थामा थियो। त्यसको बिचमा रहेको जलेश्वर नाथबारे त स्थानीय नै अनभिज्ञ जस्ता भैसकेका थिए। बिचमा माटोको ढिस्को जस्तो देख्दै आएका वरिपरिका मानिसलाई पनि त्यहाँ जलेश्वर महादेवको मन्दिर थियो भन्ने थाहा हुन सकेको थिएन।*

१२औँ शताब्दीमा बनेको यो सुन्दर संरचनाबारे भक्तपुर नगरपालिकाले खोजीनीति मात्र गरेन । विज्ञहरूको अन्वेषणका आधारमा पुनर्निर्माण समेत मौलिक स्वरूपमै गर्न सफल भएको छ । घाँसे मैदान र फोहोर फ्याँक्ने ठाउँ बन्दै गएको ८ सय वर्ष पुरानो भाजु पोखरी र जलेश्वर मन्दिरले पुनर्जीवन पाएको छ ।

२२ वर्ष अघिदेखि यसलाई सफाइ गर्ने प्रयास हुँदै आएपनि नगरपालिकाको वर्तमान नेतृत्वको लगावका कारण पछिल्लो २ वर्ष अघिदेखिको मिहिनेतले पूर्णता पाएको देखिन्छ । भाजुपुखू र जलेश्वर मन्दिरको लामो अध्ययन अनुसन्धानपछि मौलिक स्वरूपमा पुनर्निर्माण सम्पन्न गर्न नगरपालिकाले लागत इष्टमेट २ करोड ५१ लाख ७९ हजार ९ सय ९० रुपैयाँ रहेको अनुमान गरेपनि १ करोड ८७ लाख ३५ हजार ६३४ रुपैयाँमा ६ ओटा उपभोक्ता समितिले काम सम्पन्न गरेको नगरपालिकाले जनाएको छ ।

शुक्रवार उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष बिजुक्छेँले भाजुपुखू मानव सभ्यताको एक महत्त्वपूर्ण उपलब्धी भएको बताए । उनले सम्पदा संरक्षणमा भक्तपुर नगरपालिकाले उदाहरणीय काम गरिरहेकोप्रति सन्तोष व्यक्त गरे । राष्ट्रिय धरोहरका रूपमा रहेका सम्पदाहरूलाई पुनर्जीवन दिने काममा पुरातत्त्व विभाग, प्रज्ञा प्रतिष्ठान र विश्वविद्यालहरू अग्रसर हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले नयाँ पुस्तालाई सम्पदाहरूको इतिहास थाहा दिलाउनुपर्नेमा जोड दिए ।

सांस्कृतिक स्तर वृद्धि गर्न स्थानीय जनताको एकता आवश्यक भएको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले जनताले हातमा हात मिलाए जुनसुकै काम पनि सजिलै सम्पन्न गर्न सकिने विश्वास व्यक्त गरे । उक्त अवसरमा उनले भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माणमा सहभागी सम्पूर्ण डकर्मी, सिकर्मी र महिला कालिगडहरूप्रति पनि आभार प्रकट गरेका छन् ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका अन्य सम्पदा निर्माणमा जस्तै भाजुपुखू पुनर्निर्माणको क्रममा पुरातत्त्वविद्, संस्कृतिविद्, इतिहासविद्, वास्तुकलाविद्लगायत सरोकारवालाहरूको सल्लाह र सुझावअनुसार अत्यन्तै सचेततापूर्वक पुनर्निर्माण कार्य सम्पन्न गरिएको जानकारी गराए ।

प्रमुख प्रजापतिले पोखरीमा जनताको अपनत्व कायम होस् भन्ने उद्देश्यले अन्य सम्पदाहरूमा जस्तै स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत पुनःनिर्माणको काम गर्ने व्यवस्था मिलाइएको प्रष्ट पारे ।

भाजुपुखू र भक्तपुर क्याम्पस दुवै जनताका साझा सम्पत्ति भएको बताउँदै उनले पोखरीको दक्षिण भाग भक्तपुर क्याम्पसतर्फ बाटो खोल्न बाँकी नै रहेको उल्लेख गर्दै क्याम्पसका पदाधिकारीहरूसित त्यसबारे पटक पटक छलफल गरिसकेको र छलफलको क्रम अगाडि बढिरहेको बताएका छन् ।

वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले लोप हुनै लागेको भाजुपुखूलाई सुन्दर र मनमोहक अवस्थामा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने वडावासी, कालिगड, जनप्रतिनिधि, पुरातत्त्व विभाग, प्राविधिक सम्पूर्णमा उच्च सम्मान व्यक्त गरे । देशमा चरम भ्रष्टाचार र अनियमितताले जनता आजित बनेको बेला भक्तपुर नगरपालिकाले उज्यालो दियो बनेर आशाको किरण छरिरहेको उनको जिकिर छ ।

भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले ऐतिहासिक सम्पदाले भरिएको जीवन्त सङ्ग्रहालय भक्तपुरमा सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धनमा भक्तपुर नगरपालिकाको भूमिका प्रति सन्तोष व्यक्त गरिन् । पोखरीहरूको जगेर्नाले पानीका स्रोतहरू संरक्षण हुने विश्वास व्यक्त गर्दै उनले भाजु पुखुलाई पर्यटकको आकर्षक गन्तव्यस्थल बनाउन सुझाव समेत दिएकी छन् ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले भक्तपुरका प्राचीन पोखरीहरू समाजको लागि आवश्यक पानी आपूर्ति र आगलागीजस्ता विपद्मा प्रयोग गर्नको लागि बनेको बताए । भाजुपुखू अरू पुखूको तुलनामा महत्त्वपूर्ण भएको बताउँदै उनले पोखरीहरू भक्तपुरको सिँचाइ र हिति प्रणालीसँग पनि जोडिएको जानकारी दिए ।

उनले नयाँ पुस्तालाई संरक्षणका सीप र प्रविधि हस्तान्तरण गरे भोलिका पुस्ताले दुःख नपाउनेमा जोड दिँदै पुरातात्त्विक सम्पदाहरूले भरिएको जीवन्त सङ्ग्रहालयको परिचित भक्तपुरलाई ८०० वर्ष पुरानो पोखरी पुनःनिर्माणबाट अझ गौरव गर्ने अवसर मिलेको स्पष्ट पारे ।

इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले भाजुपुखुको ऐतिहासिक पक्षमाथि प्रष्ट पार्दै अन्वेषण र उत्खननकै सिलसिलामा भाजु पुखुको मध्यभागमा पश्चिमाभिमुख जलेश्वर मन्दिर रहेको थाहा हुन आएको उल्लेख गरे । जलेश्वर मन्दिर जीर्णोद्धारको अभावमा भत्किएर दम्फोमा परिणत भएको बताउँदै भाजुपुखुको पुनर्निर्माणसँगै पोखरीको इतिहास पनि जीवित भएको उनको भनाइ छ ।

कार्यक्रममा पूर्व न्यायाधीश गौरीबहादुर कार्की, दरबार हेरचाह तथा स्मारक संरक्षण अड्डा भक्तपुरका प्रमुख अरूणा नकर्मी, नगर उपप्रमुख रजनी जोशी, भक्तपुर क्याम्पसका क्याम्पस प्रमुख सहप्राध्यापक कविता लुइँटेल, वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्री,  वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्व, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई

लगायतले मौलिकता र सम्पदा संरक्षित सहरको रूपमा देश–विदेशमा परिचित भक्तपुरको सांस्कृतिक, सम्पदा संरक्षण अभियान र भाजु पुखुको पुनर्निर्माण कार्य भक्तपुरको लागि गर्व गर्न लायक विषय बनेको बताए ।

११४ औँ अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा भाजुपुखु पुनर्निर्माणमा अहोरात्र खटिएका महिला श्रमिकहरूलाई सम्मानसमेत गरिएको थियो । साथै, भाजुपुखु पुनर्निर्माणका लागि गठन भएका उपभोक्ता समितिका अध्यक्षहरूलाई पनि सम्मान गरिएको उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेँले **'भाजुपुखु र जलेश्वर मन्दिर पुनर्निर्माण'** पुस्तक विमोचन गरेका थिए ।

उद्घाटन अगाडि विभिन्न बाजागाजा सहित स्थानीयको ब्यापक सहभागितामा नासमनाबाट सुरु भएको ऱ्याली भाजुपुखूमा आइपुगेपछि सभामा परिणत भएको थियो ।

भक्तपुर पोष्ट, २५ फागुन २०८०

# गौरवपूर्ण इतिहास बोकेको सम्पदा संरक्षणले नयाँ पुस्ता लाभान्वित



भक्तपुर नगरपालिका वडा नं. १ स्थित ऐतिहासिक भाजुपोखरी पुन:निर्माण कार्य सम्पन्न भइसकेकोले फागुन २५ गते उद्घाटन हुँदैछ । यस विषयमा तयारी गर्न फागुन १८ गते वडावासीहरूको भेला सम्पन्न भयो ।

उक्त भेलामा नगर प्रमुख **सुनिल प्रजापति**ले सम्पदा पुन:निर्माण कार्य आफैमा सेवा भएको चर्चा गर्नुहुँदै जनता आफै मिलेर गौरवपूर्ण इतिहास बोकेको सम्पदा संरक्षणले नयाँ पुस्ता लाभान्वित हुनेछ भन्नुभयो ।

सेनाको नियन्त्रणमा रहेको रानीपोखरी सर्वसाधारणको लागि खुला गर्न तत्कालीन प्रधानसेनापतिबाट सहयोग प्राप्त भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, '२०५८सालबाट संरक्षण कार्य सुरू भएको भाजुपुखू पुन: निर्माण कार्य २०७४ सालको निर्वाचनमा निर्वाचित जनप्रतिनिधिहरूबाट सुरू भयो । पुरानो शैली र स्वरूपमा पोखरी निर्माण हुनु खुसीको कुरा हो ।'

भक्तपुरको आजको विकास र रूपान्तरणमा नेमकिपाका अग्रज कार्यकर्ताको योगदान अविस्मरणीय रहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले पोखरी पुन:निर्माण कार्यले पर्यटकीय गन्तव्यस्थल बनाउने पाइलामा सहयोग पुग्ने चर्चा गर्नुहुँदै उद्घाटन कार्यक्रम भव्यरूपमा सफल पार्न वडावासीको सहयोग अत्यावश्यक भएको बताउनुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भाजु पोखरीको उद्घाटन शिवरात्रीको दिन गरिने र यसले भक्तपुरको आर्थिक प्रवर्द्धनमा टेवा पुग्ने आशा व्यक्त गर्नुभयो ।

उद्घाटन कार्यक्रममा सक्रिय सहभागी हुन वडावासीमा अनुरोध गर्नुहुँदै वडाध्यक्ष खत्रीले उद्घाटन पूर्व नासमनामा जम्मा भई त्यहाँबाट ऱ्यालीसहित उद्घाटन स्थल पुग्ने जानकारी गराउनुभयो ।

कार्यक्रममा वडा सदस्यद्वय **सूर्यप्रसाद श्रेष्ठ** र **गङ्गालक्ष्मी बमनु**ले पनि बोल्नुभएको थियो ।

भाजुपोखरीको उद्घाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा हुने र सोही अवसरमा भक्तपुर नगरपालिकाबाट प्रकाशित **'भाजुपुखू र जलेश्वर मन्दिर पुनर्निर्माण'** पुस्तक विमोचन हुने जानकारी दिइयो ।

# ऐतिहासिक भाजुपुखूमा सरसफाइ



भक्तपुर नगरपालिकाले फागुन २३ गते बिहान भक्तपुरको ऐतिहासिक भाजुपुखू परिसरमा सरसफाइ कार्यक्रम आयोजना गरेको छ ।

२०८० फागुन २५ गते शिवरात्रीको दिनमा भाजुपुखू उद्‍घाटनको तयारीस्वरूप नगरपालिकाले जनप्रतिनिधि, कर्मचारी, वडाका स्थानीय, विद्यालयका प्रतिनिधिलगायतको सहभागितामा पोखरी परिसरमा सरसफाइ गर्नुका साथै पोखरीमा रहेको लेउ सफा गर्ने कार्य गरेको छ ।

सरसफाइ कार्यक्रममा सम्बोधन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लामो समयदेखि जीर्ण अवस्थामा रहेको भाजुपुखूलाई पुन:जीवन दिने काम भएको बताउनुहुँदै पोखरीलाई सुन्दर र जीवन्त बनाइराख्न पोखरीको नियमित सरसफाइको खाँचो औँल्याउनुभो ।

करिब ३२ रोपनी क्षेत्रफल ओगटेको भाजुपुखू भक्तपुरकै ठूलो पोखरी भएको बताउनुहुँदै पोखरी परिसरलाई सुरक्षित राख्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भाजुपुखू पुन:निर्माण सम्पन्न भएसँगै यस क्षेत्रको सुन्दरता अझ बढेको बताउनुहुँदै पोखरी सर्वसाधारणका लागि खुल्ला भएसँगै यहाँको आर्थिक गतिविधिमा पनि व्यापकता पाउने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भाजुपुखू उद्‍घाटन कार्यक्रममा सम्पूर्णलाई सहभागिताको लागि आह्वान गर्नुहुँदै उद्‍घाटन कार्यक्रम भव्यताका साथ सम्पन्न गर्न सबैको सहयोग आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले सरसफाइ कार्यक्रममा सहभागी सबैमा धन्यवादज्ञापन गर्दै यस्ता गतिविधि आयोजनाले सम्पदाप्रति स्थानीयको अपनत्व कायम हुने बताउनुभयो ।







## सफाइ कार्यक्रमका केही झलक





# अन्तर नगर महिला कबड्डी प्रतियोगिता : केही झलक



उद्घाटन समारोहमा प्रमुख अतिथि नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) लगायत मञ्चासीन अतिथिगण



समापन समारोहमा प्रमुख अतिथि नेमकिपा सचिव प्रेम सुवाललगायत मञ्चासीन अतिथिगण



उद्घाटन समारोहमा सहभागी खेलाडी र दर्शक



प्रतियोगिताका निर्णायक र सहयोगीहरू

## अन्तर नगर महिला कबड्डी प्रतियोगिता : केही झलक



पहिलो दिन पहिलो खेल भक्तपुर नपा र मध्यपुर थिमि नपा



पहिलो दिन महाकाली नपा र गोदावरी नपा




दोस्रो दिन भीमदत्त नपा र बनेपा नपा,




काठमाडौं मनपा-मध्यपुर थिमि नपा

# अन्तर नगर महिला कबड्डी प्रतियोगिता : केही झलक




तेस्रो दिन कीर्तिपुर नपा र पनौती नपा,



पोखरा मनपा – कलैया उपमनपा




क्वाटर फाइनल मेलौली नपा र काठमाडौँ मनपा



पोखरा मनपा र भक्तपुर नपा

## अन्तर नगर महिला कबड्डी प्रतियोगिता : केही झलक



सेमि फाइनल पोखरा मनपा र बुटवल उपमनपा



मेलौली नपा र भीमदत्त नपा






फाइनल बुटवल उपमनपा र मेलौली नपा

प्रतिनिधिसभामा नेमकिपा

# 'वैदेशिक रोजगारीको नाममा चेलिबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय हुनु जरुरी'



प्रेम सुवाल

देहायका विषयमा सभामुखमार्फत प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु –

- राजनीतिक दल एउटा दर्शन र एउटा वर्ग आधारमा स्थापना हुन्छ। दर्शन र वर्ग आधार मिल्ने राजनीतिक दलहरूबिच निर्वाचन र सत्ता गठबन्धन गर्नु स्वाभाविक होला। देशको प्राथमिकताबिना प्रधानमन्त्री र मन्त्री खानकै निम्ति सिद्धान्तहीन निर्वाचन एवम् सत्ता गठबन्धन गर्नु हिमालयमा चिप्लेटी खेल्नुजस्तै हो।
- नेपालीलाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीकेन्द्र र नेपालको सुरक्षा मामिला भारतलाई जिम्मा लगाएको सन् १९५० को नेपाल–भारत सन्धि खारेज गर्नुपर्दछ। अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेना आएर नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी खारेज गर्नु जरुरी छ। सित्तैमा वा अनुदानमा आयो भनेर विष खानु हुँदैन। विदेशी नागरिकता लिएकालाई गैरआवासीय नेपाली नागरिकता दिनु, जन्मको आधारमा विदेशीले पाएको नेपाली नागरिकता खारेज नगरी तिनका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिनु, समलिङ्गी विवाह गर्न लगाउनु देशको हितमा हुनेछैन।
- विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क गर्नुपर्दछ। शैक्षिक परामर्श संस्थाको नाममा ठगी गर्नेहरूलाई कारबाही गर्नुपर्दछ। युवालाई स्वदेशमा रोजगारीको व्यवस्था हुनुपर्दछ। वैदेशिक रोजगारीको नाममा भइरहेको चेलीबेटी बेचबिखन र खबौँ रुपैयाँ ठगी गर्ने म्यानपावर कम्पनीका सञ्चालकहरूलाई अविलम्ब जेलमा थुन्नुपर्दछ। मानव अधिकारविरुद्ध गम्भीर अपराध गर्ने, सार्वजनिक जग्गा, कमलपोखरी, जङ्गल, निजी गर्ने गराउने, नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने, अन्तर्राष्ट्रिय विमानस्थललाई सुन तस्करको केन्द्र बनाउनेहरूलाई संविधान संशोधन गरी मृत्युदण्डको सजायसमेत दिने कानुन जरुरी छ। यस्ता अपराधीलाई मृत्युदण्डको सजाय हुने प्रावधान २०४७ सालमा नेकाका कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले हटाएको हुँदा अहिले अपराधीहरूको मनोबल बढेको हो।
- सरकारले भ्रष्टाचारी किटान नगर्ने अनि भ्रष्टाचार नियन्त्रण कसरी हुन्छ ? मजदुरलाई परिवार पाल्न सक्ने पारिश्रमिकको व्यवस्था हुनुपर्दछ।
- देशको सन्तुलित विकास नगरिँदा सङ्घीय राजधानी काठमाडौँ उपत्यका र प्रदेश राजधानीमा बसाइँसराइ बढ्दो छ। काठमाडौँ उपत्यकाको उर्वरभूमिमा दैनिक १० हजार हाराहारीको टिपर गाडीमा ढुङ्गा, गिटी, बालुवा, आसपाल खन्याइँदै छ। चुरे दोहन रोक्नु पर्दछ। विषादी भएको दाल, चामल, तरकारी भारतबाट आयात गरेर देश आत्मनिर्भर हुनेछैन। एउटा बस्ती वरिपरि त्यहाँको पर्यावरणीय सन्तुलन र खेतीपातीको लागि आवश्यक जग्गा राखी ७७ जिल्लामा सहर विकास गरिए देशको सन्तुलित विकास हुनेछ। यसको लागि सङ्घीय राजधानी काठमाडौँबाट दाङमा सार्नु उपयुक्त हुनेछ। बसाइँसराइ जिल्लाभित्र सीमित गर्नु आवश्यक छ।
- कमैया, कमलरी र जोताहा किसानलाई मोहियानी हक दिनुपर्छ। सरकारले गुठीको देवस्व अबौँ अर्ब रुपैयाँ प्रशासनिक खर्चमा सिध्याउनु हुँदैन। गुठीको जग्गा र भवन संरक्षणमा सरकार लागेन। गुठी जग्गा किसानको हितमा रैतानी गर्नुपर्दछ।
- इलामको पशुपतिनगर, सप्तरीको लालपट्टि र तिलाठी, नवलपरासीको सुस्तादेखि टनकपुर, कालापानी, लिम्पियाधुरासम्मको भारत अतिक्रमित ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि फिर्ता लिएर नेपाल–भारत खुला सीमा बन्द गर्नुपर्दछ। खुला सीमा बन्द नगरिएसम्म नेपाली नागरिकताको समस्या समाधान हुनेछैन। नेपाली भूमि कालापानीबाट भारतीय सेना तत्काल फिर्ता पठाउनुपर्दछ।
- मिटरब्याज पीडित, लघुवित्त पीडित, सहकारीमा राखिएको बचत ठगीमा पारिएका पीडित, दूधको भुक्तानी नपाएका किसान, उखुको भुक्तानी नपाएका किसानको समस्या समाधान गर्न पीडितसँग सहमति र कार्यदल गठन गरेर पुग्दैन। सरकारले पीडकलाई कारबाही गरेर देखाउनु

जरुरी छ ।

- प्रधानमन्त्रीले जन्मभूमि नेपाललाई धरतीमाता, नेपाली जनतालाई ईश्वर र देश र जनताको सेवा नै धर्म ठान्नु पर्दछ । 'सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली' भनिए पनि वर्गीय र जातीय दमन यथावत छ ।
- एक जना स्वास्थ्यविज्ञ डा. अरुणा उप्रेतीले चाउचाउ, कोकाकोला, फान्टा, केक, कुकिज, सेतो पाउरोटी, बट्टाका जुसलगायत तयारी खानेकुरा मोटोपन, मुटु र मिर्गौला रोग हुने पत्रु खानेकुरा भएको हुँदा यसको उत्पादन, विज्ञापन र बिक्री वितरण नियन्त्रण गर्नुपर्ने आवाज उठाइरहनुभएको छ ।
- नेकाका मिन विश्वकर्माले आफूसँग गिटी, ढुङ्गा, बालुवाका व्यापारीहरूले २–३ पटक फोन गरेर एक गृहमन्त्रीलाई थप रकम बुझाउनुपर्नेबारे सोधेको खुलासा गरेका छन् । यसबारे प्रधानमन्त्रीजीलाई जानकारी छ कि छैन ?
- नेपाली सञ्चारमाध्यममा 'पूर्वउपराष्ट्रपति पुनको सचिवालय नै सुन तस्करीमा' र 'सुन तस्करीमा अर्थमन्त्री पुनकै सम्पर्क !' भन्ने समाचार प्रकाशित भएको बारे प्रधानमन्त्रीलाई जानकारी छ कि छैन ?
- प्रधानमन्त्री पद व्यक्तिको इच्छाभन्दा पनि पार्टीको दृष्टिकोण हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सत्ता गठबन्धनका दलहरूको नीति तथा दृष्टिकोणमा तात्त्विक भिन्नता छैन । यसकारण, नेपाल मजदुर किसान पार्टीले प्रधानमन्त्री दाहाललाई विश्वासको मत नदिने निर्णय गरेको जानकारी गराउँदछु ।

(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्न पेस गर्नुभएको प्रस्तावमाथि छलफलको क्रममा फागुन ३० गते राख्नुभएको विचारको सार)


BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट

bhaktapurmun.gov.np

को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।


# शिक्षामन्त्री सुमना श्रेष्ठलाई खुला पत्र

माननीय शिक्षामन्त्रीज्यू,

मिठो सम्झना !

तपाईं अहिले अत्यन्त व्यस्त होला भन्ने मलाई थाहा छ । भौतिक रूपमा तपाईंसँग भेटघाट गरी छलफल गर्न नपाए पनि शिक्षाको विषयमा एक मित्रको हैसियतले एउटा पत्र लेख्दै छु । यसलाई एक सचेत नागरिकको सुझावको रूपमा ग्रहन गर्ने आशा गर्दछु ।

२०८० साल फागुन २१ गते नेपालको राजनीतिमा प्रधानमन्त्री प्रचण्डको शब्दमा 'उथलपुथल' भयो । ९ महिना अघि मात्रै नेकासँग बनेको गठबन्धन भत्केर एमालेसँग नयाँ गठबन्धन सरकार बनाउने सहमति भयो । त्यसमा रास्वपाको सभापतिको हस्ताक्षर देख्दा मलाई आश्चर्य लाग्यो । वैकल्पिक शक्तिको रूपमा उदय भएको रास्वपाले २०८४ सालसम्म कसैसँग गठबन्धन नगर्ने वाचा गरेको थियो । अझ रास्वपाका सभापति रवि लामिछानेले त अफ्नो व्यक्तिगत एकाउन्टमा 'नेका, एमाले र माओवादी सबै मिलून् । हामी २०८४ अघि कसैसँग मिल्दैनौं' सम्म लेखेका थिए । सहमति पत्रमा भएको हस्ताक्षरले रास्वपा आफ्नो अडानमा एक वर्ष पनि टिक्न नसकेको देखियो, होइन र ? नेका, एमाले र माओवादीसँगै रास्वपा पनि पदको निम्ति 'कुकुर झगडा'मा फस्यो । के यो विश्वासघात होइन ? अबका दिनमा जनताले यस्ता कयौं दृष्यहरू देख्नु पर्ने छन् । त्यो त भविष्यले देखाउने नै छ । तपाईंलाई सम्झाउन मात्रै यहाँ यति कुरा उल्लेख गरेको हुँ ।

मन्त्रीजी,

नयाँ मन्त्रिमण्डलको तपाईं शिक्षामन्त्री हुनुभयो । खुशी लाग्यो । तपाईंले राजा महाराजा (धनी वर्ग) का सन्तानले मात्रै पढ्ने बुढानिलकण्ठ जस्तो अति सुविधा सम्पन्न स्कूलमा पढ्ने अवसर पाउनुभयो । अमेरिका जस्तो संसार लुटेर धनी भएका देशको ब्रिनमार कलेज र ह्याभर फर्ड कलेजबाट अर्थशास्त्र र गणितमा स्नातक र अमेरिकाकै मासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआइटी) स्लोन स्कूल अफ म्यानेजमेन्टबाट स्नातकोत्तर गर्नुभयो । यस्ता सुविधा सम्पन्न विद्यालय र कलेजहरूमा अध्ययन गर्न पाउने विरलै नेपालीहरूमध्ये तपाईं एक हुनुहुन्छ ।

तपाईँलाई राम्रै थाहा छ, नेपालका सबै शिक्षालयहरू तपाईँले अध्ययन गर्नु भएको जस्तो सुविधा सम्पन्न छैनन्। तपाईँ यस्तो देशको शिक्षा मन्त्री हुनु भएको छ जहाँ कैयौँ विद्यालयहरूमा परीक्षा दिने बेलासम्म विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्दैन, विषय शिक्षक हुँदैन, एकै जना शिक्षकले विभिन्न विषय पढाउनु पर्ने बाध्यता छ र नाम मात्रको भौतिक पूर्वाधार छ। तापनि धेरै नेपालीहरू घरखेत बेचेर भए पनि अमेरिका जाने सोच राख्ने यो बेला तपाईँको त्यहाँ अध्ययन गरेर नेपाललाई नै कर्मक्षेत्र बनाउने निर्णय भने स्वागतयोग्य छ।

निर्वाचनको बेलासम्म तपाईँको नाम सुनिएको थिएन। समानुपातिकबाट जब तपाईँ सांसद मनोनित हुनुभयो। मन्त्रीहरूलाई सम्बन्धित विषयवस्तुमा केन्द्रित भएर प्रश्नहरू गर्नुभयो। बिनातयारी बैठकमा उपस्थित भएर भत्ता मात्रै पचाउने बानी परेका हाम्रा मन्त्रीहरूलाई प्रश्नको घेरामा पारेर न्याक न्याक्ती पार्नुभयो। तपाईँको बौद्धिकता नेपाली जनताले बुझ्ने अवसर पाए।

पार्टी सदस्य बनेको छोटो समयमै सांसद बन्ने र एक वर्षभित्रै मन्त्री बन्ने अवसर पाउने विरलैमध्ये तपाईँ एक हुनुहुन्छ। देशको राजनैतिक घटना क्रमले जुराएको यो अवसरलाई तपाईँले दिन, घण्टा र मिनेट मिनेटको समयको महत्त्वलाई बुझेर देश र जनताको निम्ति सदुपयोग गर्नुहुनेछ भन्ने मेरो आशा छ।

केही समयअघि मन्त्रीहरूलाई प्रश्न गरिरहने तपाईँ अब जवाफ दिने ठाउँमा पुग्नु भएको छ। मलाई थाहा छ, प्रश्न गर्नु जस्तो जवाफ दिनु त्यति सजिलो पक्कै हुने छैन। अहिले शिक्षा क्षेत्र अत्यन्त भद्रगोल छ। शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने चुनौतीका चाङ छन्। कतिबेला गठबन्धन परिवर्तन होला र मन्त्री पद खुस्केला भनी चिन्तित भएर कुर्सी सम्हाल्नेहरूले कति काम गर्न सक्छन् र ! त्यो जनताले शङ्का गर्ने ठाउँ छ तर जतिञ्जेल कुर्सीमा रहनु हुन्छ, त्यतिञ्जेल देश र जनतालाई केन्द्रमा राखेर काम गर्नेहरूलाई नै जनताले सधैँ सम्झने गर्छन्।

मन्त्रीजी,

अहिलेका विद्यार्थीहरू कक्षा १२ पास हुनासाथ विदेशतिर जाने सोच बनाउँछन्। नेपालका विश्वविद्यालय र कलेजहरूप्रति विद्यार्थीको विश्वास घट्दो क्रममा छ। विश्वविद्यालयहरूमा समयमा परीक्षा नहुनु, परीक्षाफल ढिलो प्रकाशित हुनु, पास भइसकेपछि बेरोजगार भएर बस्नुपर्ने अवस्था नै नेपाली विद्यार्थीहरू विदेशतिर आकर्षित हुनाका कारणहरू हुन्। गत वर्ष २५० जनाको र यस वर्ष १८३ जना विद्यार्थीको परीक्षा कापी हराएको बारे यहाँलाई अवगतै होला। विश्वविद्यालयको लापरबाहीको यो एक उदाहरणमात्रै हो। भागबन्डामा नियुक्त शिक्षकहरूले विश्वविद्यालयबाटभन्दा बढी तलब म्यान पावर कम्पनीहरूबाट खाने गरेको विश्वविद्यालय पदाधिकारीहरूलाई थाहा भएर पनि कुनै कारबाही नहुनु र विदेशी विश्वविद्यालयहरूबाट सम्बन्धन प्राप्त कलेजहरू राजधानीलगायत धेरै सहरहरूमा निर्बाध सञ्चालन हुनु पनि अर्को कारण हो। सन् २०२३ को तथ्याङ्कअनुसार १ लाख १० हजार विद्यार्थीले विदेश पढ्न नो अब्जेक्सन लेटर लिएको छ। विदेशमा पढ्न जाने विद्यार्थीहरू दैनिक २५ सयभन्दा बढी आयो भनेर कार्यालय प्रमुखले राजीनामा दिएको समाचार पनि हामीले सुन्यौँ। कस्तो विडम्बना !

हाम्रा विश्वविद्यालय र कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुगेका छन्। यो वर्ष ५३९ ओटा कलेजहरू बन्द हुने समाचारले त कस्लाई पो चिन्तित बनाउँदैनन् र ? यो विकृतिको लागि भागबन्डामा विश्वविद्यालयको उपकुलपति, प्राध्यापक नियुक्ति गर्ने दलहरू जिम्मेवार छन्। विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरू खारेज गर्ने, नेपालमा पढाइ हुने विषयहरूमा विदेशमा पढ्न अनुमति नदिने र उत्पादन श्रमसँग जोड्ने शिक्षा नीति तयार गर्न सके विदेश जाने विद्यार्थीहरू धेरै हदसम्म रोक्न सकिन्छ। यो मेरो सुझाव हो। दशकौँदेखि जरा गाडेर बसेका शैक्षिक माफियाहरूको सञ्जाललाई तपाईँले चाहेर पनि तत्काल तोड्न सक्नु हुन्छ भने पनि मलाई लाग्दैन तर कहीँ न कहीँबाट त सुरु हुनुपर्‍यो नि ! होइन ?

अहिले चिकित्सा शिक्षा कति महँगो छ ? मैले भनिरहनु पर्दैन। अत्यन्त उत्कृष्ट विद्यार्थीहरूले पढ्ने चिकित्सा शिक्षामा स्नातक पढ्न ५०।६० लाख र स्नातकोत्तर गर्न ३०।४० लाख गरेर एकजना दक्ष जनशक्ति तयार गर्न झन्डै १ करोड जतिको खर्च लाग्छ। के यो लुट होइन ? अझ ९।१० वर्षको कठोर परिश्रम पनि त्यसमा जोडिन्छ। चिकित्सा शिक्षा गरिबको लागि आकाशको फल जस्तै छ। धनीका सन्तानहरूले क्षमता नै नभए पनि निजी मेडिकल कलेजहरूमा पढेर डाक्टरको प्रमाणपत्र पाउँछन्। निजी कलेजहरू रहेसम्म यो क्रम जारी रहने छ। शिक्षाकै माध्यमबाट पनि आज समाज दुई वर्गमा विभाजित हुँदैछ। यस्तो शिक्षामा भइरहेको विकृतिको अन्त्य गर्न कठोर कदम चाल्नुको विकल्प छैन।

प्रसङ्गवश ख्वप विश्वविद्यालयको पनि कुरा गरौँ !

भक्तपुर नगरपालिकाले दुई ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी वर्षको हजारौँ विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ। २०५६ सालमा ख्वप उच्च मावि स्थापना भएदेखि अहिलेसम्म ४१ हजारभन्दा बढी विद्यार्थीले उच्च शिक्षा हासिल गर्ने अवसर पाइसकेका छन् भने हाल देशभरका ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्।

ख्वप विश्वविद्यालयभन्दा पछि आएका अन्य विश्वविद्यालयहरूको विधेयक पारित भई सञ्चालनमा आइसकेका छन् भने नेपाल विश्वविद्यालय विधेयक संसद्मा विचाराधीन अवस्थामा छ। तपाईंले 'ख्वप विश्वविद्यालयलाई सम्बन्धन दिनुपर्ने' भनेर संसद्मा बोल्नुभएको कुरा हामीले सम्झिरहेका छौँ। शिक्षालाई उत्पादन श्रमसँग मिलाउने उद्देश्यका साथ स्थापना हुन लागेको ख्वप विश्वविद्यालय स्थापना गर्न यहाँको तर्फबाट पहल हुने पनि अपेक्षा लिएको छु।

मन्त्रीजी,

मावि तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहको हो। सङ्घीयताको भावना र संविधानले निर्दिष्ट गरेको कुरा पनि यही हो। तर यसअघि शिक्षाका जिम्मेवारी लिएर बसेकाहरू जिल्ला शिक्षा समन्वय एकाइ निर्माण गरी त्यसमार्फत स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गर्दैछन्। अझ हाल संसद्मा विचाराधीन शिक्षा विधेयकमा संविधान विपरीत जिल्ला शिक्षा कार्यालयलाई पुनःस्थापना गर्ने कोसिस हुँदैछ। उक्त विधेयकमा रहेको संविधानको भावना र सङ्घीयताको मर्म विपरीत जिल्ला शिक्षा कार्यालय स्थापना सम्बन्धी प्रावधान खारेज गर्नेतर्फ यहाँले ध्यानदिने आशा गर्छु।

तपाईंको निर्वाचन वाचापत्रमा पनि 'क्षमता भएका शिक्षालयलाई निश्चित समयका लागि मानार्थ विश्वविद्यालयको रूपमा सम्बन्धन दिई गुणस्तर मापन पछि मात्रै विश्वविद्यालयको मान्यता दिने' उल्लेख छ (पेज १६)। ख्वप विश्वविद्यालयले सम्बन्धन दिएर फाइदा लिने उद्देश्य राखेको छैन, मानार्थ विश्वविद्यालयकै रूपमा सञ्चालन गर्न पनि तयार भएको सम्बन्धित पदाधिकारीहरूबाट समय समयमा व्यक्त गर्नु भएको तपाईंले सुन्नुभएकै होला। प्रधानमन्त्री कुनै पनि विश्वविद्यालयको कुलपति बनाउने व्यवस्था खारेज गर्नु जरुरी छ। तपाईंको वाचापत्रमा उल्लेखित त्यो कुरा छिटै नै पूरा हुने आशा पनि छ।

तपाईं मन्त्री भएको केही दिनमै सबै स्थानीय तहको नाउँमा १० बुँदे पत्र जारी गर्नु भयो। सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म कुनै पनि शीर्षकमा शुल्क लिन नपाउनेलगायतका बुँदाहरू पत्रमा उल्लेख छन्। यस अघिका मन्त्रीहरूले पनि यस्ता पत्राचार गर्ने गरेका थिए। यो कुनै नौलो कुरा होइन। संविधानले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा मा.वि. तहसम्मको शिक्षा निःशुल्क भनेको छ। सरकारले विद्यार्थी सङ्ख्याअनुसार शिक्षक दरबन्दी पूर्ति गर्न नसक्दा विद्यालयहरू निजी श्रोतबाट शिक्षकहरू राखेर पढाउन बाध्य छन्। विद्यालय सुधारको निम्ति पर्याप्त अनुदानको व्यवस्था नहुँदा यो अवस्था आएको शिक्षकहरू बताउँछन्।

हाल सामुदायिक र संस्थागत गरी दुईथरी विद्यालय सञ्चालनमा छन्। संविधानले निःशुल्क भनिएको अवस्थामा संस्थागतले शुल्क लिन कसरी मिल्छ र ? मावि तह निःशुल्क गर्ने हो भने कसैले पनि शुल्क लिन नपाउने व्यवस्था गर्नुपर्छ। संस्थागत विद्यालयहरूलाई निश्चित समयावधि तोकेर गुठीमा लैजाने बन्दोबस्त गरिनुपर्छ। यो अत्यन्त जोखिम काम हो। एमाले, नेका र माओवादी नेताहरूकै लगानीमा ठूल्ठूला विद्यालयहरू सञ्चालनमा छन्। त्यसलाई बन्द गर्नेतर्फ लाग्ने हो भने तपाईंको कुर्सी हल्लिन सक्छ। कुर्सीको लोभ नगर्नेहरूले मात्र यो जोखिम मोलेर काम गर्न सक्छन्।

मन्त्री बन्नु भनेको निर्वाचन घोषणापत्र कार्यान्वयन गर्नु हो। के तपाईंले निर्वाचनको बेला पार्टीले घोषणा गरेको वाचापत्र सम्झनुभएको छ ? विज्ञान, गणित, कम्प्युटर, लेखाजस्ता सबै विषयहरू अङ्ग्रेजी माध्यममा अध्यापन गराउने, कक्षा ८ सम्म विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्ड बमोजिमको पौष्टिक खाना प्रदान गर्ने जस्ता बुँदाहरू तपाईंको पार्टी वाचापत्रमा उल्लेख छन्। वाहा ! कस्तो राम्रो !! के दुर्गम जिल्लाका विद्यालयहरूमा गएर अङ्ग्रेजी माध्यमबाट पढाउने शिक्षक नेपालमा पर्याप्त छन् ? यस अघि कक्षा ६ सम्म पढ्ने विद्यार्थीहरूलाई दिइराखेको खाजा खर्चसमेत बजेट अभाव देखाएर कटौती गरी यस वर्षदेखि कक्षा ५ सम्ममात्र दिने निर्णय गर्ने सरकारले अब कक्षा ८ सम्मका विद्यार्थीहरूलाई खाजा खर्च दिन कति सम्भव होला ?

पत्र लेख्दै जाँदा लामो हुन गयो। लेख्ने विषयहरू धेरै छन्। तर शिक्षा सुधारको निम्ति गर्नुपर्ने अन्य विषयहरू पछिल्ला पत्रहरूमा लेख्दै गरौँला। आजलाई यतिमै बिदा हुन्छु।

तपाईंकै उही मित्र
सुमन

# एनजीओ आइएनजीओहरू: साम्राज्यवादका आर्थिक हतियार !

विवेक

अहिले नेपालमा गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) हरूको गतिविधि बढ्दो छ । माघ १० गतेको अन्नपूर्ण पोष्ट दैनिकले '५ वर्षमा एनजीओ आइएनजीओले ल्याए १० खर्ब, हिसाब भने अपारदर्शी ।' शीर्षकमा विस्तृत समाचार छाप्यो । समाचारमा नेपालमा अहिले '१२० ओटा आइएनजीओ र ५५ हजार एनजीओहरू क्रियाशील छन् ' भन्ने पनि उल्लेख छ । समाचारअनुसार वर्षको झन्डै २ खर्ब रूपैयाँ जति एनजीओ र आइएनजीओहरूले नेपालमा खर्च गर्दा रहेछन् । नेपालमा त्यसको उपलब्धी के भयो र किन विदेशीहरू त्यसरी अरू देशमा पैसा खर्च गर्छन् ?

कुरा स्पष्ट छ, आफूभन्दा कमजोर र अविकसित देशलाई उपनिवेश गर्न साम्राज्यवादीहरू आर्थिक हतियारको रूपमा एनजीओ र आइएनजीओहरूलाई प्रयोग गर्छन् । साम्राज्यवादीहरू जुन देशलाई उपनिवेश बनाउने हो, त्यस देशमा आफ्ना दलाल तयार गर्ने गर्छन् । त्यसको निम्ति उनीहरू पैसाको खोला बगाउँछन् । नयाँ नयाँ युवाहरू छिटै नै साम्राज्यवादीहरूको गुलियो पोतेको विषतिर आकर्षित हुन्छन् र उनीहरूलाई नै हतियार बनाएर विभिन्न खाले उपद्रव गराउँछन् ।

शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा पैसा लगानी गरेको देखाउँछन् र भित्री रूपमा आफ्ना गुप्तचरहरू तयार गर्छन् । सञ्चारमाध्यममा लगानी गरेर आफ्नो उद्देश्यअनुसारको प्रचारप्रसार गर्छन् । संसारमा बढ्दो कम्युनिष्ट प्रभावलाई कम गर्नु, साम्राज्यवादी देशहरूको प्रभाव बढाउँदै लानु र त्यस देशको प्राकृतिक स्रोत र साधनमाथि कब्जा जमाउनु नै उनीहरूको मुख्य उद्देश्य हुने गर्छ । साम्राज्यवादीहरू सबभन्दा पहिले कुनै पनि देशलाई परनिर्भर बन्न बाध्य पार्छन् । विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता आर्थिक हतियारहरूले ऋण प्रवाह गर्दा समेत राज्यको स्वामित्वमा रहेका कलकारखानाहरू अनिवार्य रूपमा निजीकरण गर्नु पर्ने शर्त राख्छन् । त्यस्ता शर्तहरू स्वीकार गर्नु पुँजीवादलाई स्वीकार गर्नु हो । विश्व बैङ्क, एशियाली विकास बैङ्क र अन्तराष्ट्रिय मुद्रा कोषले राखेका शर्तहरू पालना गर्दै जाने क्रममा नेपाल सरकार भृकुटी कागज कारखाना, हेटौडा कपडा उद्योग, बाँसबारी छालाजुत्ता कारखानालगायत सबैजसो कारखानाहरू निजीकरण गर्न बाध्य भएको र देश पूर्ण रूपमा विदेश निर्भर हुन पुगेको हो ।

साम्राज्यवादीहरू जनप्रतिनिधि, सरकारी उच्च पदाधिकारीदेखि सामान्य नागरिक सम्मलाई आर्थिक प्रभावमा पार्छन् । मन्त्री, सांसदहरू, प्रमुख र उपप्रमुख जस्ता नीति निर्माताहरूलाई ठूलठूला होटलहरूमा लगेर कार्यक्रम गर्नेदेखि विदेश भ्रमणमा लैजाने, सचिव सहसचिवहरूलाई विभिन्न शीर्षकहरूमा भत्ताको व्यवस्था गर्ने र स्थानीय तहमा युवाहरूलाई आकर्षक सुविधाहरू देखाएर उनीहरूप्रति बफादार बनाउने तथा हाम्रो मौलिक ज्ञान र सीपलाई ध्वस्त पार्ने गर्छन् । विकास निर्माण गर्दा श्रमदान गर्ने हाम्रो पहिलेदेखि चलिआएको परम्परा हो । त्यसको सट्टामा उपभोक्ता समितिमा बसेर पैसा बाँडचुँड गरी खाने गलत प्रवृत्तिको विकास हुँदैछ । बिरामी भएमा आयुर्वेदिक औषधी वा उपचार विधिजस्ता हाम्रा मौलिक उपचार विधिलाई करिब ध्वस्तै बनाइ सक्यो । झाडा पखाला लागेमा नून, चिनी, पानीको सरल विधिलाई नयाँ पुस्ताले बिर्सिसकेका छन् । यी सबै काममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा एनजीओ र आइएनजीओहरूको भूमिका छ ।

समाज कल्याण मन्त्रालयकाअनुसार अहिले वार्षिक ११।१२ सय जति गैरसरकारी संस्थाहरू दर्ता हुन्छन् । ती संस्थाहरूले कुन कुन क्षेत्रमा के कस्तो काम गरिरहेका छन् भन्ने कुरा राज्यको जानकारीमा हुनु आवश्यक छ । वार्षिक कुल १५ खर्ब ३० अर्ब बजेट भएको देशमा झन्डै वार्षिक २ खर्ब एनजीओले खर्च गर्ने तथ्याङ्कले नेपालमा 'बारीमा छाडा साँढे पसे'झैँ विदेशीहरू पसिरहेको प्रष्ट हुन्छ । कति मन्त्रालयका अधिकारीहरू आफू अवकाश पछि परामर्शदातामा नियुक्ति पाउने आशाले विदेशीको दलाली गर्छन् । अहिले धेरै सचिव र सहसचिवहरू अवकाश पछि विदेशी एनजीओ आइएनजीओ चलाएर बसेका छन् । तिनीहरू नेपालको भन्दा विदेशीको हित सोच्ने गर्छन् । त्यसैको परिणाम रोजगारीको निम्ति युवाहरू सबै विदेशमा गएर रगत र पसिना बगाउन बाध्य भए भने नेपालको अर्थतन्त्र ध्वस्त हुँदैछ ।

सार्वजनिक भएको एक तथ्याङ्कले देखाउँछ दाता

देशहरूले परामर्शदाता, ठेकेदार, आवतजावत समेत सबै गरेर अनुदानको ७० देखि ८० प्रतिशत आफै फिर्ता लान्छन् र बाँकी मात्रै लाभग्राही देशमा खर्च गर्छन् । त्यसले एनजीओ र आइएनजीओमा काम गर्नेहरू २–४ वर्षमै करोडपति र अर्बपति बनेका छन् । सरकारले त्यस्ता व्यक्तिहरू वा पदाधिकारीहरूको सम्पत्ति छानबिन गरेको खण्डमा धेरै कुराहरू स्पष्ट हुनेछन् ।

युगोस्लाभिया १९९० सम्म एक समाजवादी देश थियो । त्यहाँ धेरै जातजातिहरू थिए । एनजीओ र आइएनजीओहरूले खुल्ला रूपमा काम गर्न थालेपछि त्यहाँ विभिन्न जातीय र क्षेत्रीय द्वन्द्वहरू भए । अन्ततः देश टुक्रा टुक्रा भए र अहिले कोसोभोसमेत सातओटा स्वतन्त्र देशहरू बने ।

सोभियत सङ्घमा सन् १९५६ मा संशोधनवादी नेता खुश्चेभ नेतृत्वमा आएपछि विस्तारै अन्तर्राष्ट्रिय क्षेत्रलाई खुल्ला गर्दै लग्यो । १९९१ सम्ममा समाजवादी व्यवस्थाको अन्त्य भई पुँजीवादको पुनःस्थापना भयो । देश १५ टुक्रामा विभाजित भयो । यसले के देखाउँछ भने एनजीओ आइएनजीओहरू रूपमा दाता देखिने तर सारमा राजनैतिक हस्तक्षेप वा देशलाई उपनिवेश बनाउने साम्राज्यवादी हतियारहरू हुन् ।

विदेशले सहायता दियो भनेर खुशी हुनुपर्ने कुनै कारण छैन । उनीहरू मालिक बनेर पस्छन् र लाभग्राही देशका जनतालाई दोश्रो दर्जाको व्यवहार गर्छन् । पछिल्लो चरणमा भारतका विदेशमन्त्री एस. जयशंकर आएर भारतले नेपालमा सोझै २० करोड खर्च गर्न पाउने सम्झौता गरे । त्यो पनि भारतीय हस्तक्षेपकै सिलसिला हो । राम्रो र स्वच्छ मनले नेपाललाई सहयोग गर्न चाहेको भए त्यो रकम नेपाल सरकारको खातामा जम्मा गरी दिनुपर्थ्यो । नेपाल सरकारले चाहेको ठाउँमा खर्च गर्न पाउनुपर्थ्यो । भारतले छानी छानी योजना स्वीकृत गर्ने, नेपालको बजेटमा नदेखिने त्यो रकम नेपालमा भारतीय दलालहरू तयार गर्न प्रयोग हुने निश्चित छ । नेपाली जनता नेपाल सरकारका मन्त्रालय, प्रदेश मन्त्रालय वा स्थानीय तहमा जानुभन्दा पनि भारतीय दूतावास जाने वातावरण बन्दैछन् । अबका दिनमा हाम्रा मन्त्रीहरू र भारतीय राजदूतले संयुक्त उद्घाटन गरेका थुप्रै दृश्यहरू देखा पर्ने छन् । हाम्रा मन्त्रीहरू भारतीय राजदूत (सहसचिव) स्तरमा झरेका देख्नु पर्ने छ । कुनै पनि सार्वभौमसत्ता सम्पन्न देशमा त्यसरी कुनै पनि देशलाई स्वतन्त्र रूपमा बजेट खर्च गर्ने अधिकार हुन्न । विदेशीले स्वेच्छाचारी तरीकाले बजेट खर्च गर्न पाउने कुनै पनि देशको स्वतन्त्र हैसियत हुँदैन । त्यो सम्झौतालाई नेपालमाथि भारतको उपनिवेश स्वीकारेको अभिलेख पनि भन्न सकिन्छ ।

संरा अमेरिका यस विषयमा भने प्रष्ट छ । तत्कालीन अमेरिकी राष्ट्रपति ट्रयुमेनका विदेश मन्त्रीले एक पटक भनेका थिए – 'विदेशी सहयोग हाम्रो सुरक्षा कवच हो । हाम्रो विदेश नीतिको अभिन्न अङ्ग हो । यसले हामीलाई चाहिने कच्चा पदार्थ, माल सामानको ढोका खुल्छ र हाम्रो उत्पादनहरूको लागि नयाँ बजार बनाउँछ ('मजदुर' दैनिक, २३ असोज २०७८)

केही वर्षअघि संरा अमेरिकाले इराक र लिबियामाथि आक्रमण गऱ्यो । त्यहाँको तेल कब्जा गर्न नै अमेरिकाले त्यो आक्रमण गरेको थियो । आक्रमण पूर्व उसले ती देशहरूमा हजारौँको सङ्ख्यामा एनजीओहरूमार्फत काम गऱ्यो । सेनामा समेत गुप्तचरहरू बनायो । अन्ततः त्यो देश ध्वस्त बनायो र संसारकै धेरै तेल उत्पादन गर्ने मध्येको एक इराक अमेरिकी तेल व्यापारीहरूको कब्जामा गयो ।

नेपाल सरकारले विदेशी सहयोग पाउने नाउँमा जथाभावी एनजीओ दर्तालाई रोक्नु आवश्यक छ । जति विदेशी सहयोग आउने हो त्यो सरकारी माध्यमबाटै गर्नुपर्छ । नभए नेपाल नेपालीहरूको रहने छैन ।

भक्तपुर नगरपालिकाले सायद यही कुरालाई ध्यान दिएर होला त्यहाँ विदेशी पैसाबाट चल्ने एनजीओ आइनएनजीओलाई सजिलै स्वीकृति दिएको छैन । २०७२ को भूकम्प पछि नेपाल सरकार र जर्मनी विकास बैङ्क (केएफडब्लू) बिच भक्तपुरको सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको लागि रु. १ अर्ब २० करोड (१ करोड युरो) सहयोग सम्झौता भएको थियो । त्यो सम्झौतामा नेपालको स्वाभिमान मै आँच पुग्ने बुँदाहरू उल्लेख भएको भन्दै भक्तपुर नगरपालिकाले अस्वीकार गऱ्यो । त्यतिबेला भक्तपुर नपाको धेरैले विरोध पनि गरे । भक्तपुरका जनप्रतिनिधिहरूले प्रायः सबै सम्पदाहरू नगरवासीहरूको साथ र सहयोग लिई सम्पन्न गरेपछि सर्वत्र चर्चा पाएको छ । आत्मनिर्भरताको राम्रो उदाहरण बनेको छ, भक्तपुर । त्यसैले भक्तपुर देशकै नमुना नगरपालिका बन्न सफल भयो । नगरवासीहरूले गर्व गर्ने ठाउँ पाए ।

शिक्षा, स्वास्थ्य, विकास निर्माण, सम्पदा संरक्षणको लागि भनी पछिल्लो समयमा पनि धेरै एनजीओहरू भक्तपुर नगरपालिका आउने गरेको तर भक्तपुर नगरपालिकाले त्यसलाई स्वीकार नगरेको जनप्रतिनिधिहरू स्वयं बताउँछन् । भक्तपुरको त्यो अडानबारे नेपाल सरकारले पनि ध्यान दिन सके नेपाली जनतामा आत्मनिर्भरताको चेतना बढ्ने हो कि !

# अनुकरणीय कार्यको अभियानमा भक्तपुर

जे.पी. तिमिल्सिना



आजको बिहानी सधैँको भन्दा फरक र आनन्दमय भयो । बिहानका दैनिक क्रियाकलापपछि बिहानको पूरै समय लेखनमा बिताएँ । विगत केही दिनदेखि मेरो बसाइ भक्तपुर नगरपालिकामा थियो । भक्तपुर नगरपालिकाले सँगालेका अनुभव तथा गरिरहेका कार्यहरूको बारेमा सोधखोज गर्दै लिपिबद्ध गर्ने मेरो मनसाय थियो । मेरो भक्तपुर बसाइको क्रममा सङ्कलन गरेका सूचनाहरूलाई जोडघटाउ गर्ने कार्य थालनीमा बिहानभरि बित्यो । मैले आफूले देखेका, सुनेका, अनुभूति गरेका सबै दृश्यहरूको सँगालो तयार गरेँ । केही पत्रपत्रिकाको पनि सहयोग लिएँ, केही पुस्तकको पनि सहयोग लिएर भक्तपुरको बारेमा तयार गरेको लेखले मलाई आनन्दित तुल्यायो । हृदयमा खुसी र गौरवको महसुस भयो ।

## अनुकरणीय निर्माणको अभियानमा भक्तपुर

१२ औँ शताब्दीदेखि १५ औँ शताब्दीसम्म नेपालमण्डलको राजधानी तथा १८ औँ शताब्दीसम्म छुट्टै स्वतन्त्र राज्यको रूपमा रहेको एउटा ऐतिहासिक सहर हो भक्तपुर । कला, कौशल, संस्कार, संस्कृति र सम्पदाको जननी भएको यो सहर स्वतन्त्र राज्यको अस्तित्व गुमेपछि लामो समयसम्म सत्ता, शक्ति, स्वाभिमान तथा समग्र प्रगतिको पथमा ठगिएको पाइन्छ । जसलाई विभिन्न विज्ञ तथा इतिहासकारहरूले अन्धकारको अवधि भनेको पाइन्छ । नेपालमा २००६ सालमा स्थापना भएका पुराना नगरहरूमध्येको एक नगर भक्तपुर भएर पनि बत्तीमुनिको अन्धकार भनेझैँ काठमाडौँको काखैमा रहेको यो सहर सधैँ शिक्षा, स्वास्थ्य, विकास तथा समग्र क्षेत्रमा सधैँ ओझेलमा परेको विगत देखिन्छ ।

शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सरसफाइ, चेतना, रोजगारलगायत समग्र पक्षमा सबैभन्दा पछि परेको भक्तपुरको विकास र उन्नति तथा प्रगतिको यात्राको श्रीगणेश अर्थात् अहिलेको भक्तपुरको बिजारोपण २०१९ सालमा नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपञ्चायतको वडाध्यक्षका रूपमा निर्वाचित भएपछि सुरु भएको देखिन्छ । सकारात्मक सोच, सृजनात्मक चिन्तन, नि:स्वार्थ भावना, पवित्र हृदय, फराकिलो दृष्टिकोणले भक्तपुरलाई कामदार र गरिखाने व्यक्तिहरूको सभ्य र असल नागरिक बनाउने अभियान थालनी भएको देखिन्छ । योग्यताअनुसारको काम, कामअनुसारको ज्याला, गाउँ र सहरबिचको विभेद कम गर्ने, शारीरिक श्रम र मानसिक श्रमबिचको विभेद घटाउने, मानिसले मानिसलाई शोषण, दमन, अन्याय, अत्याचार गर्ने परिपाटीको अन्त गर्ने, काम र मामको ग्यारेन्टी गर्ने, शिक्षा स्वास्थ्य सर्वसुलभ र नि:शुल्क गर्ने, पर्यटनलाई अगाडि बढाउने, कला, कृति, संस्कार, संस्कृति, सम्पदा, भाषा, भेषभूषा, मौलिकता आदिको संरक्षण, संवर्द्धन र विकास गर्ने र भक्तपुरलाई शिक्षा, स्वास्थ्य, कला र संस्कृतिको केन्द्र बनाउने अभियानको बिजारोपण गरेको देखिन्छ । यसरी सूक्ष्मरूपमा थालिएको भक्तपुरलाई उदाहरणीय नगर बनाउने अभियानलाई व्यवस्थित र प्रभावकारीरूपमा अगाडि बढ्ने काम २०३९ सालमा नगरपञ्चायतमा नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरू पुगेपछि देखिन्छ । फोहोरी, अशिक्षित, अविकसित, विकास र प्रगतिको दृष्टिले पछि परेको यो नगर अहिलेको अवस्थामा पुग्दा अनगिन्ती समस्या, चुनौती, कठिनाइ पार गरेको देखिन्छ । तत्कालीन बुद्धिजीवीका अनुसार 'एसएलसी पास गर्न भक्तपुर जानुपर्छ' भन्ने कहावत अन्य आसपासका जिल्लामा भन्ने गरिन्थ्यो रे ! किनकि, भक्तपुरमा परीक्षा चिट चोर्ने परिपाटी धेरै रहेछ । यस्तो शिक्षा, स्वास्थ्य, सरसफाइमा पछि परेको, गरिब, किसान र कामदारवर्गको बाहुल्यता भएको यस नगरलाई **'शिक्षा विकारे सकलो विकार, शिक्षा सुधारे सकलो सुधार'** भनेझैँ शिक्षालाई सबैभन्दा पहिलो प्राथमिकतामा राखेको देखिन्छ । २०३९ सालमै यो नगरले प्रत्येक विद्यालयमा कम्तीमा एक जना नगर शिक्षकको व्यवस्था गरेको थियो । जुन कुरा वर्तमान अवस्थामा नेपालका केही स्थानीय तहहरूले भर्खरै अनुकरण गर्न थालेका छन् । नेपालमा पञ्चायती व्यवस्थाले कक्षा पाँचसम्म नि:शुल्क शिक्षा घोषणा गर्ने बेला यो नगरले कक्षा सातसम्म नि:शुल्क शिक्षा गरिसकेको थियो । बाल शिक्षा, प्रौढ शिक्षाको माध्यमले हरेक टोलहरूमा साक्षरता अभियान सञ्चालन गरेको देखिन्छ । आर्थिक पारदर्शिता, इमानदारी र आर्थिक अनुशासनको थालनी गरेर सबै कुरा जनतालाई सुसूचित गर्न, जनताको चेतना स्तर उकास्न, शिक्षा, स्वास्थ्य र सरसफाइमा सबैलाई सहकार्य गर्न अभिप्रेरित

गराउने उद्देश्यले ' पञ्चायत' मासिक पत्रिका प्रकाशन गरिएको थियो जुन पत्रिका अहिलेसम्म 'भक्तपुर' को नामले प्रकाशित भइरहेको छ। शिक्षा, स्वास्थ्य, सरसफाइका अभियानहरू, मोहियानी हक स्थापना गर्ने अभियान (आन्दोलन), राजनैतिकरूपले सचेत र सङ्गठित गर्ने, नियमित कार्यक्रम, छलफल, अन्तरक्रिया, बहस सञ्चालन गर्ने कामलाई नियमितरूपमा निरन्तरता दिएकोले नै अहिलेको भक्तपुर भएको देखिन्छ। पञ्चायती कालमा जनप्रतिनिधिहरूले जनताको पक्षमा गरिरहेका जनप्रिय काम देखेर त्रसित भएर तत्कालीन सरकारले अनेकौँ जालझेल तथा षड्यन्त्र गरेर यो अभियानलाई समाप्त गर्न खोजेको देखिन्छ। सम्पूर्ण जनप्रिय व्यक्तिहरूलाई समूल नष्ट गर्ने अकल्पनीय 'भक्तपुर काण्ड' राज्यस्तरबाट रचेको देखिन्छ। जुन काण्डमा तत्कालीन सरकार प्रमुख वा प्रधानमन्त्री मरिचमान श्रेष्ठ, व्यवस्थापकीय प्रमुख नवराज सुवेदीसमेत सडकमा उत्रिएर देश बनाउने अभियानका प्रमुख व्यक्तिको विरुद्ध 'रोहितलाई फाँसी दे' जस्ता नारा लगाए। धेरैलाई जेलमा हालिएको थियो, कडा यातना दिने काम गरियो। घरघर, बस्तीबस्तीमा पसेर सुरक्षाकर्मी तथा पञ्चायत समर्थक गुण्डाहरूले धेरै दुःख दिएका थिए। यस्तै गलत प्रवृत्तिका कारण 'आगोमा खेल्नेलाई आगोले पोल्छ, पानीमा खेल्ने पानीमा डुब्छ वा रुख चढ्ने व्यक्ति रुखबाटै लड्छ' भनेझैं अरूलाई समाप्त गर्न खोजेको पञ्चायत आफै समाप्त भयो। अझै भक्तपुरको शैक्षिक अभियान २०४६ सालपछि व्यवस्थितरूपमा तीव्रगतिले अगाडि बढेको देखिन्छ। अनौपचारिकरूपमा जनस्तरबाट यहाँको शैक्षिक उन्नति र प्रगतिको अभियान २०४९ सालको स्थानीय चुनावपछि तीव्रता पाएको देखिन्छ। नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरू आफू निर्वाचित भएपछि निःस्वार्थरूपमा जनताको सेवामा लाग्ने अठोट गर्दै शिक्षालाई विशेष जोड दिन नीतिगत सुधार गरेर अगाडि बढेको पाइन्छ। शिक्षाको विकास र विस्तारको लागि नगरपालिकाले आर्थिक स्रोत जुटाउन पर्यटन शुल्क लिएर अगाडि बढेको देखिन्छ। भक्तपुर नगरपालिकाको शिक्षामा चौतर्फी विकासको घोषणा २०५७ सालमा नारायणमान बिजुक्छें (रोहित) ले बृहत् समारोहबिच **'पन्ध्र वर्षभित्र एक घर एक स्नातक'** बनाउने घोषणा तथा **'सय वर्षपछिको भक्तपुर'** नामक पुस्तक प्रकाशित गरेर थप उचाइमा पुगेको देखिन्छ। उक्त घोषणाप्रति कति बुद्धिजीवीहरूले यो योजना कार्यान्वयन गर्न सम्भव छैन भन्दै विरोध गरेका थिए। उक्त घोषणालाई पूरा गर्न यहाँका कार्यकर्ता, बुद्धिजीवी, किसान, मजदुर, जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरू सबैले आ-आफ्नै स्थानबाट ऐक्यबद्धता जनाउने काम भयो। शैक्षिक अभियान अगाडि बढाउन नगरपालिकाले शिक्षण संस्था सञ्चालन गर्ने निर्णय गर्दै अगाडि बढेको देखिन्छ। २०५७ सालमा भक्तपुर नगरपालिकाले ख्वप उच्च मावि (ख्वप कलेज) को स्थापना गऱ्यो। भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले ख्वप इन्जिनियरिङ कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप कलेज अफ इन्जिनियरिङ, शारदा कलेज, शारदा मावि, ख्वप कलेज अफ ल गरी आठओटा उच्च शिक्षा दिने शैक्षिक संस्थाहरू सञ्चालन भइरहेका छन्। अहिले उक्त कलेजहरूमा नेपालका ७७ ओटै जिल्लाबाट सात हजारभन्दा धेरै विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्। बाल उद्यान, शिशु स्याहार, आदर निकेतनदेखि विभिन्न विषयमा उच्च शिक्षासम्म अध्ययन अध्यापन गराउने कलेजहरूको स्थापना गर्ने नेपालकै पहिलो नगरपालिका भक्तपुर बनेको छ। गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई वार्षिक चार करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था गरिएको छ भने पाँच लाखसम्म शैक्षिक ऋण दिने गरिएको पाइन्छ। नगरपालिकाको तथ्याङ्कअनुसार हालसम्म ६ सयभन्दा धेरैले शैक्षिक ऋण लिएर उच्च शिक्षा लिएका छन्। यहाँका कलेजहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न समयमा शैक्षिक गोष्ठी, अभियान, मेला, प्रदर्शनी, सेमिनार, सम्मेलनहरू सञ्चालन गरेर सधैँ नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको देखिन्छ। यहीं वर्ष २०८० सालमा दुईओटा इन्जिनियरिङ कलेजहरूले **'कम्प्युटर, विद्युत्, सञ्चार, प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन २०८०'** सञ्चालन गरेर आफ्नो अन्तर्राष्ट्रिय शैक्षिक दायित्व निर्वाह गरेको देखिन्छ। यो पालिकामा हरेक व्यक्तिले आ-आफ्नो इच्छा, चाहना र रुचिअनुसार उच्च शिक्षासम्म पढ्न पाउने व्यवस्था गरेको देखियो। आर्थिक अभावका कारणले कोही पनि उच्च शिक्षा लिनबाट वञ्चित हुन नपर्ने गरी भरपर्दो व्यवस्था मिलाइएको छ। विभिन्न स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारले डाक्टर, इन्जिनियर, पाइलटजस्ता विषयमा उच्च शिक्षामा छात्रवृत्ति दिने गरेको पाइन्छ। भक्तपुर नगरपालिकाले माथिका विषयका साथै थप इतिहास, भूगोल, राजनीतिशास्त्र आदिको बारेमा अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था मिलाएको छ। जनताका छोराछोरीलाई न्यूनतम शुल्कमा डाक्टर, इन्जिनियरलगायत विभिन्न विषयमा उच्चस्तरीय शिक्षा दिने उद्देश्यले ख्वप विश्वविद्यालय स्थापनाको लागि लागिरहेको छ।

**'सदाचारको टापु'** बाट परिचित भक्तपुरमा विकास निर्माण कार्यदेखि जनचेतना तथा शिक्षा, स्वास्थ्य, संस्कृति, सम्पदाको निर्माण कार्यमा इमानदारी, पारदर्शिता र निष्पक्षताको दृष्टिकोणले यो नगरपालिका देशकै नमुना बनेको छ। जुनसुकै कामकाजमा ठेकेदारहरूले तोकिएको सर्तमा, समयमा, गुणस्तरीय काम नभएको देखिन्छ भने उपभोक्ता समितिबाट पनि भनेअनुसारको कामहरू पूरा हुनसकेको छैन।

श्रमदान लगभग लोप भएको, जताततै भागबन्डा, अनियमितता, भ्रष्टाचार, मनपरीमात्रै देखिएको अवस्थामा भक्तपुर नगरपालिकाले सबै विकास निर्माणका कामहरू उपभोक्ता समितिबाट अगाडि बढाइरहेको छ। हरेक निर्माण कार्यमा श्रमदान गर्न स्वयं उपभोक्ताहरू लागेको यहाँ पाइन्छ। नगरपालिकाले अगाडि बढाएका कार्यमा आर्थिक सहयोग गर्न, चन्दा दिन, भौतिक सहयोग गर्न, श्रम सहयोग गर्न पाउनु आफ्नो लागि उनीहरू गौरव महसुस गर्छन्। निर्माण कार्यलाई उपभोक्ता समितिले तोकिएको समयभन्दा पहिल्यै पूरा गरी बचेको रकम नगरपालिकाको खातामा फिर्ता गर्ने गरेको पाइन्छ। प्रत्येक निर्माण कार्यको प्रगति विवरण सार्वजनिक गरिन्छ। निर्माण कार्यको खर्च विवरण मासिक पत्रिका 'भक्तपुर' मा प्रकाशन गरिन्छ। हरेक सानोतिनो विषयसमेत पारदर्शी गर्ने भएकोले ट्रान्सपरेन्सी इन्टरनेसनलले २०५६ मा नै भक्तपुर नगरपालिकालाई **'सदाचारको टापु'** घोषणा गरेको देखिन्छ। यो पालिकाले आफ्नो अस्तित्व र स्वाभिमानमा आँच आउने कुनै काम गर्दैन, कसैसँग सम्झौता गर्दैन। २०७२ सालको भूकम्पले यो नगरमा आठ हजारभन्दा घरहरू, १२५ भन्दा धेरै सम्पदाहरू नष्ट भए, सयौँको ज्यान गएको दुःखद अवस्थामा समेत विदेशी हस्तक्षेपकारी सर्तको अर्बौं रकमलाई अस्वीकार गरेर नेपाल र नेपालीको गौरवशाली इतिहास कायम राख्न सफल भएको छ। जर्मन सरकारले एक अर्ब बीस करोडको सहयोगलाई विनासर्त भए स्वीकार्ने तर नेपाल र नेपालीको स्वाभिमानमा आँच आउने सर्त भएकोले अस्वीकृत गरेर फिर्ता गरेको देखियो। कुनै पनि विदेशी लगानीको ७० प्रतिशतभन्दा बढी रकम उनीहरूकै हितमा खर्च गर्ने वास्तविक उद्देश्यमा २०/२५ प्रतिशत रकम पनि धौधौ पुग्ने गर्छ। यो नगरपालिकाले 'आफ्नो काम आफै गर्ने', जनताको काम जनताले गर्ने भन्ने अभियान चलाएर जनताबाट लाखौँको श्रमदान, लाखौँ आर्थिक सहयोग जुटाएर भूकम्पले पुऱ्याएको क्षतिलाई पुनर्निर्माणको कार्य सम्पन्न भएको छ। विचार, सिद्धान्त, व्यवहार र जनताको सेवा गर्ने भावनाले यहाँका जनप्रतिनिधिहरू लागिपरेकाले १२४ ओटा सम्पदाहरू ५/६ वर्षभित्रै थोरै लगानीमा र श्रमदानबाट पूरा भएका छन्।

स्वास्थ्य क्षेत्रमा भक्तपुर नगरपालिकाले सुविधा सम्पन्न सय शय्याको ख्वप अस्पताल निर्माण, वडावडामा जनस्वास्थ्य केन्द्र निर्माण गरेर प्रत्येक जनतालाई २०/२५ मिनेटमा स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। टोलटोलमा सहरी क्लिनिक, घरघरमा नर्सिङ सेवा सबैभन्दा धेरै प्रभावकारीरूपमा सञ्चालन गरिएको छ। स्वास्थ्य क्षेत्रमा नगरपालिकाले तिलगंगा आँखा अस्पताल, श्वासप्रश्वास केन्द्र, नागरिक आरोग्य केन्द्र, निःशुल्क रक्तदान सेवा, हरेक नगरवासीलाई निःशुल्क अक्सिजन सेवा दिएको छ।

नाचगानको राजधानी, सांस्कृतिक नगर र खुला सङ्ग्रहालयको रूपमा नेपाल तथा विश्वभर चिनिएको यस नगरपालिकाले प्रत्येक घरमा सड्ने र नसड्ने फोहोर छुट्टाछुट्टै सङ्कलन गर्ने व्यवस्था मिलाएर उचित सङ्कलन र व्यवस्थापन गरेको छ। जनचेतनामूलक गीत र सङ्गीत बस्तीबस्तीमा गुन्जाउँदै फोहोर सङ्कलनका गाडीहरू हिँडिरहेका देखिन्छन्। फोहोरलाई मोहरमा रूपान्तरण गर्न नगरपालिकाले सङ्कलित फोहोरबाटै अर्गानिक मल उत्पादन गर्दै प्रत्येक किसानलाई न्यूनतम लागतमा वितरण गरिरहेको छ। कृषकलाई बीउबिजन, मल, विभिन्न तालिमहरूमा विशेष ध्यान दिएको पाइन्छ। हरेक युवालाई उद्यमशील बनाउन व्यावसायिक सीपसम्बन्धी तालिमहरू, विभिन्न देशका भाषाका तालिम सञ्चालन गर्नुका साथै युवा उद्यमशीलता ऋणको व्यवस्था गरिएको छ। प्राकृतिक वातावरणमा स्वस्थता र सौन्दर्यता ल्याउन नगरभित्रका पोखरी/तालहरूको मर्मत, संरक्षण र विकास गर्ने, मठ मन्दिर, बौद्ध गुम्बा, बिहार, सत्तल, ढुङ्गेधाराहरूको सरसफाइ र संरक्षण गर्नुका साथै हरियाली वातावरण बनाउने कामअगाडि बढाइएको छ।

भक्तपुर नगरपालिका अहिले सबैको गन्तव्यस्थल बनेको छ। यो सम्पदाको खुला सङ्ग्रहालय भएकोले हरेक दिन देश तथा विदेशका अध्ययन र अवलोकन गर्ने भ्रमण टोलीहरू आइरहेका देखिन्छन्। नगरपालिकाको अभिलेखअनुसार २०८० सालमा ७५ ओटा विभिन्न नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका प्रतिनिधिमण्डलले अवलोकन भ्रमण गरेका छन्। सङ्घ र प्रदेश सरकारको तर्फबाट २० ओटा प्रतिनिधिमण्डलले अवलोकन भ्रमण गरिसकेका छन्। अनौपचारिकरूपमा सयौँ टीमले अवलोकन गरेको पाइन्छ। अवलोकन भ्रमणमा विभिन्न देशबाट आइरहेका छन्। यसै वर्षमा तान्जानिया, बेलायत, अर्जेन्टिना, चीन, जापान, नर्वे, क्युवा, लक्जम्वर्ग, घाना, फिलिपिन्स, कम्बोडिया, लावसलगायत २० भन्दा धेरै देशका प्रतिनिधिमण्डलले औपचारिकरूपमा अध्ययन तथा अवलोकन भ्रमण गरेको पाइन्छ।

**'सय वर्षपछिको भक्तपुर'** भन्ने पुस्तकमा परिकल्पनाकार नारायणमान बिजुक्छैं (रोहित) ले भक्तपुरको बारेमा लेख्नुभएको छ, भक्तपुर आश्चर्यजनक सहर हो, बिहान प्राचीन सहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो, राति साँच्चै प्राचीन लुगा लगाएकी आधुनिक नर्तकि वा सुन्दरी जस्तो हुनेछ। साँझपख दरबार क्षेत्र, टौमढी क्षेत्र, दत्तात्रय क्षेत्र तथा अन्य क्षेत्रहरूमा झिलिमिली बत्ती बलिरहनेछन्। यसरी शिक्षित र सभ्य समाज निर्माण गरेर मानव जातिको सेवामा भक्तपुर नपाले गरिरहेको विकास, प्रगति र सफलताको कामना व्यक्त गर्न चाहन्छु।

'मजदुर' दैनिक, फागुन १२ गते

# उपत्यकाका प्राचीन पोखरी ब्युँताउन लागिपरेका स्थानीय सरकार



प्रबिता श्रेष्ठ



दुई वर्षअघि नगरपालिकाले पुनर्निर्माण गरी २२ वर्षपछि सर्वसाधारणका लागि प्रवेश खुला गरेको भक्तपुरको प्राचीन रानी पोखरी।

काठमाडौँ क्षेत्रपाटीस्थित कन्या माध्यमिक विद्यालयसँगै चारकुने आकारको ठूलो खाल्डो छ, जसको बिचबाट विद्यालय पुग्ने बाटो बनेको छ। खाल्डोलाई दायाँ–बायाँ दुवैतर्फ पारेर स्कुलसम्म पुग्ने धेरैलाई थाहा नहुन सक्छ, यो खाल्डो एउटा विशाल पोखरी पुरिएर बाँकी रहेको अवशेष मात्र हो।

खाल्डोलाई देखाउँदै स्थानीय सानु मानन्धर (६६) ले भनिन्, 'अस्ति (२०७२ साल) को ठूलो भूकम्पमा मानिसहरू आफ्नो घर छाडेर यहीँ बसेका थिए।' खाल्डोको लम्बाइ र चौडाइले प्राचीन पोखरी निकै ठूलो थियो भन्ने अनुमान गर्न गाह्रो पर्दैन। कुनै समयको भव्य **इखाः पुखू** (पोखरी) मासिएपछि बाँकी रहेका यससम्बन्धी अनेकौँ किंवदन्तीहरू भने अझै जीवित छन्।

'यो पोखरी सात इनार बराबर गहिरो थियो रे, मान्छेलाई तान्थ्यो रे,' पोखरीबारे बचपनमा सुनेका किस्सासँग आफ्ना स्मृति मिसाउँदै सानुले भनिन्, 'मेरा दिदीहरू त पोखरीको डिल नजिक जाँदा पनि डराइडराई हिँड्थे।'

सानुले बाल्यकालमा देखेको पोखरी मासिएर खाल्डोमा परिणत हुँदा त्यसले ओगटेको आयतन पनि खुम्चियो। क्षेत्रपाटी चोकबाट गंगालाल मार्गतर्फ लाग्दा आँखा अस्पताल रहेको स्थानसम्म पोखरीको किनारा फैलिएको उनले बताइन्। त्यसबेलाको विशाल पोखरी यसरी खाल्डोमा बदलिएला भन्ने कल्पनासमेत नगरेको उनी बताउँछिन्। आफू सानो छँदा पोखरीमा हाँसहरू पौडिँदै लेउ खाने गरेको उनको सम्झनामा अझै ताजा छ।

बाल्यकालमा देखिएको टिलपिल पानीको पोखरी स्मृतिको कुनामा सीमित गराइदिने मानवीय गतिविधिप्रति व्यङ्ग्य गर्दै उनी भन्छिन्, 'पहिले पोखरीका भूतप्रेतले तान्छ भनिन्थ्यो। अहिले ती भूतप्रेत कहाँ गए कुन्नि, अब त मान्छे नै भूतप्रेत भइसके।'

क्षेत्रपाटीमा जन्मेर त्यहीँ बिताएकी मसिनु मानन्धर



इखाः पुखूको अवशेष

उमेरले ९१ वर्ष पुगिन्। उनको दैनिकी पूजाआजा तथा परिवारका सदस्यहरूसँगको बसउठमै बित्छ। इखाः पोखरीमा खेल्ने हाँसको सम्झना उनलाई विशेष लाग्छ। अहिलेको खाल्डो पहिले पोखरी छँदाको स्वरूपमा नरहेको उनी बताउँछिन्। पोखरीकै भागमा अहिले अस्पताल बनेको छ, जसले सबैलाई सेवासुविधा दिएको सम्झेर स्थानीय वासिन्दाले चित्त बुझाएका छन्।

'भक्तपुर र पाटनले कति पोखरी बनाइसके। यहाँ त कहिले बन्ने हो खोई,' उनी भन्छिन्, 'पहिले मान्छे तान्छ, खस्छ भनेको पोखरी अहिले खाली छ।' हाल पोखरी बन्न लागेको सुनेपछि भने उनी खुशी देखिएकी छन्।

सोही पोखरीलाई करिब साढे तीन करोडको बजेटसहित काठमाडौँ महानगरपालिकाको १७ नम्बर वडाले पुनर्निर्माण गर्ने भएको छ। हाल पोखरी निर्माणका लागि टेन्डर आह्वान गरिएको वडाध्यक्ष नवीन मानन्धरले बताए। 'पुरानो पोखरी सुकेर बाँकी रहेको खाल्डोमा पानी भर्न लागेका छौँ,' उनले भने।

*स्थानीय तहमा जनप्रतिनिधि आएसँगै नेपाल मण्डलका रैथाने बस्तीमा मासिएका पुराना पोखरीहरू ब्युँतिँदैछन् । पुनर्निर्मित पोखरीको दीर्घकालीन संरक्षण र सम्बर्द्धनमा भने सम्पदाप्रेमीहरू ढुक्क हुन सकेका छैनन् ।*

काठमाडौँको छिमेकी, भक्तपुर नगरपालिकाको लागि फागुन २५ गते विशेष दिन हुँदैछ । दूधपाटीस्थित भक्तपुर बहुमुखी क्याम्पस सँगै रहेको ८०० वर्ष पुरानो 'भाजु' पोखरीको उद्घाटन त्यसै दिन हुँदैछ । योसँगै नगरपालिकाले ब्युँताएको यो दोस्रो महत्त्वपूर्ण पोखरी हुनेछ । यसअघि २०७८ सालमा रानी पोखरी (न्हू पुखू) पुनर्निर्माण गरी त्यहाँ सार्वजनिक प्रवेश खुला गरिएको थियो ।



भक्तपुरको रानी पोखरी

नेपाली सेनाको अधिनमा रहेको उक्त पोखरीमा २२ वर्षसम्म सर्वसाधारणले प्रवेश पाएका थिएनन् । नेपाल संवत् ७४७ (विक्रम संवत् १६८४) मा तत्कालीन राजा जगज्योतिर्मल्लले यस पोखरीको निर्माण गरेको इतिहासकार प्राडा. पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् ।

नगर क्षेत्रका पोखरीहरू ब्युँताउन आफ्नो पहिलो कार्यकालदेखि काम भइरहेको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति बताउँछन् । सात वर्षअघि सुरू भएको कामले लामो अध्ययन–अनुसन्धानपछि बल्ल मूर्त रूप लिँदैछ । भाजु पोखरी निर्माणका क्रममा पोखरीको बिचमा जलेश्वर मन्दिर रहेको पत्ता लागेपछि पोखरी पुनर्स्थापनाको लागि थप समय लिनु परेको नगरपालिकाले जनाएको छ ।

भाजु पोखरी र रानीपोखरी बाहेक भोलाछेँ, इताछेँलगायत ठाउँका प्राचीन पोखरी पुनर्स्थापना गर्ने काम पनि भइरहेको नगरप्रमुख प्रजापतिले बताए ।

ललितपुर महानगरपालिकाले पनि पोखरी पुनर्स्थापनामा सक्रियता देखाएको छ । लगनखेल तरकारी बजारपछाडि रहेको रानी पोखरी, बालकुमारी मन्दिरस्थित बालकुमारी पोखरी, पूर्णचण्डी मन्दिरअगाडि रहेको पूर्णचण्डी पोखरी लगायतका जलाशयहरू ब्युँतिएबाट नगरवासी खुशी छन् ।



पूर्णचण्डी पोखरी, ललितपुर

दुई वर्षअघि नगरपालिकाले फर्काएको बालकुमारी पोखरी देख्दा स्थानीय आशिष मिश्र दंगदास छन् । उनका बाजेबज्यैका पालामा चुडाकर्म गर्दा सोही पोखरी परिक्रमा गर्ने चलन थियो । उनको पालासम्म आउँदा न पोखरी रह्यो, न कुलको चलनले नै निरन्तरता पायो ।

'अलि वर्ष अघिसम्म यो पोखरी नभई डम्पिङ साइटजस्तो थियो, बाटोको लेभलबराबर फोहोरले भरिएको थियो ।' उनी सम्झन्छन्, 'यहाँको वडाले यो पोखरी ब्युँताउन निकै ठूलो योगदान गरेको छ ।'

बालकुमारीको उक्त क्षेत्र पूरै खेतको फाँट भएका कारण त्यही नै पोखरीको जलस्रोत हुनसक्ने उनी बताउँछन् । आठ वर्षअघि पक्की बाटो विस्तार भएसँगै पानीको प्राकृतिक स्रोत मासियो वा के भयो उनी अचम्मित छन् । बालकुमारी पोखरी वडा नम्बर ९ मा पर्छ । वडाका अध्यक्ष एवं ललितपुर महानगरपालिकाका प्रवक्ता राजु महर्जन मापदण्डअनुसार पोखरी ब्युँताउने काम भएको बताउँछन् । बजेट विनियोजन गरी भूकम्पपछि मासिएका पोखरीहरूको विशेष प्राथमिकताका साथ पुनर्निर्माण भइरहेको उनले बताए ।

बालकुमारी, शंखमूल र नख्खु ललितपुरका प्रमुख तीन मसानको रूपमा प्रयोग हुने क्षेत्र हुन् । सँगै रहेको पोखरीमा मृत्यु संस्कारसँग सम्बन्धित कार्यहरू हुने गर्थे । तर पोखरी बिलाएसँगै त्यो परम्परा पनि विस्थापित भएको स्थानीय वासिन्दासमेत रहेका उनी बताउँछन् ।



बालकुमारी पोखरी



रानी पोखरी, भक्तपुरको एक दृश्य

महर्जनले भने, 'काजक्रियापश्चात् जलाशयमा गर्नुपर्ने नुहाइधुवाइ तथा अन्य कार्यसंस्कार पनि पोखरीसँगै हराएको छ। पोखरी ब्यूँतिए पनि सँगै जोडिएका परम्परागत चालचलन हराउँदा पोखरीको जीवन्तता हराएजस्तो लाग्छ।' बढ्दो जनसङ्ख्या र आधुनिकीकरणले पछिल्ला केही दशकमा स्थानीय सम्पदा मासिने र अतिक्रमण हुने क्रममा उक्त पोखरी पनि निशानामा परेको वडाध्यक्ष महर्जन बताउँछन्।

## पोखरी ब्यूँताउनेमा भक्तपुर अग्रणी

भक्तपुर नगरपालिकाले आफ्नो पालिका क्षेत्रमा मात्र नभई छिमेकी दुई महानगरपालिकालाई समेत पुराना पोखरीलाई पुनर्जीवन दिन प्राविधिक तथा जनशक्ति सहयोग गरेको छ। काठमाडौँ तथा लगनखेलको रानी पोखरी पुनर्निर्माणमा भक्तपुरले सहयोग गरेको थियो।

लोप भएर अवशेषमात्र बाँकी रहेको ऐतिहासिक पोखरी ब्यूँताउन भक्तपुर नगरपालिका र स्थानीयको योगदान उच्च रहेको इतिहासकार श्रेष्ठ बताउँछन्। 'विभिन्न प्राकृतिक विपत्तिपछि खण्डित भएको सम्पदाले पुनः सास फेर्न थालेको छ, यसको श्रेय निश्चित पालिका तथा स्थानीय वासिन्दालाई जान्छ,' उनी भन्छन्, 'यसैलाई नेपालका अन्य पालिकाले पनि अनुकरण गर्नु सराहनीय हुन्छ।'

भक्तपुरका नगरप्रमुख सुनिल प्रजापतिका अनुसार त्यहाँ भाजु पोखरी बनाउने कामको थालनी गर्दा काठमाडौँको रानी पोखरी पुनर्निर्माणमा विवाद भइरहेको थियो। उनी भन्छन्, 'महानगरपालिकाले पोखरीलाई मौलिक स्वरूपमा भन्दा पनि कंक्रिट शैलीमा, क्याफे तथा पार्कसहित बनाउने तयारी गरेपछि भूकम्पपछि बनेको पुनर्निर्माण प्राधिकरणले त्यो पोखरी बनाउने जिम्मा लियो।'

सोही क्रममा प्राधिकरणका प्रतिनिधिले भक्तपुरमा बनिरहेका पोखरी, त्यसका प्रविधि र निर्माण शैलीबाट प्रभावित भई भक्तपुर नगरपालिकालाई रानी पोखरी पुनर्निर्माणमा सहयोगको लागि अपिल गरेको प्रजापति बताउँछन्।

'डकर्मी र कालिगड गरी हामीले १०० जना कर्मचारी पठाएका थियौँ,' उनले भने, 'त्यसपछि ललितपुरको जावलाखेलमा रहेको न्हू पुखू (रानी पोखरी) का लागि पनि त्यहाँका वडाध्यक्ष र उपभोक्ता समितिको अनुरोधमा सहयोग गर्न पायौँ।'

भक्तपुर नगरपालिकासँग आफ्नै डकर्मी छन्, प्राविधिकका लागि इन्जिनियरिङ कलेजका विद्यार्थीहरू उत्पादन भएका छन्, यो पालिकाको बलियो पाटो भएको उनले बताए। 'आफ्नो क्षमता र दक्षताको हिसाबमा पोखरी ब्यूँताउने कार्यमा सहयोगी हुन पाउनु गौरवको विषय हो,' उनी भन्छन्।

पालिकाले आन्तरिक स्रोतसाधान र उपभोक्ता समितिमार्फत काम गर्दै आएको र आफ्नो सम्पदामा विदेशी तथा बाहिरी लगानी हुँदा सम्पदाको मौलिक अस्तित्वमा प्रभाव पर्न सक्ने सम्भावनाका कारण कुनै प्रकारको बाहिरी सहयोग नलिने नगरप्रमुख प्रजापति बताउँछन्। पुनर्स्थापित पोखरी मौलिक रहने दाबी गर्दै उनले हराइसकेको जलेश्वर महादेवको मन्दिरलाई समेत पुनः अस्तित्वमा ल्याइएको बताए।

स्थानीय सरकार आएसँगै जनताको आवाज र पहल तथा जनप्रतिनिधिको जिम्मेवारीबाट पुराना पोखरीहरू फर्कन थालेको ललितपुर महानगरपालिका-९ का वडाध्यक्ष राजु



ललितपुरको जावलाखेलस्थित रानी पोखरी

महर्जन बताउँछन्।

अलि पहिले कंक्रिट, सिमेन्ट र छडले ढलान गरिएका पोखरी बन्न थालेकोमा पछिल्लो समय पुराना पोखरीलाई मौलिक रूपमा फर्काउने अभ्यास देखिएको शहरी विकासविज्ञ, लेखक पद्मसुन्दर जोशी बताउँछन्। परिकल्पना गर्न नसकिने कंक्रिटको प्रयोग काठमाडौँको रानी पोखरीमा हुन लागेको विषयबारे कोही अनभिज्ञ नरहेको उनले बताए।

'स्थानीय सरकार आइसकेपछि एकाधलाई छोडेर राम्रै काम भएको छ,' उनी भन्छन्, 'तर, पोखरीमा आवश्यकताभन्दा बढी पर्खाल र बार लगाइनु शोभनीय होइन। त्यसो गर्नु स्थानीय संस्कार र संस्कृति होइन।'

मानिसले पोखरीको पानी छुन पाउनुपर्ने उनको तर्क छ। सुरक्षाको कारण देखाउँदै पोखरीमा आम मानिसको प्रवेशलाई बन्देज लगाउने चलन बढेकोमा चिन्तित जोशी सुरक्षाकै हिसाबमा पनि बारको विकल्प खोज्नुपर्ने बताउँछन्। बार लगाउनाले पोखरीको सौन्दर्य निस्तेज भएको उनको टिप्पणी छ।



यद्यपि, इतिहास शिरोमणि हरिराम जोशी यसलाई भिन्न तरिकाले हेर्छन्। 'स्थानीय सरकारले आफूअनुकूल पोखरीहरू ब्युँताइरहेका छन्,' उनी भन्छन्, 'ललितपुर महानगरले सप्तपाताल पोखरी पुनरुत्थान गर्न र काठमाडौँले छाया सेन्टर भत्काएर कमलपोखरी ब्युँताउन सक्छ त ? यसमा भक्तपुर नगरपालिकालाई भने खोट लगाउने ठाउँ छैन।'

## ४ प्रकारका पोखरी

लेखक जोशीको 'हिति प्रणाली' पुस्तकमा उल्लेख भएअनुसार, मल्लकालीन शहरहरूमा सिरानका पोखरी, बस्तीबिचका पोखरी, बस्ती पुछारका पोखरी र फ्वति/फ्वंगाः गरी चार प्रकारका पोखरीहरू छन्।

पहाडको बस्ती छिचोलेर बेशीतिर सर्दाको हल्का भिरालोपनसहित टार परेको स्थानमा पानी जमेर बनेका पोखरी सिरान पोखरी हुन्। विभिन्न मण्डलाकार शैलीमा बसेको नेवारबस्तीको दुवैतिर समानान्तर पानीढलो हुन्छ। त्यस्ता ठाउँमा बनेका पोखरी बस्तीबिचका पोखरी हुन्। यी पोखरीले बाढीको भेल थेग्ने काम गर्ने जोशीले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। भक्तपुरको पलेस्वाँ पुखू (कमलपोखरी), लगनखेलको न्हू पुखू (रानी पोखरी) यसका उदाहरण हुन्।

यस्ता पोखरीलाई रणनीतिक पोखरी पनि भनिन्छ। बढी अतिक्रमित पोखरीमा पनि यिनै पर्छन्। ठमेलको छायादेवी कम्प्लेक्स बनेको स्थानमा पहिले रहेको पलेस्वाँ पुखू (कमलपोखरी), ललितपुरको कुमारीपाटीस्थित तः पुखू, पुल्चोकको सप्तपाताल पोखरी आदि यसका उदाहरण हुन्।



गुजुमुज्ज घरहरूका बिच बर्खाको पानी सङ्कलन गर्न यस्ता पोखरीहरू बस्तीबिच बनाउने गरिन्थ्यो। ढलको आकार सानो भएर वर्षाको पानी जम्मा गर्नु परेमा र घरेलु उपयोगका लागि पनि यस्ता पोखरीको आवश्यकता पर्छ। क्षेत्रपाटीको इखाः पुखू यसको राम्रो उदाहरण हो। वर्षौंअघि पोखरी अस्तित्वमा रहँदा वरपरका मानिसले शौचालयका लागि सोही पोखरीको पानी प्रयोग गर्ने गरेको स्थानीयहरू बताउँछन्।

जोशीको पुस्तकमा उल्लेख भएअनुसार, बस्तीबिचका पोखरीहरू आगलागी हुँदा, घरपालुवा पशुलाई खुवाउने पानी लगायतका प्रयोजनमा बहुउपयोगी थिए। ललितपुरको पूर्णचण्डी, पिम्बहालको जगमदु पुखू, थिमीको निगु पुखू (दुई पोखरी) यसका उदाहरण हुन्।

बस्तीबाट ओर्लने ठाउँ वा भिरालोको ठीक अगाडि बस्तीको पुछारमा रहेको पोखरी सामान्यतया सानो आकारका हुन्छन्। यी पोखरीहरूमा वर्षभर पानी नहुन सक्छ। यस्ता पोखरी राँगाभैंसी, सुँगुरलाई आहाल बसाउन तथा नेवारहरूको खिखामुगाः, वा मःला जस्ता परम्परागत सार्वजनिक खुला शौचालयमा पनि उपयोग हुने जोशीले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। यसको उदाहरणमा भक्तपुरको नगुः पुखू, पाटनको च्यासः पुखू, गुइता पुखू इत्यादि पर्छन्।

फ्वति/फ्वंगा खासगरी ग्रामिण परिवेशका बस्तीहरूमा पानीका आहाल जम्ने स्थान हुन्। राजकुलोको पानी विभाजन वा वितरण गर्ने कतिपय स्थानमा यस्ता पोखरी पाइन्थे। मानभवन नजिकको दक्षिणकाली पुखू (मासिइसकेको), थेच्वको ख्योः स्थित फ्वंगा पुखू, बालकुमारी पोखरी आदि यसका

उदाहरण हुन् ।

## ‘झ्याउ, लेउ लाग्नु पोखरीको प्रकृति हो’

मध्यपुर ठिमीका स्थानीय समिर शंखदेव (३३) लाई सम्झना भएसम्म ठिमीको दुई पोखरीमा पछिल्लो पटक गायक दीपक बज्राचार्यले ‘कन्सर्ट’ गरेका थिए । त्यसअघि ‘कुटुम्ब’ ब्यान्डले पनि त्यही ठाउँमा ‘लाइभ पर्फमेन्स’ दिएको उनलाई याद छ । पोखरीमा भिन्न समयमा मेला तथा महोसत्व भइरहेका हुन्छन् । मेला, कन्सर्टमा दुई पोखरीको राम्रो उपयोग हुँदा पनि कार्यक्रमपछि पोखरीलाई गरिने बेवास्ताले भने उनलाई दुःखी बनाएको छ ।



दुई पोखरी, मध्युपुर ठिमी

समिर भन्छन्, ‘कार्यक्रम सकिएको भोलिपल्ट पोखरीको स्थिति नाजुक हुन्छ । आयोजक समितिले संरक्षण र सरसफाइमा ध्यान दिँदैन । सेलिब्रेटीलाई भन्ने कुरा हुँदैन, यस्तोमा नगरपालिकाले उचित भूमिका खेल्न सकेको छैन ।’ साथै, दुईमध्ये एउटा पोखरीको अवस्था बिग्रँदै गएको उनी बताउँछन् । वरपर फोहोर, प्लास्टिकका बोतल र कागज थुप्रिने, पानी कालो हुँदै जाने, लेउ लाग्ने लगायतका समस्याले पोखरीको सौन्दर्य छोपिएको उनी बताउँछन् ।

२०७७ सालमा नगरपालिकाका तत्कालीन प्रमुख मदनसुन्दर श्रेष्ठको नेतृत्वमा शुरू भएको पोखरी पुनर्स्थापनाको कामले राम्रो गति लिएको उनी बताउँछन् । पहिले उपभोक्ता समिति गठन गरेर संरक्षण हुने गरेको पोखरी हाल नेतृत्व परिवर्तनसँगै खस्किएको र ब्युँतिएका पोखरीमा समेत आवश्यक सरसफाइ हुन नसकेको उनको गुनासो छ ।

‘स्थानीय सरकार फेरबदलले पनि निकै प्रभाव पर्ने रहेछ,’ उनले भने, ‘जिम्मेवार निकायले हेर्न सक्दैन भने कुनै समिति वा स्थानीयलाई जिम्मेवारी सुम्पनुपर्छ ।’ अघिल्लो कार्यकालका जनप्रतिनिधिले जस्तो चित्तबुझ्दो काम हाल निर्वाचित जनप्रतिनिधिले गर्न नसकेको उनको टिप्पणी छ ।

अवशेष हराएका पुखू, संरचनालाई मौलिक स्वरूपमा ल्याउनु चुनौतीपूर्ण भएको जनप्रतिनिधिहरू बताउँछन् । भाजु पोखरीको अध्यययनको लागि मात्र सात महिना लागेको भक्तपुर नगरपालिकाका प्रमुख प्रजापति बताउँछन् । ‘उत्खनन गर्दै गर्दा त्यहाँ प्राप्त वस्तुको अध्ययन, मन्दिरको बनोट शैली, प्रयोग भएका सामग्रीअनुसार निर्माण गर्न धेरै समय लाग्छ । त्यसपछि संरक्षणको पाटो आउँछ । त्यसका लागि हामीले मानिस खटाएका छौँ,’ उनले भने ।



दुई पोखरी, मध्युपुर ठिमी

नगरप्रमुख प्रजापति यसमा स्थानीय सरकारसँगै स्थानीयको पनि महत्त्वपूर्ण भूमिका हुनुपर्ने बताउँछन् । ‘हामीले एक सम्पदा-एक विद्यालय, एक सहकारी-एक सम्पदा लगायतका कार्यक्रममार्फत स्थानीयलाई सम्पदा संरक्षणमा संलग्न गराउने छौँ,’ उनले भने, ‘सबै कुरा नगरपालिकाको बसमा हुँदैन ।’ पोखरीबाट आम्दानी गर्न डुङ्गा सयरको व्यवस्था गरिएको छ । त्यसले संरक्षणका लागि स्रोत जुटाउन मद्दत गर्ने उनी बताउँछन् ।

विभिन्न पोखरीको भिन्नाभिन्नै लक्षण र उपयोगिता हुने कारण एक पोखरीको आकारप्रकार, बनोट र उपयोगिता अर्कोसँग दाँज्न नमिल्ने लेखक पद्मसुन्दर जोशीको मत छ । ‘भक्तपुरको सिद्ध पोखरी र बालकुमारीको बालकुमारी पोखरी भिन्नाभिन्नै हुन् । सिद्ध पोखरीसरह बालकुमारी पोखरी अथवा मध्यपुरको दुई पोखरी सबै उस्तै देखाउने प्रयास प्राकृतिक हुँदैन,’ उनी भन्छन्, ‘प्रायः कतिपय अवलोकनकर्तालाई घाँस उम्रिएको, लेउ उम्रिएको मन पर्दोरहेनछ । तर पोखरीको प्रकृति नै त्यही हो ।’

पानीमा घाम परेपछि लेउ लाग्न शुरू हुने उनी बताउँछन् । स्विमिङ पुलको जस्तो सफा पानी पोखरीमा हुन पनि नहुने तर्क गर्दै उनी भन्छन्, ‘पोखरीको पानीको आफ्नै इकोसिस्टम हुन्छ । त्यहाँ लेउ हुनुपर्छ । नत्र माछा, भ्यागुतालगायतका जलचर प्राणीले के खाने ? फिल्टर गरेको पानीमा माछा बाँच्दैन ।’ झारले पोखरीलाई पूरै बिगारेर गन्ध आउन थाल्यो भने मात्र पोखरीको सरसफाइ गर्नुपर्ने सुझाउँदै जोशी भन्छन्, ‘लेउ लाग्नु पोखरीको आफ्नै चरित्र हो । कतिपय मानिसहरू लेउले पोखरी फोहोर भएको ठान्छन् । मलाई भने अझ प्राकृतिक लाग्छ ।’

तस्बिरहरूः कृष्णा श्रेष्ठ/उकालो

स्रोत : उकालोडटकम, २०८० फाल्गुन ११

# भूमिगत पानीको दोहनले उपत्यका मरुभूमिउन्मुख



विष्णुभक्त राजचल

वर्षा वा अन्य कहीं कतैको पानी जमिन भित्र गएर अभेद्य चट्टानमाथि जम्मा भएर रहेको हुन्छ । यसलाई भूमिगत पानी भनिन्छ । यस्तो भूमिगत पानीले माथिल्लो जमिनलाई रसाई राखेको हुन्छ जसले गर्दा माटो उब्जाउलो बन्ने गर्छ । यसले खेतीपातीमा महत्त्वपूर्ण भूमिका निभाउँछ । भूमिगत पानीको सतह धेरै बढेमा माथिल्लो जमिनको भाग भासिन गएर जनधनको क्षतिमात्र नभई सभ्यताको समेत अन्त्य हुनसक्छ ।

आजभन्दा ४०/५० वर्ष अगाडिसम्म काठमाडौँ उपत्यकाको जुनसुकै भागमा भूमिगत पानी कुवा, मूल, इनार गेसरको रूपमा हवालहवालति आफै पानी बाहिर निस्किरहन्थे । त्यतिवेला उपत्यकाका आदिवासी बाहेक बाहिरबाट आई बसोवास गर्नेहरू अत्यन्त सीमित थिए । त्यतिवेला उपत्यकाको जनसङ्ख्या लगभग ३/४ लाखजति मात्र थिए । काठमाडौँ उपत्यकामा रहेका १८ ओटा नगरपालिकामा अहिले लगभग ३५/४० लाख जनसङ्ख्या भैसकको छ । त्यति विशाल र घना जनसङ्ख्यालाई खानेपानीलगायत अन्य कामकाजको लागि आवश्यक पानी दैनिक अर्बौं लिटर चाहिने भैसकेको छ । तर, अहिले काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले आसपासका मुहानबाट १३ करोड लिटर र मेलम्चीबाट १७ करोड लिटर गरी जम्मा ३० करोड लिटर दैनिकमात्र उपलब्ध गराइरहेको देखिन्छ । अन्य बाँकी आवश्यक पानी जमिनमुनिबाट कृत्रिम तरिकाले निकालेर प्रयोग भइरहेको देखिन्छ । यस प्रकारले कृत्रिम तरिकाबाट भूमिगत पानी निकालेर प्रयोग भइरहँदा उपत्यकामा भूमिगत पानीको सतह वार्षिक एक मिटर तल सर्दै गएको जलविद्हरूले औँल्याएका छन् । उपत्यकाका कतिपय ठाउँमा निकै गहिरो डिप बोरिङ गर्दा पनि पानी नआएको अवस्था सृजना भएको छ । हरेक वर्ष यसरी पानीको सतह घट्दै जाँदा पनि सरकारी निकायले कुनै चासो देखाएका छैनन् । यो अवस्या आउनुमा दोष हालसम्म सत्तामा पुगेका दलहरू र त्यसका नेतृत्वकर्ताहरूको अकर्मन्यता र अक्षमताको प्रतिफल हो । आजभन्दा २० वर्ष अघि नै राजधानी स्थानान्तरण गर्न दिइएको सल्लाह मनन गरेको भए उपत्यकामा यस्तो अवस्था आउने थिएन । यस्तै अवस्था रहेमा वा अरू कुनै विकल्प नअपनाएमा अबको १०/२० वर्ष पछि उपत्यकाको अवस्था के होला सो बारे गम्भीर हुनुपर्ने भएको छ ।



भूमिगत पानीको दोहन

खानेपानी व्यवस्थापन बोर्डका एक पदाधिकारीका अनुसार अहिले तीस फिटभन्दा गहिरो इनार वा डिप बोरिङ्ग गर्नु परेमा बोर्डसँग अनुमति लिनु पर्दछ । सबै प्रकारका आवास क्षेत्र तथा अन्य निकायका सरकारी तथा गैर सरकारी सङ्घ संस्थानहरूले तीस फिटभन्दा तलबाट मात्र पानी तान्न पाउँछन् । त्यो पनि खाने पानी व्यवस्था बोर्डसँग अनुमति लिएर मात्र । तर, यसलाई कसैले टेरै कै छैन र अनुगमन गरेर यस्ता क्रियाकलापलाई रोक्न वा बन्द गराउन पनि सकेको छैन । यसमा खानेपानी व्यवस्था बोर्डसँग पर्याप्त मात्रामा जनशक्ति नभएकोले रोक्न नसकेको भनी पन्छिन खोजेको छ ।



भूमिगत पानीको दोहन

अहिले काठमाडौँमा मात्र ४५० भन्दा बढी ठूला भवन (अस्पताल, आपार्टमेन्ट, सरकारी कार्यालय र होटल) ले अनुमति नै नलिई डिप बोरिङ गरेर दैनिक ६० करोड लिटरभन्दा बढी भूमिगत पानी दोहन गरिरहेको तथ्य खानेपानी मन्त्रालयको तथ्याङ्कले औँल्याएको छ। यस्तै ललितपुर र भक्तपुर तथा आसपासका अरू कतिपय स्थानहरूमा कति डिप बोरिङ गरेर भूमिगत पानी दोहन गरिरहेको होला सो बारे लेखाजोखानै छैन। उपत्यकामा नदी, खोला, कुवा, इनार, मूल र साधारण बोरिङले भन्दा अरू बढी पानी डिप बोरिङबाट तान्ने गरिन्छ। उदाहरणको लागि भक्तपुर जिल्ला भित्रका चाँगुनारायण नगरपालिकाको झौखेल, दुवाकोट, छालिङ आदि स्थानबाट मात्र दैनिक सयौँ ट्याङ्कर डिप बोरिङका पानी दशौँ लाख लिटर भूमिगत खाने पानी दोहन गरेर वितरण गरिरहका छन्। यसबाट डिपबोरिङ गरेकाहरूले दैनिक लाखौं रुपैयाँ आम्दानी गरिरहेका छन्। बिना अनुमति जथाभाबी यसरी डिप बोरिङ र फाउन्डेसन क्रियाकलापले गर्दा भूमिगत पानीको सतह घटेर गई सतहको जमिन तल भासेर जान सक्ने खतरा बढेको छ। भूगर्भविद्हरूले यसलाई सचेत पनि गराइरहेका छन्। उपत्यकामा यसरी जमिन भासेर जाने क्रम घना बस्ती भएको सहरी क्षेत्रमा परेको खण्डमा शताब्दीयौँ लगाएर निर्माण भएका मानवीय तथा भौतिक संरचना ध्वस्त भएर सभ्यताको समेत अन्त हुनसक्ने खतरा देखिन्छ।



अराल सागर : सन् १९८९ मा (बायाँ) र सन् २०१४ मा

हुन त वर्षा तथा यताउताको पानी भेद्य चट्टानबाट सोसिएर गई भित्र पुगेर पुनःभरण हुने गर्छ। तर, पुनःभरण भन्दा भूमिगत पानीको दोहन अत्याधिक मात्रा हुने गरेको देखिन्छ। यसले भूमिगत पानीको सतह घटेर गई खोक्रोपन पैदा भइरहने गर्छ। माथिल्लो जमिनमा भार बढेमा छिट्टै भासिन जान्छ। यसले उपत्यकामा विपद् निम्त्याउन सक्छ।

सरकार तथा उपत्यकाका वासिन्दाले भोलिको चिन्ता नगरी उपत्यकामै जसोतसो गुम्सिएर बस्ने, चारैतिरबाट उपत्यकामै बसाइ सरेर आई सहर विस्तृत गर्ने गरेको खण्डमा तत्कालीन सोभियतका उज्वेकिस्तान स्थित ६८ हजार वर्गकिलोमिटर क्षेत्रफल ओगटेको विश्वको चौथो विशाल एवम् अति सुन्दर जलमण्डलको रूपमा रहेको अराल सागर अहिले आएर सङ्कुचित भएर मरुभूमिमा परिणत भएको अवस्था जस्तै काठमाडौँ उपत्यका पनि हुनेछ।

सोभियत कालमा मुयनाक मछुवार बस्तीले अराल सागरलाई घेरेर रहेका थिए। बस्तीमा समुद्री माछा, स्टर्जन, फ्लाउन्डर र क्याभियर तथा खाद्यान्न प्रसस्त पाइन्थ्यो। तर सन् १९६० को दशकदेखि यस अराल सागरमा जाने सिरिदरीया र आमुदरीया नामका दुई नदीको सम्पूर्ण पानी नहर बनाएर आसपासका अन्य क्षेत्रमा सिँचाइ गर्न लगे। यसले यो महाद्वीपीय सागर (ताल) विस्तारै खुम्चिँदै गयो। सन् २००७ सम्ममा आइपुग्दा त्यस सागरको क्षेत्रफल ९० प्रतिशतले सङ्कुचित भइसकेको थियो। अहिले यो सागर सुकेर त्यसले ओगतेको भाग मरुभूमिमा बदलियो। त्यसपछि यस सागर (ताल) को वरिपरिको फराकिलो मनमोहक वातावरणमा निर्भर पशुपंक्षी आदि लोप भएर गए। तालसँगै सबै कुरा छिन्न भिन्न भए। ताल अवसानका कारण समुद्र (ताल) सँग जोडिएका जीविकोपार्जनका माध्यम पनि हराए। स्थानीय आय निरन्तर घट्दै गएर बेरोजगारी बढ्यो। बसोबास कठिन बन्दै गएपछि यस क्षेत्रको जनसङ्ख्या अन्यत्र पलायन भए। उक्त ठाउँ उजाड बन्यो। यदि हामीले पनि अहिले देखिनै आफ्नो जीवनशैली र तौरतरिका बदलेनौँ र जथाभावी तरिकाले जमिन मुनिका पानी दोहन गर्दै गएमा उज्बेकिस्तानको मुयनाक बस्ती जस्तै काठमाडौँ उपत्यकाको हालत हुन अब धेरै समय पर्खन नपर्ला।




मिडताल : सन् १९८४ (बायाँ) मा र सन् २०२० मा

अमेरिकामा पनि मिडताल र ग्रेट साल्टलेक पनि अराल सागर जस्तै खुम्चिँदै गएको बताइएको छ । लसएन्जेल्स जस्ता सहर परिवर्तनशील मौसमसँगै पानीको आवश्यकतालाई सन्तुलनमा राख्न सङ्घर्षरत छ । कृषि उत्पादन, तेल उत्खनन तथा अन्य गतिविधिहरूले भूमिगत जल द्रुत गतिमा घटाउँदै लगेको बताइएको छ ।




ग्रेट साल्टलेक : सन् १९८५ (बायाँ) मा र सन् २०२० मा

आजभन्दा ५०/६० वर्ष अघि अन्न र सागसब्जीको भण्डार मान्ने गर्थे काठमाडौँ उपत्यकालाई । उपत्यका भित्रका विभिन्न फाँट, टार, बेंसी, डोल र कान्लामा समेत धान, मकै, गहुँ, तोरी, जौ, कोदो जस्ता अनेकौं अनाज र आलु, काउली, बन्दा, मुला, लसुन, प्याज, तथा हरिया सागसब्जी प्रसस्त उत्पादन हुन्थ्यो । उपत्यकाको उत्पादनले स्थानीय बासिन्दालाई भरिपूर्ण भई उपत्यका बाहिर र विदेशमा समेत निर्यात हुने गरेको थियो । दूध र मासुमा समेत पशुपालनबाट आत्मनिर्भर बनाइराखेको थियो । त्यसबेला कालीमाटो र प्राङ्गारिक जैविक मल प्रयोग गरेर प्रसस्त अर्गानिक अन्न, फलफूल र तरकारी दिइराखेको थियो । तर आजभोली ती सबै दन्त्यकथा बनिसकेको छ । सम्पूर्ण कुरामा उपत्यका प्रदूषित बनिसकेको छ । परिणाम सबै कुरा विदेशबाट मागेर खानुपर्ने परनिर्भरतामा खस्केको छ । खानेपानीको समस्या र भूमिगत पानीको अति दोहन पनि थप समस्या र खतरा भइरहेको छ । यी सबै हुनाका कारण सत्तामा पुगेका नेतृत्व दायिहरूको अकर्मन्यता र अदूरदर्शीताका परिणाम हुन् । साँच्चै भन्ने हो भने काठमाडौँ उपत्यकाको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक, प्राकृतिक वैभवलाई ध्वस्त पार्ने सत्तामा जानेहरूको अकर्मण्यता र अदूरदर्शिता होइन नियोजित षड्यन्त्रको अपराध पनि हो ।

यदि देशको सन्तुलित विकास नगरी काठमाडौँ उपत्यकामा देशभरका मान्छे थुपार्दै गए थुप्रै महँगो मेलम्चीले पनि उपत्यकावासीको तीर्खा मेटाउन सक्ने छैन । काठमाडौँ उपत्यका नै सम्पूर्ण देशवासीको बस्ती बनाउँदै लगियो र भूमिगत पानीको दोहन गर्दै गयौँ भने 'अलकापुरी' भनिएको उपत्यका मरुभूमी हुन धेरै वर्ष लाग्ने छैन । त्यसैले देशको सन्तुलित विकासको ठोस र कठोर नीति अविलम्ब ल्याउन सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण हुनुपर्दछ । यसमा रैथाने उपत्यकावासी पनि अल्पकालीन स्वार्थको वशीभूत भई अरूले गरिदेला भनेर बसे भोलीको दुष्परिणामलाई निमन्त्रणा नै ठहरिनेछ ।

चित्र : इन्टरनेट

## जीवन–आचरण

# ज्योतिष र भाग्य

उसले ज्योतिषीलाई आफ्नो हात हेर्न भन्यो । ज्योतिषले उस्को हात हेर्दै उस्को भविष्य खरर बताउन थाल्यो । आफ्नो सुन्दर भविष्य देखेर ऊ खुशी थियो र उस्ले त्यो ज्योतिष खुशी हुने गरी दक्षिणा दिएर घर फर्कियो ।

वर्ष दिनसम्म पनि त्यो ज्योतिषीको भविष्यवाणी फिटिक्कै नमिलेपछि ऊ फेरि त्यो ज्योतिषीलाई भेट्न भनी गयो । नभन्दै त्यो ज्योतिष पहिले बसेकै रत्नपार्कको फुटपाथको त्यही कुना मै भेटियो ।

उसले आक्रोशित हुँदै ज्योतिषीलाई गाली गर्न थाल्यो, 'के हो तँलाई, मान्छेहरूलाई बेवकुफ बनाएर पैसा ठग्न लाज लाग्दैन ?' भविष्य हेर्न नआउने मान्छे किन यता बसिरहेको ?' आइन्दादेखि तँलाई यता भेट्यो भने राम्रो हुने छैन ।'

उसको कुरा सुनेपछि त्यो ज्योतिषले बिस्तारै उसले मात्र सुन्ने स्वरमा भन्न थाल्यो, 'अरे बाबु, यदि मलाई साँच्चिकै भविष्य हेर्न आएको भए के म यस्तो फुटपाथमा भिखारी जस्तै जीवन बिताएर बस्थें र ? मेरो आफ्नै जिन्दगीको भविष्यवाणी गर्न असमर्थ मान्छेले तिम्रो भविष्यवाणी कसरी गर्न सक्ला र ? मेरो काम भनेको बाबुहरू जस्तालाई जीवनमा अगाडि बढ्न सकारात्मक कुरा गरेर प्रेरित मात्र गर्नु हो । बाबुको भविष्य बाबु आफैको हातमा छ ।'

ज्योतिषीको कुरा सुनेर ऊ केही नबोली फर्कियो ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-२६)

– प्रो. माणिकलाल श्रेष्ठ



## नेपाल भाषाया समालोचना साहित्य

नेपाल भाषा गुलि पुलांगु भाषा खः धयागु खँया अनुसन्धान जुइ हे मानि, अथेसां एशियाया दकले पुलां पुलांगु भाषा मध्ये छगू थ्व खः। अले थ्व भाषा ल्हायेगु भाषा जक मजुसे च्वयेगु भाषा जुगु नं यक्को न्हयोया खँ खः, ऐतिहासिक अनुसन्धान याये मायेक हे पुलांगु। नेपाल भाषा नेपालया पुलांगु व समृद्ध भाषा खः। तर थ्व भाषाय् साहित्य धाये ल्वयेक च्वयेगु गुबेले शुरु जुल, व नं वादविवादया विषय मजुइकेत गाक्कं अनुसन्धान जुइ मानि, तथ्य मुंके मानि। अथेसां नेपाल भाषाया साहित्य नेपालया स्वंगु प्रमुख साहित्य (नेपाल भाषा, नेपाली भाषा व मैथिली भाषाया साहित्य) मध्ये दकले पुलांगु खः धका निं धाये फु। अले छता खँ थ्व नं न्ह्यथने बह जू– नेपाल भाषाया साहित्य न्ह्याको हे पुलां जूसां थ्व भाषा गुलि पुलां उकियात ल्वयेक थुकिया साहित्यया इतिहास ताहाक मजू। थ्व भाषां च्वया तःगु सफू गुगु इलं निसें वल उकियात थ्व साहित्यया शुरु धाये मजिउ। नेपाल भाषाया छम्ह समालोचकया विचारकथं ***(कमलप्रकाश मल्लया थ्व वाक्य वयूकलं मुंका दीगु 'नःलि स्वना' नांया समालोचना–लेख संग्रहया भूमिकां (सफू न्हयथना) उद्धृत खः)*** ला *'नेपाल भाषा वाङमये थौं नं साहित्य धाये फैगु, उगु इलेया भाव लोक नाप भ्कीत क्वातुगु सम्पर्कं यंकीगु कृति आपालं म्ह खने दु।'* थुकिया कारण उम्ह हे समालोचकं थथे खन, *'शाहेद न्हापां निसें थःगु भाषा पाखे नेवातय्गु दृष्टि सृजना मूलक मखसे खालि व्यावहारिकतां त्यला तःगु ...'*।



कमलप्रकाश मल्ल

कमलप्रकाश मल्लजुं गुगु छता अभाव खंका कना दिल, व सत्य ख, तर उकिया कारण गुगु क्यना दिल उलिं जक व्याख्या यायेत मगा। छुं छगू विशेष अवधिइ छुं जातीया प्रवृत्ति सृजना मूलक जुइ फु बा मजुइफु, थ्व ला खः तर गुगुं जातीया नं 'भाषा पाखे' जक 'दृष्टि सृजनामूलक' मजुइगु प्रवृत्तिया कारणं मखु, मेगु हे कारण थुकिया दइ। थन खँ जूगु अवधिइ नेपालं भ्कन नेवा जातीं हे कलाया मेमेगु क्षेत्र, छँ दनेगु कला निसें किपा च्वयेगु, सिँइ लोहँते कीगु, धातुया मूर्ति दयेकेगु, फुक्कलिसं थःगु सिर्जनात्मक प्रतिभा गाक्कं क्यन। उगु हे जातीं उगु हे इले साहित्य पाखे जक सिर्जना याये मफुगु छाय् ? साहित्य धयागु भाषा माध्यमया कला खः। धर्म व नीति व व्यावहारिक विषये जक सफू पिहाँ वया साहित्यिक सिर्जनाया कृति खने मदुगु गथे ? थुकिया कारण राजनैतिक जुइ। सफू प्रेसं थाना पिकायेगु व्यवस्था मरुगु युगे शासकतय् संरक्षण व आशिर्वाद मदुगु छुं कृति पिदने थाकु, च्वया हे थकुसां प्रचारे वये थाकु। छता ला शिक्षाया व्यवस्था मदुगु इले भाषाया माध्यमं च्वइगु कला



निष्ठानन्द बज्राचार्य



सिद्धिदास अमात्य



जतगसुन्दर मल्ल



योगवीरसिंह कसा

अर्थात साहित्य पिदने थाकु। मेगु खँ, नेपा गाले शासकतय् भाषा व प्रजाया भाषा निताजि तस्सकं ताहाकः अवधि तक हे जुल – कर्नाट वंश, लिच्छवि वंश व अझ मल्ल वंशया शासनकाल तक नं थथे धाये फु। मल्ल कालया छुं अवधि वने धुंका तिनि मल्ल शासकपिंसं प्रजाया भाषा थम्हं कागु खः।

न्ह्यागु हे कारणं जुइमा नेपाल भाषाया उगु बेलेया आपालं सफू साहित्ये दुथ्याके मछिं। नाटक साहित्य छता धासा गाक्कं खने दु, आपा धयाथें ला शासक व शासकया पोषकतय्सं च्वया तःगु। थ्वजोगु नाटक आपा ला मनोरञ्जनया निंतिं, गुगुं धार्मिक उपासना थें च्वया तःगु। थुगु इले समालोचना साहित्यया विकास जुइगु वातावरण हे मदु।

लिपा छगू ताहाक अवधि तक दिना च्वंगु साहित्ययात नेपाल भाषाया प्यंःग थांपिनि युगे **'प्यंगः थां'** लेखकपिंसं न्ह्यज्याकल। नेपाल भाषाय् धाथें हे साहित्य धका धाये छिंक साहित्यया विकास जुल। भाषाया क्वातुगु जग व परम्परा दुगु नेपाल भाषां छगू प्रेरणा दयेवं साहित्यया रूपे थहाँ वनेत छुं थाकु मजुल। थःगु जाती, संस्कृति व भाषाया प्रेमया भावनां प्रेरित जुया नेपाल भाषाया 'प्यंगः थां' लेखकपिं (**निष्ठानन्द बज्राचार्य, सिद्धिदास अमात्य, जतगसुन्दर मल्ल, योगवीरसिंह कसा**) व **माधवराज जोशी** *(माधवराज जोशीजुं नेपाल भाषां च्वया थकूगु छुं सफू वा लेख लुया वोगु मदुनि। अथेसां वय्कलं थम्हं नं नेपाल भाषां च्वया दी, च्वयेत प्रेरणा नं आपासित बिया दी धयागु खँ वय्कःया समकालीन मनूतय्सं धा। कवि सिद्धिदास अमात्ययाके नं जोशीजुया माक्व प्रभाव दु हँ)* **शुक्रराज शास्त्री, धर्मादित्य धर्माचार्य**पिंसं नेपाल भाषा साहित्ययात देशया दकले च्वन्ह्यागु साहित्य मध्ये छगू याना बिल। व हे भाषा प्रेमया परम्परां **वैकुण्ठप्रसाद लाकौल**या युगया लेखकपिं अर्थात थौंया लेखकया थकालि पुस्ता (वैकुण्ठप्रसाद लाकौल, चित्तधर 'हृदय', धम्मालोक आदि) पिकाल। थ्व काल सिर्जनाया उत्साहया काल खः, समालोचनाया ई मखु।

आतक खने दुगु तथ्याङ्कथं नेपाल भाषाय् दकले न्हापांया समालोचनात्मक लेख **रत्नध्वज जोशीया 'धर्मोदयया कहानीत'** खः। थ्वयां न्ह्यो हे रत्नध्वज जोशीजु नेपाल भाषाय् समालोचक धका नां जाये धुंकूगु खः। ख ला थ्व लेख कहानीतय् आलोचना जूगुलिं व्यावहारिक आलोचना खः, अथेसां थुकी कृतिया विश्लेषण व मूल्याङ्कन जक मखु समालोचना सम्बन्धे रत्नध्वज जोशीजुया धारणा नं थाय्थासे खने दु। 'साहित्य कलाय् जन साधारणया रुचियात हे अन्तिम निर्णय याये मजिउ' धयागु रवीन्द्रनाथ ठाकुरया विचारयात रत्नध्वज जोशीजुं समर्थन याना तःगु दु। मेगु छगू समालोचनात्मक लेखे *(मां लुमंका व चित्तरञ्जन' धयागु रत्नध्वज जोशीजुया लेख)* जोशीजुं च्वया दिल – *'थः गुगुलिं प्रभावित जुया च्वनागु दु, उगुद्वारा मेमेपिन्त नं प्रभावित याय्गु, प्रभावित जूगु स्वेगु आकांक्षा मानव मनया छगू स्वभाव खः'* । *'जीवन धारणया प्राथमिक साधन आहारा, निद्रादिया कारण आर्थिक समता विषमता लिसे छुं सम्बन्ध मतसे नं काव्य सफल अथवा असफल जुइफु'* । साहित्य छु खः ? जीवन लिसे थ्वया सम्बन्ध छु ? साहित्यया छुं प्रकारया (कहानी, उपन्यास आदि) विषय, रूप, विन्यास, शैली आदि गुजोगु जुइमा ? आदि, आदि बारे रत्नध्वज जोशीजुया छगू निश्चित धारणा दु। व हे धारणायात कसी याना वय्कलं कृतितय् मूल्याङ्कन याना दी। वय्कःया नियमकथं लागु रचना भिं, मलागु मभिं धायेगु समालोचना पद्धति रत्नध्वज जोशीयागु खः। विशेष याना बाखं-साहित्यया समालोचना अपो च्वयादीम्ह जोशीजुं कृतिया मूल्याङ्कन यायेत उजोगु हे मेमेगु कृतिनाप तुलना याना स्वयेगु तुलनात्मक समालोचनाया पद्धति नं ज्वना दी। भारतं प्रकाशित जुगु नेपाल भाषाया पत्रिका **'धर्मोदय'** प्रकाश जुइव नेपाल भाषाय् समालोचना साहित्यया विकास शुरु जूगु खः।

रत्नध्वज जोशीजु नेपाल भाषा साहित्ये समालोचनाया नी स्वना दीगु भतिचा समय लिपा हे नेपाल भाषाया समालोचना क्षेत्रे **रामहरि जोशी**जु व **माधवलाल कर्माचार्य**जु निम्ह समालोचकपिं दुहाँ झाल। रामहरि जोशी व माधवलालजुपिं




शुक्रराज शास्त्री



धर्मादित्य धर्माचाय



वैकुण्ठप्रसाद लाकौल



रत्नध्वज जोशी

*'छम्ह छम्ह लेखकया कृति काव्य कृति ज्वना सहृदय-पाठकया रूपे आलोचकं व्याख्या याना'* *(कमल प्रकाश मल्ल)* बिउपिं खः। रामहरि जोशीजु व माधवलाल कर्माचार्यपिनि समालोचना व्याख्या प्रधान जू, वय्‌कःपिसं नेपाल भाषा समालोचनाय् व्याख्या वा विश्लेषण यायेगु (analytical) पद्धतिया नी स्वना दिल।

माधवलाल कर्माचार्यजु थःहे छम्ह सिर्जनात्मक लेखक जूगुलिं कवि 'हृदय' या भावना बांलाक थू, अथेसां वय्‌कलं छुं कृतिया कोजिइक मूल्याङ्कन यायेत स्वया मदी। वय्‌कःया न्हापांया समालोचनाय् जक मखु, लिपा लिपाया प्रौढता दये धुंकूगु लेखे नं मूल्याङ्कन सिकं व्याख्याय् अपो जोड बिइगु प्रवृति दु, छगू निगू कोजिइक पारख याना निर्णय बिइत सोथाय् नं छुं कृतिं थःत प्रभाव लागु छगू निगू पक्ष जक कया च्वया दी। नेपाल भाषा साहित्यया व्यावहारिक समालोचना-क्षेत्रे दकले न्हापांयाम्ह व थौंतक नं दकले सफलम्ह प्रभाववादी (impressionistic) *(प्रभाववादी समालोचनाया छुं विवेचना अध्याय २४ स स्वया दिसँ)* समालोचक माधवलाल कर्माचार्यजु खः।

नेपाल भाषाया समालोचनाया इतिहासे दकले न्हापां समालोचनाया सैद्धान्तिक पक्ष कया च्वया तःगु लेख माधवलाल कर्माचार्य हे च्वया दिल। वय्‌कःया **'साहित्ये आलोचकया स्थान'** धयागु लेख नेपाल भाषाया समालोचना साहित्ये कर्माचार्यजुया दकले तःधंगु देन खः। उगु लेखे कर्माचार्यजु च्वया दिल, *'... ... खालि प्रकृतियागु जक अनुकरण याना साहित्यया उद्देश्य पूवनी धैगु खँ आंशिक सत्य जक खः ... ... भाषा प्रेम जक साहित्य मखु ... ... मनूतेत मागु भाषा मखु जीवन खः। विकासशील, उन्नतिशील, सुखशील।'* व्यावहारिक समालोचनाय् माधवलालजु छम्ह 'प्रभाववादी' (अर्थात थःगु मतिइ तस्सकं प्रभाव लागु छता निता खँ जक नुवाइम्ह) खः, अथेसां वय्‌कयात विशेष प्रभाव याइगु खँ साहित्य कलाया जीवन पक्ष। साहित्ययात ***'जीवन स्वयेगु सुलचं जक मखु, जीवन न्ह्याकेगु घःचा नं खः'*** धयागु उद्‌गार पिकाम्ह व थुकियात हे थःगु सिद्धान्त याना दीम्ह कर्माचार्यजुयाके छुं कृति वा कविया समालोचना याइबेले छुं खँ कोजिइक धायेत लिचिलेगु प्रवृतिं याना थःत तस्सकं प्रभाव लागु खँ जक कोजिइक धायेगु, मेगु तछ्याना मधासे संकेत जक बिइगु बानि च्वंगु ख, नत्र दुने ला वय्‌कः यथार्थवादी खः, जीवनवादी खः।


समालोचना क्षेत्रे निम्ह स्वम्ह आलोचकपिं दुहाँ वये धुंकूसां दकले न्हापां छगू युगयात हे कया अवलोकन याना तःगु व छगू लेख जक मखु छगू सफूया हे रूपे च्वया तःगु दकले न्हापांया समालोचना कवि **चित्तधर 'हृदय'** जुया **'झीगु साहित्य'** खः। २००७ सालया क्रान्ति धुंकाया स्वतन्त्र वातावरणे साहित्यया सिर्जना व अनुसन्धान निखें उत्साह व उमङ्ग वया च्वंगु वातावरणे नेपाल भाषाया छम्ह कविं समालोचनाया क्षेत्रे ल्हा तया पिकागु थ्व सफूया यक्को महत्व दु। मुकं समालोचना मखु, नेपाल भाषा साहित्यया छोटकरीं इतिहास थें च्वया तःगु थ्व लेखे कवि चित्तधरया समालोचनात्मक प्रतिभा खने दु। बरु थ्व प्रवृति भचा अपो छ्यला उकी मुंका तःगु तथ्ययात भचा व्यवस्थित याना बिइ मगा। न्ह्यागुसां छम्ह समालोचकया थ्व विश्लेषणयात छुं भति परिष्कृत याना बिउगु जूसा थुकिं प्रयोगवादी (इण्डक्टिव्) समालोचनाया रूप काइ। समालोचना धयागु हे इण्डक्टिव् जुइमा, अर्थात कवि कलाकारया कृतिइ छु छु दु धका वाला क्यना बिइगु, उकी छुछु गुण दु जक क्यनेमा, बांला बांमला धका पारख यायेगु ज्या पाठकयात तोता बिइमा धयागु धारणा चित्तधर 'हृदय' जुया फोटोग्राफर 'कविताय्' नं खने दु। (थुकिया विवेचना च्वय् छगूगु अध्याये जुइ धुंकूगु दु) कवि सिद्धिचरणया 'फूस्वां' संग्रहया भूमिका रूपे 'नँ' धका चित्तधरजु नँ तुना च्वया दीगु लेखयात नं थथे हे 'इण्डक्टिव् समालोचना' या छगू उदाहरण धाये छिं। बरु थःसिकं थँजिपिं व थः समकालीन लेखकपिनि कृति ब्वनेबेलेया 'इण्डक्टिव' दृष्टिकोण चित्तधरजुयाके थःसिकं कजिपिं न्हूगु पुस्ताया लेखकपिनि कृति स्वयेबेले धासा कागु खने मदु। थुकिया छता कारण ला नुवायेगु च्वयेगु स्वतन्त्रता मदुगु काले अभिव्यक्ति यायेत हे संयम व आत्म-नियन्त्रण याये मागु युगं पिकाम्ह कवि चित्तधरजं न्हूगु अनियन्त्रित, अनियमित



माधवलाल कर्माचार्य



रामहरि जोशी



चित्तधर 'हृदय'



कृष्णचन्द्रसिंह प्रधान


व छुं भति अव्यवस्थित प्रवाह मछिं ता, अले थ्व मछिं तागुयात नियन्त्रण याये मफयेक वय्कःयाके भावावेश अपो दु। कवि चित्तधरयाके समालोचनायात मागु तेल्ला मिखा व थुइका कायेगु समवेदनशीलता व बौद्धिक समदृष्टि नं दु, तर भावावेश पनेगु संयम व नियन्त्रण मदु। थ्व कारणं वय्कःया लेखे समालोचनाय् फुक्क 'कोरा पदार्थ' दुसां नं समालोचनाया 'तयारी माल' या रूपे पिहाँ मवो। चित्तधरजुया समालोचनाय् 'क्लासिकल' व 'इण्डक्टिव' निगू रूप ल्वाकज्या।

नेपाली भाषाय् न्हूम्ह तरुण समालोचकया रूपे छुं भति नां जाये धुंकूम्ह **कृष्णचन्द्रसिंह प्रधान**यात २००७ सालया क्रान्तिं ह:गु उत्साह व उमङ्गया वातावरणं नेपाल भाषाया समालोचना क्षेत्र दुत हल। कृष्णचन्द्रसिंहजुं नेपाल भाषा साहित्ये कृतिया समालोचना व समालोचनाया सिद्धान्त निगू क्षेत्रे नं गाक्कं देन बिउगु दु। बरु थौंतकया भिन्न्हयदँ भिंच्यादँया अवधिइ वय्कःया समालोचनात्मक दृष्टिकोण हे बुलुहुँ पाना वंगु सिइ दु। न्हापां वय्कलं सैद्धान्तिक समालोचनाय् मार्क्सवादी लँ ज्वना दिल। कृतिया समालोचना याइबेले थ्व लँ ज्वनेगु कुतः याना दिल। वय्कलं च्वया दीगु समालोचना **'छ्वास काव्य व कवि व्यथितया काव्यरूप'** यथार्थवादी दृष्टिकोणं कवि व्यथितया 'छ्वास' या विश्लेषण व मूल्याङ्कन यायेगु छगू कुतः खः। उगु हे इले पिहाँ वोगु कृष्णचन्द्रसिंह प्रधानजुया छगू लेखे वय्कःया समालोचनात्मक सिद्धान्त छु खः स्पष्ट जूगु दु। **'नेपाल-साहित्यया विकास व भीगु ज्या'** धयागु लेखे (प्रकाश जूगु सन् १९५२ स) वयूकलं च्वया दिल- *'थ्व सत्ययात व जिम्मेदारीयात माने यायेगुया मतलब प्रगतिशीलता खः। उकिं थ्व मते राजनीतिं पृथक जुया साहित्यिकत च्वने फै मखु। तर थ्वइत माने मयाइपिं साहित्यिकत राजनीतिं एकदम अलग जुया स्वतन्त्र व निष्पक्ष ज्वी धैगु थ्वइगु भनाई मखु। अज्यापिं साहित्यकारत, सुनां थःत बिलकुल स्वतन्त्र साहित्यकार व राजनैतिक ध्याचलं च्वे संभे जुया विशुद्ध साहित्य सृजना यानाच्वनि व नं अप्रत्यक्ष रूपं मेगु राजनैतिक दलया समर्थने वनाच्वंगु दु।'* थ्व उद्‌गार स्पष्ट हे मार्क्सवादी-लेनिनवादी दृष्टिकोण खः। 'कला कलाया निम्तिं, वर्ग मथिउगु कला, राजनीतिं अलग वा स्वतन्त्र कला धयागु बस्तु छुं हे मदु' धयागु माओ चे-तुङया उक्तिया प्रतिध्वनि थ्व खः। अथे हे साहित्य कलां छगू छगू वर्गया प्रतिनिधित्व याइ धयागु मार्क्सवादी विचार क्यना वय्कलं च्वया दिल - *'गरीब व शोषिततेगु निंतिं साहित्य धायेगुली संकीर्णता खंसा धनी व शोषकतेगु निम्तिं साहित्य धयागुली गन विशालता दु ? ... ... आयागु वर्ग प्रधान व वर्ग-शोषण काले शोषित आम जनताया चित्रणे जय व शोषकतेगु हारया चित्रण यायेगु निगू वर्गया चित्रण याना नं प्रगतिशील उत्तरदायित्वयात पुरा यायेगु कर्तव्य जू वनि, भीगु साहित्ये नं थ्व आवश्यकता दु।'*


व हे दँय् भचा लिपा पिहाँ वोगु **'प्रगतिशील साहित्यया लँपु'** धयागु लेखे वय्कलं मार्क्सवादी प्रवाहया विवेचना याना दीगु जक मखु, साहित्य व समालोचनाय् सही दृष्टिकोण थ्व हे खः धका नं क्यना दिल।

तर थ्वयां लिपाया वय्कलं व्यावहारिक समालोचना अर्थात छुं कृति, लेख आदिया समालोचना याइबेले मार्क्सवादी मिखां स्वयेगु तोता दिल। **'नःलि कविता'** सम्बन्धी विवादे वय्कलं च्वयादीगु निपु लेखे मार्क्सवादी विश्लेषण यायेगु चिउता वय्कलं मतये धुंकल। थ्व निपु लेखे पिहाँ वोगु ई पाखे हे वय्कलं च्वया दीगु **'भीगु साहित्ये बाखं'** नेपाल भाषाया बाखंतयगु छगू विस्तृत विश्लेषण खः। विषयवस्तु व बाखं कनेगु कला नितायसं थःगु विचार बिया तःगु नं दुः तर थ्व लेखे याना तःगु व्याख्या मार्क्सवादी मखु।

न्ह्यागु जुइमा कृष्णचन्द्रसिंह प्रधानया छगू विशेषता दु, वय्कःया विचार लिसे भी सहमत जुइ मजुइ मेगु हे खँ, वय्कःया न्हापांनिसें आ तक छगू दृष्टिकोण मजू व नं मेगु हे, अथेसां वय्कलं समालोचना याइबेले कृतिया थम्हं खंथें पारख कोजिइक हे याना दी। रत्नध्वज जोशीजुं थें छगू 'रेडिमेड' (तयारी) नियमया कसीं जक स्वया निर्णय बिया दीगु ज्या प्रधानजुं याना मदी, हानं कर्माचार्यजुं थें कोमजिइक धायेगु बानि नं वय्कःया मदु। वय्कलं थिया दीगु विषये थः धाये माक्को धया छ्वयेगु बानी वय्कःया दु, अले वय्कलं छु धया


चित्तरञ्जन


धर्मरत्न 'यमि'


सिद्धिचरण श्रेष्ठ


जनकलाल वैद्य

दी त्यंगु खः उकिया पूरा अभिप्राय व अर्थ स्पष्ट जुइगु व्याख्या नं वय्कःया दु । धाये त्यंगु खँय् पाय्छि हे लाक्क धायेगु भाषा व शैली नं वय्कःया दु । बरु नेपाल भाषाय् मदुगु 'टेक्निकल' शब्दे जक मखु, सामान्य शब्द (अझ नेपाल भाषाय् झन स्पष्ट व्यक्त जुइगु शब्द) या थासे नं यक्को हे संस्कृत, हिन्दी व नेपाली भाषाया शब्द वय्कलं छ्यला दी । *(नेपाल भाषाया शब्द छ्यलेगु खँय् थन छुं खं न्ह्यथने बह जू । कृष्ण चन्द्रसिंहजुया भाषा विषय कमल प्रकाश मल्लजुं थथे धया दीगु दु 'कृष्णचन्द्र सिंहजुया भाषाय् नेपाली भाषा व हिन्दीया प्रभाव बांलाक खने दु । अथे जुसां प्रधानजुया भाषा चुपि धाःथें जः ।' नेपाल भाषाय् 'समालोचना थेंज्यागु क्लिष्ट बौद्धिक व भाववाचक शब्दं चीमागु ज्याय' शब्द तस्सकं सीमित जूगुलिं 'आलोचना च्वयेगु लोहँते किपा कीगु स्वया नं थाकु थें च्वं' धका मल्लजुं हे धया दीगु दु ।*

*नेपाल भाषाय् 'टेक्निकल' व भाववाचक शब्द मगागुलिं न्हू न्हूगु शब्द हे चिनेगु आन्दोलन नं झीथाय् शुरु जुल । थ्व आन्दोलन दकले न्हापां तःधंगु स्तरे पिकया दीम्ह **धर्मरत्न 'यमि'** जु खः च्वमि (लेखक) ब्वमि (पाठक), बँग्वारा, बँमैं (पृथ्वी) आदि शब्द यमिजुं हे प्रचलन याना दिल, तर वय्कलं शब्द चिना दीगुली वैज्ञानिकता मगा, गबसं गबसं अनुकरण जक नं जू । लोसा, तिसा, ख्वाहुसा आदि थें च्वसा (कलम) जुइ माथाय वय्कलं ज्याबः (औजार) धायेथें 'च्वबः' नं प्रयोग याना दिल । अथे हे झीगु भाषाय् थःगु हे शब्द दुगुली नं वय्कलं न्हूगु शब्द चिना दिल । 'झ्वाला' शब्द दयेकं क्वब्वालः (झर्ना) वय्कलं छ्यला दिल ।)*

प्रधानजुया नापनापंयापिं, तर गबसं गबसं जक समालोचनात्मक लेख च्वया दीपिं समालोचक मध्ये नां न्ह्यथने बहम्ह **चित्तरञ्जन**जु दु । छगू उपन्यास व छगू नाटक निगू कृतिया *(**धूस्वांया** 'मतिना' व **ईश्वरानन्दया** 'पसूका')* समालोचना पिकया वय्कलं थःगु क्वातुगु विश्लेषण व स्पष्ट मूल्याङ्कन यायेगु शक्ति क्यना दिल । वय्कलं समालोचना याना दीगु निगुलिं कृति जीवननाप तस्सकं स्वापू दइगु साहित्य प्रकार जूगुलिं नं वय्कःया दृष्टिकोण कथं हे नं वय्कलं थःगु लेखे यथार्थय् जोड बिया दिल ।

नेपाल भाषाया समालोचना साहित्ये यथार्थवादी समालोचनायात ब्वलंकेत तःधंगु देन व प्रेरणा कवि **सिद्धिचरण** याना दीगु दु । सिद्धिचरणजुया कविताय् हे नं थाय् थासे वय्कःया काव्य व समालोचना सम्बन्धी धारणा पिज्वःगु दु । थ्व च्वय् हे अध्याय १९ स न्ह्यथने धुन । आपालं सफुली 'घःमाः' या नामं भूमिका च्वया दीवेले व **'झी भायया झी कवि चित्तधर'** धयागु लेखे सिद्धिचरणजुया समालोचना छगू कृतियात कया मखु छम्ह कवियात कया यायेगु प्रवृति दु ।

नेपाल भाषाया आपालं कृति छगू छगू याना समालोचना याना दीम्ह **जनकलाल वैद्य**जुं नेपाल भाषाया समालोचना क्षेत्रे गाक्कं देन बिया दीगु दु । बरु वय्कलं कृतितय् मूल्याङ्कनसिकं व्याख्याय् अपो जोड बिया दी । मूल्याङ्कन याना दीथाय् छुं 'क्लासिकल' नियमयात कसी याना दी । जनकलाल वैद्यजु रत्नध्वज जोशीजुया 'क्लासिकल' समालोचना व चित्तधर 'हृदय' जुया 'इण्डक्टिव' समालोचनाया दथुइ ला ।

**आशाराम शाक्य**जुया छगू निगू लेखे वय्कलं समालोचकयाके दयेमागु तेल्ला मिखा, ज्ञान, अनुभव व अनुशासनया परिचय बिया दीगु दु । वय्कलं समालोचना क्षेत्रे अपो ई बिया मदीगु नेपाल भाषा साहित्ययात छगू दुर्भाग्य खः ।

मेपिं न्ह्यथने वहपिं निम्ह समालोचकपिं **ईश्वरानन्द श्रेष्ठाचार्य** व **झूलेन्द्रमान प्रधान**जुपिसं नेपाल भाषाया समालोचनाया सैद्धान्तिक पक्ष व कृतिया समालोचनाय् नं ल्हा तया दी । ईश्वरानन्दजुं याना दीगु कृतिया समालोचनाय् स्पष्ट हे यथार्थवादी दृष्टिकोण ज्वना दीगु दु । वय्कलं स्वयादीगु मिखा यथार्थवादी जू, बरु वयकः छम्ह प्रभावशाली समालोचक जुयेत भावावेश तोते मानि । अले समालोचना-क्षेत्रे गुटबन्दी थें थः विचारधाराया लेखक वा कृतियात जुल धायेव त्रुटिइ नं मिखा तिस्सिना बिइगु बानि वय्कःयाके दु । विचार जक बांलानां मगा, कलात्मकता नं मा, 'राजनीति व कलाया



आशाराम शाक्य



ईश्वरानन्द श्रेष्ठाचार्य



झूलेन्द्रमान प्रधान



सूर्यबहादुर शाक्य

एकता, विषयबस्तु व रूपया एकता, क्रान्तिकारी राजनैतिक विषयबस्तु व कलात्मक रूपया सर्वोच्च सम्भव पूर्णताया एकता' *(माओ चे तुङ)* मा धयागु खँय् ईश्वरानन्दजुं कृतिया समालोचना याइबेले मिखा तिस्सिना बिइ यो। बरु वय्कलं **'सौन्दर्य व आलोचना'** सफू च्वया समालोचनाया सैद्धान्तिक पक्षयात क्वातुगु देन बिउगु दु। समालोचनाया मार्क्सवादी दृष्टिकोणयात यइपुगु व अपगु शैलीं मौलिक लेख च्वया दिल।

झलेन्द्रमान प्रधानजुं च्वय् धयाथें समालोचनाया सैद्धान्तिक पक्ष व कृतिया समालोचना निखें ल्हा तया दीसां सैद्धान्तिक पक्षे अपो वय्कःया देन न्ह्यथने बह जू। वय्कःया **'काव्यया स्वभाव'** ब्वति १ सिद्धान्तयात व्यावहारिक उदाहरणं क्यनेगु (आय्प्लाइड क्रिटिसिज्म) छगू कुतः खः। थ्वजोगु सफू नेपाल भाषाय दकले न्हापांया थ्व खः। झलेन्द्रमान प्रधानजुया दृष्टिकोण समालोचनाया यथार्थवादी प्रवाह दुने ला। वय्कःया अभिव्यक्तिया शैली भचा क्लिष्ट जूगुलिं थुइके थाकु, शैली अःपुकेगु व भाषा भचा छ्यलेगु याये मानि।

छुं छगू विशेष नियमयात कसी याना उकी दुने लाक्को बांला, मेगु फुक्क बांमला धाइगु 'क्लासिकल समालोचना' व थःत तस्सकं प्रभाव लागु छता निता जक खँ कया छुं कृतिया समालोचना याइगु 'इण्डक्टिव' समालोचना नितांया विरोधे दना वोम्ह न्ह्यथने बहम्ह छम्ह समालोचक कमलप्रकाश मल्लजु खः। समालोचनाया क्षेत्रे दुहाँ वसांनिसें हे वय्कलं थःगु प्रभाव थ्व क्षेत्रे लाका दिल। **'झीगु मतिनाया म्ये : छगू दृष्टिकोण'** व **'झी कहानी विशेषाङ्क'** थेंजोगु अवलोकन (रिभ्यु) लेखे हे वय्कलं थःगु प्रतिभा क्यना दिल। वय्कःयाके अध्ययन दु, तेल्ला मिखा दु, अले भावावेश व पूर्वाग्रह मदु। छम्ह समालोचकयात दकले मागु अन्वेषण-भावना, संवेदनशीलता व अनुशासन वय्कःयाके दु अःपुगु भाषा व स्पष्ट शैलीं ध्वाथुइकेगु शक्ति जक वय्कलं विकास याये मानि। **'नःलि कविता व निम्ह आलोचक'** लेखे वय्कलं निम्ह आलोचकया वादविवादे मध्यस्थता मखु जजया ज्या याना थःगु पारख यायेगु व कोजिइक धायेगु बानि क्यना दिल। **'नःलि स्वना'** आलोचना संग्रहया भूमिका (सफू-न्ह्यथना) नेपाल भाषाया समालोचनायात वय्कःया दकले तःधंगु देन खः। ख ला संकलनया दृष्टिं 'नःलि स्वना' य् त्रुटि दु, थ्व प्रतिनिधि संकलन मजू अले संग्रहस दुथ्यागु लेखत लेखकपिनि दकले बांबांलागु रचना नं मखु। थुकथं थ्व संग्रहया लेखतय्सं लेखकपिनि गाक्क प्रतिनिधित्व नं मया, थ्व खालि विषयया दृष्टिं जक फक्को अपो विषय दुथ्याकेगु कुतः खः। तर उकिया भूमिका (सफू न्ह्यथना) नेपाल भाषाया समालोचनाया छोटकरी इतिहास जूगु दु। लेखकया दृष्टिकोण थुलि स्पष्ट जूगु दु, अले थुकी पूर्वाग्रह व भावावेशं मुक्त जुया अन्वेषणया भावना थुलि क्वातु कि 'नःलि स्वना' य् दुथ्यागु दक्को लेखसिकं थ्व भूमिकां नेपाल भाषाया समालोचना साहित्ययात गुहालि जूगु दु। सैद्धान्तिक पक्षे धासा मल्लजुया छुं निश्चित प्रवाह मदुनि, छगू प्रवाहे थ्याका छ्वयेगु कुतः जक जुया च्वंगु खने दु, अथेसां नेपाल भाषाया दकले च्वन्ह्यापिं समालोचक मध्ये छम्ह जुइगु लक्षण कमलप्रकाश मल्लजुयाके खने दये धुंकल।

मेपिं समालोचकपिं मध्ये नेपाल भाषा समालोचनाय् छगू निगू जक लेख च्वयादिया जूसां **सूर्यबहादुर शाक्य**जुं नां काये बहगु देन बिया दीगु दु। वय्कःया समालोचनाय् कृतिया पूवंक विश्लेषण याना व्याख्या याना अले छुं निर्णय नं बिइगु प्रवृत्ति दु। समालोचकं कृतिया पारख नं यायेमा, छु बांला बांमला धका थःगु मत बिइ हे मा, तर उलि जक मखु छम्ह लेखक वा वया कृति वाला स्वया उकिया गुण माला पाठकयात क्यना बिइमा धयागु विचार सूर्यबहादुर शाक्यजुया। समालोचकं लेखकयात सहानुभूतिया मिखां स्वयेमा, लेखकयात तुति ज्वना सालेगु ज्या समालोचकं याये मजिउ, सुं लेखकया छु गुण दु व माला पाठकयात क्यना बिइगु अर्थात लेखक व पाठकया दथुइ स्वापू जुइकथंया ज्या समालोचकं याइ धयागु धारणा कया शाक्यजुं च्वया दी। थ्व खँय् सूर्यबहादुर शाक्यजुया दृष्टिकोण रामहरि जोशी, चित्तरञ्जन व आशाराम शाक्यपिं नाप जोला। छुं कट्टर नियमं थःत चिका व हे नियमयात कसी याना कृतियात ब्वनेगु स्वयेगु 'क्लासिकल' प्रवृतिया विरोध वय्कःपिं सकसियां खः।

**'सितु'** पत्रिकाया प्रकाशन जुसांनिसें छपुचः न्हूपिं ल्यायम्हपिं समालोचकपिनि लेख इलेबेले पिहाँ वयाच्वंगु दु। थ्व न्हूगु पुचः फुक्कसित छगू पुचःधाये थाकु, अमि सकसियां छगू दृष्टिकोण मजू। तर छता खँय् वय्कःपिनि समानता दु, वय्कपिंसं च्वछापिंन्त तस्सकं ल्हवना आकाश थ्यंकेगु व आलोचना यापिंत तुति हे ज्वना सालेगु। थ्व पुचःया समालोचकपिं मध्ये छखलःसिके पुलांगु फुक्कया विरोध यायेगु, फुक्क न्हूगु मालेगु, समालोचनाया मान्यता नं न्हूगु हे छुं ल्ययेगु प्रयास दु, तर न्हूगु मलुनि, माला हे च्वना तिनि धयागु खँ स्पष्ट हे खनेदु। अले मेगु छखलः दु थःत जीवनवादी व प्रगतिवादी धका धया तर जीवनवादयात गलतकथं थुइका कृतिया उपयोगिता जक स्वया मेगु फुक्क वास्ता मतयेगु प्रवृति दुपिं। थ्व निखलःयाके नं छता है त्रुटि दु। वय्कः पिंके अध्ययन नं दु, कम से कम अध्ययन यायेगु प्रयत्न दु, समालोचकयात मागु दुने थ्यंक खंकेगु तेल्ला मिखा दु, विश्लेषण यायेगु प्रतिभा दु, तर छता तस्सकं मागु वस्तु मदुनि – व खः संयम। अथेसां भचा लिपा विकसित व परिपक्क जुइबेले नेपाल भाषाया समालोचना साहित्ययात दुकुलुगु देन बिइपिं छम्ह निम्ह समालोचकपिं थ्व पुचलं पिहाँ वइतिनि धका आशा कायेफु। **(कथहं)**

# याकति अजिमाको पीठ



ओम धौभडेल

भक्तपुर नगर चारैतिरबाट अष्टमातृका देवीहरूबाट सुरक्षित एक प्राचीन नगर हो। श्री यन्त्राकार नगरको चारैतिर ब्रम्हायणी, माहेश्वरी, कौमारी, बैष्णवी, बाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मी देवीहरू विराजमान छन्। यी देवीहरूलाई यहीकै नेपालभाषामा क्रमशः वाता अजिमा, बातां अजिमा, पसी अजिमा, नकिंजु अजिमा, याकति अजिमा, इनमा अजिमा, मसां अजिमा, भोतिं अजिमाले चिनिन्छ। यसमा याकति अजिमा एक प्रख्यात अजिमा हो।

नेपालमण्डलमा मातृकाशक्तिको बोलबाला भएदेखि नै बाराही अर्थात याकति अजिमाको ठूलो स्थान रहँदै आएको छ। तन्त्रमा सप्तमातृकाको नाम लिँदा *'ब्राम्ही माहेश्वरी चण्डी बाराही बैष्णवी तथा। माहेन्द्री चैव बाराही चामुण्डा सप्त मातर।'* भनी बाराहीलाई पनि उच्च स्थानमा राखेको पाइन्छ। त्यस्तै, नगरको चारैतिर रहेका अष्टमातृकाहरूमा पनि *'ब्राम्ही माहेश्वरी चैव कौमारी बैष्णवी तथा। कौमारी चैव चामुण्डा चर्चिकेत्ष्ट मातर॥'* भनी बाराहीको आराधना गरेको पाइन्छ। त्यसो त बाराही अर्थात याकति अजिमाको स्थान श्रीयन्त्रको दक्षिण दिशामा हो। शास्त्रअनुसार वास्तुको दक्षिण दिशामा सदैव यमराजादी र बाराही देवी रहेकी हुन्छ। वास्तुको कुल योगफललाई ८ ले भाग लगाउँदा शेष ३ आएमा त्यो सिंह लक्षण मानिन्छ। जुन दक्षिण दिशाकै प्रतिनिधित्व गर्दछ। सिंह लक्षणयुक्त वास्तुमा सदैव साहसी व्यक्तिको लागि उपयुक्त हुने हुँदा यस्ता वास्तु सेनापति, सेना जस्ता क्षत्रीयको लागि उपयुक्त मानिन्छ। तर हालको भक्तपुरको नक्सामा बाराही अर्थात याकति अजिमा नैऋत्य कोण (दक्षिण पश्चिम)तर्फ रहेको देखिन्छ। वास्तवमा याकति अजिमाको स्थान दक्षिण नै हो। यो विचारणीय छ। याकतिडोमा रहेको देवीको पीठ भक्तपुरमा रहेको अरू पीठहरू भन्दा आर्कषक शक्तिशाली पीठ पनि मानिन्छ। कुनै बेला मूल मसान रहेको यो पीठ तेखाडो र पाण्डोको बिचमा रहेको याकतिडोमा अवस्थित छ। लिच्छवि राजा आनन्ददेवले नेपाल संवत् २६७ मा श्रीयन्त्राकार भक्तपुर नगर बसाउँदा नै नगरको चारैतिर विभिन्न देवीहरूको पीठ स्थापना गरेको वंशावलीमा उल्लेख छ। यसै क्रममा याकतिडोमा बाराही देवीको अनाकृत मूर्तिहरू सहित पीठ स्थापना भएको मानिन्छ। यतिबेला सम्म मातृका देवीहरूलाई छुट्टाछुट्टै स्थापना गर्ने चलन आएको थिएन। उदाहरणको लागि भक्तपुर नगरकै अन्य पीठहरूमा स्थापित लहरै ढुङ्गाको मूर्ति होस वा अन्य ठाउँका मातृकाका मूर्तिहरू हेरे स्पष्ट हुन्छ। इस्वीको प्रारम्भिक कालमै नेपालमण्डलमा यसरी सप्तमातृकाका मूर्तिहरू स्थापना गर्ने प्रथा आइसकेको थियो। पाटन सिकबहिको उमामहेश्वरको मूर्तिको अगाडि रहेको सातओटा ढुङ्गाहरू होस् वा नेपालमण्डलमा अन्य ठाउँका प्राचीन सप्तमातृकाका अनाकृत प्रस्तर मूर्तिहरू यसको प्रमाण हो। त्यस्तै याकति अजिमाको याकतिडोस्थित पीठमा पनि एक समूहमा अनाकृत मूर्ति स्थापित छ। बिचको ढुङ्गा अलि ठूलो र छेउ छेउको सानो छ। ने.सं. ७९२ मै यहाँ जगतीको चारैतिर जोडा सिंह, शार्दुल, बाघ र हात्तीको स्थापना भइसकेको हुँदा राजा जितामित्र मल्लकै शासनकालको सुरुआतमै याकति अजिमाको मन्दिर भव्य रूपमा स्थापना भइसकेको मानिन्छ। यसैबिच नेपाल संवत् ८०१ मा आएको महाभूकम्पबाट मन्दिर भत्केकोमा पछि राजा भूपतिन्द्र मल्लले ने.सं. ८२८ मा प्रस्तरको अति आर्कषक भव्य छेफः सहित मन्दिर निर्माण गरेको थियो। यसपछि राजा रणजित



भक्तपुरको याकति अजिमाको द्यःछेँ

मल्लको पालामा विभिन्न कीर्तिहरू थप्ने काम भयो। ने.सं. ८६२ मा निर्माण भएको याकति हिति तथा फलेचा यसको एक प्रमाण हो।

यसरी याकति अजिमाको पीठमा मल्लकालमा नै एक भव्य मन्दिर रहिसकेको थियो। याकति अजिमाको द्य:छेँ देखि पीठसम्म ढुङ्गाले बाटो छाप्ने काम ने.सं. ९४२ मा शंकर महांको छोरा राजनरसिंह महां चगुथीले गरे। ने.सं. ९५४ को भूकम्पले यहाँका धेरै कीर्तिहरू नष्ट भयो। त्यसपछि याकति अजिमाको पीठ वरपर दाताहरूले थुप्रै कीर्तिहरू थप्ने काम गरे। वर्तमान अवस्थामा यहाँ रहेका प्रायः सम्पदाहरू यी समयका देखिन्छ। याकति अजिमाको पीठको अगाडि रहेको तीनतले सत्तल ने.सं. ९६२ मा तेखाचो टोलका कृष्णनारायण जोन्छेका दुई छोराहरू धनमुनि र केशवनारायणको कीर्ति हो। पीठको पछाडिको पाटी ने.सं. ९८१ मा भिंख्वालानी जोन्छेको कीर्ति हो। मन्दिरको मूलढोका माथिको अति आकर्षक तोरण ने.सं. ९७५ मा मंगलाछेका जतनसिह, हेमनरसिह, बिलमानसिहको कीर्ति हो। त्यस्तै नेपाल संवत् ९७८ देखि याकति फलेचामा ख्यो दाफा सुरु भयो। ने.सं. १०१० देखि धलचा भजन प्रारम्भ भयो। ने.सं. १०२५ मा मन्दिरको दाँयापट्टी तिका कीर्ति झ्य:लाई पित्तलले मोड्ने काम गरे। सोही साल याकति खोला माथि पक्की पुल बनाउने काम तेखाचोका साम्बकुमार प्रधानाङ्ग र तारिणीकुमार प्रधानाङ्गको अगुवाईमा सम्पन्न भयो। ने.सं. १०२६ मा दथु बिजुक्छेँ अनन्तनारायण र मोहनलक्ष्मी मातापिताको सम्झनामा देवीदास लगायतका बिजुक्छेँ परिवारले मन्दिर भित्रका खम्बाहरू पित्तलले मोड्ने तथा धलौटको दुई सिंहहरू राखे। त्यस्तै ने.सं. १०२७ मा तेखाचोका कृष्णलाल बल्ल र पन्चलाल बल्लले मन्दिरको पूर्वपट्टीको ठूलो घण्टा राखे। आदि अनादि कालदेखि दक्षिणदिप रहेको यो स्थानमा निरन्तर धुनी जगाउन ने.सं.१०३९ देखि सन्यासी केदार बनबाबाले अखण्ड धुनी जगाउने ब्यवस्था गरे। जुन आजपर्यन्त चल्दै आएको छ। याकति द्य:छेँदेखि पीठसम्म जाने बाटो बिग्रेपछि ने.सं.१०४१ मा तेखाचोका सरदार कृष्णमान प्रधानाङ्गले बाराही पुलदेखि वंशगोपालसम्म ईँटा छाप्ने काम गरे। ने.सं. १०५७ मा मन्दिर भित्र ढलौटको घण्टा राख्ने काम तेखाचोका बिकुलीका पनाती राजमानका नाति लतमानको छोरा हेलमान बल्लले गरेको थियो। यो ढलौटको घण्टा बिग्रेपछि पुनः हेलमान, उनको छोरा पुर्णबहादुर, उनको छोरा नारायणबहादुर, उनको छोरा सुरेश बल्ल समेत भई नेपाल संवत् ११ १२ मा जीर्णोद्धार गरे। यसरी मन्दिर भित्रको एउटै कीर्तिबाट बल्ल परिवारको ८ पुस्ताको नामावली प्रकाशमा आएको छ।

ने.सं. १०५९ मा लक्ष्मी बहादुर कायस्थले मन्दिर भित्र टायल छाप्ने काम गरे। त्यस्तै मन्दिरको जगतीको २१६ ओटा ढलौटको डल्लु ने.सं. १०८९ मा तेखाचोका पुर्णबहादुर बल्ल मार्फत भयो। त्यस्तै याकति अजिमाको सम्मुख जगतीको १०८ सुकुण्डा डल्लु ने.सं. १०९५ मा नासमनाका रत्नकेशर सैंजु र परिवारले चढाएको कीर्ति हो। सोही वर्ष याकति अजिमाका भक्तहरूको सहयोगमा धारा, टहरा निर्माण सम्पन्न भयो। ने.सं. १११२ मा याकति अजिमाको चारैतिरको छाना तामाले छाउने काम सम्पन्न भयो। यसमा पूर्व दिशाको छाना तेखाचो टोलका स्व. बिकुलाल बल्ल तथा विश्वबहादुर बल्लको परिवारको सहयोगमा सम्पन्न भयो। पश्चिम तर्फको छानामा तामाको पाता छाउने काम तेखाचो टोलका पुर्णबहादुर बल्ल र नारायणबहादुर बल्लबाट भयो। दक्षिण दिशाको पाता तामाले छाउन तेखाचो टोलका स्व. दुर्गेशमान मल्ल तथा माता मैयानानी मल्लको नाममा उनीहरूको सुपुत्र रविन्द्र मल्लले गरे। उत्तरतर्फको छाना तामाले छाउन भक्तपुर विकास सहयोग सङ्घले जिम्मेवारी बहन गरे। त्यसबाहेक विभिन्न समयमा विभिन्न दाताहरूले चढाएका कीर्तिहरूले याकति अजिमाको मन्दिर झकिझकाउ छ। मन्दिर भित्र दायाँ एक भव्य गणेशको मूर्ति छ, बायाँ भैरवको मूर्ति छ। गणेशको दर्शन पश्चात याकति अजिमाको पूजा गर्ने चलन छ। त्यसपछि भैरवको दर्शन गर्ने चलन छ। यहाँ रहेको गणेशको मूर्ति अति नै भव्य देखिन्छ। सिंह आसनमा रहेको गणेशको चारहात छ। जसमा अक्षमाला, मुलासहितको अभय मुद्रा, बन्चरो र लड्डु देख्न सकिन्छ। यता उही आकारमा रहेको भैरवको मूर्ति पनि उतिक्कै आर्कषक अनि भव्य छ। चारहातको भैरवको मूर्तिमा खड्ग, अंकुश, खत्वाङ्ग, आयुध छ। तर यहाँ याकति अजिमाको कुनै मूर्त रूप नदेखिँदा कता कता याकति अजिमा प्रति चासो नदिएको हो की भन्ने लाग्ला। तर यहाँ मात्र होइन, भक्तपुर नगरका अरू पीठहरूमा पनि अजिमा देवीहरूका मूर्तिको ठाउँमा अमूर्त नै छ। यहाँ जस्तै लहरै ढुङ्गाहरू रहेको छ। यतिबेला सम्म मातृका देवीहरूलाई छुट्टाछुट्टै स्थापना गर्ने चलन आएको थिएन। उदाहरणको लागि भक्तपुर नगरकै अन्य पीठहरूमा स्थापित लहरै ढुङ्गाको मूर्ति होस् वा अन्य ठाउँका मातृकाका मूर्तिहरू हेरे स्पष्ट हुन्छ। तर, ती अनाकृत प्रस्तरका मूर्तिहरू सप्तमातृकाको समुह हो भन्ने ठोस प्रमाण त हरेक वर्ष बिस्का जात्राको दौरान ब्रम्हायणी पीठमा राखिने इलांबाट थाहा हुन्छ। बिचमा ब्रम्हायणी देवी र अन्य तीन तीन देवीहरू दुईतिर रहेकोमा बँदेलको मुखाकृति रहेकी बाराही देवी सजिलै चिन्न सकिन्छ। यसैगरी याकति अजिमाको पीठमा


पनि बिचमा बाराही रही अन्य तीन तीन देवी दुई तिर रहेको मान्न सकिन्छ। बाराही अर्थात याकति अजिमाको स्वरूप बारे अनेक पुराण, ग्रन्थ, तन्त्र, आख्यान, किंवदन्तिहरूमा उल्लेख नभएको होइन। कालो बादलजस्तै कालो वर्णको त्रिनेत्रधारी, ठूलठूला स्तन भएकी, बँदेलको मुखाकृतिमा दाह्रामाथि पृथ्वी उचालिरहेको, चार हातमा दायाँतर्फ दुई हातमा खड्ग र अंकुश लिएकी, बायाँतर्फ दुई हातमा ढाल र पाश लिई घोडा माथि सवार अति डरलाग्दो देवी भनी याकति अजिमालाई वर्णन गरेको छ। तर, भक्तपुरवासीको नजरमा याकति अजिमा अलि फरक पाइन्छ। विशेष गरी बँदेलको मुखाकृति भई रातो वर्णकी, चारहातमा क्रमशः अंकुश, फलाम, बिन्दु र पात्र लिएकी, हिरामोती जडित जामा पहिरी राँगो माथि चढेकी देवी मानिन्छ। देवीको रूप अति जाज्वल्यमान भएतापनि अलिकति कुप्रि परेको हुनाले बुरी भनी पनि सम्बोधन गर्ने चलन छ। तर, देवीले प्रायः साना बालिकाको रूपमा दर्शन दिने गरिन्छ। विशेष गरी ठूल ठूला दैवीप्रकोप हुनुपूर्व देवीले बालिकाको रूप लिई क्वनेवासीलाई सूचना दिन्छ भन्ने धारणा छ। वि.सं. २०७२ सालको भूकम्पको दिन पनि भूकम्प आउनु अगाडि एकजना अपरिचित बालिका चिच्याउँदै नगरको द्यःछेँबाट पीठतर्फ गएको देख्नेहरू धेरै छन्। हरेक वर्ष बिस्का जात्राको दौरान चैत मसान्तको दिन हुने तिप्वा जात्राको लागि खोला वरपरको बाटो सफा गरेको छ छैन भनी खोला बगरै बगर साना बालिकाको रूपमा मध्यरातमा हेर्न आउँछ भन्ने धारणा छ। तेखाचोस्थित द्यःछेँमा रहेको देवीको दुई मूर्तिमध्ये सानो आकारको अर्धकदको मूर्ति नै यही बुरिम्हा अजिमाको हो। त्यसबाहेक तेखाचोस्थित देवीको द्यःछेँ भक्तपुरमा रहेको अन्य द्यःछेँहरूमा सबैभन्दा भव्य छ। मूलबाटोसित जोडिएको दक्षिणाभिमुख यो द्यःछेँ भित्र अर्धकदको बुरिम्हा बाहेक एउटा ठूलो आकारको मूर्ति छ। जुन बिस्का जात्रामा द्यःस्वगं बिये जात्रामा सरिक गरेको हुन्छ। यो मूर्तिको स्वरूप भने अलि भिन्नै छ। त्रिनेत्रधारी सो मूर्तिमा ६ ओटा हात छ। जहाँ दायाँतर्फ तीन हातमा करौटी, बज्र र खप्पर छ भन्ने बायाँतर्फ अर्को तीन हातमा खत्वाङ्ग, मुण्ड र बिन्दु छ। बाहन बेताल छ। भक्तपुरमा बिस्का जात्राको दौरान द्यः स्वगं बिये गर्दा द्यःछेँ बाहिर निस्कने सबैभन्दा ठूलो आकारको देवी यही याकति अजिमा हो। तर, सापारुको दौरान गरिने बाराही जात्रामा भने अर्धकदको बुरिम्हा अजिमाको जात्रा हुन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा त, अन्य अष्टमातृका वा नवदुर्गा नै किन नहोस्, सबैको नेपालभाषामा फरक फरक अजिमाको नामले सम्बोधन गर्ने चलन छ। तर, बाराहीलाई याकति अजिमा नै भनी राख्नु पर्दैन। मात्र अजिमाले पनि याकति अजिमा नै हो भन्ने सम्झिने चलन छ। त्यतिमात्र होइन, तालाक्वस्थित जेठा गणेशको इलाकादेखि नगरको तल्लो भेग सबै जसलाई यहाँ न्हयस त्व भनिन्छ मा यही अजिमाको इलाका हो। त्यसैले बिस्का जात्राका भैरव भद्रकालीको जात्रामा जस्तै बाराहीको हुने जात्रामा असङ्ख्य जात्रालुहरू सहभागी भएको हुन्छ। विशेष गरी तेखाचोस्थित द्यःछेँदेखि मुलाखु गणेश हुँदै याकतिडोस्थित पीठसम्म त अजिमाको मूल बाटो नै भयो।

त्यसबाहेक घटखा, नासमना, कोलाछेँ, लाँबोछेँ, मलाछेँ, तघंलाछि, दुमलाचा, थुचो, वंशगोपाल, दोक्छेँ, इताछेँ, तँको, भार्वाचो, तःज मला, बजिंगां, डोफलय, इचाडो, तेखाडो लगायतको इलाका अजिमाको इलाका हो। यसको प्रत्यक्ष दृश्य हरेक वर्ष श्रीनवदुर्गा भवानीको डालाकेगु नाचबाट थाहा पाउन सकिन्छ। त्यस्तै बाराही अजिमाको बिस्का जात्राको दौरान त्व मुंकेगु जात्रामा पनि देख्न सकिन्छ। बिस्का जात्राको चैत मसान्तको दिन योसींख्यःमा योसीं द्यः उठिसकेपछि मात्र यहाँको बाराहीको तिप्वा जात्रा गर्ने चलन छ। यसको लागि आफ्नो ठाउँको तिप्वा जात्रा चाँडै सकोस् भन्ने अभिप्राय यहाँका हरेक अजिमाका सन्तानहरूमा ब्याप्त भएको हुन्छ। यसमा याकति अजिमाका आचाजुहरूले तान्त्रिक विधिबाट योसीं चाँडै उठोस् भनी कामना गरिरहेको हुन्छ। अनि यही अजिमाको इलाकामा बसोबास गरिआएका शिल्पकार, शिलाकार, अवाल जस्ता प्राविधिक ज्ञान भएका बासिन्दाहरू योसीं ख्यःमा योसीं उठाउन पुगेको हुन्छ। त्यहाँ बलभन्दा बुद्धिको उपयोग गर्नमा उही प्राविधिक ज्ञान भएकाहरूको खाँचो परिरहेको हुन्छ। त्यतिमात्र होइन आफ्नो इष्टदेवीको लागि ज्यानप्राण नै दिएर आएको हुन्छ। बाराही याकति अजिमाप्रतिको भक्तीभाव हरेक न्हयस त्वःबासीमा ओतप्रोत भरिएको हुन्छ।

## हाम्रा मौलिक सामग्री







*पेटारो (१७ औँ शताब्दी) कसौडी र तुवा (१९ औँ शताब्दी)*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

सन्दर्भ : ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

# नेपालमा महिला मुक्तिको प्रश्न र राजनैतिक व्यवस्था

अनिता

महिलाको सामाजिक, आर्थिक र राजनैतिक अवस्थाले कुनै पनि देश र समाजको अवस्था कस्तो छ भन्ने बुझ्न सकिन्छ। देशमा महिलाको अवस्थाले त्यहाँको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक विकास, विचार र मूल्यहरूलाई पनि अध्ययन गर्न सक्छौँ। नेपालको इतिहास हेर्ने हो भने लोग्ने मर्दा स्वास्नी सती जानुपर्ने समयबाट राज्यको मुख्य पदमा महिला पुगिसकेको अवस्था छ। हामीले संसारकै ईतिहासलाई हेर्ने हो भने निजी सम्पत्तिको विकास हुनुपूर्व मातृसत्तात्मक व्यवस्था थियो। **एंगेल्स**ले भन्नुभएको छ ' *पितृसत्तात्मक परिवार कृषिको विकासको साथ देखा पऱ्यो, जहाँ पुरुषहरूले पशु, औजार र जग्गामा निजी सम्पत्तिको विकास गर्न थाले, र थप अधिशेषलाई नियन्त्रण गर्ने प्रयास गरे र आफ्ना उत्तराधिकारीको वैधता सुनिश्चित गर्नु र सम्भवतः महिलाहरू नियन्त्रण गर्न, पुरुषहरूले घर र समाजमा प्रभुत्व स्थापित गरे, र विरासतको पितृवंशीय रेखाहरू स्थापना गरे।'* एंगेल्सको यो भनाइबाट पनि हामी स्पष्ट हुनसक्छौँ की जब उत्पादन र उत्पादन सम्बन्ध परिवर्तन भयो समाज मातृसत्ताबाट पितृसत्तात्मक हुँदै गयो। पितृसत्ताको स्थापनासँगै सती, बहुविवाह, देउकी, झुमा, बोक्सी जस्ता प्रथाहरूको विकास गर्दै अन्धविश्वासलाई बढावा दिँदै समाजमा पुरुषहरूको बर्चस्व कायम गर्न महिलालाई वस्तुकोरूपमा चित्रण गरेको छ। यसै विषयमा संस्कृति शिरोमणी डा. **हरिराम जोशी**ले भक्तपुरको विस्केत जात्रा एक राजनितिक नेतृत्व लिई राज्य सञ्चालन गरिरहेकी रानीलाई विषकन्याको संज्ञा दिई पुरुषपात्रले पितृवंशीय राज्य स्थापना गरेको हो भनेका छन्। यसलाई उत्सवकोरूपमा मनाईंदै आउनुबाट पनि के स्थापित गर्छ भने एंगेल्सले भन्नुभएझैँ उत्पादनसम्बन्धमा परिवर्तनसँगै महिलाको ऐतिहासिक पराजय भयो र महिलाहरूलाई दास वा सन्तान उत्पादनको स्रोतको वा वस्तुकोरूपमा मात्र परिवर्तन गरेको स्पष्ट हुन्छ। योसँगै नेपालमा राजाहरू तथा राणा शासकहरूले महिलाहरूलाई कुदृष्टि, यौन दासता तथा मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्दथ्यो। शासकहरूको कुदृष्टिबाट महिलाहरूलाई बचाउन प्रत्येक घरमा लगाईएको आँखीझ्यालले महिलाहरूको तत्कालीन समयको उत्पीडन स्पष्ट पार्छ। समयसँगै शोषणको तरीका फरक भएपनि हालसम्म महिलालामाथि क्रुर दमन र अमानवीय व्यवहार भइरहेको छ भन्ने कुरा हरेक दिनका समाचारहरूबाट हामीले बुझ्न सक्छौँ।

## सामन्तवादी व्यवस्थामा नेपाली महिला

उत्पादनसम्बन्ध र व्यवस्थाको परिवर्तन भएसँगै महिलामाथिका शोषणका तरीकाहरूमा परिवर्तन हुँदै आएको छ। सामन्तवादी र पुँजीवादी समाजमा शासक वर्गले कामदार वर्गलाई शोषण गर्छ तर महिलामाथि भने अर्को एक तहको शोषण हुन्छ। **माओ त्सेतुङ**ले तत्कालीन परिस्थितिमा महिलाको अवस्थाबारे भन्नुभएको थियो *'एक जना पुरुष विशेषगरी तीन किसिमका सत्ताको थिचोमिचोमा परेका छन्, ती हुन् राजनीतिक, पारिवारिक र धार्मिक सत्ता तर महिलाहरू भने यी तीन सत्ताका साथै थप अर्को एउटा सत्ताको थिचोमिचो भोग्दै छन्, त्यो हो पुरुष सत्ता।'* उहाँले भन्नुभए जस्तै नेपालमा पनि यी चारओटै सत्ताले महिलामाथि कठोर शासन गरेको छ। यसरी नै नेपाली महिलाहरूको अवस्था पनि सबैभन्दा तल्लो वर्गभन्दा पनि तल रहेको छ। महिलाहरूको काम लुगा धुने, खाना पकाउने, सन्तान स्याहार गर्ने, लुगा बुन्ने, खेतबारीको काम गर्ने हो साथै समाजले यो सबै कार्यलाई श्रमको संज्ञा दिइएको छैन। यसको मुख्य कारण भनेको यस्तो कार्यहरूले पुरुषको सेवा त गर्छ तर अर्थ उपार्जनमा भने सिधै मद्दत गर्दैन जसले पुरुष सर्वोच्चताको स्थापित गऱ्यो। यसको कारण कुनै पनि विषयको निर्णय गर्ने अधिकार, बौद्धिक चिन्तन गर्ने कार्य पुरुषको भूमिका मुख्य हुन गयो। महिलालाई शारीरिक र मानसिक रूपमा कमजोर छ भन्ने कुरालाई स्थापित गराइयो। पोथी बास्नु हुन्न, अर्काको घर गरी खाने, बिहे नहुञ्जेल बुबाको, विवाहपछि पतिको र पतिको देहान्त पश्चात महिला छोराको अधिनमा बस्नुपर्छ जस्ता मान्यताको निर्माण गराइयो। पति मरेपछि महिलाको अस्तित्व नै नस्वीकार्ने खालको प्रथालाई स्थापित गरियो। उदाहरणको लागि लोग्ने बितेपछि पवित्र मानिएका कुनै पूजाकार्य वा सामाजिक व्यबहारहरूमा अगाडि बसेर कार्य गर्न नहुने प्रचलनलाई विकास गरियो। यस्तो कार्यले महिलाको आत्मसम्मान नै नरहेको वा आफ्नो बारेमा निर्णय पनि गर्ने अधिकारबाट वञ्चित गरीयो। पितृसतात्मक समाजले महिलामाथि अधिकार जमाउने क्रममा महिलालाई कुनै पनि पुरुषसँग बोल्न पनि नहुने, एकदमै अलग बस्नुपर्ने, अरूको अगाडि नहाँस्ने, कुर्कुचासम्म छोपिने सारी, सधैँ पछ्यौरा या घुम्तो ओढ्नु पर्ने। गधा, ढोलक र महिला कुटिरहने चिज हो, हाँस्नु हुन्न नारी जन कदापी, वेश्या हुने हाँस्तछन् भनी

लेखिएका साहित्यले पनि त्यो वेलाको समाजको विम्व प्रस्त पार्दछ । यस प्रकार महिला एक संवेदनहीन, विचारहीन भएर बाँच्न बाध्य बनाइए । त्यसैगरी केटी मान्छेको भाउ एक मुठ्ठी सुपारी, केही आना पैसा वा केही माना अन्न भन्ने मान्यताले महिला वस्तुजस्तै कसरी पुरुषको सम्पत्ति हो भन्ने अर्थ्याइएको छ । बिहे गरेर आफ्नो छोरी सन्तानलाई पठाउने बेला भनिने 'पाले पुण्य मारे पाप' भनी सुम्पिएको महिलालाई वस्तुकोरूपमा सम्पूर्ण अधिकार अब बुवाबाट पतिमा सरेको कुरालाई प्रतित गर्दछ । पुराण, ग्रन्थ, शास्त्र जस्ता सामन्तवादी साहित्यहरू मार्फत समाजमा महिलाहरूले पुरुषको सेवा गर्नु नै धर्म हो र महिला सधैँ पुरुषको अधिनमा रहनु पर्ने भाष्यलाई स्थापित गरियो ।

## पुँजीवादी समाज र नेपाली महिला

वर्तमान अवस्थाका कानुनी व्यवस्था, आर्थिक स्वाधीनताका आधार र सामाजिक परिवेशलाई नियाल्ने हो भनी तुलनात्मक रूपमा सुधार भएको देखिन्छ । अहिलेको नेपाली समाज पुँजीवादी समाज हो यहाँ पुँजीपतिहरूको निम्ति कानुन बन्छ । श्रमिक जनताको हितमा सरकारले काम गर्दैन । नेपालको ऐन कानुन तथा राज्य व्यवस्थामा महिलालाई तुलनात्मक रूपमा अधिकार दिएको भान पार्ने प्रशस्त शब्दहरू कोरीए पनि निम्न वर्गका महिला तथा दुर्गम क्षेत्रका महिलाहरूको अवस्था केही दशक अघिको सामन्ती शासनकालभन्दा तात्विक अन्तर हुन सकेको छैन । कानुनमा व्यवस्था भएका अधिकार केवल सीमित माथिल्लो वर्गका महिलाको निम्ति अतिरिक्त अवसर र सुविधा भएता पनि बहुमत कामगरी खाने महिलाहरूको खसीको टाउको देखाएर कुकुरको मासु बेचेझैँ भएको छ । यसै सन्दर्भमा क्रिटिकल लिगल स्कूलका दार्शनिकका अनुसार *'कानून एक विस्तृत राजनीतिक विचारधारा मात्र हो, जुन अन्य राजनीतिक विचारधाराहरू जस्तै, यसलाई गठन गर्ने पार्टी वा वर्गको हितलाई समर्थन गर्न निर्माण गर्दछ । समाजको स्थापित शक्ति सम्बन्धलाई निरन्तरता दिन्छ । कानूनमा तर्क र संरचना हुन्छ, तर ती समाजको शक्तिशाली समूहबाट विकसित हुन्छन् । त्यसैले कानूनलाई विश्वास र पूर्वाग्रहहरूको सङ्ग्रहको रूपमा हेर्छ जसले समाजको अन्यायलाई वैधताको मुखौटा लगाएर ढाक्छ । कानून धनी र राजनैतिक पहुँचले शक्तिशालीहरूले पदानुक्रममा आफ्नो स्थान कायम राख्न प्रयोग गर्ने दमनको साधन हो ।'* देशका शासक पुँजीवादी पार्टीहरूले बनाएका नियम कानुनहरूबाट यो कुरा स्पष्ट हुन्छ । आरक्षणका विभिन्न कानुनहरू बनाई आफ्ना आसेपासे र आफ्नो अधीनमा बस्ने महिलाहरूलाई पदमा पुऱ्याउन सफल भएका छन् र त्यही आरक्षण कै लागि महिलाहरूलाई नाजायज प्रयोग गरेका छन् । तर, महिलाहरूमाथि बलात्कारलगायतका जघन्य अपराध गर्नेलाई मृत्युदण्ड दिन सक्ने कानुनको माग सबैतिर आएपनि त्यसको पहलसम्म पनि गर्न सकेको छैन । कानुनको निर्माण तथा कार्यान्वयन तहमा महिला नै पुगे पनि यो हुन नसक्नुबाट पनि यो व्यवस्थाले कस्को लागि काम गर्छ भन्ने स्पष्ट हुन्छ । उदाहरणको लागि एक समय राष्ट्रपति विद्या भण्डारी, न्यायपालिका प्रमुख सुशीला कार्की र व्यवस्थापिका प्रमुख अर्थात सभामुख ओनसरी घर्ती सहित राज्यका सबै महत्त्वपूर्ण पदहरूमा महिला नै पुगे तर महिलाहरूको उत्थानको निम्ति कुनै महत्त्वपूर्ण कार्य भने भएनन् । त्यसैले महिलाको कति प्रतिशत प्रतिनिधित्वभन्दा पनि कुन वर्गको प्रतिनिधित्व गरेको छ महत्त्वपूर्ण हुन्छ । पुँजीवादी व्यवस्थामा महिलालाई जुनसुकै पदमा पुऱ्याए पनि कामदार वर्गका महिलालाई धेरै फरक पर्दैन । पुँजीवादी व्यवस्थामा कामदार वर्गमाथि शोषण हुन्छ नै । यो व्यवस्थाले नेपाली समाजमा आफ्नै छोरीलाई झुमा देउकीको नाउँमा देवी देवतालाई चढाइने प्रवृत्ति र पति मरेकी श्रीमति पतिसँग जलेर सती जानु पर्ने रिति रिवाजबाट अहिले बुवाले छोरीलाई केही पैसाको लागि बेच्ने, चेलिबेटी बेचबिखन र देह व्यापारमा लगाउने र महिलालाई उपभोग्य वस्तुको रूपमा पुरुषलाई खुसी पार्ने साधनको रूपमा परिवर्तन गराएको छ । यो व्यवस्थाले कामदार महिलालाई उपभोग्य वा भोग्य वस्तुजस्तै प्रयोग गरेको पाउँछौँ । सामान बिक्री बढाउने माध्यमको रूपमा महिला नै प्रयोग भएका छन् । नाफा बढाउन महिलालाई प्रयोग गर्ने पुँजीवादी शैली नै हो । पुँजीवादले महिलालाई मानिसको दर्जा त दियो तर कुन दर्जाको भन्ने सोच्न बाध्य बनाइदियो । महिला पुँजीपतिहरूको लागी सडकको बिच बाटोको होर्डिङ बोर्डमा अर्धनग्न पोस्टरमा रमाउने, राजनीतिमा कोटामा उपलब्ध पद धारण गर्ने प्रतिमा, परिवारमा छोरा जन्माउने मेसिन र कल कारखानामा सस्तो ज्यामी बनाएको छ । महिलाको समान सम्पत्तिको अधिकार सुनिश्चित गर्दा हिजो दाइजोले निम्त्याएको अपराध मुद्दा अब अंशमा गाभिएको छ, अझै शिक्षाको लागि टाढा विद्यालय जाँदा बाटोमा बलात्कार पछिको हत्या, धन कमाउन विदेश जाँदा छोरा छोरीले गरेको आत्महत्या जस्ता समाजका समस्याहरूबाट महिलालाई अधिकार सम्पन्न बनाउने र शोषणबाट मुक्त गर्न अझै पनि ठूलो राजनैतिक फड्कोको आवश्यकता देखिन्छ ।

नेपालको हालको संविधानले स्थानीय तहमा ४० प्रतिशत, प्रदेश र केन्द्रमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गऱ्यो । निजामती कर्मचारी भर्नामा पनि समानुपातिक र समावेशी सिद्धान्तको कारण धेरै महिलाले 'प्रमोसन' र नयाँ

भर्ना पाएका छन् तर समाजको तल्लो तहको महिलाहरूको अवस्थामा भने कुनै तात्विक भिन्नता आएको छैन । शिक्षा, स्वास्थ्य तथा आधारभूत आवश्यकतामा महिलाहरूको पहुँच नै नपुऱ्याई व्यवस्था गरीएका आरक्षणको व्यबस्थाले केही मुट्ठिभर शासक महिलाहरूको उद्धार त गऱ्यो तर महिलाहरूको ऐतिहासिक अवस्था भने परिवर्तन भएको छैन, यो व्यवस्थामा हुन पनि सक्दैन । महिलालाई सक्षम बनाउनुभन्दा आरक्षणको व्यवस्थाले केही समयको लागि राम्रो भएको जस्तो देखिए पनि दीर्घकालीनरूपमा त्यो राम्रो होइन । आरक्षणले प्रतिस्पर्धा गर्ने भावनामा कमी ल्याउँछ । नेपालको संविधान समाजवाद उन्मुख भनिए पनि मूलतः पुँजीवादी हो जसले मुट्ठिभर पुँजीपतिहरूको हितमा नै कार्य गर्दछ । साधन र अभ्यास जस्तो हो परिणाम पनि उस्तै हुन्छ । सिस्नु रोपेर तुलसी उम्रिन्न भनेझैँ पुँजीवादी बन्दोबस्तभित्र कामदार वर्गका महिलाको समानता तथा स्वतन्त्रता सम्भव छैन ।

## कालो बादलमा चाँदीको घेरा

नेपालका बहुसङ्ख्यक महिला कामदार वर्गमा पर्दछन् । शिक्षामा पछाडि पारिएका छन् । कामदार वर्गका महिला सचेत र सङ्गठित नभएसम्म संविधानले दिएका कुनै पनि अधिकारले धेरै ठूलो परिवर्तन ल्याउँदैन भन्ने कुरा छर्लङ्ग नै छ । कामदार वर्गका महिला शिक्षित तथा सचेत भएर राजनीतिक आन्दोलन तथा सङ्घर्षमा नलागेसम्म नेपाली कामदार वर्गका महिलाको स्थिति कष्टकर भइरहने स्वाभाविक हो । महिला चेतनाको द्वार खोल्ने पहिलो साँचो शिक्षा नै हो । आर्थिकरूपमा स्वावलम्बी हुन सीप र शिक्षाको आवश्यकता हुन्छ, यसैबाट स्वतन्त्रताको मार्ग खुला हुन्छ । तसर्थ राज्यले सबैभन्दा पहिला महिलाहरूको निःशुल्क शिक्षाको बन्दोबस्त गर्दै शिक्षामा पहुँच पुऱ्याउन जरुरी छ ।

हाल ख्वप कलेजमा छात्र ३६ प्रतिशत र छात्रा ६४ प्रतिशत, ख्वप इन्जिनियरिङ कलेजमा छात्र ७१ प्रतिशत र छात्रा २९ प्रतिशत, ख्वप कलेज अफ इन्जिनियरिङमा छात्र ८४ प्रतिशत र छात्रा १६ प्रतिशत, ख्वप कलेज अफ लमा छात्र ३१ प्रतिशत र छात्रा ६९ प्रतिशत अध्ययनरत छन् । यो सँगै विभिन्न समयमा विश्वविद्यालयहरूबाट प्रकाशित नतिजाहरूमा उत्कृष्ट र सर्वोत्कृष्ट विद्यार्थीहरूको सूचीमा महिलाहरूको नाम बढी देखिँदैछ । यसबाट उचित वातावरण तयार गर्दा महिलाहरूको सङ्ख्या वृद्धि हुँदै गइरहेको स्पष्ट देखिन्छ । यो नेपालको भविष्यको खाका तयार हुँदै गरेको एउटा उत्तम उदाहरण हो ।

## समाजवादमा महिला

श्रमिक महिलाका समस्या वर्गीय समस्यासँग जोडिएको हुन्छ । वर्गीय समस्याको समाधान नभई महिलाको मुक्ति सम्भव छैन । वर्गमा विभाजित समाजमा उपल्लो वर्गले तल्लो वर्गमाथिको शोषण कायम नै राखेको हुन्छ । उत्पादनका साधन र उत्पादन सम्बन्धले नै संस्कृतिको निर्माणसमेत हुने गर्दछ । समाजवादी व्यवस्थामा सम्पत्तिमा निजी स्वामित्वको ठाउँमा सामूहिक स्वामित्वको व्यवस्थासँगै वर्गीय भेदभाव हट्दै जान्छ । उत्पादनका मुख्यमुख्य साधनको सामाजिकीकरण भएपछि पितृसत्ताका समस्या पनि समाधान हुन्छन् । महिलाले पनि आत्मस्वाभिमानका साथ जिउन पाउँछन् । यथार्थमा समाजवादी व्यवस्थाले मात्र महिलालाई स्वतन्त्र बनाउँछ । क्युवा, चीन, कोरियाजस्ता समाजवादी देशहरूमा राजनीतिक क्षेत्रमा महिलाको भूमिका उल्लेखनीय छ । समाजवादी देशहरूको उदाहरणबाट थाहा पाउँछौँ कि श्रमजीवी महिलाको उत्थानमा समाजवादले महत्त्वपूर्ण योगदान गरेको छ । समाजवादले मात्र महिलाको जीवनमा सुधार ल्याउन शिक्षा, रोजगारी र स्वास्थ्य सेवाको महत्त्वलाई मान्यता दिएका छन् र समानताका लागि कदम चालेका छन् । सोभियत सङ्घ, चीन र अन्य समाजवादी देशरूमा महिलाहरूलाई श्रममा प्रवेश गर्न, उच्च शिक्षा लिन र राजनीतिक जीवनमा भाग लिन प्रोत्साहित गरिएको छ र महिलाको स्वास्थ्य सेवा र प्रजनन अधिकार सुधार गर्ने उद्देश्यले नीतिहरू बनाएका छन् । समाजवादी मुलुकहरूमा रोजगारी, शिक्षा, तलब स्केल सबै बराबरी हुनुका साथै मातृ–शिशुको सम्पूर्ण जिम्मा राज्यले नै लिने हुँदा भेदभावको कुनै गुन्जायस नै हुँदैन । ती देशहरूमा सबैले सम्मानपूर्वक जीवन बिताउन पाइने हुँदा महिलाले कसैबाट खतराको महसुस गर्न पर्दैन । समाजवादी देशहरूमा रातको कुनै पनि बेला महिला जुनसुकै ठाउँमा हिँड्न आफू सुरक्षित ठान्छन् । सोभियत सङ्घमा पनि समाजवाद रहन्जेल मानव जातिको लागि 'स्वर्ग' थियो । त्यहाँ कानुनी र व्यावहारिकरूपमा महिला पुरुषबिच समानता थियो । त्यहाँका जनता अत्यन्त सम्मानपूर्ण जीवन बिताइरहेका थिए । तर, अहिले बेरोजगार भएर कैयौँ महिलाले अर्काको देशमा गएर शरीर बेच्न बाध्य छन् भने कतिले आत्महत्या गर्नुपर्ने अवस्था आएको छ । यही हो पुँजीवाद र समाजवादको बिचको भिन्नता ।

यसर्थ, समाजवादी व्यवस्था नै कामदार वर्गका जनताको लागि सबैभन्दा राम्रो राजनैतिक व्यवस्था हो । देशमा पुँजीवाद रहेसम्म महिलामाथि भेदभाव भइरहने छ । त्यो व्यक्ति विशेषले वा कुनै सङ्गठनले प्रयास गर्दैमा कम गर्न सकिने होइन । पुँजीवादी शासन व्यवस्थाको अन्त्य र समाजवादी व्यवस्थाको उदय महिला मुक्तिको एक मात्र राम्रो विकल्प हो । त्यसैले, महिलाको वास्तविक मुक्तिको निम्ति समाजवादी व्यवस्था नै स्थापना गर्नु आवश्यक छ ।

# महिला सहभागिता बढाउन राजनीतिक चेतना आवश्यक

मञ्जु



*सर्वहारावर्गका महिलाहरूले आफ्नो वर्गका पुरूषहरूको हातमा हात मिलाएर पुँजीवादी समाज र बन्दोबस्तविरुद्ध लड्नुपर्छ, तब महिलाहरूको मुक्ति सम्भव हुन्छ । समाजवादको विकासबिना श्रमिक महिलाहरूको अवस्थामा सुधार हुँदैन ।* यो भनाइ अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र अन्तर्राष्ट्रिय महिला आन्दोलनका नेतृ क्लारा जेटकिनको हो ।

सन् १९१० मा डेनमार्कको कोपनहेगनमा श्रमिक महिलाहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । विभिन्न मजदुर सङ्गठन र समाजवादी पार्टीका श्रमिक महिलाहरूको प्रतिनिधित्व गर्दै सहभागी भएको सो सम्मेलनले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने प्रस्ताव पारित गरेको थियो । सन् १९११ मा अस्ट्रिया, डेनमार्क, जर्मनी र स्विजरल्यान्डमा श्रमिक महिला दिवस मनाइएको थियो ।

हरेक वर्ष ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको रूपमा मनाइन थालेको ११० वर्षभन्दा बढी भयो । तर, श्रमिक महिलाहरूको हकहित र अधिकार एवम् महिला आन्दोलनबारे केही प्रकाशन, सामाजिक सञ्जाल र वेभसाइटहरूबाहेक मूलधार भनिएका पत्रपत्रिकाहरूले यसको समाचार सम्प्रेषणमा प्राथमिकता दिएको देखिँदैन । मार्च ८ को दिनलाई महिलाको त्याग र समाजप्रतिको योगदानको आदर, सम्मान र प्रशंसा गर्ने दिनको रूपमा लिइन्छ ।

नेपालमा पनि हरेक वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइन्छ । यस वर्ष नेपाल सरकारले **'महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी'** भन्ने नाराका साथ ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउँदै छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले फागुन २५ गते अन्तर्राष्ट्रिय महिला दिवस मनाउन, सामाजिक चेतना जगाउन विभिन्न सन्देशमूलक सूचना सार्वजनिक गर्ने तयारी गरेको छ । नेपाली श्रमिक महिला एवम् लक्षित वर्गसम्म पुऱ्याउन कार्यक्रम गरिरहनुपर्छ । एकातिर श्रमिक महिलाहरू दिनभरि पसिना बगाउँदै आफ्ना आवश्यकता पूरा गर्न सङ्घर्ष गरिरहेका हुन्छन् भने अर्कोतिर सरकार औपचारिकतामा श्रमिक महिला दिवस मनाएर सञ्चार माध्यमहरूमा महिला दिवसको चर्चा गरिरहेका हुन्छन् । ती शोषितपीडित, गरिब श्रमिक महिलाहरूमा महिला दिवसबारे जानकार हुँदैन या उनीहरू अनभिज्ञ हुन्छन् । युवाहरू आफ्नो रोजीरोटीको लागि बिदेसिनुपर्ने बाध्यता छ । आफ्ना लालाबाला हुर्काउन र घरेलु काममा व्यस्त ग्रामीण भेगका महिलाहरूलाई के थाहा महिला दिवसबारे ।

उच्च शिक्षा हासिल गर्न सहरमा बसाइँसराइ गरेका ती युवाहरू आफ्नो रोजीरोटीको लागि दिउँसो काम गर्ने, गिट्टी, ढुङ्गा बोक्ने, बालुवा बोक्ने, राति भोजस्थलहरूमा काम गर्ने र बिहान कक्षा ११, १२ पढ्न बाध्य ती विद्यार्थीहरूलाई सोध्नुस्, श्रमिक महिला दिवस भनेको के भनेर ? हातमा ठेला उठाई काम गरेका विकट ग्रामीण भेगमा महिला जसले आधारभूत शिक्षा पनि पाउन सकेका छैनन् ती महिलाहरूलाई के थाहा महिला दिवसको बारेमा ?

वर्षौंसम्म महिलाको लागि केही लक्षित योजना कार्यान्वयन नहुने र नगर्ने तर एक दिन महिला दिवस मनाएर महिलाहरूको सम्मान र आदरको कुराले नेपाली समाजका महिलाहरूको अवस्थालाई सुधार्न सकिँदैन । समाजमा महिलालाई सामाजिक दृष्टिकोण र मान्यताका कारण न्यून मूल्याङ्कन गर्ने अवस्था विद्यमान नै छ ।

२० औँ शताब्दीको पहिलो दशकमा भएको समाजवादी आन्दोलनले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवधारणा विकास गरेअनुसार संसारमा र कामदार महिलाको योगदानप्रति कदर गर्नुका साथै कामदार महिलाका मागलाई लिएर थालनी भएको महिला आन्दोलनलाई उचाइमा पुऱ्याउने कार्यमा विश्व महिला मुक्तिका आवाज लिएर पहिलोपटक आन्दोलनमा आउने महिला नेतृ एवम् अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका संस्थापक क्लारा जेटकिन र संसारका कामदारवर्गका महिलाको निम्ति प्ररेणाकी स्रोत जेनी मार्क्स हुन् । कमैया मुक्ति आन्दोलनकी नेतृ एवम् स्वतन्त्रता सेनानी

थेरियट टबम्यान , बन्दुक समातेर देश बचाउन लाग्ने निडर, साहसी, बहादुर महिला रुसकी सान, मान र गरिमा जोया कस्मोदिम्यानस्काया, समाजवादी नेतृ नादेज्दा क्रुप्सकाया, क्रान्तिकारी महिला नेतृ रोजा लक्जेम्बर्ग, महिलाहरूको मतदान अधिकारको निम्ति सङ्घर्ष गर्ने नेतृ सिल्भिया, पानखुस्ट, अन्तर्राष्ट्रवादी पत्रकार अन्ना लुइस स्ट्रङ जसले संसारलाई अमेरिकी आणविक आतङ्कबाट मुक्ति दिलाउन माओ त्सेतुङको सन्देश विश्वसामु पुऱ्याउने कार्य गरिन् । महिला समानता, सामन्ती शोषण र युद्ध सरदारहरूको अत्याचारको विरोधमा आवाज बुलन्द गर्ने चिनियाँ कम्युनिस्ट पार्टीका प्रथम महिला सदस्य शियाङ चिङयु, महिला मुक्ति र बालबालिकाको अधिकार रक्षाको लागि लड्ने समाजवादी गणतन्त्र क्युबाकी नायिका भिल्मा एस्पिन गुइलोइस, अँगोलाकी क्रान्तिकारी नेतृ सीता बायसलगायतका धेरै महिलाहरूले संसारका महिलाहरूको हक, अधिकार सुनिश्चित गर्न र स्वतन्त्रताका लागि सङ्घर्ष गरे । यसको फलस्वरूप आज महिलाहरूले राजनीतिक हक, अधिकार र स्वतन्त्रतापूर्वक काम गरिबस्ने अवस्था सृजना भएको छ । संसारका महिलाहरूले आफ्नो । योग्यता र क्षमताअनुसार काम गर्ने अवसर, दक्षता प्रदर्शन गर्ने, राजनीतिक अधिकारलगायत लैङ्गिक समानता, आर्थिक अवस्थामा सुधार, शैक्षिक स्तरमा वृद्धि हुँदै गइरहेको अवस्था छ । हरेक कार्यमा पुरुषको तुलनामा महिलाहरू अग्रसर भइरहेको जनसाङ्ख्यिक तथ्याङ्कले पनि स्पष्ट पारेको छ । वि.सं. २०७८ को जनगणनाको तथ्याङ्कअनुसार नेपालको साक्षरता प्रतिशत ७६.३ छ त्यसमा पुरुषको साक्षरता प्रतिशत ८३.६ र महिलाको साक्षरता ६९.४ प्रतिशत रहेको छ । यसरी क्रमशः बढेको महिला साक्षरता प्रतिशतले सामाजिक समस्या समाधानमा निकै महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपाली समाजमा चेतनाको स्तर पनि बिस्तारै बढेको छ, महिला सशक्तीकरण मानव अधिकार, बालअधिकार, समानता र समताको चर्चा बृहत् रूपमा हुन थाले पनि महिला र पुरुषबिच विभेद, जातीय विभेद, लैङ्गिकता विभेद, महिला हिंसा, घरेलु हिंसा, यौन अपराध, बलात्कारजस्ता आपराधिक गतिविधिहरू दिनदिनै बढिरहेका छन् । गरिबी र आर्थिक अवस्था कमजोर भएर लाखौँ बालबालिकाहरू माध्यमिक शिक्षा पनि पूरा गर्न नपाई नजिकको राष्ट्रहरूमा महिला मजदुर र ज्यालादारी काम गर्न बाध्य छन् । उनीहरू घरेलु हिंसा एवं बहुपत्नी प्रथाका शिकार भइरहेका छन् । महिला सुरक्षाको स्थिति कमजोर छ ।

नेतृत्व तहमा महिलाहरू पुगे पनि नीतिगतरूपमा परिवर्तन नहुँदा महिलाहरूले आफ्ना स्वतन्त्रताका कुराहरू गरिरहन्छन् । राजनीतिक भागबन्डामा पदीय बाँडफाँडले गर्दा महिला अधिकारकर्मीहरू एनजीओ र आइएनजीओहरूको पछि लागिरहने अवस्थाले गर्दा बहुसङ्ख्यक गरीब महिलाहरूको अवस्थामा सुधार हुन सकिरहेका छैनन् । त्यसैले पुँजीवादी व्यवस्थामा गरीब किसान, मजदुर र महिलाहरूको चरम शोषण हुने भएकोले अधिक महिलाहरूको हक र अधिकार सुनिश्चितताको लागि समाजवादी व्यवस्थाको बन्दोबस्तको लागि सङ्घर्ष गर्नु आवश्यक छ ।

महिलाहरूलाई शैक्षिकलगायत राजनीतिक चेतनास्तर बढाउन आवश्यक छ । वर्गीय पहिचानसहित सङ्घर्ष गर्न साङ्गठनिकरूपमा गोलबन्द हुनु जरुरी छ । महिलालाई आरक्षण होइन उनीहरू प्रतिस्पर्धा गर्न सक्षम छन् भनी महिला आरक्षण होइन आफैँ लड्न सक्ने र सक्षम बनाउन महिलाहरू स्वयम् अग्रसर भई अघि बढ्नुपर्छ । सामाजिक, आर्थिक तथा शैक्षिकलगायत राजनीतिक क्षेत्रमा महिलाको सहभागिता बढाउन महिलाहरूलाई राजनीतिक चेतना दिनु आवश्यक छ ।

'मजदुर' दैनिक, फागुन २५, २०८०

## चीनका प्राचीन नीतिकथा

s];lhnf]s]ufx]<

एक पल्ट छी राज्यको राजाले दरबारको चित्रकारसँग सोध्यो, 'कसको चित्र बनाउन सबैभन्दा गाह्रो हुन्छ ?'

चित्रकारले जवाफ दियो, 'महाराज मानिस, जनावर र जीवजन्तुको चित्र बनाउन गाह्रो हुन्छ ।'

'अनि कसको चित्र बनाउन सजिलो हुन्छ त ?' राजाले फेरि सोधे ।

'भूतप्रेतको चित्र बनाउन सजिलो हुन्छ । महाराज !' चित्रकारले तुरुन्तै जवाफ दियो ।

साँच्चै हो, जसको अस्तित्व नै छैन त्यसको चित्र बनाउँदा कसले खोट लाउँछ र ?

अनुवादः विनय कसजू

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।**

# राइट दाजुभाइ



राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** इतिहासमा उल्लेख भए अनुसार पहिला मानिसहरू सोच्ने गर्दथे आफू पनि चराहरू जस्तै आकाशमा उड्न पाए हुन्थ्यो । यसरी उडन सक्ने भए एक स्थानबाट अर्को स्थान सजिलै पुग्न सकिन्थ्यो र रमाइलो हुन्थ्यो । विगतदेखि कथा, पुराण आदिमा मानिसहरूले उड्ने विमान जस्तै पुष्पक विमान, वायुपंखी घोडा आदिबारे सुन्दै वा पढ्दै आएको तथ्य हो । देवताहरू उड्ने विमानमा चढेर आउने गरेको र स्वर्ग जान पुष्पक विमान चढेर जानुपर्ने आदि कथा पनि सुन्दै आएको हो । यसरी नै देवता र दानवहरूको युद्ध विमानमा चढेर आकाशमा भएको बारे पनि पढेको र सुनेको नै हो । तर आधुनिक जमानामा यसलाई पहिलो पटक मूर्त रूप दिने काम दुई अमेरिकी राइट दाजुभाइहरूलाई जान्छ । ती अमेरिकी दुई दाजुभाइको नाम ओर्भिल राइट र विल्भर राइट हो । यिनीहरूलाई हवाईजहाज क्षेत्रमा प्रणेता मानिन्छ । राइट दाजुभाइले नै आधुनिक हवाईजहाज निमार्णको बाटो देखाएका थिए । हवाईजहाजको आविष्कारले दुनियाँको यात्रा सहज र छिटो भएको छ ।



ओर्भिल र विल्भर राइट


हाल आकाशमा उडने विभिन्न आकार र क्षमता भएका हजाइजहाज, हेलिकोप्टर, पाराग्लाइडिङ्, युद्धक विमान, बेलुन आदि छन् ।

**बाल्यकाल र शिक्षा :** विल्भर राइट (Wilbur Wright) को जन्म सन् १८६७ अप्रिल १६ मा इन्डियाना राज्यको मिलभिलमा भएको थियो । उनका भाइ ओर्भिल राइट (Orville Wright) को जन्म सन् १९७१ अगष्ट १९ मा ओहायो राज्यको डेटनमा भएको थियो । उनीहरूको बुबाको नाम मिल्टन राइट र आमाको नाम सुसान क्याथरिन कोइर्नर राइट थियो । उनका पिता पेशामा पादरी थिए । उनी धर्म प्रचारक थिए । आमाबुबा तर्फबाट राइट दाजुभाइ जन्मनुभन्दा अगाडि अन्य दुइ दाजुहरू रुचलिन सन् १८६१ मा र लोरिन सन् १८६२ मा जन्मिसकेको थियो । विल्भर राइट जन्मेपछि सपरिवार इन्डियाना राज्य छोडेर ओहियो राज्यको डेटन शहरमा बस्न गए । किनभने मिल्टनलाई चर्चबाट प्रकाशित पत्रिकाको सम्पादकको काम गर्नु थियो । सन् १८७० मा जुम्ल्याहा सन्तानहरू ओटिस र इडाको जन्म भयो र सोही साल मृत्यु भयो । यसको एकवर्ष पछि सन् १८७१ ओर्भिल राइटको जन्म भयो । सानोबेलामा राइट दाजुभाइको स्वभाव बिल्कुलै भिन्न थियो । विल्भर राइट सानै देखि पढाइ लेखाइमा तेज र खेलकुदमा सक्रिय थिए । उनी भविष्यमा शिक्षक बन्न चाहन्थे जब कि ओर्भिल राइट सानैदेखि चञ्चले, चकचके बढी बदमासी काम गर्थे । जस्ले गर्दा उनलाई पटक पटक विद्यालयबाट निष्काशन समेत गरिएको थियो ।



राइट दाजुभाइका बुबा मिल्टन राइट र आमा सुसान क्याथरिन कोइर्नर राइट

राइट दाजुभाइ दुवैले हाइस्कुलसम्मको शिक्षा प्राप्त गरे । उच्च शिक्षा हासिल गर्न ओर्भिल राइट कलेज भर्ना हुन गएका थिए तर छापाखानाको व्यवसायमा संलग्न भएकोले उनले पढाइ छोडे । विल्भरले पनि कलेजमा भर्ना भएका थिए तर आइस हक्की खेल्दा भएको दुर्घटनाले गर्दा उनले पनि पढाइलाई निरन्तरता दिन सकेनन् । त्यस दुर्घटना पछि स्वास्थ्यलाभको लागि ३ वर्ष घरमा बसेर बुबाको पुस्तकालयको पुस्तकहरू पढने र बुबाको चर्च सम्बन्धी कार्यमा सहयोग गरेर बिताए । त्यसपछि विल्भरले पनि ओर्भिलको छापाखाना व्यवसायमा नै काम गर्न थाले ।



बाल्यावस्थामा ओर्भिल र विल्भर राइट दाजुभाइ सन् १८७६ मा

राइट परिवारमा राइट दाजुभाइ मात्र कलेज शिक्षा हासिल नगरेका र विहे पनि नगरेका थिए।। सानोमा दुवै दाजुभाइ काम गर्न र खेल्न खुब मनपराउँथे। सन् १८८९ मा ओर्भिलले छापाखाना खोलेर West Side News नामको साप्ताहिक पत्रिका प्रकाशित गर्न थाले। पछि उक्त कार्यमा विल्भर पनि सहभागी भए। छापाखाना सम्बन्धी ज्ञान उनीहरूले बुबाबाट सिकिसकेका थिए। तर, पछि गएर पत्रिका प्रकाशनबाट उनीहरूलाई धेरै नोक्सान हुन गयो। यसपछि राइट दाजुभाइले व्यवसायिक रूपमा छाप्ने काम मात्र गर्न थाले। यसपछि उनीहरूले सन् १८९२ मा साइकल बेच्ने र मर्मत गर्ने पसल राखे। अहिले मात्र साइकल पसल र मर्मत केन्द्रलाई सानो व्यापारको रूपमा लिइन्छ तर त्यसबेला साइकल भर्खर भर्खर मात्र बजारमा आएको र यसको व्यापार कम मानिस मात्र गर्न सक्दथे। यो एक प्रकारको इज्जतदार र नयाँ व्यवसाय नै थियो। राइट दाजुभाइले छापाखाना र साइकल व्यवसायबाट राम्रो आम्दानी गर्न थाले। यसबाट उनीहरूसँग पुँजी बढ्दै गयो। अब उनीहरू बाल्यकालदेखिको सपना पूरा गर्ने वा हवाईजहाजको आविष्कार गर्ने कुरा सोच्न र त्यस सम्बन्धमा कार्य गर्न थाले। व्यवसायबाट आम्दानी बढ्दै गएपछि उनीहरूको रुचि उड्ने खेलौना र वस्तुहरू उडाउनेमा बढी हुन गयो।

**हवाईजहाज बनाउने उत्प्रेरणा :** सन् १८७८ मा जब राइट दाजुभाइ क्रमशः ११ र ७ वर्षका भए बाबुले तिनीहरूलाई उड्ने खेलौना किनेर ल्याइदिए। उक्त खेलौना खेल्ने क्रममा फुटेर केही भाग टुक्रियो। तर राइट दाजुभाइले उक्त फुटेको टुक्राहरू जोडेर फेरि पहिलाको जस्तै उड्ने गरी जोड्न सफल भए। त्यही समयदेखि उनीहरूको बालमस्तिष्कमा 'यो भन्दा ठूलो, धेरै टाढा र माथि उड्न सक्ने वस्तु बनाउन सके कति रामो हुन्थ्यो' भन्ने कल्पना जन्मियो। त्यसै घटनाबाट उनीहरूमा हवाईजहाज निमार्णको परिकल्पना सुरु भयो। त्यसैलाई हेरेर विल्भरले आफ्नै किसिमको हवाईजहाज बनाउन थाले भने उनका भाइ ओर्भिल छेउमा बसेर हेरिरहन्थे। सानै उमेर देखि दुवै दाजुभाइमा विज्ञानमा असाध्य चाख थियो। यसकारण राइट दाजुभाइ साइकलका पाङ्ग्राहरू घरमा ल्याई खेलाएर बस्थे। साइकलको पाङ्ग्रा खेलाउँदा खेलाउँदै उनीहरूले पछि सानो साइकल पसलले नै खोले। त्यसबिचमा उनीहरूको आमाको निधन भयो।

सन् १८९० तिर जर्मनीको ओट्टो लिलिएन्थल नामका मानिसले सानो हवाईजहाजमा चढेर हावामा उडे भन्ने कुरा सुने। तर, परीक्षण उडानको क्रममा दुर्घटनामा मृत्यु भएको खबर पनि राइट दाजुभाइले सुने। त्यसबाट उनीहरूको मनमा चोट पर्नुको साथै डर पनि उत्पन्न गरायो। यसरी नै उनीहरूले जर्मनीका अर्का वैज्ञानिकले आफैले बनाएको हवाईजहाज उडाउँदा राम्ररी चलाउन नजाँदा उडानको क्रममा मृत्यु भएको खबर पनि सुने। यसैक्रममा वेलायतका सर हाइरम म्याक्सीमले एउटा ठूलो पानीको वाफले चल्ने हवाईजहाज बनाएको र सन् १८९४ मा त्यसलाई उडाउन खोज्दा त्यो जमिनमा खसेर नष्ट भएको खबर पनि सुनेका थिए। त्यसपछि उनीहरूले उड्ने विमान बनाएरै छाड्ने अठोट गरी त्यसको निमार्ण कार्यमा जुटे। राइट दाजुभाइ केटाकेटी अवस्थामा चंगा उडाउँदा उनीहरू सधैँ *'आहा ! यसरी नै हामी पनि उड्न पाए हुन्थ्यो'* भनेर कल्पना गर्दथे। आफ्नो बाल्यकालको कल्पना साकार गर्न र विभिन्न वैज्ञानिकहरूको असफल हजाईजहाज आविष्कारलाई सफल बनाउन राइट दाजुभाइ राम्रो हवाईजहाज बनाउन निरन्तर खट्न थाले। उनीहरूले मेशिनको सहायताले हवाईजहाज नियन्त्रण गर्ने प्रबन्ध मिलाउने विचार गरे। उनीहरूले हावामा हवाईजहाज नियन्त्रण गर्ने यन्त्र निमार्णमा हजारौँ नयाँ प्रकारका प्रयोग र परीक्षणहरू गरे। अन्त्यमा उनीहरूले यसको उपाय पत्ता लगाएर र यन्त्र बनाई छाडे।

**हवाईजहाजको आविष्कारको यात्रा :** राइट दाजुभाइले आफ्नो पसलमा हावा ओहोर दोहोर गर्ने एउटा सुरुङ बनाएका थिए। त्यहाँ उनीहरूले हवाईजहाजको पखेटा कुन आकारको बनाउने भनेर सयकडौँ किसिमका पखेटा निमार्ण गरी जाँच गरे। उड्ने चराहरूले आफूलाई उड्दा ठीक ठाउँमा राख्न पखेटाको टुप्पोलाई अलिकति बङ्ग्याउँछन् भनी उनीहरूले



सन् १९०१ मा बनाएको नाक माथि फर्केको पुच्छर नभएको ग्लाइडरसँगै ओर्भिल




सन् १९०१ मा नै बनाएको परिमार्जित ग्लाइडर चलाउँदै विल्भर। यो ग्लाइडर सन् १९०२ अक्टोबर १० मा Kill Devil Hills माथि उडाइयो।

पत्ता लगाइसकेका थिए। यही तरीकाले उनीहरूले आफूले प्रयोग गर्न बनाएका हवाईजहाजमा बङ्ग्याउन हुने पखेटा बनाएर जडान गरे। हवाईजहाजको यस्तो पखेटालाई अङ्ग्रेजीमा एलेरन्स भनिन्छ। हवाईजहाजको पखेटा सम्बन्धी आफ्नो कामबाट सन्तुष्ट भएर राइट दाजुभाइ आफ्नो लक्ष्य प्राप्त गर्न अघि बढे। उनीहरूले हलुका, पेट्रोलले चल्ने चार सिलिण्डर भएको १२ घोडा शक्तिको एउटा मेशिन बनाए। यसलाई उनीहरूले काठको बाकस बनाएर हवाईजहाजमा मिलाएर झुन्ड्याए र मजलिनको कपडाले छोपिएको ४३ फिट लामो पखेटा पनि जडान गरे। उनीहरूले त्यो मेशिनलाई पंखासँग सिक्रीले बाँधेर राखे। त्यो मेशिन चलाउँदा पंखा आफुसे आफ घुम्थ्यो। लामो असफल परीक्षण र प्रयोगबाट नथाकेका राइट दाजुभाइ निरन्तर हवाईजहाज निमार्णमा निरन्तर लागि रहे। धेरै पटक उनीहरूले परीक्षण उडान गरिरहे। अन्ततः राइट दाजुभाइ सन् १९०३ मा एकदिन हवाईजहाजको सफल परीक्षण उडान गरेर देखाउने निष्कर्षमा पुगे। यसको लागि राइट दाजुभाइले नर्थ क्यारोलिना राज्यको किट्टीहक भन्ने ठाउँको बलौटे जग्गामा उडाउने अठोट गरे। त्यो ठाउँमा हावाले बालुवा उडाएर सम्म पारेको थियो र चिसो पनि थियो। परीक्षण उडान हेर्नको लागि विभिन्न मानिसहरूलाई निम्तो दिइयो तर थोरै मानिसहरूले मात्र उनीहरूको कुरामा विश्वास र चाख लिए। उनीहरूको ऐतिहासिक कार्य हेर्नको लागि जम्मा ५ जना मानिसहरू उपस्थित भए। उनीहरूले आफूले बनाएको हवाईजहाज बालुवामा काठको फल्याक ओछ्याएर राखे र मेशिन चलाए। ओर्भिलले चालकको ठाउँ लिए, त्यो हवाईजहाजमा चालकको ठाउँ पंखा भन्दा अगाडि थियो। हवाईजहाज अगाडि बढ्यो, जमीनमा हावा उडाउँदै विमान हावामा उड्यो। त्यो विमान हावामा १२ सेकेण्ड उड्यो र अन्दाजी पुग न पुग १२० फिट जति उड्यो। त्यसदिन ४ पटक जति उडान गरियो। त्यसमध्ये चौथो पटकको उडानमा विमानलाई विल्वरले १ मिनेट ३९ सेकेण्ड हावामा उडाए र लगभग ८१२ फिट जति दूरी पार गऱ्यो। यसरी **इतिहासमा पहिलो पटक मानिससहितको विमान वा हावाभन्दा गह्रौं वस्तुलाई हावामा सफलतापूर्वक उडाउन राइट दाजुभाइ सफल** भए। यस प्रयोगको प्रत्यक्षदर्शी जम्मा ५ जना मानिसहरू थिए। यसको केही वर्षमा राइट दाजुभाइले आफ्नो हवाईजहाजको गति र शक्तिमा सुधार गरे। यसको साथै विमान उडने समयमा थप सुधार गरे। यसैक्रममा सन् १९०४ र सन् १९०५ मा थप दुईओटा विमानहरू बनाए र उडाएर देखाए। सन् १९०८ को फेब्रुवरी महिनामा राइट दाजुभाइले अमेरिकी सेनासँग ६५ किलोमिटर प्रतिघण्टाले कम्तिमा १ घण्टा उडने यन्त्र जडान भएको विमान अमेरिकी डलर २५,००० मा बेच्ने सम्झौतामा हस्ताक्षर गरे। सम्झौता अनुसार तयार गरेको विमान सन् १९०८ सेप्टेम्वर ९ मा परीक्षण उडान गरी हस्तान्तरण गरे। यसको १ महिना पछि फ्रान्सेली लगनीकर्ताहरूसँग अर्को विमान बेच्ने सम्झौता गरे। आफ्नो विमानको प्रचार गर्न उनीहरू फ्रान्स गए। त्यहाँका सम्भ्रान्त वर्गलाई आफ्नो आविष्कारको प्रदर्शन गरे। उनीहरूले यात्रीसहितको विमान पनि उडाउन थाले। सन् १९०८ सेप्टेम्वर २७ मा राइट दाजुभाइले बनाएको विमान अमेरिकी सेनाको Lieut. Thomas E. Selfridge ले उडाउँदा प्रोपेलरमा समस्या आएर दुर्घटना हुँदा विमान सवार अन्य व्यक्तिको मृत्यु भयो भने विमान चालक Lieut. Thomas E. Selfridge नराम्रोसँग घाइते भए। सन् १९०९ मा अमेरिकी सेनालाई सम्झौता अनुरूपको विमान बेच्दा उनीहरूलाई थप वोनसको रूपमा अमेरिकी डलर ५,००० थप दिइएको थियो। प्रचारको क्रममा ओर्भिल जर्मनतिर गए भने विल्भर न्युर्योकको विभिन्न स्थानहरूमा परीक्षण उडानको रूपमा विमान उडाउने र अमेरिकी सेनाको तीनजना विमानचालकहरूलाई तालिम दिए।



सन् १९०३ दिसेम्वर १७ मा नर्थ क्यारोलिनाको किट्टीहक भन्ने स्थानमा सार्वजनिक रूपमा विमानको पहिलो सफल उडानको प्रदर्शन, ओर्भिल चलाउँदै र विल्भर विमानको पछिपछि दौडँदै।



सन् १९०८ सेप्टेम्वर ४ मा भर्जिनिया राज्यको फोर्ट मेयर भन्ने स्थानमा अमेरिकी सेनालाई परिमार्जित विमान पहिलो सफल उडानको प्रदर्शन गर्दै राइट दाजुभाइ।

**व्यवसायमा राइट दाजुभाइ :** हवाईजहाजको आविष्कार पछि यस क्षेत्रमा थप प्रविधिको विकास गर्दै गएका राइट दाजुभाइले सन् १९०९ मा राइट कम्पनी खोले। उक्त कम्पनीमा विल्भर सभापति र दुईजना उपसभापतिमध्ये एकजना ओर्भिल भए। उक्त कम्पनीमा अमेरिकाका अन्य व्यापारीहरू पनि साझेदार भएका थिए। डेटनको Huffman Prairie भन्ने स्थानमा यस कम्पनीको फयाक्टरी खोलियो। यहाँ विमानहरू उत्पादन गर्नुको साथै हवाई क्षेत्र सम्बन्धी र विमान चालकलाई तालिम दिने कार्य हुन्थ्यो। सन् १९१० मार्च महिना राइट दाजुभाइले अर्को कम्पनी Wright Exhibition Company अनुभवी बेलुन र विमानचालक A. Roy Knabenshue सँग मिलेर खोले। राइट दाजुभाइको आम्दानी विमान बेचेर, विमान चलाउने तालिम दिएर, विमान चलाउने लाइसेन्स प्रदान गरेर बढ्दै गयो।

**पुरस्कारहरू :** राइट दाजुभाइहरूले गरेको कार्यका सम्मानमा दिइएका पुरस्कारहरू :

Collier Trophy, Congressional Gold Medal, Albert Medal, Washington Award

**ओर्भिल राइटको पेशा :** प्रिन्टर, प्रकाशक, साइकल उत्पादक र खुद्रा बिक्रेता, विमान आविष्कारक, विमान उत्पादक, विमान चालकहरूको प्रशिक्षक।

**विल्भर राइटको पेशा :** सम्पादक, साइकल उत्पादक र खुद्रा बिक्रेता, विमान आविष्कारक, विमान उत्पादक, विमान चालकहरूको प्रशिक्षक।

**मृत्यु :** सन् १९१० पछि विल्भरले व्यापारमा भन्दा अमेरिकामा आफ्नो विमान उत्पादक कम्पनीको प्रतिद्वन्दी व्यापारिक कम्पनीविरुद्ध सर्वाधिकारको मुद्दा लड्ने कार्यमा बढी ध्यान दिन थाले। यसरी नै फ्रान्समा पनि उत्पादन भएको विमान कम्पनीहरूविरुद्ध आफ्नो सर्वाधिकार हनन भएको भनी मुद्दा राखेर कानुनी लडाइँ लड्न थाले। यसरी कम्पनीको कार्य बोझ र विमान आविष्कारको आफ्नो सर्वाधिकारको कानुनी लडाइँबाट मानसिक रूपमा थाकेका विल्भर राइट सन् १९१२ मे ३० को विहान टाइफाइड ज्वरोको कारण आफ्नो घरको ओछ्यानमै मृत्यु भयो। विल्भरले सन् १९०५ देखि कम्पनीको रेखदेख गर्ने हवाई क्षेत्र सम्बन्धी कार्यहरू गराउँदै आएका थिए। विल्भरको मृत्युपछि राइट कम्पनीको नेतृत्व ओर्भिलले लिए। कम्पनीको नेतृत्व सन् १९१५ सम्म लिए र त्यसपछि अमेरिकी लगानीकर्ताहरूलाई बेचे। उनी पहिलो विश्वयुद्धको समयमा विमान सम्बन्धी परामर्शदाता इन्जिनियर, विमानको ढाँचा निमार्णका सल्लाहकार, मानवविना बम खसाल्ने विमान निमार्ण गर्ने आदि कार्यमा संलग्न रहे। ओर्भिल अमेरिका र फ्रान्सका विभिन्न विश्वविद्यालयहरूबाट विभिन्न मानार्थ डिग्रीहरूबाट विभुषित भए। उनी सन् १९२० देखि १९४८ सम्म National Advisory Committee for Aeronautics मा सक्रिय रहे। यसरी नै हवाई क्षेत्रमा सक्रिय संस्था Daniel and Florence Guggenheim Fund मा नेतृत्व दिएर काम गरे। ओर्भिल सार्वजनिक रूपमा बोल्न मन पराउँदैन थिए। उनी जिन्दगीको रमाइलो भनेको आफ्नै घरमा साथीभाइ र परिवारका सदस्यहरूसँग रमाउने कार्य मात्र गर्दथे। उनले धेरै समय आफ्नो प्रयोगशालामा परीक्षण र डेटनमा रहेको कम्पनीमा नै काम गरेर बिताए। उनले आफ्नो जीवनको अन्तिम चार दशक विमान उत्पादनको प्रणेता राइट दाजुभाइ भएको प्रमाणित गर्नमा बढी शक्ति लगाउनु पऱ्यो। सन् १९४८ जनवरी २७ मा ओर्भिल राइटलाई हृदयघात भयो। यसको ३ दिनपछि सन् १९४८ जनवरी ३० मा उनको मृत्यु डेटनमा रहेको अस्पतालमा भयो।

यसरी बच्चादेखि चरा जस्तै उड्ने सपना बुनेका राइट दाजुभाइले वास्तविकता परिणत गर्न सफल भए। विमान आविष्कारलाई आधुनिक विश्वमा ठूलो उपलब्धीको रूपमा लिइन्छ। यसले यातायात क्षेत्रमा ठूलो परिवर्तन ल्याउनुको साथै विश्वलाई सानो बनाइदियो। राइट दाजुभाइको आविष्कारले आज मानिसहरू विश्व एक क्षेत्रबाट अर्को क्षेत्रमा सजिलै र छिटो पुग्न सम्भव भयो। उनीहरूको भौतिक शरीर नाश भए पनि उनीहरूलाई विश्वका मानिसहरूले सधैँ सम्झिरहने छन्।

**सन्दर्भ सामग्रीहरू :**

१) विश्वमा परिवर्तन ल्याउने बाह्र आविष्कारहरू : युनाइटेड स्टेट्स इन्फरमेसन सर्विस, काठमाडौँबाट प्रकाशित
२) प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली
३) संसार हल्लाउनेहरू : श्यामकृष्ण खुलिमुलि
४) शताब्दी पुरुषहरू : टाइम्स पत्रिका
५) गुगल ६) युट्युव

# सिद्धान्त ज्योतिषमा आधारित भक्तपुरको बिस्केट जात्रा




डा. वीरेन्द्रप्रसाद कायस्थ

भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा प्रत्येक वर्ष मेष सङ्क्रान्तिलाई केन्द्र बनाई मनाउँदै आइरहेको तान्त्रिक र ज्योतिषीय महत्त्व बोकेको साँस्कृतिक एवम् ऐतिहासिक किराँतकालीन बिस्केट जात्रा अर्थात 'सर्प मारियो' भन्ने अर्थमा नेवार समुदायमा मनाइने विश्व प्रसिद्ध जात्रा हो। नागनागिनीसँग जोडिएको यो जात्रालाई नेवारी भाषामा बी:सित (नाग मऱ्यो), बी: जात्रा (नागको जात्रा), बी:स्यात (नाग मारियो) हुँदै पछि विश्वजात्रा, अपभ्रंश भएर विस्केट जात्रा हुन गएको भनिन्छ। अजिङ्गरको स्वरूप हुने नागनागिनी मारिएको खुशीयालीका साथ यो जात्रा मनाउन थालिएको हो र नागनागिनीको अन्तिम इच्छाअनुसार ५५ हात लामो सोझो सल्लाको रूखको गोलो परेको लिङ्गो ल्योसिंखेलमा ठड्याउने गरिन्छ।

यो लिङ्गो भक्तपुरको चित्तपोल गाविसको सल्लाघारी जङ्गलबाट तान्त्रिक विधिअनुसार पूजा गरी बोकाले छोएकै रूखमा बोकाको बली चढाइ सोही रूख काटी ल्याउने प्रचलन अहिलेसम्म चल्दै आएको छ। लिङ्गोमा राख्ने ध्वजा एकजोडी र लिङ्गो ठड्याउने आठओटा डोरी रहेको हुन्छ, जसमा अष्टमातृका गण अङ्कित हुन्छ।

ज्योतिष शास्त्रले चारओटा सङ्क्रान्तिलाई निकै महत्त्व दिएका छन्। ती हुन्, मेष (वैशाख), कर्कट (श्रावण), तुला (कार्तिक), मकर (माघ)। यो सङ्क्रान्तिको आफ्नै विशेषता छ। एक राशिबाट अर्को राशिमा हुने सूर्यको भ्रमणलाई सङ्क्रान्ति भनिन्छ। सोही सङ्क्रान्ति कै नामअनुसार चन्द्रमासको नामकरण गरिन्छ। जुन चन्द्रमासमा सायन मेष सङ्क्रान्ति हुन्छ। अर्थात वसन्त सम्पातमा सूर्यगमन हुन्छ त्यसलाई चैत्रमास भनिन्छ। वैशाखादिमासको व्यवस्था यसै सिद्धान्तमा गरिएको छ। यस पद्धतिअनुसार चैत्रमासमा सधैँ वसन्त आरम्भ हुन्छ। भने आद्रा नक्षत्रमा वर्षा ऋतु आरम्भ हुन्छ। यसरी ऋतुहरूको क्रम यथावत हुने हुन्छ। ऋतुहरू ६ ओटा छन्। वसन्त ऋतु (चैत्र–वैशाख), ग्रीष्म ऋतु (जेठ–असार), वर्षा ऋतु (श्रावण–भदौ), शरद ऋतु (असोज–कार्तिक), हेमन्त ऋतु (मङ्सिर–पौष), शिशिर ऋतु (माघ–फाल्गुण)।

## ज्योतिषीय महत्व




आकाशमा सूर्य र चन्द्रको आकर्षणले पृथ्वीलाई प्रभाव पार्छ। पृथ्वीको पिण्ड सबैतिर एकनास नभएकाले आकर्षण शक्तिको प्रभाव पनि एकनासले पर्दैन, केही विचलन आउँछ। यसले गर्दा ध्रुव र नाडीवृतमा पनि विचलन आउँछ। नाडीवृत विचलित भएपछि सम्पात विन्दु अर्थात अयन विन्दुहरू (मेष सम्पात तुला सम्पात) कर्कट र मकर पनि विचलित हुन्छ।

अयन विन्दुको यहीँ विचलनलाई अयन विचलन (Precession of the Equnoxes) भनिन्छ। प्रथम विन्दु (वसन्त सम्पात) विचलित भएपछि बाँकी तीनओटा विन्दु (कर्कट, तुला र मकर) सम्पातहरूमा पनि विचलन आउँछ। त्यसैले मकरको आरम्भमा उत्तरायण र कर्कटको आरम्भमा दक्षिणायन हुने विन्दुमा विचलन आएको देखिन्छ। विद्वानहरूको विचारमा गतिमा मतभिन्नता भए पनि दिशा भने सबैले पश्चिमतिर सरिरहेको स्वीकारेका छन्। सूर्य सिद्धान्तअनुसार यसको गति ५४ विकला हुन्छ भने आधुनिक ज्योतिषीहरूले ५१ विकला जति मानेका छन्।

भूमध्ये रेखाको धरातललाई अनन्त आकाशमा फैलाउँदै लैजाँदा कल्पित खगोल (Celestia Sphere) जहाँ पुगेर काट्छ, त्यसबाट बनेको वृतलाई नाडीवृत भनिन्छ। समयको मान यसै वृत्तबाट थाहा हुन्छ। सूर्यको भ्रमण मार्गलाई क्रान्तिवृत भनिन्छ। क्रान्तिवृत समतलमा १२ राशि २७ नक्षत्र रहन्छन्। नाडीवृत र क्रान्तिवृत २३.५ को कोण बनाई एक अर्कोलाई दुई ठाँउमा काटेको हुन्छ। यो दुई विन्दुलाई सम्पात विन्दु (Equinox) भनिन्छ। यही सम्पात विन्दुबाट क्रान्तिवृतको उत्तरोगोल र दक्षिण गोल छुट्टिने हुनाले यसलाई अयन-विन्दु भनिन्छ। अयनको अर्थ हो बाटो। उत्तरायणले उत्तरको बाटो दक्षिणायनले दक्षिणको बाटो

भन्ने बुझिन्छ। क्रान्तिवृत वक्र भएकाले सूर्य ६ मास उत्तर र ६ मास दक्षिण उदय हुन्छ यसैलाई उत्तरायण र दक्षिणायन भनिन्छ। सूर्य क्रान्तिवृतमा घुम्दै जब यस सम्पात विन्दुमा आइपुग्छ त्यस बेला दिन र रात बराबर हुन्छ। यस दिनलाई विषुवत् दिन (Equator Day) भनिन्छ। दिन बढ्ने रात घट्ने क्रममा छ भने त्यो सम्पात पूर्वको हुन्छ। यसलाई मेष विषुवत् वा वसन्त सम्पात (Varnal Equorox) भनिन्छ। त्यस्तै दिन घट्ने रात बढ्ने क्रममा छ भने त्यो सम्पात पश्चिमको हुन्छ। यसलाई तुला विषुवत् वा शरद् सम्पात (Autummal Equinox) भन्दछन्। मेष सम्पात र तुला सम्पातमा सूर्यको प्रवेश हुनुलाई क्रमशः मेष सङ्क्रान्ति र तुला सङ्क्रान्ति भन्ने चलन छ। यस दिनलाई विषुवत् दिन (Equator Day) भनिन्छ । यो समयमा मनाउने जात्रालाई बिस्केट भनिन्छ। विषुवत् शब्द अपभ्रंश भई बिस्केट भएको हो ।




नाडीवृत र क्रान्तिवृत शब्द अपभ्रंश भई नाग नागिनी भएको हुनु पर्छ। यो विषुवत् रेखा हो, पछि गएर विश्वध्वजा नामले प्रसिद्ध भएको हो । धार्मिक दृष्टिकोणले यो ध्वजालाई भैरव र शक्तिको प्रतीक मानिन्छ। प्रत्येक वर्षको चैत्र मसान्तमा विश्वनाथ भैरवको प्रतीक (लिङ्गो हात खोलेको) उठाउने र नयाँ वर्ष वैशाख १ गते अर्थात विषुवत् दिनमा (Equator Day) ढाल्ने गर्छ। यस दिन सूर्यको राशि अंश कला विकला शून्य हुन्छ अर्थात सूर्य सम्पात विन्दुमा हुन्छ। एक जोडी ध्वजा लिएर हात खोलेको लिङ्गो भन्नाले दिन रात बराबर भन्ने बुझिन्छ। अर्थात सूर्य नाडीवृत र क्रान्तिवृत हुँदै सम्पातमा विन्दुमा प्रवेश।

ज्योतिष शास्त्रले विषुवत् दिनलाई निकै महत्त्व दिएका छन्। प्रत्येक स्थानको समयको मान यसै दिन थाहा हुन्छ। विषुवत् दिन मध्यान्ह १२ बजे, १२ अङ्गुलको एउटा शंकु अर्थात सलाईको काँटी समतल भूमिमा खुल्ला स्थानमा गाड्ने। यसको दुवैतर्फ ९०–९० अंशको कोण हुनुपर्छ। ठीक मध्यान्ह १२ बजे त्यस शंकुको जति छायाँ पर्छ त्यसलाई अङ्गुल व्याङ्गुलमा नाप्ने गरिन्छ। सो नाप ६ अङ्गुल ४० प्रत्यङ्गुल हुन्छ। यही नाप त्यस स्थानको पलभा हुन्छ। समयको मान यसै शंकुबाट थाहा हुन्छ। यसैको आधारमा विस्केट जात्रा मनाएको हो ।



कुनै बेला वसन्त सम्पात विन्दु मेष राशिको आदिमा नै पर्दथ्यो तर स्थिर नक्षत्रको सापेक्षतामा प्रतिवर्ष सर्दै, अहिले २३.५ जति पछाडि सरिसकेको छ। यही मेषादी र वसन्त सम्पातको अन्तरलाई अयनांश भनिन्छ।

निरयण–सायन–मान सूर्यले ३६० अंश अर्थात १२ राशि भोग गरेपछि एक वर्ष पूरा हुन्छ। यसको लागि लाग्ने समय ३६५ दिन १५ घडी ३१ पल ३० विपल उल्लेख छ। स्थिर नक्षत्रका आधारमा वर्षमान निर्णय गरिने भएकोले यसलाई नक्षत्र सौर वर्ष (Sidereal Solor year) भनिन्छ ।

किंवदन्ती अनुसार राजकुमारीको नाकबाट निस्केका नाग नागीनीलाई एक राजकुमारले मारेको र ती नागनागिनीको अन्त्येष्टिको सम्झनामा बिस्केट जात्रा मनाउन थालिएको हो।

त्यस्तै, टौमढी टोलको भैरवको किंवदन्ती अनुसार लिङ्गो जात्रा हेर्न आएका काशीको भैरवलाई भक्तपुरमै स्थाई रूपमा राख्न खोजे को, भैरवले चालपाई भाग्न खोज्दा शिरच्छेदन गरिएको र तान्त्रिक विधिपूर्वक उनको शिरलाई स्थापित गरिएको किंवदन्ती छ।

भक्तपुरको हरेक धार्मिक, सांस्कृतिक र संस्कारगत कर्महरूमा शिवशक्तिको प्रधानता पाइन्छ। जस्तैः बिस्केट जात्रा, भाद्र शुक्ल पूर्णिमा पछि चौथीको दिन ल्याउने पुलुको भैरव, गाईजात्रामा ल्याईने परालको भैरव अजिमाको प्रतीक ताहासा, सिलुमहादेव जाने चलन आजसम्म छ।

हुन त कुनै पनि जात्रा पर्व वा संस्कृति मानव जीवन चक्रबाट मोक्षप्राप्त गर्ने धार्मिक प्रयाण हो। किनभने भैरवनाथको रथ तान्दा हपको बोलीमा ह......स हुन्छ। ह.......स स्वास प्रश्वासको आरोह अवरोहको प्राकृतिक प्रकृया हो। यसलाई एक प्रकारको मन्त्र भन्न सकिन्छ। जात्राको हप ह.......स सत्यम, आनन्दमय शिवमय, ज्योतिर्मय एवम् शाश्वत् भनिन्छ। यो कुरा गरुड पुराणमा वर्णन गरेको पाइन्छ।

# 'समाजसेवी' महाशयको कर्तुत

## रसिक

'मोहियानी हक सुरक्षाको लागि लामो समयसम्म कानुनी र गैरकानुनी सङ्घर्ष गरेको पार्टीको जनप्रतिनिधि भएर पनि मोहियानी हक खोस्ने कुरा गर्नु खोटपूर्ण छ।' आँखामा बाक्लो चस्मा र शरीरमा सुकिलो पोशाक लगाएका अधबैंशे पुरुष अलि रवाफिलो पारामा बोल्दै थिए। वडा कार्यालयको नियमित कार्य गर्दै रहेको समयमा ढोकाबाट छिर्दै कुर्सीमा बस्नुअघि नै उनले फरर गुनासो गरे।

मैले उनलाई बस्न आग्रह गरेँ। कार्यालय सहयोगीले काँचका दुइटा गिलासमा ल्याएको तातोपानीमध्ये एउटा गिलास उनै महाशयलाई पिउन अनुरोध गरेँ। 'मैले त तपाइँको कुराको भेउ पाउन सकिनँ। कुन प्रसङ्ग हो ? आरामसँग बताउनुस्।'

मेरो कुरा भुइँमा खस्न नपाउँदै उनले आफूसँगै आएका साथीहरूलाई कोठामा बोलाए। एक एक गरी दस जना मानिसहरू मलाई नमस्ते गर्दै कोठामा पसे। मैले सबैलाई मेचमा बस्न आग्रह गरेँ। तीमध्ये मैले एक जनालाई मात्र चिनेँ। उनको नाम बुद्धिप्रसाद हो। उमेरले मभन्दा कान्छो, समाजमा बोल्न लाज मान्ने, अक्सर अरूको खेतमा ज्याला मजदुरी गर्ने भाइ हुन् उनी। उनी वडावासी नै हुन्। अरूलाई मैले यसअघि देखेको थिइनँ। मैले सबैको परिचय मागेँ। उपस्थित सबैले क्रमशः आफ्नो परिचय दिन थाले। तर ती महाशय भने कड्केर 'हामी यहाँ तपाइँसँग चिनापर्ची गर्न आएका होइनौँ, वास्तविक मोहीको हक माग्न आएका हौँ' भन्दै जङ्गिए। मैले ठट्यौली पारामा भनेँ, 'परिचय दिँदा पैसा खर्च हुने होइन क्यारे।'

दुई जना यसै नगरका वासिन्दा र अरू फरक पालिकाका रहेछन्। ती महाशय चाहीँ छिमेकी पालिकाबाट आएका लेखापढी व्यवसायी रहेछन्। मालपोत कार्यालयको सामुन्नेमा सटर भाडामा लिएर सेवा प्रदान गर्ने 'समाजसेवी' (उनकै बोलीमा) रहेछन्।

'मोही को रहेछ त ? अनि जग्गा कहाँको ?'

फेरि पनि महाशयको खरो प्रतिप्रश्न आयो। 'आफ्नै वडावासीलाई नचिन्ने तपाइँ ? भोट माग्दा घरघरै पुगेर नमस्कार गर्नुहुन्थ्यो त। जितेर पदमा पुगेपछि को भन्ने ?'

उनको बोली र व्यवहारले थोरै रिस उठ्यो तर सेवाग्राहीको अगाडि रिस पोख्ने कुरा भएन। संयमित भएर वडावासी भाइ बुद्धिप्रसादसँग कागजात मागेँ। उनी बोलेनन्। उनको सट्टामा बोल्ने ठेक्का पनि तिनै महाशयले पाए। 'तपाइँको सचिवलाई कागजातसहित निवेदन दिएको महिनौँ भइसक्यो। बोलाउनुस् आफ्नो कर्मचारीलाई।'

सायद सचिवज्यूले उनीहरूलाई देख्नेबित्तिकै अड्कल काटेर सबै कागजातहरू आफूसँगै हातमा राख्नुभएको थियो। मैले बोलाउनासाथ उहाँ कोठामा प्रवेश गर्नुभयो, साथमा कागजातसहित। उहाँले वडावासी भाइलाई पिठ्यूँमा धाप मार्दै 'के छ बुद्धि पासा ?' भन्नुभयो र मलाई इशाराले सबैलाई कोठाबाट बाहिर पठाउन आग्रह गर्नुभयो।

'कृपया तपाइँहरू सबैजना एक छिन कोठा बाहिर बस्नुहोला। तल नजिकैको पसलमा चिया खाँदै गर्नुस्, म तपाइँहरूलाई बोलाउनेछु।'

सबैजना बाहिर गए। ती महाशय बाहिर जान अन्कनाइरहेका थिए। मैले पुनः आग्रह गरेपछि उनी गए।

सचिवले सबै कागजातहरू पल्टाउँदै विस्तृत रूपमा जानकारी दिन थाले। उनले बेलिविस्तार लगाए, 'यो जग्गा भजन गुठीको हो सर। केही पुस्ताअघि भजनियाले भजन चलाउनका लागि दान दिएको थियो र त्यसैको आम्दानीबाट अहिलेसम्म पनि भजन चलिरहेको छ। २०२१ सालमा नापी हुँदा नाइकेहरूमध्ये एक जनालाई जग्गाधनी र अर्कोलाई मोही दर्ता गराइएको रहेछ र कैफियतमा प्रस्टैसँग भजनको स्वामित्व भनी उल्लेख गरिएको छ। फिल्डबुक उतारमा पनि भजनकै जग्गा भनी लेखिएको छ। दुवैजना नाइकेहरू पछि स्वेच्छाले भजनबाट अलग्गिएका रहेछन्। अहिले आएर तिनका सन्तानहरू आफ्नो पुर्खाको मोही भाग पाउनुपर्ने दाबीसहित निवेदन आएको हो।'

सचिवले प्रतिगमनकालमा जनप्रतिनिधि नहुँदा पनि उनीहरू आएर मोही भाग र जग्गाधनी भागको अलग्ग अलग्ग नामसारी गर्न आएको तर स्थानीय जनता र भजनियाहरू मिलेर जग्गा बचाइदिन लिखित निवेदन दिएको प्रमाण पनि देखाए। 'यो अहिलेको केस होइन सर। उतिबेला जग्गा दान गर्दा धर्म कमाइन्थ्यो, अहिले दान दिएको जग्गासमेत आफ्नो बनाउने पाप कर्म गर्दैछन् सर। मलाई यसबारे राम्रोसँग थाहा छ। जागीर खाएदेखि यही वडामा कार्यरत छु। यसबारे तपाइँ आउनुअघि पनि धेरै छलफल भइसक्यो।'

सचिवले कानमा खुसुक्कै भने, 'यिनीहरू राम्रो नियतले आएका होइनन् है सर। पूर्व जनप्रतिनिधिहरू र समाजका अगुवाहरूसँग बुझ्नुहोला। भजनियाहरूलाई पनि डाक्नुहोला। विचरा बुद्धिप्रसादलाई केही पनि थाहा छैन। जग्गा दलालहरूले उक्साएका मात्र हुन्। आनाको २०-२५ लाख पर्ने जग्गा सित्तैमा पाउने लोभले मात्र आएका हुन् सर।'

मैले सबै कागजातहरू एक एक गर्दै हेरेँ। केही अग्रजहरू,

पूर्व जनप्रतिनिधिहरू तथा अहिले भजन चलाइरहेकाहरूसँग पनि फोनमा संवाद गरेँ ।

कार्यालय सहयोगीलाई बुद्धिप्रसादलाई मात्र डाक्न निर्देशन दिएँ । बुद्धिप्रसाद नमस्ते गर्दै कोठामा पसे ।

'यो जग्गा कहाँ छ ? तिमीलाई थाहा छ भाइ ?'

डर मिसिएको स्वरमा बुद्धिप्रसादले भने, 'पहिला त थाहा थिएन सर । तल आएको मान्छेले नै जग्गा चिनाइदिएको हो ।'

'जग्गामा तिम्रो बुबा वा बाजेले खेती गरेको तिमीलाई थाहा छ त बुद्धि ?'

'अहँ, थाहा छैन सर ।'

'अनि तिमीहरू कसरी मोही भयौ त ?'

'खोइ सर, मेरो तीन पुस्ता अघिको बाजेको नाममा जग्गा भेटियो, नामसारी गर्न सक्यो भने करोडपति हुन्छौ भन्यो । भूकम्पले भत्केको मेरो पुरानो घर पुनःनिर्माण गर्न बाँकी छ सर । त्यही घर बनाउन पैसा आउने आशमा यहाँ आएको सर । मलाई अरू केही थाहा छैन ।'

'तिमीले बैना रकम पनि पायौ रे हो बुद्धि ?'

सोझो बुद्धिले साँचो कुरा बोल्यो, 'हो सर, दुई महिनाअघि मलाई घरमै आएर २० लाख रुपैयाँको बैना कागज गरायो । यति पैसा मैले जिन्दगीमा कहिल्यै देखेको थिएन सर ।'

'पैसा कहाँ छ त ?'

'सहकारीमा राखेको छु सर । खर्च गरेको छैन । घर बनाउन नगरपालिकामा नक्सा राखेको छु ।'

मैले कुरो बुझेँ । कार्यालय सहयोगीलाई बाँकी सबैलाई कार्यकक्षमा डाक्न भनेँ । सबैजना आए । महाशय चाहीँ मेरो टेबुलसँगै जोडिएको मेचमा बसे । मैले उनलाई तलदेखि माथिसम्म सर्लक्क हेरेँ । खुट्टामा गम बुट, जिन्स पाइन्टको खल्तीसँगै अल्टो कारको चाबी झुन्ड्याइएको, हातमा सलमान खानवाला चाँदीको ब्रासलेट, आँखामा लगाउने चस्मा टाउकोतिर फर्काइएको थियो । मुखमा कहिल्यै खाली नहुनेगरी पान चपाइरहने बानी रहेछ उनको ।

उनको बोल्ने पारा बेग्लै थियो । बोल्दा मुखबाट थुक हावामा उड्थ्यो । उनी भन्दै थिए, 'यो सिफारिस एउटा भयो भने मालपोत र नापी कार्यालयमा सबै मिलाउने काम म गरिहाल्छु । विचरा मोहीको अधिकार त सुनिश्चित गर्नुपर्‍यो नि सर ।'

मैले जग्गा किन्ने मान्छे को भनी बुझ्न खोज्दा तर्किंदै तिनै महाशयले बोले । 'जग्गा किन्ने मान्छे अर्कै छ, यहाँ बोलाएको छैन । तपाईंले जग्गा किन्ने मान्छेसँग सरोकार राख्न आवश्यक पनि त छैन नि । तपाईंको काम त सिफारिस मात्र गर्ने हो । अरू सबै काम म गरिहाल्छु ।'

'अनि उहाँहरू ?'

'उहाँहरू सबैजना सहयोगी ।'

मैले सबैको अनुहार एकसरो हेरेँ । कार्यालयका सबै कर्मचारीहरूलाई आफ्नो कार्यकक्षमा बोलाएँ । अनि सबैका सामु कुरा राखेँ, 'साथीहरू म यो जग्गाको सिफारिस गर्दिनँ । सार्वजनिक महत्त्वको सम्पत्ति म्हास्ने कार्य हामी जनप्रतिनिधि र कर्मचारीहरू कसैबाट पनि नहोओस् ।'

मेरो कुरा नसकिँदै टाउकोमा राखिएको चस्मा आँखामा राख्दै मेचबाट उठेर ती महाशयले मेरो टेबुल ठोक्दै भने, 'होइन, तपाईं मोही किसानको हक खोस्दै हुनुहुन्छ । यो अधिकार तपाईंसँग छैन । तपाईंलाई कानुन लाग्छ बुझ्नुभयो ?'

'तपाईं आरामसँग बस्नुस् महाशय । यो तपाईंको कार्यालय होइन । मैले के गर्नुहुन्छ र के गर्नुहुन्न, तपाईंले सिकाउनु पर्दैन । बुद्धिप्रसादसँग तपाईंको के नाता सम्बन्ध छ ?'

आडम्बर मिसिएको लवजमा महाशयले बोले, 'म समाजसेवी । पीडित मोहीको पक्षमा वकालत गर्ने वकिल । अन्यायको विरोधमा आवाज उठाउने राजनैतिक कार्यकर्ता । .....।' उनी यस्तै यस्तै बोल्दै थिए । मैले फोनबाट बोलाएका भजनियाहरू र पूर्व जनप्रतिनिधिहरू विस्तारै कार्यकक्षमा जम्मा हुन थाले ।

एक जना ज्येष्ठ भजनियाले उठेर दुई हात जोड्दै बोल्नुभयो, 'बुद्धिप्रसादको बाजे भजनबाट आफूखुशी बाहिरिएको थियो बाबु । हामीले धेरैपटक भजन नछोड्न आग्रह गर्‍यौँ तर उहाँ मान्नुभएन । त्यतिबेला उहाँले भन्नुभएको थियो, 'म भजनमा आउँदिन, मलाई जग्गा पनि चाहिँदैन ।'

सँगै बस्नुहुने अर्का ज्येष्ठ भजनियाले त्यतिबेलाको साक्षी आफू पनि भएको सबैका अगाडि बताउनुभयो । 'हामी जीवितै छौँ । त्यतिबेला भजन नाइकेको हिसावले सबैको सहमतिमा नापी आउँदा उनीहरूको नाम लेखाएका मात्र थियौँ । जग्गा उनीहरूको होइन । धेरै पुस्ताअघि भजनको नाममा दान दिइएको जग्गा हो बाबु ।'

अग्रज जनप्रतिनिधिले संयमतापूर्वक आफ्नो धारणा राख्नुभयो, 'परम्परादेखि चल्दै आएको भजन, गुठी, दाफाको नाममा दान गरिएका यस्ता जग्गाहरू हाम्रै वडामा अरू पनि छन् । त्यतिबेला नाइकेको नाममा राखियो, अहिले दर सन्तानले आफ्नो व्यक्तिगत बनाउन खोज्दा स्थानीयहरूले जग्गा जोगाएको अरू पनि उदाहरणहरू छन् ।'

उहाँले बुद्धिप्रसादतिर हातले देखाउँदै भन्नुभयो, 'विचरा भाइ खेतमा बस्ने, अरूको खेती मजदुरी गर्ने भाइ हो, हामी टोलवासीहरूले राम्ररी चिनेका छौँ । भूकम्पले भत्किएको जीर्ण घर बनाउने लोभमा मात्र यहाँ आएको हो । उसलाई कसैले उक्साएको मात्र हो । ऊ भजनमा पनि कहिल्यै जाँदैन,

र उसले भजनको जग्गा जोतेको पनि हामीलाई थाहा छैन। ऊ वास्तविक मोही नै होइन।'

उपस्थित अन्य भजनियाहरूले पूर्व जनप्रतिनिधिको भनाइलाई समर्थन गरे। त्यसपछि मैले महाशयतिर हेर्दै भनें, 'तपाईंको समाजसेवाको सक्कली रूप देखियो महाशय। एउटाको जग्गा अर्कोको नाममा नामसारी गराएर बिचमा भाग खाने दलाललाई हाम्रो समाजमा समाजसेवी भनिँदैन। सोझो किसानलाई लोभमा पारेर दलाली भाग खाने व्यक्तिले आफूलाई राजनैतिक कार्यकर्ता भनी परिचय दिँदा हामीलाई लाज लाग्यो। सार्वजनिक महत्त्वको सम्पति म्हास्ने व्यक्ति कानुनी दण्डभागी हुन्छ महाशय।'

ती महाशय फेरि पनि कड्केर बोल्न खोज्दै थिए। उनले मलाई कानुन सिकाउन पर्दैन मात्र के भनेका थिए, पूर्व जनप्रतिनिधिले उनको बारेमा बेलिविस्तार लगाइदिनुभयो। महाशयको विषयमा उहाँलाई राम्रो जानकारी रहेछ। उहाँ भन्दै हुनुहुन्थ्यो, 'उहाँलाई म राम्रैसँग चिन्छु। यसअघि अशक्त बुढाबुढीको सम्पति हडपेर तिनीहरूलाई पाटीवास गराउने उहाँ नै हुनुहुन्छ। हाम्रो खेतभन्दा पारिको पर्ती जग्गा समेत प्लटिङ गरेर बेच्ने पनि उहाँ नै हुनुहुन्छ। मालपोत र नापीका कर्मचारीहरूलाई घुस खुवाएर कैफियत जनिएका जग्गाहरू व्यक्तिको नाममा दर्ता गराएर राम्रै सम्पति जोड्नुभएको छ उहाँले।'

मुखबाट र्‍यालको फिज हावामा फाल्दै ती महाशयले धम्कीको भाषा बोले, 'मेरोबारेमा जथाभावी नबोल्नुस् है। पूर्जामा मोही जनिएको व्यक्तिलाई कसरी भाग दिँदैन हेरौँला। अदालत छैन भन्ठान्नुभएको ?'

कुरा टुङ्ग्याउने आशयले मैले बोलेँ, 'सक्कली मोहीलाई जग्गा दिलाउने आन्दोलनको विषयमा पार्टीले चलाएको आन्दोलनको बारेमा हामी राम्रैसँग प्रशिक्षित छौँ महाशय। सार्वजनिक महत्त्वको सम्पति म्हास्न खोजेको आरोपमा प्रहरीलाई बोलाऔँ कि यहाँबाट जानुहुन्छ ?'

मेरो भनाइले डराएर 'सहयोगी'हरू लुसुलुसु बाहिरिए। ती महाशय फेरि पनि कराउन खोज्दै थिए। अग्रज जनप्रतिनिधिले बुद्धिप्रसादसँग भएको तमसुक हातमा लिएर भन्नुभयो, 'विचरा बुद्धिप्रसादलाई २० लाख बैना दिएर ८० लाखको तमसुक बनाएका रहेछन् यी महाशयले। वडा कार्यालयबाट यो कागज प्रमाणित पनि गराएको छैन। कीर्ते केसमा प्रहरी बोलाउनुस् वडाध्यक्षज्यू।'

अब भने साँच्चिकै महाशय झस्किए। उनले त्यो तमसुक पूर्व जनप्रतिनिधिको हातबाट खोस्ने असफल प्रयास गरे। तमसुक मेरो हातमा आउनासाथ सुरक्षित ठाउँमा राखिहालें। कार्यालय सहयोगी कार्यकक्षको ढोकामा उभियो। ती महाशय कार्यकक्षबाट बाहिरिन खोजेका थिए, तर सबैले रोकेको कारण उनी बाहिर जान सकेनन्। मैले प्रहरीलाई फोन गरेको चाल पाएर ती महाशय तर्सिए। उनको अनुहार रातोपिरो भयो। नाकबाट सिङान र मुखबाट र्‍याल चुहिन थाल्यो। रुन्चे स्वरमा उनले दुई हात जोडेर बिन्ती गर्दै भने, 'प्रहरीलाई नडाक्नुहोला। बरु यो कीर्ते कागज च्यात्नुहोस्।'

'यो तमसुक च्यातेर के हुन्छ ? अर्को प्रति आफूसँग सुरक्षित होला नि।'

महाशय मौन बसे। सोझो बुद्धिप्रसादको रिस देखियो। उनले महाशयको मुखमै मुक्का हाने। 'लेखपढ गर्न नजानेको मान्छेलाई फसाउने, हँ ?'

पूर्व जनप्रतिनिधिले बुद्धिको हात समाएर शान्त हुन आग्रह गर्दै भन्नुभयो, 'वडा कार्यालयमा हातपात गर्नुहुन्न। बरु प्रहरीको जिम्मा लगाइदिऔँ।'

परिस्थितिको मूल्याङ्कन गर्दै मैले सबैलाई शान्त रहन र मेचमा बस्न अनुरोध गरेँ। 'समाजसेवी' महाशयको विजोग हेर्न लायकको थियो। सचिवलाई लिखत बनाउन निर्देशन दिएँ। तुरुन्तै सचिवले टाइप गरेर प्रिन्ट गर्नुभयो। लिखतको सार थियो, 'मैले यसअघि बुद्धिप्रसादसँग बैना रकम लेनदेनको कागज यसै लिखतबाट खारेज गरेको छु। कहिँकतै उजुरवाजुर गरे यसै लिखतका आधारमा कानुनी सजायँ सहुँला, बुझौँला।' महाशयको दिमागले काम गरेन। उनले हत्त न पत्त उक्त लिखतमा सही गरे। बुद्धिप्रसादले पनि लिखतमा औँठाछाप लगाए।

त्यो कागज पनि मैले आफैसँग राखेँ। बुद्धिप्रसादको काँधमा हात राख्दै मैले भनें, 'अनावश्यक लोभ नगर्नू बुद्धि भाइ। तिमीले सहकारीमा जम्मा गरेको बैना रकम भोलि नै फिर्ता गर्नू।' बुद्धिले हुन्छ भन्दै टाउको हल्लाए।

त्यसपछि महाशयको हात जोडले समातेर उनलाई भनें, 'कुकर्म गर्नेले अपराधबोध गरेपछि विवेकले घाँस खान्छ भनेको यही हो। तपाईंले बुद्धि भाइलाई २० लाख रुपैयाँ बैना दिएको त साँचो हो नि। तपाईंले बेइमान गर्दैमा सोझो बुद्धिले आफ्नो इमान बेच्दैन।'

लिखत दायाँ हातले समाउँदै मैले महाशयलाई चेतावनी दिएँ, 'अबका दिनमा तपाईंले कसैलाई बेइमान गरेको थाहा पाएँ भने यसै लिखतको आधारमा प्रहरीको खोरमा जाकिदिन्छु तपाईंलाई।'

डरले कुकुरले पुच्छर लुकाउँदा पनि क्वाँ क्वाँ गर्छ। तर, ती महाशयको मुखबाट एक शब्द पनि निस्केन। उनको मुख कालो निलो भयो। आँखाको चस्मा खसेर आफैले कुल्चेको समेत चाल पाएनन् तिनले। तिनको हात खुट्टा गलेको प्रष्टै देखिन्थ्यो। थचक्क भुइँमा बसेका महाशय धेरैबेरसम्म शीर ठाडो पनि पार्न सकेनन्। विचरा 'समाजसेवी' महाशय !

२०८०।१२।०७

# वडाध्यक्षको डायरीबाट

# दिदीको लामो मेसेज

कुशल

एक दिन बेलुका खाना खाएर म आराम गर्दै थिएँ। एक छिन आराम गरिसकेपछि अध्ययन गर्ने बानी छ। दिनभरिको कार्यव्यस्तताले गर्दा आराम गर्नु स्वभाविक पनि हो। त्यही समयमा मैले मोवाइल अन गरेँ। मेसेन्जरमा धेरै जनाको मेसेज आइरहेको थियो। तर, एउटा मेसेज निकै लामो थियो। त्यो नहेरी बाँकी अरू मेसेज हेरेँ। करिब एक घण्टाजति आराम गरेपछि अचानक अघिको लामो मेसेज याद आयो र हेर्न मन लाग्यो।

मेसेजमा लेखिएको थियो, 'आदरणीय वडाध्यक्ष ज्यू, नमस्कार। म तपाइँकै वडावासी एकजना दिदी हुँ। यो पत्र लेखुँ कि नलेखुँ भनी धेरै दिन सोचिसकेपछि मात्र मैले यो मेसेज वडाध्यक्षज्यूलाई लेखेकी हुँ। वडाध्यक्षज्यूले यो मेसेजलाई कसरी लिनुहुन्छ, मलाई थाहा छैन। तर, मैले सकारात्क सोचले नै यो मेसेज गरेकी छु। मलाई विश्वास छ, मेरो मेसेजको राम्रो रेस्पोन्स हुनेछ।

अत्याचारको पनि सीमा हुन्छ। मानवता भनेको पनि यो संसारमा जीवित छ। मानिसको सहने क्षमता पनि सीमित हुन्छ। अनि यो सीमा नाघेपछि मानिसले के गर्दछ भन्न सकिन्न। आज म यस अवस्थामा आइपुगेकी छु। त्यही भएर मेरो मानसिक स्थितिलाई पनि झल्काएर यो लामो मेसेज लेख्दैछु। यसलाई अन्यथा नठान्नु होला। तपाईँको सानो सहयोगले कसैको ज्यान बच्न सक्छ, मेरो एउटा लामो मेसेजले कसैको ज्यान बच्छ भने मैले किन नलेख्ने ?

भावनामा धेरै बगेर यो मेसेज लेखेको नभन्नु होला। तर साँचो कुरा हो र धेरै भावनामा डुवेर यो मेसेज लेखेकी हुँ। तर, पनि तपाईँलाई मेरो भावनाको कुरा पढ्न फुर्सद नहुन सक्छ। जनताको दैनिक समस्या सुन्दासुन्दा तपाईँ पनि बेफुर्सद होला। मैले पोखेको जस्तो समस्या त हाम्रो वडामा धेरै होलान्। त्यही भएर पनि लामो मेसेज लेख्न मन थिएन। तर, कसैको दुःख र पीडा मैले सधैँ टुलुटुलु हेरिरहन सक्ने अवस्था म मा भएन। त्यो अत्याचारको सीमा नाघेको जस्तो लागेर नै मैले यो मेसेज गर्दैछु।

मुख्य घटना के हो भन्ने सम्बन्धमा म लेख्न चाहन्छु। मेरो घर यही वडाको सीमामा पर्दछ। तपाईँ नयाँ र भर्खर वडाध्यक्ष भएर आउनु भएकोले वडाको पूरै सिमाना थाहा नहुन सक्छ। त्यही भएर ठेगानाबारे पनि लेखेकी हुँ। मेरो घर अगाडि एकजना राम गोपाल नापित (नाम परिवर्तित) दाइको परिवार छ। मेरो र उनको घर बाटो वारि र पारि हो। घर अगाडिनै भएकोले वहाँको परिवारको बारेमा सबै कुरा थाहा हुनु स्वभाविक हो। रामगोपाल दाइ अलि पिउनु हुन्छ। यो वहाँको नकारात्मक कुरा भयो। धेरै पहिलादेखि पिउने बानी र तास खेल्ने बानी रहेछ। वहाँले जीवनमा यस कमजोरीलाई सच्याउन सक्नु भएन। सायद त्यही भएर होला परिवारले वहाँलाई रुचाउनु हुन्न। परिवारमा श्रीमती र छोरा एकजना पनि छ। छोरीको विवाह भइसकेको छ। उमेर भर्खरै पचासजति होला। वहाँ अहिले बिरामी हुनुहुन्छ। तर, घरको मानिसले उपचार गरको देखिएन। यस्तो जाडो मौसम छ। वहाँलाई कोठा बाहिर भऱ्याङसँगै सुताइएको छ। मेरो घरको झ्यालबाटै राम्रैसँग देखिन्छ। नियमित खाना र खाजा खुवाएको देखिँदैन। घरमा दिउँसो ताल्चा लगाएर परिवारका सबै मानिस बाहिर जान्छन्। विचरा त्यसवेला मसँग खाना माग्छन्। तर, घरमा ताल्चा लगाएको हुँदा खाना खुवाउन जाने अवस्था छैन। परिवारमा मानवता भन्ने नै छैन जस्तो भयो वडाध्यक्षज्यू। बिरामी भएको मानिसलाई उपचारको त के कुरा, कमसेकम खाना र खाजा त दिनु पऱ्यो नि ? अहिले त हिँडडुल गर्नसमेत नसक्ने अवस्था देखिन्छ। दिसा र पिसाव पनि त्यही लगाएकै पाइन्टमा गरेजस्तो छ। न परिवारले लुगा परिवर्तन गरिदिन्छ न खाना नै दिन्छ। उपचार र स्याहार सुसार नगरिकनै जिउँदै आफ्नो परिवारको मुख्य मानिसलाई नै मार्न खोजिँदै छ। त्यसैले तपाईँ के गर्न सकिन्छ, सकेको सहयोग गर्नुपऱ्यो। सकिन्छ भने मेरो नाम गोप्य राखिदिनुहोला। त्यसै त परिवारका मानिसले राम्रो र निको मान्दैन। त्यसैले वडाध्यक्षज्यूले गोप्यतालाई ख्याल गरिदिनु होला। यो मेसेजपनि उनीहरूको परिवारलाई नदेखाउनुहोला। तपाईँको टोलवासी एक दिदी।'

लामो बेनामी मेसेज पढेपछि मलाई कस्तो कस्तो नमज्जा लाग्यो। के आफ्नै परिवारको मान्छेले आफ्नै श्रीमान् र आफ्नै बुबालाई त्यस्तो गर्लान् त ? मेरो मनमा अनेक तरङ्गहरू पैदा भयो। म आफैमा डुब्दै गए। यो पुँजीवादी समाजमा जे पनि हुन सक्दछ किनकी यहाँ मानिसको व्यवहार पनि पैसाले निर्धारण गर्दछ। मानिसले कमाउन नसकेपछि, परिवारलाई खर्च दिन नसकेपछि, श्रीमतीलाई खर्च दिन नसकेपछि, अनि घर परिवार चलाउन आर्थिक स्रोत

नभएपछि पक्कै परिवारको व्यवहार राम्रो नभएको हुन सक्छ। तर, मानवतानै हराउने गरी व्यवहार नगर्ला कि ? तर, के भन्न सकिन्छ र ? मानवता भन्ने चिज पनि पैसामा किन बेच हुन्छ यहाँ। माया प्रेम भन्ने चिज पनि पैसामा बिक्छ यो पुँजीवादी समाजमा। बुबा, आमा, छोरा, छोरीको सम्बन्ध र माया प्रेम पनि पैसाले निर्धारण गर्दछ। पुँजीवादी समाजको विकृत रूपनै पैसामा सबै चिज बिक्नु हो। त्यसैले परिवारका सदस्यले परिवारका सदस्यमाथि यस्तो व्यवहार हुनु अचम्म होइन। तर, आफ्नै टोलमा यस्तो घटना सुन्नु पर्दा कता कता नरमाइलो लाग्यो। त्यस रात मेरो निद्रा पनि नराम्रोसँग खलबलियो। मेसेजमा लेखिएका कुराहरूले मेरो मन रोयो। साँच्चीकै म वडाध्यक्ष भएर केही न केही गर्नुपर्छ भन्ने अठोट गर्दै बल्ल म निदाएँ।

भोलिपल्ट बिहान आठ बजेनै टोलवासीसँग रामगोपाल नापितको घर सोध्दै म त्यस परिवारको घरमा गएँ। पहिलो तलामा एकजना पाको देखिने मान्छे भऱ्याङसँगै कामेर बसेको देखें। घर पश्चिमपट्टि फर्केको हुँदा घाम पनि घरमा लागेको थिएन। यस्तो चिसो मौसममा एक जना मानिस खुल्ला ठाउँमा लुगलुग कामिरहेको देख्दा हिजोको मेसेजमा चित्रण गरिएको ठिकै हो भन्ने लाग्यो। त्यो मानिस पक्कै राम गोपाल नापित हुनु पर्दछ भनी अन्दाज गरें। मैले उनीसँग बोल्न खोजें। तर, उनी बोल्न सक्ने अवस्थामा थिएन। मैले घरमा अरू मानिसलाई बोलाएँ। तर, घरमा कोही थिएन। त्यो मानिसका अवस्था निकै नाजुक लाग्यो। फोहोर यत्तिकै थियो भने दिसा पिसाव पनि त्यत्तिकै कपडा र पाइन्टमा लागेको देखियो। त्यत्तिकै सुकुल एउटामा पातलो कपडामात्र ओछ्याएर सुताएको रहेछ। उपचार पनि गरेको देखिएन। त्यसपछि मैले त्यो मेसेज गर्ने दिदीको घरतिर हेरें। वहाँको घरको झ्यालमा पनि कोही देखिएन। त्यसपछि म बाहिर आएर सीधै वडा कार्यालयमा आएँ।

दिनको दोस्रो प्रहरमा फेरि मैले कार्यालय सहायकलाई रामगोपल नापितको घरमा पठाएँ। कुनै पनि हालतमा रामगोपाल नापितको परिवारलाई वडामा बोलाउनु भन्ने कडा निर्देशन दिएर पठाएँ। नभन्दै आधा घण्टा भित्र रामगोपाल नापितको छोरा र श्रीमती वडामा आउनुभयो। मैले सोफामा बस्न अनुराधे गरें। मनमा रिस धेरै भएपनि आफूलाई नियन्त्रण गर्दै नरम भाषामा वहाँहरूलाई भनें, 'रामगोपाल दाइको अवस्था त राम्रो देखिनँ। उपचार पनि नभएको जस्तो लाग्यो। अनि सुकुलमा खुल्ला ठाउँमा सुताउनु भएको रहेछ। यस्तो चिसो मौसममा लुगा पनि पातलो लगाई दिनुभएको रहेछ। दिसा पिसाव पनि यत्तिकै रहेछ। गनाएर बस्नै नसकिने अवस्था रहेछ। त्यही भएर हेर्न म बिहान आएको हुँ। तपाईँहरू बाहिर जानु भएको रहेछ।'

श्रीमतीले जवाफमा मलाई भन्नुभयो, 'उमेर छउञ्जेल घरमा श्रीमती हुँदाहुँदै बाहिर अर्कै केटीसँग मस्ती गर्दै हिँड्ने मानिसलाई यसरी नराखे कसरी राख्ने त वडाध्यक्ष भाइ ? जीवनभर एक पैसा कमाएको छैन। भएको सम्पत्ति पनि एक एक गरेर बेच्दै बाहिर तरूनी राखेर मोजमस्ती गर्ने अनि दिनभर तास खेल्ने र राति भएपछि रक्सीले मात्तिने मान्छेलाई यसरी नराखे कसरी राख्ने होला वडाध्यक्षज्यू ? ऊसँग विवाह गरेको करिब तीस वर्ष भयो होला। अहिलेसम्म चोलो र सारी एउटा पनि किनी दिएको थाहा छैन। भए भरको सम्पत्ति बेचेर खाइसके। अहिले घर एउटा बाँकी छ। त्यो पनि बेचेर खाना लागेको थियो। बिरामी भई थला परेकोले मात्र हाम्रो घर बचेको हो। नत्र त हाम्रो पाटीको बास हुने थियो वडाध्यक्षज्यू। मैले गर्न सक्ने त यही हो। तपाईँले पाल्ने भए आफ्नै घरमा लानुस्। वडामा लिएर पाल्ने भएपनि पाल्नुस्। तर, यसलाई त हिजोका दिनहरूमा गरेको मोजमस्तीको परिणाम त नदेखाई छाड्दिन।'

आमाको कुरा नटुङ्गिदै छोराले भन्नुभयो, 'वडाध्यक्षज्यूलाई त्यत्तिनै मेरो बुबाको माया लागेको भए यही अफिसमा लिएर पाल्नुस् न। मैले स्कुल पढ्न पाइँन। कलेजको त के कुरा। यस्तो बाबु हुनुभन्दा नहुनु जाति। होइन तपाईँलाई हाम्रो व्यक्तिगत कुरामा किन चासो हो ? हामीले बुबालाई जसरी राखेपनि तपाईँलाई किन चाहियो ? हामीलाई जीवनभरि जसरी दुःख दिए, त्यसरीनै बुबालाई पीडा दिएको हो। तपाईँ के गर्नु हुन्छ गर्नुस्। बाँकी अरू कुरा गर्दै नगरूँ।'

श्रीमती र छोराको जवाफ कडा थियो। मलाई कसरी जवाफ दिएर सम्झाउने विचार नै आएन। म एकछिन त टोलाएर बसिरहें। के जवाफ दिने होला भनी सोच्न थालें। मेरो व्यक्तिगत कुरा किन चाहियो भन्ने प्रश्न गरेपछि, कित्ताकाट गरी नै बोलेको जस्तो लाग्यो। मैले फेरि पनि नरम हुँदै भनें, 'मलाई व्यक्तिगत कुरा त मतलव नहुनु पर्ने हो। तपाईँको परिवारको विषयमा के चासो। तर, पनि मैले चासो लिनैपर्ने बाध्यता यसकारणले आयो कि वडावासीको उजुरी आयो। त्यही भएरमात्र भनेको हुँ। कमसेकम मानवता त हुनु पऱ्यो नि। अलिकति भएपनि माया र प्रेम त हुन पऱ्यो नि। आफ्नै बुबा अनि श्रीमान्लाई जीउँदै मार्नु भनेको त मानवता विरोधी अपराध हो। विगतको इतिहासलाई कोट्याएर अहिले

जीउँदै मानिसलाई बेवारिस राख्नु मार्नु सरह हो । तपाईँहरूमा अलिकति पनि परिवारप्रति माया छैन ? यस्तो चिसोमा पातलो लुगामा राख्नु उचित हो ? यसलाई वडाध्यक्षले सहेर बस्दैन । यसको लागि आवश्यक प्रक्रिया वडाध्यक्षले गर्दछ र गर्नु पर्दछ ।'

मेरो कुरामा श्रीमती र छोराले कुनै वास्तै नगरी बाहिर जानुभयो । जाने बेलामा मलाई पाल्न मन लागे र माया त्यत्तिनै भए वडामा ल्याएर पाल्नुस् भन्दै जानुभयो । यो संसारमा यस्तो पनि मानिस हुँदो रहेछ । म एक्लै सोचिरहें । यो पुँजीवादी समाजमा आफ्नै श्रीमान्लाई अनि आफ्नै बुबालाई पनि जीउँदै मार्ने पो रहेछ । अनि एकजना निर्वाचित वडाध्यक्ष मूकदर्शक भएर बस्नुपर्ने हुँदो रहेछ । वडाध्यक्ष पनि कति कमजोर र अधिकार विहीन रहेछ । मानवता विरोधी अपराध भइरहँदा पनि मूर्कदर्शक भएर बस्नुपर्ने कस्तो बाध्यता हो यो ?

वहाँहरू गएलगत्तै मैले मेसेज गर्ने दिदीलाई कल गरी परिवारका सदस्यले भनेको कुरा जानकारी गराएँ र कुनै सकारात्मक परिणाम ननिस्केकोमा क्षमा मागेँ । वहाँले त्यसपछि मलाई भन्नुभयो, 'तपाईँ बिहान घर जानु भयो । मलाई धेरै खुसी लाग्यो । मेरो मेसेज पढेर घरसम्म आएर रामगोपाल दाइलाई हेर्न आउनु नै खुसीको कुरा हो । यत्ति छिटो अरू वडाध्यक्षले रेस्पोन्स गर्छ होला जस्तो लाग्दैन । फेरि पनि एकपटक बोलाएर कुरा गरिदिनुस् प्लिज । अलि वर्ष बाँच्न पाउने छ । नत्र केही दिनमा नै मर्नेछ ।' मैले सकेको प्रयास गर्छु भनी जवाफ फर्काएँ ।

भोलिपल्ट वडा कार्यालय पुग्ने वित्तिकै पुनः कार्यालय सहायकलाई रामगोपाल दाइको श्रीमती र छोरालाई वडा कार्यालयमा बोलाउन पठाएँ । वहाँहरू वडामा आउनुभयो । मैले निकै विनम्र भएर मानवताको नाताले भएपनि रामगोपाल दाइको औषधि उपचार र हेरचाह गर्नको लागि अनुरोध गरें । श्रीमतीले केही पनि बोल्नु भएन । तर, छोराले हिजो जस्तै नै कडा जवाफ दिनुभयो । श्रीमतीको अनुहार अलि निन्याउरो र झुकेको जस्तो लाग्यो । सम्भवतः मैले हिजो बोलेको कुराले श्रीमतीको मनमा अलि असर गरेको हो कि जस्तो लाग्यो । त्यही भएर केही बेर छोरा बोल्दा पनि रामगोपाल दाइकी श्रीमती केही पनि बोल्नुभएन । म त्यस गएर रामगोपाल दाइलाई बोलेपछि टोल समाजमा अलि चर्चाको विषय पनि भएको रहेछ । त्यसकारणले त्यसको अलि असर श्रीमतीलाई परेको हो कि जस्तो लाग्यो । मलाई मेसेज गर्ने दिदीले त्यस विषयमा केही जानकारी दिनुभएको थियो । तर, त्यो छोरामा अलिकति पनि असर देखिएन । त्यसैले मैले छोराप्रतिनै लक्षित गरी सम्झाउने पारामा भनें, 'हेर भाइ, तपाईँ र म अहिले जवान उमेरमा छौँ । यस उमेरमा विभिन्न समस्याहरू आउँछन् र विभिन्न गल्तीहरू पनि हुन्छन् होला । तर, समय सबभन्दा शक्तिशाली हुन्छ । तपाईँको बुबाले पनि उमेर छँदा केही गल्तीहरू गरे होलान् । घरमा हेरेनन् होला । तर, सधैँ त्यसैलाई अत्तो थापेर अहिले उपचारनै नगर्नु भनेको मानवता विरोधी अपराध हो । भोलि तपाईँ हामी पनि त्यही उमेरमा पुग्छौँ । अनि हामी पनि बिरामी हुन्छौँ । अनि तपाईँ हाम्रै छोराले हामीलाई त्यही नर्गला भन्न सकिन्न । संस्कार त हामीले गरेजस्तै बच्चाले सिक्ने हो । हामीले हाम्रो आमा बुबालाई नहेर्ने हो भने हाम्रो घरको नयाँ पुस्ताले पनि त्यही सिक्ने हो । त्यही भएर मेरो कुरा एकपटक गम्भीर भएर सोच्नु होला । पाप भनेको धुरीबाट कराउँछ भन्छन् । हामीले गरेको कर्मको प्रतिफल चाँडै हामीले भोग्नुपर्ने हुन्छ । त्यही भएर तपाईँ जस्तो सचेत नागरिकले आफ्नै बुबालाई उपचार नगरी मर्न दिने हो र ? टोलमा चर्चाको विषय भइसक्यो । भोलि तपाईँलाई टोलमा बस्न गाह्रो हुन्छ । त्यसैले बुबाको हेरचाह र औषधि उपचार गर्नको लागि अनुरोध गर्दछु । वडा कार्यालयमा उजुरी परिसकेको हुँदा तपाईँले मेरो कुरा सुन्नु भएन भने निर्वाचित जनप्रतिनिधिको रोहवरमा टोलवासीको बैठक बोलाउनु पर्ने हुन्छ । त्यसवेला तपाईँको बेइज्जत वडाध्यक्षले गर्‍यो भन्न पाउँदैन । तपाईँले मेरो कुरा नसुनेको अवस्थामा मेरो अन्तिम उपाय भनेको टोलवासीको बैठक राख्नुबाहेक अरू मसँग नहुन सक्छ । त्यसैले मेरो कुरामा अलि ध्यान दिनुहोला ।' मेरो कुरा सुनेपछि छोरापनि केही बोलेनन् । त्यसपछि मैले दुवै जनालाई वडाबाट विदावारि गरेँ र वडाबाट जाने बेलामा दुवैलाई वडाध्यक्षको अनुरोधलाई सम्मान गर्न अुनरोध पुनः एकपटक गरेँ ।

करिब एक हप्तापछि रामगोपाल दाइको छोराले मलाई मोवाइलमा कल गर्नुभयो । वहाँले आफ्नो बुबालाई उपचारको लागि अस्पताल लान लागेको र उपचार पश्चात काठमाडौँमा आफन्तको घरमा राखेर हेरचाह गर्न लागेको जानकारी दिनुभयो । मैले छोरालाई यसको निम्ति धन्यवाद दिएँ र रामगोपाल दाइ चाँडै निको होस् कामना गर्दै फोन राखिदिएँ ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# नेपाली कलाको विकास : एक झलक



न्हुछेरत्न बुद्धाचार्य

*'कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो'*

*– महाकवि लक्ष्मीप्रसाद देवकोटा*

कला मानवभावनाको अभिव्यक्ति हो । मानिस अनुग्रहणशील छ । कलाकारले अनुग्रहण गरेको कुरा आफूसँग मात्र सीमित राख्न चाहँदैन । अभिव्यक्त गर्न खोज्दछ । अभिव्यक्त गर्ने साधन मुख्यतः भाषा, चित्रकारिता, शिल्प, नृत्य आदि हुन् ।

नेपालको कला र वास्तुकलामा जुन उन्नति भयो त्यो धेरै नै महत्त्वपूर्ण छ । काठमाडौँ उपत्यकामा मुख्यतः कान्तिपुर, भक्तपुर र ललितपुर तीन शहरमा रहेका मन्दिरहरू, भवनहरू र त्यसमा रहेका मूर्तिहरूले नेपालको कलाको उन्नति स्पष्ट रूपले दर्शाउँछ । यदि हामीले ती कला र वास्तुकलाको अध्ययन गर्दै गयौँ भने ती मूर्तिहरू, कलाहरू, भवनहरू र मन्दिरहरू सत्यम शिवम सुन्दरमले विभूषित भएका छन् भन्ने स्पष्ट रूपले देखिन्छ ।

कलाको साधन ६४ मानिएको छ तापनि नेपाली कलालाई निम्नलिखित भागमा बाँड्न सकिन्छ । १) वास्तुकला, २) मूर्तिकला, ३) चित्रकला ४) नृत्य र सङ्गीत ।

**वास्तुकला** : वास्तुकला नेपालको आधुनिक श्रृजना होइन । किराँत, लिच्छवि आदि प्राचीनकालदेखि नै यसको विकास भएको हो ।

मानदेवको मानगृहमा देखिएको वास्तुकलाको बारेमा इतिहासकारहरूले महत्त्वपूर्ण कुरा उल्लेख गरेका छन् । चाँगुनारायण र पशुपतिनाथ मन्दिरको निर्माणमा पनि लिच्छविकालीन वास्तुकलाको झलक पाइन्छ । चीनको ताङवृतान्तमा लेखिएको नरेन्द्रदेवको दरबारको वर्णनले लिच्छविकालीन विकसित कलाको पुष्टि गर्दछ । राजा शिवदेवले बनाउन लगाएको कैलासकूट भवन नेपाली वास्तुकलामा सर्वश्रेष्ठ मानिन्छ । नेपाली वास्तुकलाको यस्तो आदर्श विकासलाई विदेशी यात्रीहरूले 'पेगोडा शैली' भनेका छन् । पेगोडा शैलीको चरम सीमा कैलासकूट भवनमा नै पुगेको प्रमाणित हुन्छ । पगोडा शैलीको विशेषता र उदाहरण नेपालमा पाइने झिँगटी छानाका मन्दिर हुन् ।

मानिसको बसोबास नै वास्तुकलाको मूल अभिप्राय हो । नेपालमा सर्वप्रथम वास्तुरचनाको विकासको उदाहरणमा हामी 'मण्डपशैली' लाई लिन सक्छौँ । त्यो शैली मल्लकालमा आएर एक सुन्दर रूपमा परिणत भयो ।

यसको पुष्टि काठमाडौँको धर्मशाला, हनुमानढोका र पाटनको दरबारले गर्दछ । त्यसपछि नेपालमा चैत्यशैलीको विकास भयो । नेपालको चेत्यशैलीको उत्कृष्ट नमुना स्वयम्भू चैत्य हो । वास्तुकलाका मर्मज्ञ पर्सी ब्राउनले भक्तपुर दरबारको सुनको ढोकाको कालीगडी, ५५ झ्याले दरबारको कलाकृतिको प्रशंसा नेपालमा मात्र सीमित नभई विदेशमा पनि फैलिएको छ । पर्सी ब्राउनले आफ्नो एक ग्रन्थमा लेखेका छन्– चीनको पेकिङ शहरनिरको एउटा ठूलो ढोकाको आकृति ठीक भक्तपुर दरबारको ढोकासँग मिल्दछ ।

नेपाली राजकुमारी भृकुटीले नेपालबाट बौद्ध मूर्तिहरू कोसेली लगेबाट नेपाली वास्तुकलाको प्रभाव तिब्बतमा पनि परेको थियो । यसरी नेपालमा वास्तुकलाको विकास पहिले देखिनै भएको देखिन्छ ।

**मूर्तिकला :** नेपालमा लिच्छविकालदेखि नै मूर्तिकलाको विकास भएको देखिन्छ । लिच्छविकालीन मूर्तिकलाको 'गौरवपूर्ण' नमुना बुढानीलकण्ठको जलाशयी नारायण हुन् । यो मथुरा शैलीको आधारमा निर्माण भएको छ । लिच्छविकालका नमुना भएका अरू मूर्तिहरू पनि पाइएका छन् । जस्तो पूर्वको पलाञ्चोक भगवती, बनेपाको बुद्ध मूर्ति, पाटनको पद्मपाणी सहितको बुद्ध मूर्ति आदि ।

सातौँ शताब्दी पछि नेपाली मूर्तिकलामा स्त्रीका मूर्ति पनि कुँदिए । फलस्वरूप भगवती, तारा, लक्ष्मी, सरस्वती, मायादेवी इत्यादि धेरै मात्रामा बने । त्यसपछि बुद्ध, मन्जुश्री, गणेश इत्यादिका मूर्तिहरू कुँदिए । उदाहरणको निम्ति स्वयम्भूको ठूलो ४ बुद्ध मूर्ति र पशुपतिको मूलढोका अगाडिको गणेशलाई लिन सकिन्छ । यो बुद्ध मूर्तिमा शान्त र सहिष्णुताले बढ्ता स्थानप्राप्त गरेको छ ।

नेपाली मूर्तिकलाको क्षेत्रमा महाङ्कालको मूर्ति घृणाको प्रतीक स्वरूप देखिन्छ । भैरवका मूर्तिहरू क्रोधको प्रतीक स्वरूप देखिन्छन् ।

तर, नारायणको मूर्ति शान्त भावनाका मूर्ति देखिन्छ। बौद्ध धर्म अन्तर्गत काल्पनिक देवदेवीका मूर्तिहरू निर्माण भएका छन्। लुम्बिनीमा अशोकको पत्थरका विशाल स्तम्भ माथि शिवको मूर्ति पाइएको छ। प्रायः नेपाल र भारतका स्तम्भहरू माथि सिंह, घोडा, साँढे आदि बनाउने शैली मेसोपोटामियामा पनि पाइन्छ। हिन्दु र बौद्ध धर्मले जस्तै कलाले पनि दक्षिण पूर्व एसियामा प्रभाव पारेको छ। एसियाभरि गणेशको मूर्ति पाउनु यसको ठूलो प्रमाण हो।

**चित्रकला :** नेपाली चित्रकलाले पनि नेपाली रीति रिवाज, सामाजिक व्यवहार धर्मलाई बोध गराउँछ। चीन र तिब्बतमा जस्तै नेपालमा पनि कपडामा अनेक पौभा चित्रहरू पाइन्छ। पटचित्रहरूमा खासगरेर शैवमतका, तान्त्रिक मतका र बौद्धमतका धेरै पाइन्छन्। पाटनको कृष्ण मन्दिरका भित्री चित्रहरू हिन्दू समाजको प्रतीक हुन आएको छ। ९०० वर्ष पुराना प्राचीन बौद्ध ग्रन्थहरूमा चित्रित बौद्ध चित्रहरू नै नेपालका प्रसिद्ध चित्रकला हुन्।

नेपालमा बौद्ध ग्रन्थको चित्रकलाको तुलनामा हिन्दू देवीदेवताका चित्रहरू न्यून मात्रामा पाइएका छन्। नेपाली हस्तकलाका विविध विधा मध्ये थान्का (पौभा) चित्र लेख्ने पनि एक मौलिक कला हो। थान्का विशेष गरेर बुद्धका चित्रहरू बढी मात्रामा कोरिएका पाइन्छ। बौद्ध विचार अनुसार निलो चित्र-विज्ञानको द्योतक, पहेंलो वेदनाको प्रतीक स्वरूप, रातो चेतनाको प्रतिरूप, सेतो र स्यामकर्ण संस्कारको प्रतीकको रूपमा प्रयोग गरिन्छ। यस प्रकार नेपाली चित्रकला अन्तर्गत विभिन्न रङहरू अनेक भागमा प्रयोग गरिन्छ।

**सङ्गीत तथा नृत्य :** नेपालमा सङ्गीत तथा नृत्य जुनसुकै जात्रा चाड पर्वमा आवश्यकता पर्दछ। नेपालको विभिन्न जाति खासगरी नेवार, मगरहरूको नृत्य सङ्गीतमा धेरै देन छ। सङ्गीत क्षेत्रमा मल्लकाल विशेष महत्त्वपूर्ण छ। जयस्थिति मल्लको समय वि.सं. १४३७ मा भैरवानन्द र जगतज्योति मल्लको पालामा हरगौरी-विवाह नाटक संस्कृत भाषामा लेखिएका थिए भन्ने प्रमाण पाइन्छ। फेरि सिद्धिनरसिंह मल्ल, भूपतिन्द्र मल्ल, रणजित मल्लले आफ्ना सुन्दर कृतिहरू छोडेर गएका छन्। अनि अनेक जात्रा, उत्सव र चाड पर्वको अवसरमा अनेक नाचहरू सुरुआत हुन्छ। विभिन्न राजाहरूको पालामा यी नाच विभिन्न देवी देवताहरूसँग सम्बन्धित देखिन्छ। नेपालमा प्राचीनकालदेखि नाटक मनोरन्जको एक साधन भएर आएको छ। राजाका छोराको ब्रतवन्ध, पास्नी, विवाहमा नाचगान गराउने काम गराउँदै आइरहेका थिए।

नेपालमा सङ्गीतको विकासबारे जयप्रकाश मल्लको पालामा एउटा अन्तराष्ट्रिय सङ्गीत सम्मेलन गराएको कुरा हनुमान ढोकाको प्रासादमा अङ्कित चित्रबाट विदित हुन्छ। फेरि जयप्रकाश मल्ल आफैले रत्नेश्वर प्रार्दुभाव नाटक लेखेर मल्ल कालमा नाचगानको महत्त्व दर्शाएको देखिन्छ। हाम्रा पुर्खाहरू नाचगानमा सौखिन भनेर टोल टोलमा बनाइ राखेको दबुलीले प्रमाणित गर्छ।

वि.सं. १६८९ मा हनुमानढोका दरबारमा हरि सिद्धिको नाच हेर्दा हेर्दै मृत्यु भएका प्रताप मल्लको इतिहास छ। यसरी हाम्रो देशमा कलाको क्षेत्रमा अतीतदेखि नै विकास हुँदै आएको इतिहासले प्रमाणित गरेको देखिन्छ।

**सन्दर्भ सामग्री**

१) Ancient Nepal-D.R. Regmi
२) नेपालको ऐतिहासिक रूपरेखा-बालचन्द्र शर्मा (लिच्छविकालीन सभ्यता, मल्लकालीन सभ्यता)
३) नेपाली कलाको झलक-माधवप्रसाद शर्मा (नेपाल पत्रिका त्रिवि)
४) नेपाली कलाको सूक्ष्म परिचय- दुर्गा अर्याल (नेपाल पत्रिका त्रिवि)
५) साहित्य प्रकाश- डा.केशवप्रसाद उपाध्याय (नेपाली नाटकको उद्भव र विकास)

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

भक्तपुर नगरपालिका गतिविधि

## चिनियाँ भाषाका प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण



भक्तपुर नगरपालिकाद्वारा २०८० फागुन १५ गतेबाट सञ्चालन हुने चिनियाँ भाषा प्रशिक्षणको पहिलो र दोस्रो तहका प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम फागुन १४ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले चीनको तीव्रत्तर विकासबाट नेपालले लाभ लिन चिनियाँ भाषाको महत्त्वपूर्ण भूमिका भएको बताउनुहुँदै चीनलाई बुझ्न, अध्ययन अनुसन्धान, पर्यटन प्रवर्द्धन, व्यवसाय, उद्योग तथा व्यापार गर्न चिनियाँ भाषाको महत्त्व बढ्दै गएको बताउनुभयो।

आर्थिक समृद्धिमा चीन अगाडि बढेसँग विदेश भ्रमण गर्ने चिनियाँ पर्यटकको सङ्ख्या पनि बढ्दै गएको बताउनुहुँदै उहाँले चिनियाँ पर्यटकसमेत नेपालमा आउने क्रम बढेकाले भाषाका पोख्त पथप्रदर्शकको समेत नेपालमा अभाव रहेको हुँदा चिनियाँ भाषाको आवश्यकतालाई दृष्टिगत गर्दै भक्तपुर नपाले हरेक वर्ष युवा–विद्यार्थीहरूलाई चिनियाँ भाषा पढाउँदै आएको स्पष्ट पार्नुभयो।

नेपालले चीनसँग सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक एवम् व्यापारिक हिसाबले सहकार्य गर्दै आएको बताउनुहुँदै उहाँले चीनबाट नेपालले धेरै कुरा सिक्न र सहयोग लिन सक्ने भएकोले भाषा सिक्नु आजको आवश्यककता रहेको उल्लेख गर्नुभयो।

भक्तपुरका जनताको जीवनस्तर उकास्न, आर्थिक गतिविधिलाई व्यापकता दिन र राजनीतिक चेतनास्तर उकास्न नगरपालिकाले विविध गतिविधि सञ्चालन गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले प्रशिक्षार्थीहरूलाई जीवन र समाज उपयोगी ज्ञान हासिल गर्नुपर्ने बताउनुभयो।



कार्यक्रममा चिनियाँ भाषा प्रशिक्षक **राजेन्द्र चवाल**, **विनय हाडा** र **हरिलक्ष्मी दनेखू**ले भाषा अध्ययनको महत्त्व र सिकाइ उपलब्धीबारे प्रष्ट पार्नुभयो।

उक्त कार्यक्रममा चिनियाँ भाषा तालिमका संयोजक **दिपेन्द्र प्रजापति**ले पनि बोल्नुभएको थियो।

देकोचास्थित ख्वप कलेजमा सञ्चालन हुने चिनियाँ भाषा तालिम पहिलो तह (आधारभूत) को २ समूह र दोस्रो तह (एड्भान्स) को १ समूह सञ्चालन हुनेछ।

## छुट जग्गा दर्ता विषय अभिमुखीकरण



भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, शाखा प्रमुख, वडा सचिव, प्रमुख मालपोत अधिकृत र नापी कार्यालयका प्रमुख समेतको उपस्थितिमा छुट जग्गा दर्ता प्रक्रिया, सरकारी र सार्वजनिक जग्गा संरक्षण विषयमा अभिमुखीकरण कार्यक्रम फागुन १७ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय सरकारहरूका लागि जग्गा दर्ताको विषयमा जटिल र चुनौतीपूर्ण कार्य भएको बताउनुहुँदै जग्गा दर्ता प्रक्रियामा सरोकारवालाभन्दा पनि बिचौलियाहरू सक्रिय हुनेबारे

सबै सचेत हुनुपर्ने विचार राख्नुभयो ।

सरकारी र सार्वजनिक जग्गा संरक्षणमा भक्तपुर नपाले निरन्तर पहल गर्दै आएको बताउनुहुँदै उहाँले सार्वजनिक सम्पत्ति व्यक्तिको नाउँमा हुनु भ्रष्टाचार भएको हुँदा छुट जग्गा दर्ता गर्ने प्रक्रियामा मालपोत, भूमिसुधार र नापी कार्यालयबाट आवश्यक समन्वय र सहयोग हुनुपर्ने उहाँले बताउनुभयो ।

त्यस्तै भक्तपुरका प्रमुख मालपोत अधिकृत **लोकबहादुर भण्डारी**ले सरकारले यसअघि भोगचलन गरिरहेका तर दर्ता हुन नसकेका जग्गाको छुट दर्ताको लागि दुई वर्षभित्र जग्गा दर्ताको समय निर्धारण गरेको बताउनुभयो । छुट जग्गा दर्ता गर्ने सरकारको साहसिक निर्णय भएको बताउनुहुँदै उहाँले सरकारी र सार्वजनिक जग्गा संरक्षण तीन तहकै सरकारको दायित्व भएको बताउनुभयो ।

कानुनको अज्ञानता क्षम्य नहुने बताउनुहुँदै उहाँले गलत सिफारिस नहोस् भन्ने उद्देश्यले भक्तपुरको चारओटै नगरपालिकामा छुट जग्गा दर्ता विषयमा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको बताउनुभयो ।



नेपाल सरकारका पूर्व उपसचिव **बद्रीबहादुर कार्की**ले छुट जग्गा दर्ता प्रक्रियाबारे प्रस्तुतीकरण देखाउँदै आवेदन दिएकै भरमा जग्गा दर्ता हुने नभई जग्गाको लगत, तिरो तिरेको प्रमाण र भोगचलनको औचित्य पुष्टि गरेर मात्रै जग्गा दर्ताको निर्णय हुने प्रक्रिया रहेको बताउनुभयो ।

## फुटबलका खेलाडीहरूलाई जर्सी वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजातिद्वारा भक्तपुर युवा टीमको आयोजनामा २०८० फागुन १८ गतेबाट भक्तपुरको माहेश्वरी खेलमैदानमा हुने तेस्रो भक्तपुर कप फुटबल प्रतियोगितामा भाग लिएका खेलाडीहरूसँग भेटघाट तथा खेलाडीहरूलाई जर्सी वितरण कार्यक्रम फागुन १७ गते सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले खेलाडीहरूमा आत्मबल, एकाग्रता र अनुशासन हुनुपर्ने बताउँनुहुदै खेलाडीहरूलाई उत्साहित गर्ने गतिविधिमा नपाले जोड दिँदै आएको बताउनुभयो ।

उहाँले राम्रो खेलाडी बन्न विश्वप्रख्यात खेलाडीहरूको जीवनी अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने मनोभावनाले खेल्नुपर्ने बताउनुभयो ।

आफ्नो रुचिअनुसारको क्षेत्रमा आफ्नो सीप विकास गर्नेतर्फ जोड दिनुपर्ने बताउनुहुँदै उहाँले समाज विकासमा खेलाडीहरूको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले खेलाडीहरूलाई शुभकामना दिनुहुँदै अनुशासित भएर प्रतियोगितामा सहभागी हुन प्रेरित गर्नुभयो ।

## श्रमको सम्मान गर्ने संस्कृतिको निर्माण गर्नुपर्छ : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने हाउस वायरिङ र आधारभूत कम्प्युटर तालिमका लागि आवेदन दिएका प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम फागुन १८ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले नेपालमा सीपयुक्त जनशक्तिको अभाव रहेको बताउनुहुँदै जनशक्तिलाई

योग्य र दक्ष बनाउन भक्तपुर नपाले विभिन्न सीपमूलक र जीवनउपयोगी तालिमहरू सञ्चालनलाई जोड दिँदै आएको बताउनुभयो ।

सीपमूलक तालिम र दक्ष जनशक्ति उत्पादन तथा विकासमा भक्तपुर नपाले आवश्यक पहल गरिरहेको बताउनुहुँदै उहाँले देशलाई गरिबीबाट मुक्त गर्न युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गरिनुपर्ने बताउनुभयो ।

तालिमले युवाहरूलाई सीप आर्जन र रोजगारीको अवसर सिर्जना गर्नुका साथै आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै उहाँले विदेशबाट सिकेर आफ्नै देशको सेवा गर्ने भावना युवाहरूलाई दिनुपर्ने बताउनुभयो ।

श्रमको सम्मान गर्ने संस्कृतिको निर्माण गर्नेतर्फ सबैको प्रयास जरुरी रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले श्रमको सम्मान गर्न सके मात्र देश विकासको सम्भावना रहने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले तालिममा सहभागी प्रशिक्षार्थीहरू अनुशासन र समय परिपालनामा विशेष जोड दिन आग्रह गर्नुहुँद तालिमको सही सदुपयोग गरी आत्मनिर्भर बन्न प्रेरित गर्नुभयो ।

त्यस्तै, भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने हाउस वायरिङ तालिम मिति २०८० फागुन २० गते र आधारभूत कम्प्युटर तालिम मिति २०८० फागुन २७ गतेबाट प्रारम्भ हुने र सो तालिम भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान, कमलविनायकमा हुने जानकारी गराउनुभयो ।



कार्यक्रममा कम्प्युटर तालिमका प्रशिक्षक **सुनिल दथेपुथे** र हाउस वायरिङका प्रशिक्षक **पुन्यराम बासी**ले पनि तालिमको आवश्यकता र महत्त्वमाथि प्रकाश पार्नुभयो ।

## सांस्कृतिक बाजा प्रतियोगिता गर्ने विषयमा छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुरमा सांस्कृतिक बाजा प्रतियोगिता गर्ने विषयमा फागुन २१ गते संस्कृतिकर्मीहरूको भेला भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले स्थानीय तहको निर्वाचनमा निर्वाचित भएपछि निर्वाचन घोषणापत्रअनुसार नगरपालिकाले २०७४ सालमा बाँसुरी बाजा, २०७५ सालमा धाँ बाजा र २०७६ सालमा धिमाय बाजा, २०७७ मा कोभिडका कारण प्रतियोगिता गर्न नसकेको, २०७८ मा पछिमा बाजा प्रतियोगिता र २०७९ मा प्रगतिशील भजन प्रतियोगिता गरेको अवगत गराउनुभयो ।

उहाँले भक्तपुरलाई जीवन्त सहरको रूपमा प्रस्तुत गर्न नगरपालिकाले विविध गतिविधिमा जोड दिँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**, प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**, शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्यद्वय भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व** र भनपा ७ का वडाध्यक्ष **उकेश कवां**को पनि उपस्थिति रहेको थियो ।

## महामारी व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणबारे अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा स्थानीय तहस्तरीय महामारी व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणबारे एकदिने अभिमुखीकरण कार्यक्रम फागुन २२ गते भक्तपुर नपाको सभाकक्षमा भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले महामारी आकस्मिक आउने र स्वास्थ्यसँग सम्बन्धित विषय भएको बताउनुहुँदै भक्तपुर नपाले विपद् व्यवस्थापन कोष खडा गरी घटनाको प्रकृतिअनुसार पीडितलाई आर्थिक सहयोग गर्दै आएको बताउनुभयो ।



कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **अस्मिता ओझा**ले महामारी व्यवस्थापन पूर्वतयारी कार्यक्रमको उद्देश्य विभिन्न किसिमका रोग, महामारी, विपद्को कारण सृजित आपतकालीन अवस्थामा तत्काल स्वास्थ्य सेवा पुऱ्याउने रहेको बताउनुभयो ।

सोही कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय महामारीका स्रोतव्यक्ति **दिपक अछामी**ले भक्तपुर जिल्लाको स्वास्थ्य आकस्मिक योजनाबारे प्रस्तुतीकरण दिनुभएको थियो ।

अभिमुखीकरण कार्यक्रममा नगर उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, वडाध्यक्षहरू, ख्वप अस्पतालका प्रतिनिधि, शाखा प्रमुखहरूलगायतको उपस्थिति रहेको थियो ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

## क्रान्तिकारी महिलाहरूको जीवनीबारे अध्ययन गोष्ठी

भक्तपुर नगरपालिकाको आयोजनामा *'महिलामा लगानी: सभ्य र समुन्नत समाजको थालनी'* भन्ने नाराका साथ ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विश्वका क्रान्तिकारी महिलाहरूको जीवनीबारे अध्ययन गोष्ठी कार्यक्रम फागुन २३ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका




प्रमुख **सुनिल प्रजापति**ले विश्वका क्रान्तिकारी महिलाहरूको जीवनी अध्ययनबाट कामदार वर्गका महिलाहरूलाई राजनीतिक रूपमा सक्रिय हुन उत्साह र प्रेरणा मिल्ने बताउनुभयो ।

क्रान्तिकारी महिलाहरूको जीवनी अध्ययनबाट नेपालको कामदार वर्गीय आन्दोलनमा समेत सहयोग मिल्ने बताउनुहुँदै उहाँले क्रान्तिकारी महिलाहरूको पुस्तक अध्ययनले समाजमा ब्याप्त शोषण, अन्याय, अत्याचारविरुद्ध लड्न हौसला मिल्ने बताउनुभयो ।

कामदार वर्गका महिलाहरूलाई सङ्गठित पार्नु आवश्यक भएको बताउनुहुँदै उहाँले महिलाहरूको सहयोगबिना पुरुषहरूको सफलता सम्भव नहुने धारणा व्यक्त गर्नुभयो ।

समाजवाद र पुँजीवादबिचको भेदबारे प्रष्ट पार्नुहुँदै उहाँले समाजवादी व्यवस्थामा महिलाहरूले व्यक्तित्व विकासमा समान अवसर पाउने र यो व्यवस्था कामदार वर्गको लागि उपयुक्त व्यवस्था भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शुभकामना दिनुहुँदै क्रान्तिकारी महिलाहरूको जीवनी अध्ययनबाट महिलाहरूलाई थप सचेत र सङ्गठित हुने अवसर प्राप्त हुने बताउनुभयो ।

कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशनमैंया सुवालले रोजा लक्जमवर्ग, कार्यपालिका सदस्यद्वय छोरीमैंया सुजखूले जेनी मार्क्स र रञ्जना त्वातीले क्रुप्सकाया, वडा सदस्य मन्जुमैंया लाखाले क्लारा जेट्किन, सुमित्रा शिल्पकारले जोया कस्मोडेमेन्स्काया, तारा शाक्यले शियाङ चिङ, विष्णुकेशरी दुवालले अलेक्जान्ड्रा कोलोन्ताइको सङ्क्षिप्त जीवनी अध्ययनबारे आफ्नो प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।



वडा नं. ७ का वडा सदस्य हेरा ख्याजुले पनि बोल्नुभएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका महिला कर्मचारीहरू, आमा समूहका प्रतिनिधि, महिला स्वास्थ्य स्वयम्सेविकाहरूको उपस्थिति रहेको थियो ।

## जापानी भाषाका प्रशिक्षार्थीहरूको अभिमुखीकरण



भक्तपुर नगरपालिकाको आयोजनामा जापानी भाषा प्रशिक्षणको पहिलो र दोस्रो तहको लागि आवेदन दिने प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम फागुन ३० गते भयो ।



## सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम

भक्तपुर नगरपालिकामा लघु उद्यमी बन्न चाहने र आर्थिक रूपमा विपन्न नागरिकहरूका लागि चैत ५ गते सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम सञ्चालन भयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम २०८०/०८१ अन्तर्गत सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम (पी.आर.ए.) कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले उद्यम गर्न चाहनेहरू कहिल्यै निराश हुन नहुने, महत्त्वाकाङ्क्षी हुनुपर्ने र अध्ययनशील हुनुपर्नेमा जोड दिनुहुँदै उद्यम गर्न चाहनेहरूको लागि भक्तपुर नपाले युवा उद्यमशीलता ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

युवाहरूलाई लक्षित गर्दै भक्तपुर नपाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालनमा जोड दिंदै आएको उहाँले बताउनुभयो ।



वैदेशिक रोजगारीमा सीप सिकेर जाने क्रम बढ्दै गएको बताउनुहुँदै सामान्य सीप पनि नसिकी विदेशिएका जनशक्तिहरूले विदेशमा धेरै सङ्घर्ष र दुःख भोग्नु परेको उहाँले बताउनुभयो ।

लघु उद्यम साना, मझौला तथा ठूला उद्योगहरूको जग र प्रगतिको माध्यम भएको बताउनुहुँदै उहाँले लघु उद्यम स्थानीय आर्थिक क्रियाकलापको महत्त्वपूर्ण आधारशिला पनि भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले समाज उत्थानका लागि शिक्षा, स्वास्थ्यलाई विशेष प्राथमिकतामा राख्दै विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

पर्यटन शुल्क भक्तपुर नपाको मुख्य आयस्रोत भएको बताउनुहुँदै उहाँले पर्यटकहरूबाट उठेको पर्यटन शुल्कलाई नगरकै शिक्षा, स्वास्थ्य, विकास निर्माण जस्ता गतिविधिहरूमा उपयोग गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले लघु उद्यम विकास कार्यक्रमअन्तर्गत



सहभागीहरूलाई विभिन्न तालिम दिई प्राविधिक हस्तान्तरण गर्ने प्रावधान रहेको उल्लेख गर्नुहुँदै नेपाल सरकारले सञ्चालन गर्ने आर्थिक विकास कार्यक्रमहरूमा जोडिन समेत सहज हुने बताउनुभयो ।

भक्तपुर नपाको लघु उद्यम विकास सहजकर्ता **गीताकुमारी कोइराला**ले कार्यक्रमको उद्देश्य र सञ्चालनबारे प्रष्ट पार्नुहुँदै आर्थिक विपन्न समुदायलाई आत्मनिर्भर बन्ने कार्यक्रममा सहभागी हुन तथा कार्यक्रमका सहभागीले सामाजिक नक्सा र स्रोत नक्सा तयार गर्दै कार्यक्रमको प्रभावकारिताको पक्षमा आफ्ना योजनाहरू निर्माण गर्नुपर्ने बताउनुभयो ।

## नासमनादेखि वंशगोपालसम्मका पसल व्यवसायीहरूको भेला




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने नपाको उद्देश्यमा सबैले हातेमालो गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा नासमनादेखि वंशगोपालसम्मका पसल व्यवसायीहरूको चैत ५ गते आयोजित भेला कार्यक्रममा उहाँले नगरलाई सुन्दर र आकर्षक बनाउन नगरवासीहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो ।

विदेशी सहयोगबिना भक्तपुर नपाले यहाँका सम्पदा पुन:निर्माण कार्य गरिरहेको उल्लेख गर्नुहुँदै भक्तपुर नपाले स्वायत्त ढङ्गले काम गरिरहेको र आन्तरिक पर्यटनले पनि नेपालको पर्यटन प्रवर्द्धनमा विशेष भूमिका खेल्ने बताउनुभयो ।

अनियमित तरिकाले निर्माण गरिएका संरचनाहरूले नगरलाई कुरूप चित्रण गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले ऐतिहासिक नगरको सुन्दरता कायम गर्न नपाले त्यस्ता संरचनाहरू हटाउने र बजार व्यवस्थापन कार्यलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

भक्तपुर पर्यटकीय हिसाबले संसारकै महत्त्वपूर्ण स्थलको रूपमा विकास भइरहेको, पर्यटन गतिविधि बढेसँगै यहाँका व्यापार व्यवसाय पनि फस्टाउँदै गएको बताउनुहुँदै उहाँले नगरको मौलिक स्वरूप संरक्षणले पनि पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।



कार्यक्रममा भनपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले पसल व्यवसायीहरूले नगरको सरसफाइ र सुन्दरतामा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले नगरका अनियमित संरचनाहरू समयमै हटाएर नगरपालिकाको सकारात्मक कार्यमा सहयोगको लागि आग्रह गर्नुभयो ।

कार्यक्रममा भनपा श्यानिटेशन उपशाखाका **दिलिपकुमार सुवाल**ले कुहिने र नकुहिने फोहोर अलग अलग छुट्याएर मात्र सफाइकर्मीहरूलाई दिन अनुरोध गर्नुभयो ।

## छ महिने आधारभूत सिलाइ, बुटिक र हेयर कटिङ तालिम समापन तथा प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाबाट सञ्चालित ६ महिने आधारभूत सिलाइ, बुटिक र हेयर कटिङ तालिमको चैत्र ९ गते एक कार्यक्रमबिच समापन तथा प्रमाण पत्र वितरण सम्पन्न भयो । बुटिकका २८ जना, हेयर कटिङका २२ जना र आधारभूत सिलाइका ५२ जना गरी जम्मा १०२ जना प्रशिक्षार्थीहरूले तालिम प्राप्त गरेका थिए ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सिलाइ कटाइ, हेयर कटिङमा दक्ष एवम्

स्वरोजगार जनशक्ति तयार गर्ने उद्देश्यले भक्तपुर नपाले हरेक वर्ष सीपमूलक तालिमलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

तालिमबाट प्राप्त ज्ञान र सीप कुनै पनि व्यक्तिको अमूल्य सम्पत्ति भएको बताउनुहुँदै उहाँले सिलाइ र हेयर कटिङ तालिम सञ्चालनबाट व्यापक महिलाहरू लाभान्वित भएको बताउनुभयो ।

श्रमको सम्मान गर्नुपर्ने र श्रम गर्नेहरूको समाजमा इज्जत रहने बताउनुहुँदै उहाँले सीपयुक्त व्यक्तिलाई समाजमा स्वाभिमानीपूर्वक जीवनयापन गर्न सहज हुने बताउनुभयो ।

भक्तपुर नपाले विभिन्न तालिम सञ्चालन गरी महिलाहरूलाई आत्मनिर्भर भएर बाँच्न सक्ने आधार तयार गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले महिलाहरूका लागि सानोतिनो रोजगारीले पनि राम्रो आम्दानी गर्न सकिने भएकोले यस्ता तालिमहरूलाई निरन्तर सञ्चालन गर्दै जाने जानकारी दिनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले तालिमलाई अब व्यवहारमा उतारेर आत्मनिर्भरताको बाटोतर्फ लाग्न प्रेरित गर्नुभयो । महिलाहरू आर्थिक, सामाजिक र राजनीतिक रूपमा सबल भए परिवार र समाज पनि स्वतः अगाडि बढ्ने धारणा राख्नुहुँदै उहाँले उद्यमीहरूले आफ्ना व्यवसायहरू नगरपालिकामा दर्ता गरी सञ्चालन गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौँमिखा**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने कार्यपालिका सदस्य **छोरीमैया सुजखू**, वडा नं. ८ का वडा सदस्य **सुमित्रा बोहजू** र प्रशिक्षकको तर्फबाट **बद्रीलक्ष्मी कवां**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा ६ महिने तालिमका प्रशिक्षक र सहभागी प्रशिक्षार्थीहरूलाई नगर प्रमुख प्रजापतिद्वारा प्रमाणपत्र तथा तालिमका उत्कृष्ट प्रशिक्षार्थीहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

## धलाँखुसि फल्चाको शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित धलाँखुसि फल्चा (पाटी) पुनर्निर्माणको लागि चैत १४ गते एक कार्यक्रमबिच शिलान्यास गर्नुभएको छ ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले सम्पदा भनेको देशको सम्पत्ति र पहिचान भएको हुँदा सम्पदा संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

भक्तपुर नपाले हालसम्म १४५ आटाभन्दा बढी सम्पदाहरू पुनःनिर्माण सम्पन्न गरिसकेको उल्लेख गर्नुहुँदै सम्पदा पुनःनिर्माणमा उपभोक्ता समितिमार्फत जनसहभागिता र जनश्रमदानबाट काम हुनु नै भक्तपुरको विशेषताको रूपमा रहेको बताउनुभयो ।

भक्तपुरको विकास जनता आफैले गरेको बताउनुहुँदै उहाँले यहाँका मूर्त र अमूर्त सम्पदाहरूका कारण भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा पनि विकास हुँदै गइरहेको धारणा राख्नुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुहुँदै उहाँले नगरमा खानेपानी समस्या समाधानको लागि ठाउँ ठाउँमा जग्गा खरिद गर्दै बोरिङ कार्यलाई अगाडि बढाउँदै आएको बताउनुभयो ।

कुनै पनि सम्पदा निर्माण हुनु आफैमा गौरवको विषय



भएको तर ती सम्पदाहरूको नियमित मर्मत सम्भार पनि गर्नुपर्नेमा उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाको विकास निर्माण र आगामी योजनामाथि प्रष्ट पार्नुहुँदै नगरवासीहरूको साथ र सहयोगले वडाको कामले तीव्रता पाइरहेको बताउनुभयो ।

समाजसेवी **कृष्णबहादुर दुगुजु**ले भक्तपुरका खानेपानीको स्रोतहरू सुक्दै गएकोले नयाँ स्रोतको खोजी गर्नुपर्ने बताउनुहुँदै भक्तपुरका निर्वाचित जनप्रतिनिधिले घोषणापत्रअनुसार काम गर्दै आइरहेको स्पष्ट पार्नुभयो ।

गुठियार **सूर्यभक्त चौगुठी**ले पाटी पुनःनिर्माण कार्यमा वडा समिति, उपभोक्ता समिति र भक्तपुर नपाले आवश्यक सहयोग र समन्वयमा सहजता प्रदान गर्नुपर्ने बताउनुभयो ।

## भक्तपुरका सहकारीकर्मीहरूलाई ऋण व्यवस्थापन तालिम




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सहकारी सदस्यहरूको सेवा गर्नेभन्दा निजी स्वार्थ पूरा गर्नेतिर ध्यान दिने सहकारीहरू समाजमा बद्नाम हुँदै गइरहेको बताउनुभएको छ ।

भक्तपुर नगरपालिकाको आयोजनामा चैत १५ गते भएको सहकारी संस्थाअन्तर्गत ऋण उपसमितिका पदाधिकारीहरूलाई ऋण व्यवस्थापनबारे तालिमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले सहकारी संस्थाका सञ्चालकहरूले इमानदार र पारदर्शी ढङ्गले काम गरेन भने संस्था डुब्ने खतरा रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सहकारी सदस्यहरू जति सहकारीप्रति सचेत हुन्छन्, त्यति नै सहकारी सुरक्षित हुन्छ । सबै सदस्यहरूलाई सचेत पार्ने कार्यमा सञ्चालकहरू लाग्नु आवश्यक छ ।'

भक्तपुर नगरपालिकाले सहकारी सदस्यहरूको बचत र ऋण लगानीलाई सुरक्षित गर्न र अन्यको भन्दा व्यवस्थित ढङ्गले भक्तपुरका सहकारीहरू सञ्चालन गराउनका लागि



समय समयमा विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

आधुनिक चीन सहकारीको जगबाट नै माथि उठेको बताउनुहुँदै उहाँले सहकारीमा रहेको रकम लेनदेनमा मात्रै सीमित नराखी सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम दिनेतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष तथा सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले सहकारीकै कारण आफ्नो पैसा डुबेर कतिपयले आत्महत्यासमेत गरेको घटनाहरू समाजमा ब्याप्त रहेको बताउनुहुँदै उहाँले सहकारीबाट जम्मा भएको सामुदायिक विकास कोषको रकम समुदायकै हितमा परिचालन भइरहेको बताउनुभयो ।

ऋण व्यवस्थापन तालिमका सहजकर्ता **बासुदेव भट्टराई**ले ऋण लगानी र असुलीमा सहकारी संस्थाले ध्यान दिनुपर्ने पक्षमाथि प्रष्ट पार्नुभयो ।

कार्यक्रममा सहकारी समितिका सदस्य **नारायणप्रसाद त्वानाबासु**ले पनि तालिमको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

तालिममा भक्तपुर नपाभित्रका २४ ओटाभन्दा बढी सहकारी संस्थाका ऋण उपसमिति संयोजक तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।



कार्यक्रमको समापनमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

## नगर प्रमुख प्रजापतिद्वारा नगर प्रहरी जवानलाई मार्गनिर्देशन



भक्तपुर नगरपालिकाले नगर प्रहरीको व्यवस्था गरेको छ । नगरपालिकाले नगर प्रहरी निरीक्षकको सहयोगमा पहिलोपटकको लागि २२ जना नगर प्रहरी छनोट गरी नगर प्रहरीहरूको लागि आधारभूत तालिम सञ्चालन गर्ने भएको छ ।

तालिममा सहभागी नगर प्रहरीलाई चैत १५ गते भक्तपुर नपाका नगर प्रमुख **सुनिल प्रजापति**ले मार्गनिर्देश गर्नुहुँदै नगर प्रहरीले नगरपालिका र जनताबिच समन्वयकर्ताको भूमिका निर्वाह गरी जनताको भावना बुझेर मित्रवत ढङ्गले काम गर्नुपर्ने बताउनुभयो ।

नगर प्रहरीको काम नगरपालिकासँग प्रत्यक्ष सरोकार भएको विषय हो र नगर प्रहरीले असल व्यवहार, बोलीवचन, अनुशासित र इमानदारीका साथ काम गर्न प्रमुख प्रजापतिले प्रेरित गर्नुभयो ।

उहाँले नगर प्रहरीले नगरपालिकाको निर्देशन र आवश्यकताअनुसार दमकल र एम्बुलेन्सले जस्तै काम गर्न सधैँ तत्पर भएर बस्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले नगरको सन्तुलित विकासको लागि योजनाबद्ध ढङ्गले काम गर्दै आइरहेको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुर क्षेत्रफलको हिसाबले सानो नगरपालिका भए पनि चुनौतीहरू धेरै भएको नगर पनि हो भन्नुभयो ।

सो अवसरमा उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपामा नगर प्रहरी व्यवस्थापनसँगै नगरका सबै क्षेत्र व्यवस्थित हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । नगर प्रहरी नगरपालिकाको नीति र निर्देशनअनुसार इमानदारीपूर्वक परिचालन हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नपाका प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले नगर प्रहरीको काम, कर्तव्य र अधिकारमाथि प्रकाश पार्नुभयो ।

भक्तपुर नगरपालिकाको नगर प्रहरी निरीक्षक **नारायण चुवान**ले २०८० चैत्र १५ गतेबाट नगर प्रहरीहरूलाई तालिम सञ्चालन हुने जानकारी गराउनुभयो ।

## eQmk'/ gkfsf]cgudg

### व्यासी, ब्रम्हायणी देगाइना र लिवालीका मासु पसल अनुगमन



भक्तपुर नगरपालिका पसल अनुगमन समितिका सदस्य ज्ञानबहादुर मानन्धरको नेतृत्वमा व्यासी, ब्रम्हायणी देगइना र लिवालीमा रहेका मासु पसलहरु फागुन २० र २१ गते अनुगमन गरियो ।

अनुगमनको क्रममा सम्बन्धितलाई आवश्यक निर्देशन र कारबाही गरियो ।

इन्द्रायणी मिट सपलाई पसल तीन दिनभित्र नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, ढक तराजु नवीकरण गर्न;

सानो व्यासी मासु पसललाई सरसफाइ नियमित गर्न;

इन्द्रायणी फ्रेस मिट सप र रिमा फ्रेश मिट सपलाई तीन दिन भित्र दर्ता गर्न र तराजु नापतौल विभागमा नवीकरण गर्न ।

न्यू नवदुर्गा मिट सपमा बासी पुरानो कुखुराको मासु १२ किलो जफत गरी नष्ट गरियो ।

बालाखु गणेश कोल्ड स्टोरलाई सरसफाइमा ध्यान दिन;

एभरेष्ट चिकेन स्टोरलाई तराजू तीन दिनभित्र नापतौल विभागमा नवीकरण गर्न;

सिन्धु मिट सप तथा तरकारी पसललाई तीन दिनभित्र दर्ता गरी नगरपालिका कार्यालयमा उपस्थित हुन तथा मूल्य सुची राख्न, तराजु नवीकरण गर्न;

एलिया मिट सपलाई तीन दिनभित्र नवीकरण गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न र सरसफाइमा ध्यान दिन;

ब्रम्हायणी होलसेल मिट सपलाई नवीकरण गर्न, तराजु नवीकरण गर्न, वधस्थल व्यवस्थित र सफा गर्न;

ब्रम्हायणी मिट मार्टलाई तीन दिनभित्र नवीकरण गरेको प्रमाणपत्र लिई नगरपालिकामा उपस्थित हुन र सरसफाइमा ध्यान दिन;

कार्तिक होलसेल माछा पसललाई मूल्य सूची राख्न, भुइँ भित्ता सफा गर्न मिल्ने गरी राख्न, एप्रोन सेतो प्रयोग गर्न, सरसफाइमा ध्यान दिन;

सायाङ्ग मासु पसललाई मूल्य सूची राख्न;

न्यू अतित फ्रेस मिट सपलाई तीन दिनभित्र गरी नवीकरण गरी नगरपालिका कार्यालयमा उपस्थित हुन;

दिपिका कोल्ड स्टोरलाई तीन दिनभित्र दर्ता गरी नगरपालिका कार्यालयमा उपस्थित हुन तथा पशु पंछी राख्ने र वधस्थल छुट्याएर राख्न, वधस्थलको नियमिति सरसफाइ गर्न, तराजु नवीकरण नभएकोले एक थान जफत गरी बासी र बिग्रेको मासु तीन केजी जफत गरी नष्ट गरियो ।

## दुधपाटीमा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा दुधपाटीका १२ ओटा बर्गर हाउस, चिकेन स्टेशन, गेष्ट हाउस र रेष्टुराँहरूमा दुई दिन अनुगमन गरियो । त्यसक्रममा भेटिएको म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरियो भने रेष्टुराँहरू विनादर्ता सञ्चालन गरेको पाउनुका साथै गेष्ट हाउसमा २० वर्ष मुनिका जोडीहरूलाई कोठा नदिन र विद्यार्थीहरूलाई हुक्का नखुवाउन निर्देशन दिइयो ।

अनुगमनमा द बर्गर हाउस एण्ड क्रन्ची फ्राईडलाई तीन दिनभित्र नवीकरण गरी नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई भ्याट वा प्यान बिलमात्र प्रयोग गर्न निर्देशन दियो ।

त्यस्तै मिलोको नवीकरण गर्न, कान्तिपुर गेष्ट हाउस नवीकरण गर्न र एउटा दर्ता गरी दुईओटा गेष्ट हाउस सञ्चालन नगरी छुट्टाछुट्टै दर्ता गर्न, लुम्बिनी गेष्ट हाउस एण्ड रेष्टुरेन्ट नवीकरण गर्न र म्याद नाघेको चाउचाउ जफत गरी नष्ट गरियो ।

त्यस्तै होटल प्रिशा क्याफे गार्डेनलाई भ्याट वा प्यान बिलमात्र प्रयोग गर्न र म्याद नाघेको सामानहरू टेष्ट पिक्सल चकलेट टोफिङ, एस एण्ड एस सस् र बिग्रेको मासु जफत गरी नष्ट गरियो ।

ले हापि तीन दिनभित्र दर्ता गर्न, किचेन फोहोर र दुर्गन्धित भएकोले सरसफाइ गर्न, फ्रिजमा बिग्रेको तरिकारी जफत गरी नष्ट गरियो ।

त्यस्तै लुम्बिनी गेष्ट हाउस एण्ड तन्दुरी भोजनालय साधारण रेष्टुरेन्टमा दर्ता भएकोले गेष्ट हाउसमा दर्ता गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई बिल विजकको क्रमसङ्ख्या र नयाँ आवमा नयाँ क्रमसङ्ख्या अनुसार हुनुपर्ने र ट्यारिफ समेत राख्न निर्देशन दियो ।

त्यस्तै होटल ट्रिष्टमा २० वर्षमुनिका जोडीहरूलाई कोठा नदिन र विद्यार्थीहरूलाई हुक्का नखुवाउन निर्देशन दियो ।

भक्तपुर गेष्ट हाउसमा दर्ता प्रमाणपत्र नभएकोले तीन दिनभित्र दर्ता प्रमाणपत्रसहित कार्यालयमा उपस्थित हुन, प्यानमा दर्ता गर्न, सरसफाइमा ध्यान दिन, २० वर्ष मुनिका जोडीहरूलाई कोठा नदिन र विद्यार्थीहरूलाई हुक्का नखुवाउन निर्देशन दियो ।

दि तिशा ईनमा म्याद नाघेको र बिग्रेका मासु, फ्रेन्चफ्राइ, म्याद नाघेको खाद्य रंगहरू, मसलाहरू जफत गरी नष्ट गरियो ।

उपरोक्त अनुगमन टोलीमा समितिका सदस्य एवम् वडाध्यक्ष श्यामकृष्ण खत्री, रोशन मैया सुवाल, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशनका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक अशोक विष्ट, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग बाणिज्य सङ्घ भक्तपुरका विश्वराम दुवाल, भक्तपुर धरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, पशुसेवा कार्यालयका पार्वती योञ्जनको सहभागी थियो ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

# शैक्षिक गतिविधि

## भक्तपुर नपाबाट ५७ जना अनाथ बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगर क्षेत्रभित्र अध्ययनरत आमा बुबा नभएका अनाथ बालबालिकाहरूलाई फागुन २१ गते एक कार्यक्रमबिच शैक्षिक सामग्री वितरण गर्नुभएको छ।

उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले नगरभित्र अध्ययनरत १० ओटा विद्यालयका ५७ जना विद्यार्थीहरूलाई विद्यार्थीहरूको तहअनुसार ब्याग, क्यालकुलेटर, पेन्सिललगायतका शैक्षिक सामग्रीहरू वितरण गर्नुभएको हो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले अनाथ बालबालिकाको भविष्य शिक्षकहरूको मिहिनेतमा भर पर्ने बताउनुहुँदै विद्यार्थीहरूलाई अनुशासन, इमानदारी र देशभक्ति कुराहरू सिकाउने काम विद्यालयतहदेखि नै गर्नुपर्ने बताउनुभयो।

समाजको सेवा गर्ने विषयबारे पनि विद्यार्थीहरूलाई प्रशिक्षित गर्नुपर्ने धारणा राख्नुहुँदै कमजोर र पिछडिएका बालबालिकाहरूलाई विशेष प्राथमिकतामा राखी शिक्षकहरूले अध्यापन गर्नुपर्ने बताउनुभयो।



कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले अभिभावकविहीन बालबालिकाहरूको मानसिक विकासको लागि शिक्षा अपरिहार्य विषय भएको बताउनुहुँदै शिक्षक–शिक्षिकाले पथप्रदर्शकको भूमिका खेल्नुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले भक्तपुर नपाले प्रत्येक वर्ष अभिभावकविहीन विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गर्दै आएको बताउनुहुँदै यसबाट विद्यार्थीहरूलाई शिक्षा आर्जनमा केही हदसम्म सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने कार्यपालिका सदस्य **छोरीमैंया सुजखू**ले पनि बोल्नुभएको थियो।

## उद्यमशीलता सहयोग कार्यक्रम




विश्वविद्यालय अनुदान आयोगको सहयोगमा ख्वप कलेजमा सञ्चालित 'इन्टरप्रिनर्सीप सपोर्ट पोग्राम' को उद्घाटन कार्यक्रम फागुन २४ गते ख्वप कलेजमा सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले कार्यक्रम उद्घाटन गर्नुहुँदै विश्वविद्यालय शैक्षिक प्रमाणपत्र बेच्ने संस्था हुन नहुने धारणा राख्नुभयो।

शिक्षालाई उत्पादन श्रमसँग जोड्न सके बेरोजगारी हट्ने उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'भक्तपुर नगरपालिकाले उद्यमशीलतालाई जोड दिई विभिन्न व्यवसायिक तथा सीपमूलक (हेयर कटिङ, सिलाइ, पाक कला, कम्प्युटर, चिनियाँ र जापानी भाषा, प्लम्बिङ, डकर्मी, श्रृङ्गार) तालिमहरू सञ्चालन गरिरहेको छ। नगरपालिकाले उद्यमशीलतालाई

टेवा दिने उद्देश्यले रु. ५ लाखसम्म उद्यमशीलता ऋण उपलब्ध गराउँदै आएको छ। उद्यमशीलता प्रवर्द्धन गर्ने विषयमा ख्वप कलेज विश्वविद्यालय अनुदान आयोगसँग सहकार्य गर्न तयार छ।'

हरेक तालिम उपयोगीमूलक हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै प्रमुख प्रजापतिले प्राप्त अनुदानको सही सदुपयोग हुनुपर्नेमा सचेत गराउनुभयो।

उहाँले भन्नुभयो, 'सरकारमा बस्ने नेताहरूको अकर्मण्यताको कारण नेपाली युवाहरू विदेशीरहेका छन्। यसलाई रोक्न युवाहरूलाई उद्यमी बनाउनुपर्छ।'

जनताको छोराछोरीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिन्छु भन्दा पनि भक्तपुर नपाबाट सञ्चालित कलेजहरूलाई विद्यार्थी र अभिभावकको रोजाइअनुसारका विषयहरू सञ्चालन गर्न नदिएकै कारण ख्वप विश्वविद्यालय स्थापना गर्नु आवश्यक भएको प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो।



विश्वविद्यालय अनुदान आयोगका अनुसन्धान निर्देशक प्रा.डा. **लालप्रसाद आम्गाईँ**ले देशको भविष्य युवाहरूको हातमा हुने चर्चा गर्नुहुँदै भन्नुभयो, 'युवा जस्तो हुन्छ; देश पनि त्यस्तै हुनेछ।'

'पैसाको लागि विदेशी भूमिमा मरिमेट्नुभन्दा युवाहरूले स्वदेशको लागि काम गर्नुपर्ने र आफ्नै भूमिको लागि काम गर्नुपर्छ; आफूसँग भएको सीप, पुर्खौली पेशा तथा आफ्ना संस्कृतिलाई उद्यमको रूपमा विकास गर्नेतर्फ युवाहरू जागरुक हुनुपर्छ', उहाँले भन्नुभयो।

क्षमता अभिवृद्धि, उद्यमशीलता, अनुसन्धान, वृत्ति विकासलगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गरी देशभरका १,५१६ क्याम्पससँग विश्वविद्यालय अनुदान आयोगको कार्यालयले सहकार्य गरिरहको उहाँले जानकारी दिनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले कार्यक्रमले लिएको लक्ष्यलाई पूरा गर्न सहभागीहरू उत्साहजनक रूपमा लाग्नुपर्ने खाँचो औँल्याउनुभयो।

कार्यक्रम संयोजक उपप्राध्यापक **अञ्जु ग्वाछा**ले कार्यक्रम '३ क्रेडिट आवर' को हुने र तालिमको सिलसिलामा फिल्डभिजिट, सेमिनार, अनुभव आदानप्रदान, सफल व्यवसायीसँग अन्तरक्रियालगायतको कार्यक्रम हुने जानकारी दिनुभयो।

कार्यक्रममा उपप्राध्यापक **सुनिता गाइसी**ले पनि बोल्नुभएको थियो।

## ख्वप इन्जिनियरिङ कलेजमा रोबोट प्रतियोगिता र प्रोजेक्ट प्रदर्शनी




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा फागुन २४ गते रोबोट प्रतियोगिता र प्रोजेक्ट प्रदर्शनी कार्यक्रमको उद्घाटन सम्पन्न भयो।

इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल र कम्प्युटर इन्जियरिङ विषयसँग सम्बन्धित रोबोट प्रतियोगिताको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले निरन्तर मिहिनेत र परिश्रमले कुनै पनि व्यक्तिले आफ्नो जीवनमा सफलता हासिल गर्ने बताउनुभयो।

उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूको उद्देश्य राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने रहेको बताउनुहुँदै शिक्षालाई श्रमसँग जोड्ने विषयमा भक्तपुर नपा निरन्तर प्रयासरत रहेको बताउनुभयो।

नेपालका युवाहरूलाई विदेशिनबाट रोक्न र आत्मनिर्भर बनाउने उद्देश्यले भक्तपुर नपाले युवा उद्यमशीलता ऋणको व्यवस्था गर्दै आएको बताउनुहुँदै नेपाल कृषिमा प्रचुर सम्भावना भएको देश हो र कृषिबाटै नेपालले आर्थिक विकासमा फड्को



मार्न सक्ने बताउनुभयो ।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले अनुसन्धानको क्षेत्रमा नयाँ नयाँ काम गर्न इन्जिनियरिङका विद्यार्थीहरूलाई उत्साहित गर्न प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै सूचना प्रविधि भनेको देश विकासको संवाहक भएको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले प्रतियोगितामा सहभागी प्रतिस्पर्धीहरूलाई शुभकामना दिनुहुँदै कलेज स्थापनादेखि ख्वप इन्जिनियरिङ कलेजले विद्यार्थीहरूलाई पाठ्यक्रम सँगसँगै अतिरिक्त क्रियाकलापमा पनि सहभागी गराउँदै आएको बताउनुभयो । अतिरिक्त क्रियाकलापमा सहभागी विद्यार्थीहरू शैक्षिक क्षेत्रमा पनि अब्बल रहेको बताउनुहुँदै उहाँले २०८१ वैशाखमा कलेजले आर्किटेक्चर विषयमा राष्ट्रिय सम्मेलन गर्ने तयारी गरिरहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य **रत्नशोभा प्रजापति**ले विद्यार्थीहरूको शिक्षालाई उत्पादन श्रमसँग जोड्ने सिलसिलास्वरूप यस प्रतियोगिता आयोजना भएको बताउनुभयो ।

कार्यक्रममा शिक्षक **योगेश बज्राचार्य**ले पनि बोल्नुभएको थियो ।

उद्घाटन कार्यक्रमपश्चात नगर प्रमुख प्रजापतिलगायतले रोबोट प्रदर्शनी अवलोकन गर्नुभएको थियो ।

रोबोट प्रतियोगितामा २६ ओटा टोली, १०३ जना विद्यार्थी सहभागी रहेका छन् भने प्रोजेक्ट प्रदर्शनीमा ५३ ओटा प्रदर्शनी र २१० जना विद्यार्थीहरू सहभागी थिए ।

## कानुनविनाको समाज अराजक हुने : प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ऐन कानुन व्यवहारिक तथा कार्यान्वयन गर्न सहज हुने ढङ्गले निर्माण गरिनुपर्ने बताउँदै जनताको पक्षमा लेखिएका कानुनले व्यापक जनताको हित गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त 'ख्वप कलेज अफ ल' बी.ए.एल.एल.बी.मा नयाँ भर्ना भएका विद्यार्थीलाई स्वागत तथा दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीलाई चैत्र १ गते आयोजित अभिमुखीकरण कार्यक्रममा उहाँले कानुनविनाको समाज अराजक हुने हुँदा समाजलाई नियमसङ्गत ढङ्गले अगाडि बढाउन ऐनकानुनहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

सङ्घीय सांसदहरूले देशलाई आवश्यक कानुन तथा विधि निर्माण गर्ने जिम्मा पाएका हुन्छन् भन्नुहुँदै उहाँले पुराना कानुनलाई समयसापेक्ष ढङ्गले परिमार्जन गर्नु आजको आवश्यकता रहेको बताउनुभयो ।



कानुनको अज्ञानताले स-साना कुराले ठूलो दुर्घटना निम्त्याउनेतर्फ सजग बनाउनुहुँदै प्रमुख प्रजापतिले देशघाती सन्धि सम्झौताविरुद्ध लड्न र देशको सार्वभौमिकताको पक्षमा लड्न कानुनी लडाइँ अपरिहार्य हुने बताउनुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले कलेजले विद्यार्थीहरूलाई विश्वविद्यालय शिक्षासँगै व्यवहारिक ज्ञान पनि प्रदान गर्दै आएको बताउनुहुँदै राज्यलाई बलियो बनाउन कानुनी शिक्षाको विशेष महत्त्व भएको बताउनुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालय विषय समिति कानुनका अध्यक्ष **रुद्र शर्मा**ले पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत हाल १२५ भन्दा बढी कलेजहरू आबद्ध रहेको बताउनुहुँदै ख्वप कलेज अफ ल ले गरिब विद्यार्थीलाई न्यून शुल्कमा कानुनी शिक्षा प्रदान गर्ने उद्देश्यअनुरूप पठनपाठन गराइरहेको बताउनुभयो ।

कानुन अध्ययन अध्यापन व्यवहारिक र देश तथा समाजको आवश्यकतासँग जोडिनुपर्ने बताउनुहुँदै उहाँले संसद्ले बनाएका कानुन निष्पक्ष छ वा छैन भन्ने विषयमा अध्ययन अनुन्धान हुनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**, ख्वप माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले पनि कलेजको शैक्षिक विशेषतामाथि आ-आफ्नो धारणा राख्नुभएको थियो भने शिक्षक **शिखा डंगोल** र विद्यार्थी प्रतिनिधि **एलिसा कुँवर**ले पनि बोल्नुभएको थियो ।

## कक्षा आठको परीक्षाको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चैत्र १ बाट सञ्चालित आधारभूत तह कक्षा ८ को परीक्षाअन्तर्गत चैत २ गते सरस्वती विद्यागृहमा निरीक्षण गर्नुभयो। निरीक्षणमा शिक्षा समितिका संयाजक तथा भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको सहभागिता रहेको थियो।

त्यस्तै, भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले आधारभूत तह कक्षा ८ को परीक्षा केन्द्रहरूमा चैत ५ गते निरीक्षण गर्नुभयो।




निरीक्षणमा शिक्षा समितिका सदस्य तथा भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको सहभागिता रहेको थियो।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# ख्वप विश्वविद्यालय विधेयक किन अगाडि बढाइएन ?

भक्तपुर नगरपालिकाले शिक्षालाई उत्पादन श्रमसँग मिलाई दक्ष जनशक्ति तयार गर्ने उद्देश्यसहित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप कलेज अफ ल सहित ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ। ती कलेजहरू समेतलाई समेटी कला, संस्कृति, विज्ञान, अर्थशास्त्र, प्रविधि, चित्सिाशास्त्र, शिक्षा, व्यवसायिक विषय तथा अन्य विषयमा समेत अध्ययन अध्यापन गर्न ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर जोड दिँदै आएको हो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा २०५६ सालदेखि हालसम्म ४१ हजारभन्दा बढी विद्यार्थीहरूले अध्ययन गर्ने अवसर पाइसकेका छन् भने हाल ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। सस्तो र गुणस्तरीय शिक्षामा जोड दिँदै आएको भक्तपुर नगरपालिका विश्वविद्यालय सञ्चालन गर्न प्रस्ताव गर्ने नेपालकै पहिलो नगरपालिका हो।

भक्तपुर नगरपालिकाले एक दशकभन्दा पहिलेदेखि नै ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन प्रयास गर्दै आएको हो। पटक पटक संसदीय टोलीले पनि अनुगमन गरी सकेका छन्। हरेक पटकको अनुगमनमा आउनुभएका सांसदहरूको टोलीले पर्याप्त पूर्वाधार भएको उल्लेख गरी संसद्मा प्रतिवेदन पनि दिएको थियो। पछि आएका जनक विश्वविद्यालय, योगमाया विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालयलगायतका विधेयक पारित भई विश्वविद्यालय सञ्चालनमा समेत आइसकेका छन्। अहिले पनि नेपाल विश्वविद्यालय विधेयक अगाडि बढाइएको छ। नेपाल विश्वविद्यालय विधेयकसँगै प्रस्तुत गरिएको, पर्याप्त पूर्वाधार भइसकेको र वर्षौंदेखिको अध्यापनले पनि विश्वविद्यालय सञ्चालन गर्न सक्षम प्रमाणित गरी सकेको अवस्थामा पनि ख्वप विश्वविद्यालय विधेयक किन अगाडि बढाइँदैन ?

पछिल्लो पटक शिक्षामन्त्री अशोककुमार राईले ख्वप विश्वविद्यालय विधेयकबारे चासो लिनुभयो। उहाँले विश्वविद्यालय समितिको बैठक राखी मन्त्रालयबाट अगाडि बढाउने निर्णय पनि गर्नुभयो। यसैक्रममा सरकार परिवर्तन भयो। अहिले विधेयक अर्थमन्त्रालयमा रोकिरहेको बताइएको छ। अर्थ मन्त्रालयको काम आर्थिक दायित्व हेर्ने हो।

नगरपालिकाले सरकारलाई कुनै किसिमको आर्थिक भार नपर्ने लिखितरूपमै प्रतिबद्धता गरेको छ। यस्तो अवस्थामा अर्थमन्त्रालयमा लामो समयसम्म रोकिनुपर्ने कुनै कारण देखिँदैन। फेरि यो पटक पनि विधेयक अगाडि नबढ्ने हो कि भनी भक्तपुरवासीले चिन्ता व्यक्त गर्न थालेका छन्।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले फागुन ४ गते प्रतिनिधि सभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीसँग भेट गरी नगर प्रमुख सुनिल प्रजापतिले ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन ध्यानाकर्षण पत्र बुझाउनुभयो। ध्यानाकर्षणपत्र बुझ्दै सभापति जोशीले शिक्षा क्षेत्रमा भक्तपुर नगरपलिकाले गरिरहेको कार्य देशकै नमुना भएको बताउनुभयो। उहाँले समिति बैठकमै पत्र बुझ्नुभएको थियो। शिक्षा समितिका सदस्यहरूले पनि सकारात्मक प्रतिक्रिया दिनुभएको थियो। अझ पूर्व शिक्षमन्त्रीसमेत रहेका सांसद देवेन्द्र पौडेलले त 'ख्वप कलेजहरू आफूले हेरिसकेको, सबैले एकचोटि हेर्नुपर्ने र पूर्वाधारहरूसमेत बनाइसकेको हुँदा नेपाल विश्व विद्यालय विधेयकसँगै ख्वपको विधेयक पनि अगाडि बढाउनु उचित हुने' बताउनुभएको थियो।

अहिले सरकार परिवर्तनसँगै शिक्षामन्त्री फेरिएको छ। वर्तमान शिक्षामन्त्री सुमना श्रेष्ठले पनि प्रतिनिधिसभा बैठकमा 'ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन' जोड दिनुभएको थियो। उहाँले ख्वपले त्यत्रो विद्यार्थीहरू उत्पादन गरी सक्यो ख्वप विश्वविद्यालयलाई रोक्नुपर्ने कारण के हो ? आफुले बुझ्न नसकेको तत्कालीन शिक्षामन्त्रीसँग प्रश्न गर्नुभएको थियो। अहिले श्रेष्ठ प्रश्न गर्ने ठाउँबाट जवाफ दिने ठाउँमा पुग्नुभयो। मन्त्री श्रेष्ठको बोली र व्यवहारको परीक्षाको घडी हो यो। मन्त्री श्रेष्ठकै पालामा ख्वप विश्वविद्यालय विधेयक अगाडि बढ्ने र प्रतिनिधिसभाबाट पारित हुने जनताको अपेक्षा छ।

शासक दलहरूबिच हरेक विषयमा भागबन्डा गर्ने गलत प्रवृत्तिकै कारण ख्वप विश्वविद्यालयको विधेयक अहिलेसम्म पारित हुन नसकेको हो। रास्वपा भागबन्डामा नलाग्ने सार्वजनिक प्रतिबद्धताका साथ निर्वाचनमा होमिएको पार्टी हो। अहिले रास्वपाले शिक्षाजस्तो महत्त्वपूर्ण जिम्मेवारी पाएको छ। मन्त्री श्रेष्ठ नयाँ पुस्ताका शिक्षामा केही नयाँ काम गर्ने इच्छा शक्ति लिएर आएको हुँदा धेरैले परिवर्तनको आशा गर्नु पनि स्वाभाविक हो। कलेजहरूको अनुगमन गरेर, भौतिक पूर्वाधारहरू निरीक्षणसमेत गरेरै भए पनि ख्वप विश्वविद्यालय विधेयक पारित गर्ने प्रक्रिया अघि बढाइने विश्वास भक्तपुरवासी जनताको छ।

'श्रमिक' साप्ताहिक, चैत १३ गते

# प्रेरणीय

## बढी रकम किन ?

स्वतन्त्र भारतका दोस्रा प्रधानमन्त्री लालबहादुर शास्त्रीको जीवन अत्यन्त सरल थियो। प्रधानमन्त्री बनिसकेपछि पनि उनको जीवनको आदर्श उही थियो, उनमा कुनै परिवर्तन आएको देखिन्नथ्यो। साधारण वर्गबाट राजनीतिमा प्रवेश गरेर उच्च सफलता पाएका वा उच्चतम पदमा पुग्न सफल भएका शास्त्रीको जीवन हेर्दा सामान्य मानिसको जस्तै सरल थियो।

स्वतन्त्रता सङ्ग्रामको समयमा लाला लाजपत रायले 'सर्भेन्टस् अफ इन्डिया सोसाइटी' स्थापना गरेका थिए। यस संस्थाको उद्देश्य गरिब पृष्ठभूमिबाट आएका स्वतन्त्रता सेनानीहरूलाई आर्थिक सहायता प्रदान गर्नु थियो। सो संस्थाबाट सहयोग प्राप्त गर्ने स्वतन्त्रता सेनानीमध्ये शास्त्री पनि एक थिए। सोसाइटीले शास्त्रीको घरखर्च चलाउन सघाउने उद्देश्यले प्रतिमहिना ५० रुपैयाँ सहयोग गर्दै आएको थियो। त्यतिखेर शास्त्री जेलमा थिए। उनले जेलबाटै पत्नी ललितालाई पत्र लेखेर सोसाइटीबाट प्रत्येक महिना प्राप्त हुने ५० रुपैयाँले खर्च चल्छ कि चल्दैन भनेर सोधे।

उनकी पत्नी ललिताले पनि पत्रबाटै उनको प्रश्नको जवाफ दिइन्। उनले सो रकम आफ्नो परिवार चलाउन पर्याप्त भएको बताइन्। उनले आफूले प्रतिमहिना ४० रुपैयाँ मात्र खर्च गरेर १० रुपैयाँ बचाइरहेको समेत बताइन्।

पत्नीको पत्र पाउनासाथ शास्त्रीले तुरुन्तै 'सर्भेन्टस् अफ इन्डिया सोसाइटी'लाई एउटा पत्र लेखेर उनको परिवारको गुजारा प्रतिमहिना ४० रुपैयाँमा चलिरहेको हुनाले ५० रुपैयाँबाट १० रुपैयाँ कटाएर आगामी महिनादेखि आफ्नो परिवारलाई ४० रुपैयाँमा मात्रै पठाइदिन अनुरोध गरे। साथै, सो बाँकी १० रुपैयाँचाहिँ अर्को कुनै अभावमा परेको परिवारलाई दिनसमेत उनले पत्रमार्फत नै अनुरोध पनि गरे। यसरी आफूलाई आइरहेको रकमसमेत कटौती गराएर शास्त्रीले दुनियाँलाई अचम्ममा पारे र संसारलाई इमानदार हुन प्रेरणा पनि दिएर गए।

औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा
म्याद हेर्ने बानी गरौँ !

# स्वास्थ्य सेवा

## दादुरा रुबेला खोप अभियान

भक्तपुर नगरपालिकामा दादुरा रुबेला खोप अभियानमा ९ महिनादेखि १५ वर्षभित्रका बालबालिकालाई फागुन १३ देखि २३ सम्म खोप दिइयो ।






भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाभित्र सञ्चालित दादुरा रुबेला खोप अभियानको निरीक्षण गर्नुभयो ।



## जीवनशैली व्यवस्थापन विषयमा अभिमुखीकरण




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खराब जीवनशैली रोगहरूको प्रमुख कारण भएको बताउनुहुँदै स्वस्थ जीवनशैलीबाट मानिसलाई धेरै रोगहरूबाट मुक्त गर्ने बताउनुभयो ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र भक्तपुरको आयोजनामा फागुन २४ गते भएको जीवनशैली व्यवस्थापन कार्यक्रममा उहाँले जीवन जिउने तरिकालाई व्यवस्थित गर्नेतर्फ सबैले ध्यान दिनुपर्छ भन्नुभयो ।

समयमा स्वस्थ खानेकुरा खाने, नियमित व्यायाम गर्ने, सकारात्मक सोच राख्ने लगायतका विषयमा ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले खानपान पनि जीवनशैलीको एक महत्त्वपूर्ण घटक भएको बताउनुभयो ।



विकृत जीवनशैलीका कारण संसारमा विभिन्न किसिमका रोगहरू देखा पर्न थालेको बताउनुहुँदै उहाँले विकृत जीवनशैली र मोटोपनाका कारण महिलाहरूको प्रजनन क्षमतामा नकारात्मक असर पुऱ्याइरहेको बताउनुभयो ।

कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सञ्चालन र व्यवस्थापन समितिका **राजुप्रसाद अधिकारी**, जिल्ला जनस्वास्थ्य केन्द्र भक्तपुरका प्रमुख **नरेन्द्रप्रसाद गिरी**, वैद्य निरीक्षक **श्यामकुमार रायमाझी**लगायतले पनि बोल्नुभएको थियो ।

## विश्व क्षयरोग दिवसको अवसरमा अन्तरक्रिया गोष्ठी



भक्तपुर नगरपालिकाको आयोजनामा विश्व क्षयरोग दिवसको अवसरमा चैत १४ गते अन्तरक्रियात्मक गोष्ठी भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले क्षयरोगलाई निर्मुल पार्न सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी काम गरिरहेको बताउनुभयो ।

स्वास्थ्य सेवा अत्यन्त महँगो हुँदै गएको बताउनुहुँदै उहाँले स्वास्थ्य सेवा महँगिदै जाँदा गरिब जनता उपचारबिना मर्नुपर्ने अवस्था निम्तिरहेको बताउनुभयो ।

नेपालमा स्वास्थ्य उपचारको कारण हरेक वर्ष ५ लाख मानिसहरू गरिबीको रेखामुनि झरेको तथ्याङ्क रहेको उल्लेख गर्नुहुँदै उहाँले सरकारी अस्पतालहरूमा सुधार नहुँदा बिरामीहरू निजी अस्पतालहरूमा घरखेत बेचेर स्वास्थ्य सेवा लिन बाध्य बनिरहेका छन् भन्नुभयो ।

जनतालाई सहज र सुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले भक्तपुर नपाले १०० शय्याको ख्वप अस्पताल सञ्चालनमा ल्याएको र स्थानीय जनतासँग हातेमालो गर्दै निरन्तर जनताको सेवामा अगाडि बढिरहेको बताउनुभयो ।

राज्यले स्वास्थ्यमा निजीकरणको बाटो अपनाएकै कारण गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउन नसकेको बताउनुहुँदै निजी अस्पतालहरू सेवाभन्दा पनि नाफा कमाउने व्यापारिक केन्द्रको रूपमा सञ्चालन भइरहेका छन् भन्नुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले क्षयरोग जनस्वास्थ्यको प्रमुख समस्याको रूपमा रहेको बताउनुहुँदै क्षयरोगीहरूको मनोबल बलियो बनाउन क्षयरोगबारे जनचेतनाको आवश्यकता रहेको बताउनभयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका क्षयरोगका स्रोतव्यक्ति **भोलानाथ पौडेल**ले प्रत्यके वर्ष मार्च २४ मा विश्व क्षयरोग दिवस मनाउनुको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै क्षयरोगको परिचय र वर्तमान अवस्थाबारे प्रस्तुतीकरण दिनुभयो । नेपालमा क्षयरोगीहरूको तथ्याङ्क अझ भयावह अवस्थामा रहेको उल्लेख गर्नुहुँदै उहाँले सन् २०५० सम्ममा क्षयरोगलाई अन्त्य गर्ने लक्ष्य रहेको बताउनुभयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **अस्मिता ओझा** र ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले क्षयरोग सरुवा रोग भए पनि यसको उपचार सम्भव भएको बताउनुहुँदै क्षयरोग सर्ने माध्यम, जोखिम र उपचारबारे प्रष्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका कार्यापालिका सदस्य र विभिन्न स्वास्थ्य केन्द्रमा कार्यरत क्षयरोगसम्बन्धी स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो ।

## आधुनिक जीवनशैली र खानपिनले नसर्ने रोगको जोखिम बढ्दै



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले धुमपान र मद्यपानले क्यान्सर जस्ता घातक रोगका बिरामीहरूको सङ्ख्या बढ्दै गइरहेको बताउनुहुँदै आधुनिक जीवनशैली र खानपानले अहिले सर्नेभन्दा नसर्ने रोगको जोखिम बढिरहेको बताउनुभयो ।

उक्त विचार उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागको प्रवीणता प्रमाणपत्र तह नर्सिङ पहिलो वर्षको २० औँ ब्याचमा अध्ययनरत विद्यार्थीहरूद्वारा भक्तपुर नपा वडा नं. ९ मा चैत १४ गते गरेको समुदाय नर्सिङअन्तर्गत 'तथ्याङ्क प्रस्तुतीकरण तथा स्वास्थ्य सम्बन्धी नाटक प्रदर्शनी' मा व्यक्त गर्नुभएको हो ।

उहाँले स्वास्थ्य निकै संवेदनशील विषय भएको हुँदा चिकित्सकको सल्लाह र परामर्शअनुसार मात्रै बिरामीहरूले औषधी सेवन गर्नुपर्नेमा जोड दिनुहुँदै महिला र पुरुषहरूलाई

समान ढङ्गले व्यक्तित्व विकास गर्ने अवसरहरू प्रदान गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालबाट प्रसूती सेवा प्रदान गरेसँगै नगरवासीहरूलाई निकै सहज भएको बताउनुहुँदै उहाँले जनतालाई सस्तो र सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा दिने प्रतिबद्धता पूरा गर्ने क्रममा काम गर्दै आइरहेको बताउनुभयो ।



कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले भक्तपुर नपाले सञ्चालन गरेको नर्सिङ क्याम्पसबाट २० ओटा ब्याचलाई नर्सिङ विषय अध्ययन गराइसकेको जानकारी गराउनुहुँदै देशको लागि दक्ष नर्स उत्पादनमा यस कलेजले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागको प्रवीणता प्रमाणपत्र तह नर्सिङ पहिलो वर्षका विद्यार्थीहरूले वडा नं. ९ मा गरेको अध्ययनअनुसार सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, रोजगारी, फोहोर व्यवस्थापन, परिवार योजना, जनसङ्ख्या आदि विषय समेटेर तथ्याङ्क प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा विद्यार्थीहरूले स्वास्थ्यसम्बन्धी नाटक प्रदर्शनी र सांस्कृतिक नृत्यसमेत प्रदर्शन गरेका थिए ।

## ख्वप अस्पतालमा शुभकामना आदान प्रदान तथा कर्मचारी भेला

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान विजुक्छें (रोहित)को प्रमुख आतिथ्यमा ख्वप अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरूबीच नव वर्ष




२०८१ को उपलक्ष्यमा शुभकामना आदान प्रदान तथा कर्मचारी भेला चैत १७ गते भयो ।

कार्यक्रममा प्रमुख अतिथि **बिजुक्छेँ**ले पुँजीवादी व्यवस्थामा गरिब जनताको भलो नहुने बताउनुहुँदै सरकारले ७ ओटै प्रदेशमा सुविधा सम्पन्न अस्पताल बनाउनुपर्ने र हरेक जिल्लाबाट एक जना छात्रालाई सरकारले छात्रवृत्ति प्रदान गरी एमबीबीएस पढाउनुपर्नेमा जोड दिनुभयो ।




क्युवाली डाक्टरहरू ६० ओटा देशमा तीस हजारभन्दा बढी सेवारत रहेको चर्चा गर्नुहुँदै उहाँले नेपालका डाक्टर र स्वास्थ्यकर्मीहरू पैसाको लागि विदेशिनु विडम्बनाको कुरा हो भन्नुभयो । उहाँले स्वास्थ्यकर्मीहरूले जनताको सेवालाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने र बिरामीहरूप्रति नम्र र शिष्ट भए स्वास्थ्य सेवा थप प्रभावकारी हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूले चुनावी घोषणापत्रमा स्वास्थ्य क्षेत्रमा गरेका प्रतिबद्धताहरू पूरा गर्दै आएको बताउनुहुँदै १०० शय्याको अस्पताल, वडा वडामा स्वास्थ्य सेवा तथा आयुर्वेदिक स्वास्थ्य सेवा विस्तार गरिसकेको बताउनुहुँदै ख्वप अस्पतालबाट उपलब्ध सेवाहरूमा थप गर्दै प्रभावकारी सेवा प्रदान गरिरहेको जानकारी दिनुभयो ।

उहाँले निजी अस्पतालहरू व्यापार गर्ने थलो हुँदै भएको हुँदा सामुदायिक अस्पतालको सेवा प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो भन्नुहुँदै जनताको राय सुझावलाई आत्मसात गर्दै आगामी दिनमा विशेषज्ञ सुविधाहरू थप गर्दै लगिने जानकारी दिनुभयो । ख्वप अस्पतालबाट प्रवाह गरेका सेवा सुविधाबारे जानकारी लिन विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू अवलोकनमा आइरहको हुँदा देशकै ७५३ स्थानीय तहका लागि उदाहरणीय बनाउन कार्यरत स्वास्थ्यकर्मीहरू लाग्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले ख्वप अस्पतालमा

कार्यरत स्वास्थ्यकर्मीहरूले स्वच्छ मन र इमानदारीले नगरवासीहरूको सेवा गर्नुपर्नेमा जोड दिनुहुँदै सबैको साथ र सहयोगबाटमात्र स्वच्छ, सुसंस्कृत र सभ्य समाज निर्माण गर्न सकिने उल्लेख गर्नुभयो। उहाँले सरसफाइ र पर्यावरणको सम्बन्ध जोडिएका जात्रा चाडपर्व र त्यसको महत्त्वबारे पनि प्रष्ट पार्नुभयो।

कार्यक्रममा वाग्मती प्रदेशका सभासद् **सृजना सैंजु**ले 'अग्रज पुस्ताले भक्तपुरको दीर्घकालीन सोचका साथ अगाडि सारेको स्वास्थ्यको क्रान्तिको ज्वलन्त उदाहरण ख्वप अस्पताल हो र त्यसलाई पूरा गर्नु आजको पुस्ताको दायित्व हो' भन्नुभयो। उहाँले निकृष्ट राजनीति भनेको पदको लोभमा फस्नु हो भन्नुहुँदै अहिले वाग्मती प्रदेशलगायतमा सत्तामा पुग्नेहरू पदको लोभ र हानथाप दुर्भाग्यको कुरा हो भन्नुभयो।

उहाँले प्यालेस्टाइनी जनतालाई दुःखको बेलामा समेत चिकित्सकहरूले सेवाभावले आफ्नो ज्यानको ख्याल नगरी कार्य गर्नु उदाहरणीय भएको बताउनुहुँदै चिकित्सकहरूले उच्च नैतिकताका साथ कार्यक्षेत्रमा इमानदारीपूर्वक कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।



कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुजन माक**, ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**, ख्वप अस्तालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**, इन्टरनल मेडिसिनका डा. **अमर प्रजापति** र डा. **रत्नसुन्दर लासीवा**ले पनि बोल्नुभएको थियो।

## स्वास्थ्य शिविर सम्पन्न

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा चैत्र १७ गते महिलाहरूको पाठेघरको मुखको



परीक्षण (पापस्मेयर जाँच) तथा स्तन परीक्षणसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो। नगरपालिकाबाट सञ्चालित ख्वप अस्पताल र भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न उक्त शिविरको नगर प्रमुख सुनिल प्रजापतिले एक कार्यक्रमबीच सम्मुद्घाटन गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले निर्वाचनको बेला स्वास्थ्यसँग सम्बन्धित जनतासँग गरेका ५ ओटै प्रतिबद्धताहरू पूरा भएको चर्चा गर्नुहुँदै शिक्षा र स्वास्थ्य उपचार सेवालाई पहिलो प्राथमिकतामा राखेको बताउनुभयो। उहाँले ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा विकास गर्ने क्रममा सुविधाहरू थप्दै जनताको नजिक पुर्‍याउने क्रममा वडा वडामा सहरी स्वाथ्य केन्द्रहरू स्थापना तथा घरदैलो नर्सिङ सेवा सञ्चालन गरिरहेको बताउनुभयो।

सरकारी अस्पतालहरू स्तरीय र सुविधासम्पन्न भएमा निजी क्लिनिकहरू आफै बन्द हुने उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले नागरिकको स्वास्थ्य सेवा राज्यको दायित्व हुनुपर्नेमा जोड दिनुभयो। उहाँले नेपाल मजदुर किसान पार्टी जनताबिच हुर्केको र जनताको हितमा निरन्तर लागिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'पार्टीकै समाजवादी आदर्श बमोजिम नगरपालिकामा जनप्रतिनिधिहरूले इमानदारीपूर्वक जनताको सेवा गरिरहेका छौं।'

कार्यक्रममा भक्तपुर नगरपालिका ९ नं. वडाका वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले स्वस्थ नगरवासीले उत्पादनमूलक गतिविधिमा सक्रिय हुने र समाजको आर्थिक सामाजिक परिवर्तनमा भूमिक खेल्ने चर्चा गर्नुहुँदै नगरपालिकाले नागरिकहरूको निरन्तर स्वास्थ्य परीक्षण शिविरहरू सञ्चालन गरिरहेको बताउनुभयो।

कार्यपालिका सदस्य **छोरीमैया सुजखू**ले महिलाहरूमा रोग लुकाउने बानी हटाउनुपर्ने चर्चा गर्नुहुँदै समयमा परीक्षण गराएमा लामो समयसम्म स्वस्थ रहन सक्ने बताउनुभयो। उहाँले महिला स्वस्थ भएमा परिवार र समाज नै स्वस्थ हुने उल्लेख गर्नुभयो।

भक्तपुर क्यान्सर अस्पतालका चिकित्सक डा. **त्रिसला बसी**ले पाठेघरको मुखको क्यान्सरको उपचार विधिबारे जानकारी दिनुहुँदै समयमै उपचार गराएमा निको हुने प्रष्ट पार्नुभयो।

वडा नर्स **दिब्या सुवाल**ले पापस्मेयर जाँचको तरिकाबारे जानकारी दिनुभयो।

शिविर स्थानीय दत्तात्रय आधारभूत विद्यालयको प्राङ्गणमा बिहान ८ बजेदेखि नै सञ्चालन गरिएको थियो।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Falgun Report, 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2371 | 13.55 |
| 10-14. | 756 | 4.32 |
| 15-19 | 716 | 4.09 |
| 20-59 | 10538 | 60.22 |
| ≥60 | 3119 | 17.82 |
| Total | 17500 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 566 | 3.23 |
| General | 3671 | 20.98 |
| Insurance | 13263 | 75.79 |
| Total | 17500 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Rautahat | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Baglung | 1 | 0.01 |
| Arghakhanchi | 1 | 0.01 |
| Taplejung | 1 | 0.01 |
| Darchula | 1 | 0.01 |
| Jarjarkot | 1 | 0.01 |
| Bardiya | 1 | 0.01 |
| Banke | 2 | 0.01 |
| Bara | 2 | 0.01 |
| Chitwan | 2 | 0.01 |
| Nuwakot | 2 | 0.01 |
| Kanchanpur | 2 | 0.01 |
| Dhankuta | 2 | 0.01 |
| Sunsari | 2 | 0.01 |
| Gulmi | 2 | 0.01 |
| Solukhumbu | 2 | 0.01 |
| Sarlahi | 3 | 0.02 |
| Baglung | 4 | 0.02 |
| Dailekh | 4 | 0.02 |
| Dhanusha | 4 | 0.02 |
| Udhayapur | 4 | 0.02 |
| Okhaldhunga | 5 | 0.03 |
| Rukum | 5 | 0.03 |
| Salyan | 6 | 0.03 |
| Achham | 7 | 0.04 |
| Dang | 7 | 0.04 |
| Jumla | 7 | 0.04 |
| Makwanpur | 7 | 0.04 |
| Surkhet | 8 | 0.05 |
| Lalitpur | 16 | 0.09 |
| Kailali | 19 | 0.11 |
| Dolkha | 20 | 0.11 |
| Sindhuli | 20 | 0.11 |
| Rolpa | 22 | 0.13 |
| Ramechap | 23 | 0.13 |
| Sindhupalchowk | 39 | 0.22 |
| Khotang | 34 | 0.19 |
| Kathmandu | 37 | 0.21 |
| Kavrepalanchok | 63 | 0.36 |
| Bhaktapur | 17110 | 97.77 |
| Total | 17500 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 83 |
| Suryabinayak | 748 |
| Changu | 3116 |
| Bhaktapur | 13163 |
| Total | 17110 |

| Department | Number | In Percentage |
|---|---|---|
| Psychiatric | 8 | 0.05 |
| Urology | 63 | 0.36 |
| Neuro Surgery | 66 | 0.38 |
| Gynae Ward | 89 | 0.51 |
| Physiotherapy | 110 | 0.63 |
| General Ward | 116 | 0.66 |
| Cardiologist | 202 | 1.15 |
| MDGP | 248 | 1.42 |
| Laboratory | 354 | 2.02 |
| General Surgery OPD | 444 | 2.54 |
| Dermatology | 545 | 3.11 |
| Internal Medicine | 845 | 4.83 |
| ENT | 987 | 5.64 |
| Obs. & Gynaecology | 1233 | 7.05 |
| Emergency Ward | 1362 | 7.78 |
| Dental | 1377 | 7.87 |
| Paediatric | 1684 | 9.62 |
| Orthopedic | 2194 | 12.54 |
| General OPD | 5573 | 31.85 |
| Total | 17500 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 202 |
| Discharge | 193 |
| LAMA | 7 |
| Refer | 1 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2122 |
| Total Cataract Surgery | 59 |

### Operation

| | |
|---|---|
| Major | 88 |
| Minor | 44 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 10028 | 57.30 |
| Male | 7472 | 42.70 |
| Total | 17500 | 100.00 |

**भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको**
**२०८० फागुन महिनाको सेवा प्रगति**

# अनुभवको आदान-प्रदान

## नगर प्रमुख प्रजापतिसँग महाकाली नपाका प्रमुख चैंसिरको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग सुदूरपश्चिम प्रदेश दार्चुलाको महाकाली नगरपालिकाका प्रमुख नरसिंह चैंसिरले चैत ८ गते भेट गर्नुभएको छ । भेटमा उहाँहरूबीच दुई नगरपालिकाको शैक्षिक, पर्यटन, विकासका सम्भावनाका क्षेत्र आदिबारे अनुभव आदानप्रदान भयो ।

नगर प्रमुख **प्रजापति**ले स्थानीय तहको स्वायत्ततामाथि कहीँकतैबाट हुने हस्तक्षेप स्वीकार्य नभएको बताउनुहुँदै भक्तपुर नपा स्वायत्त ढङ्गले अगाडि बढिरहेको बताउनुभयो ।

वाग्मती प्रदेशले कानुनबमोजिम प्रदान गर्नुपर्ने विशेष र समपूरक अनुदानसमेत भक्तपुर नगरपालिकालाई नदिएको प्रसङ्ग जोड्दै उहाँले भक्तपुर नपाले निर्वाचनको बेला जनताबिच गरेका प्रतिबद्धताअनुसार शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणलगायतका कार्यहरू गरी जनताको सेवा गरिरहेका बताउनुभयो ।

भक्तपुर नपाले जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न शिक्षण संस्थाहरू सञ्चालन, छात्रवृत्ति र शैक्षिक ऋणहरू प्रदान गर्दै आइरहेको बताउनुहुँदै उहाँले विदेशीको सहयोगविना भक्तपुर नपाले आत्मनिर्भर ढङ्गले यहाँको विकास निर्माण कार्यलाई अगाडि बढाइरहेको छ भन्नुभयो ।

नगर प्रमुख **चैंसिर**ले महाकाली नगरपालिका उच्च हिउँ पर्ने हिमाली क्षेत्रदेखि नदी किनारामा रहेका फाँटहरू समेटिएर बनेको धार्मिक एवम् सांस्कृतिक हिसाबले पनि महत्त्वपूर्ण नगरपालिका भएको बताउनुभयो ।

महाकाली नगरपालिका पर्यटनको राम्रो सम्भावना बोकेको ठाउँ भएको बताउनुहुँदै उहाँले र्‍याफ्टिङ, जडिबुटी, कपडा उद्योग र फलफूल खेतीबाट पनि यहाँको आर्थिक गतिविधि चलायमान भइरहेको बताउनुभयो ।


नगर प्रमुख प्रजापतिले प्रमुख चैंसिरलाई भादगाउँले



टोपी र खादाले स्वागत गर्नुभई नगरपालिकाका महत्त्वपूर्ण प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

भेटमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईको पनि उपस्थिति थियो ।

## बासिबियाँलो



दिइएको चित्रमा कतिओटा त्रिकोणकार छन् ?

उत्तर १२१ पृष्ठमा

# भेटघाट

## भक्तपुर नपाको अध्ययन भ्रमणमा शाखा अधिकृतहरू



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले राष्ट्रसेवक कर्मचारीहरू इमानदार भए जनताले सहज सेवा प्राप्त गर्न सक्ने हुँदा जनताको सेवकको हैसियतले कर्मचारीहरूले आ–आफ्नो जिम्मेवारीमा रही काम गर्नुपर्छ भन्नुभयो ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सेवा प्रविष्ट तालिम (Basic Administrative Training) लिइरहेका प्रशिक्षार्थी शाखा अधिकृतहरूको अध्ययन अवलोकनको सिलसिलामा भक्तपुर नगरपालिकामा चैत्र ७ गते आयोजित भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा उक्त विचार व्यक्त गर्नु भएको हो ।

प्रमुख प्रजापतिले संविधान र कानुनले सङ्घीयताको व्यवस्था गरेपनि अझै सङ्घ र प्रदेश सरकारमा बस्नेहरूमा सङ्घीय सोच नभएको कारण देश सङ्घीयताको मर्म अनुसार सञ्चालन हुन नसकेको बताउनुभयो । उहाँले स्थानीय जनताको समस्या सम्बोधन गर्न विशेष अनुदान बढाई सशर्त अनुदान घटाउँदै लानुपर्नेमा उल्टो सशर्त बजेट बढाइएको हुँदा सङ्घ र प्रदेश सरकारले बजेटमार्फत स्थानीय तहलाई नियन्त्रण गर्न खोजेको बताउनुभयो ।

स्थानीय सरकारलाई कर्मचारी भर्नाको अधिकार नहुनु स्थानीय स्वायत्त शासन ऐन, २०५५ भन्दा पनि प्रतिगामी देखिएको जानकारी दिनुहुँदै स–साना योजनाहरू समेत सङ्घ र प्रदेश सरकारले सञ्चालन गर्नु सङ्घीय भावना विपरीत भएको तथा साझा सूची अन्तर्गतका कानुनहरू समयमा नबनाउनु, सम्पदा पुनःनिर्माणको लागि काठको सहज उपलब्ध नहुनु सङ्घीयता कार्यान्वयनका चुनौतीहरू हुन् भन्नुभयो ।



सहभागीहरूको जिज्ञासा मेटाउनुहुँदै प्रमुख प्रजापतिले सम्पदाले भक्तपुरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान दिने भएकोले भनपाले सम्पदा पुनःनिर्माण अध्ययन, अनुसन्धान र अन्वेषणको आधारमा गर्दै आएको तथा राष्ट्रिय कला सङ्ग्रहालय र लाल बैठकलाई प्राचीन मल्लकालीन शैलीमै पुनःनिर्माण गर्ने उद्देश्य नपाको रहेको, भक्तपुर नगरपालिकाले छोटो समयमा स्वास्थ्य सुविधाको सुनिश्चितता गर्न आफ्नै अस्पताल सञ्चालन, स्वास्थ्य केन्द्रहरू, शिशु स्याहार केन्द्रहरू र घरदैलो नर्सिङ सेवालगायतको स्वास्थ्य सेवा प्रवाह तथा नगरवासीहरूलाई निःशुल्क अक्सीजन र रगतको व्यवस्था गर्दै आइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, प्रशासकीय अधिकृत दामोदर सुवाल र लेखा अधिकृत रामसुन्दर सुजखुले आ–आफ्नो अनुभव सुनाउनु भएको थियो भने प्रशिक्षार्थी शाखा अधिकृतहरूले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माण लगायतमा भक्तपुर नपाले गरिरहेका कार्यहरूबारे विभिन्न जिज्ञासाहरू राख्नुभएको थियो ।

## मिर्मिरे साकोसका प्रतिनिधिमण्डल टोलीद्वारा भक्तपुर अध्ययन भ्रमण



टोखास्थित मिर्मिरे बचत तथा ऋण सहकारी संस्था लि. महिला तथा बालबालिका उपसमितिका प्रतिनिधिमण्डल टोलीले आज भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गरेको छ ।

टोलीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग चैत्र ९ गते भेट गरी भक्तपुरको शैक्षिक संस्था, सहकारी, अस्पताल तथा सम्पदा संरक्षण र पुनःनिर्माणबारे अनुभव हासिल गरे ।

टोलीलाई भक्तपुर नगरपालिकामा स्वागत गर्दै नगर प्रमुख **प्रजापति**ले ऐतिहासिक नगर भक्तपुर र टोखाबीच सांस्कृतिक, राजनीतिक, आर्थिक र सामाजिक सम्बन्ध कायम रहेको बताउनुहुँदै भक्तपुर नपाले यहाँ अवस्थित सहकारीहरूलाई सहकारीमार्फत जनताको सेवा गर्न घचघच्याइरहेको बताउनुभयो ।

सहकारी संस्थाहरूले सहकारीमा रहेको रकम लेनदेनमा मात्रै सीमित नराखी सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम दिनुपर्ने र शेयर सदस्यहरूको आर्थिक, शैक्षिक र राजनीतिक स्तर उकास्न आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो ।

ऐतिहासिक र सांस्कृतिक नगरहरूको मौलिकता संरक्षणमा स्थानीय तहहरूले विशेष जोड दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाको ऐन नियमअनुसार मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई आर्थिक सहयोग गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा मिर्मिरे साकोसका अध्यक्ष **शैलेश डंगोल**ले भ्रमणको उद्देश्यमाथि प्रष्ट पार्नुभयो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाको अध्ययन भ्रमणका क्रममा उक्त टोलीले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताल, ख्वप इ. कलेज, भक्तपुरको सिद्धि गणेश साकोस, भाजु पोखरी, सिद्ध पोखरी, दरबार परिसर, पाँचतले मन्दिर र सङ्ग्रहालयहरूमा स्थलगत अध्ययन भ्रमण गरेका थिए ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**सेवा कामना बहुउद्धेश्यीय सहकारी संस्था सार्नेबारे सूचना**

बागमती प्रदेश सरकारले प्रदेशकै कानुनविपरित आ.व. २०७७/७८ र २०७८/७९ मा बहुउद्देश्यीय सहकारी संस्थाहरु दर्ता गरी भक्तपुर नगरपालिकाभित्र साइनबोर्ड राखी सञ्चालनमा रहेकोमा मिति २०७८।६।१४ गतेको भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकबाट नगरपालिकाको सिफारिसबेगर दर्ता भइआएका सहकारीहरुलाई भक्तपुर नगरभित्र सञ्चालन गर्न नदिने भनी निर्णय भएबमोजिम मिति २०७८ कार्तिक ७ र ८ गते, मिति २०७९।८।२७ र २८ गते र मिति २०७९ माघ २४ र २७, फागुन २ र ५ गते "मजदुर" दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत गैरकानुनी रुपमा सञ्चालित सहकारी संस्थाहरुमध्ये भक्तपुर नगरपालिका वडा नं. १० कमलविनायकस्थित सेवा कामना बहुउद्देश्यीय सहकारी संस्था अझै अटेर गरी नसरी बसेको हुँदा २०८०।११।३० गतेको बैठक निर्णयअनुसार ३५ (पैतीस) दिनभित्र अन्यत्र सार्ने व्यवस्था गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचनालाई बेवास्ता गरी कार्यालय सञ्चालन गरिराखेको पाइएमा कानुनी कारबाही गर्ने व्यहोरासमेत अनुरोध गरिएको छ। साथै यस्ता सहकारीहरुमा रकम जम्मा नगर्नसमेत सर्वसाधारणको जानकारीको लागि अनुरोध गरिएको छ।


# संक्षेपमा

## तालिमको निरीक्षण



नगर प्रमुख सुनिल प्रजापति भक्तपुर नगरपालिकाद्वारा सञ्चालित हेयर कटिङ तालिमको फागुन १८ गते निरीक्षण गर्नुभयो ।

## पसल व्यवसायीहरूको भेला





भक्तपुर नगरपालिकाको आयोजनामा चैत १५ गते पसल व्यवसायीहरूको भेला भयो । भेलामा वडा नं ३ का वडा अध्यक्ष राजकृष्ण गोरा सम्बोधन गर्नुभयो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# विविध समाचार

## शिक्षाको बलियो जगले समाजलाई सभ्य र सुसंस्कृत बनाउने




भक्तपुर नपा वडा नं. ४ राममन्दिरस्थित शान्ति निकेतन माध्यमिक विद्यालयको ५४ औं वार्षिकोत्सव तथा शिक्षक सम्मान कार्यक्रम फागुन १७ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षाको बलियो जगले समाजलाई सभ्य र सुसंस्कृत बनाउन टेवा पुऱ्याउने बताउनुहुँदै सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले विभिन्न विषयका कलेजहरू आफ्नै स्वामित्वमा सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

आजको शिक्षाको उद्देश्य २१ औं शताब्दीको लागि योग्य, सक्षम र देशभक्त नागरिक तयार गर्ने बताउनुहुँदै उहाँले समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने युवा जनशक्ति उत्पादनमा विद्यालयहरूले जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाको आयोजनामा हुने विविध गतिविधिहरूमा शान्ति निकेतन माविको पनि उत्साहजनक सहभागिता रहँदै आएको बताउनुहुँदै भक्तपुरको शैक्षिक उन्नति र प्रगतिमा शान्ति निकेतन माविको उल्लेखनीय भूमिका रहेको चर्चा गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भक्तपुर नपाको शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रमा भएका उल्लेखनीय गतिविधिबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नपाले २०८० फागुन २९ गतेबाट अन्तर नगर महिला कबड्डी प्रतियोगिता आयोजना गर्ने विषय अवगत गराउनुभयो ।

विद्यालयका प्रअ **विजयराम प्रजापति**ले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै प्रतिकूलताबिच अनुकूलता खोज्दै विद्यालयले विद्यार्थीहरूलाई गुणस्तरीय र व्यवहारिक शिक्षा प्रदानमा जोड दिँदै आएको बताउनुभयो ।

विद्यालयले उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुहुँदै उहाँले यस आर्थिक वर्षमा विद्यालयले जेहेनदार विद्यार्थीहरूलाई रु. ७० हजार ४०० बराबरको छात्रवृत्ति प्रदान गरेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयबाट अवकाश प्राप्त पूर्वप्रअ महेन्द्रगोपाल कर्माचार्य, शिक्षक इन्द्रकुमार साखले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले अवकाश प्राप्त शिक्षक कृष्णगोपाल प्रजापतिलाई सम्मान गर्नुभएको थियो भने रमा-मिना शिक्षक प्रेरणा पुरस्कार र केश प्रजापति स्मृति सहयोग अक्षय कोषलाई कृतज्ञता पत्र प्रदान गरिएको थियो ।

## नवनियुक्त स्काउटका पदाधिकारीहरूलाई बधाई



भक्तपुर स्थानीय स्काउटका प्रमुख तथा उपमेयर रजनी जोशीको प्रमुख आतिथ्यमा नेपाल स्काउट, भक्तपुर स्थानीय स्काउट परिषद्को आयोजनामा फागुन १८ गते नवनियुक्त स्काउटका पदाधिकारी, आयुक्त तथा स्काउट परिषद् सदस्यहरूलाई बधाई तथा शुभकामना ज्ञापन गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथि **रजनी जोशी**ले समाजलाई बुद्धिजीवीकरण गर्न र अनुशासित बनाउन स्काउटले महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।

भक्तपुरलाई शिक्षाको गन्तव्य बनाउन नेमकिपाको घोषणापत्र अनुरूप कार्य गरिरहेको बताउनुहुँदै शिक्षालाई व्यवहारिक बनाउन र ज्ञानसहितको शिक्षा दिन स्काउट उपयोगी रहेको उहाँले बतानुभयो ।

अहिलेको युगमा इन्टरनेटका नराम्रा पक्षहरूबाट बालबालिका र युवाहरूलाई जोगाउनका लागि स्काउटिङ

कक्षा अपरिहार्य रहेको बताउनुभयो ।

नेपाल स्काउटका नवनियुक्त राष्ट्रिय आयुक्त महेन्द्र राज रञ्जितले नेपाल स्काउटको ऐनलाई प्रतिष्ठापन गर्ने गरी नयाँ विधेयक सदनमा प्रस्तुत हुन गइरहेको बताउनुभयो ।

जनतालाई अनुशासित बनाउन, स्वयंसेवी भावना जगाउनका लागि स्काउटको पाठ्यक्रम विकास गरिएको बताउनुहुँदै उहाले स्काउटलाई सवल र सक्षम बनाउन स्थायी आयस्रोतका लागि स्थानीय स्काउटले कार्य गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा स्काउटका आयुक्त शिवराम अर्याल, पूर्व राष्ट्रिय सचिव रामगोपाल कर्माचार्य, पूर्व तालिम आयुक्त भक्त राजभण्डारीले  स्काउटको गरिमाका विषयमा चर्चा गर्दै शुभकामना मन्तव्य राख्नुभयो भने चाँगुनारायण नगरपालिकाका आयुक्त राजकुमार जरेजु, मध्यपुर थिमीका आयुक्त तुल्सीहरी प्रजापति, सूर्यविनायक नगरपालिकाका आयुक्त कृष्मा थोकरले स्काउटका विकासमा लागिपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका आयुक्त बालकृष्ण बनमालाको सभापतित्वमा भएको कार्यक्रममा राष्ट्रिय परिषद्का सदस्यहरू रत्ना चवाल, कृष्णसुन्दर प्रजापति, मैयाँ त्वायनाबासुलगायतलाई सम्मान गरेको थियो । यसैगरी वागमति प्रदेशका आयुक्त शिवकुमार त्वायनासहित परिषद् सदस्यहरूलाई पनि सम्मान गरेको थियो ।

राष्ट्रिय प्रधान कार्यालयका आयुक्तहरू पनि सम्मानित भएको कार्यक्रममा भक्तपुरका चारओटै नगरपालिकाका परिषद् सदस्यहरूलाई सम्मान गरिएको थियो ।

## तस्बिर प्रदर्शनीले इतिहास, पुरानो कला संस्कृति र सम्पदा संरक्षणलाई मद्दत गर्ने



भक्तपुर पर्यटन विकास समितिको आयोजनामा तथा भक्तपुर नगरपालिकाको सहयोगमा दरबार स्क्वायरमा भक्तपुरका प्रसिद्ध फोटोग्राफरहरू (बनेपालीका तीन पुस्ता) बाट खिचिएको कला, संस्कृति, सम्पदा र जीवनशैलीका फोटोहरूको प्रदर्शनी फागुन १८ गते भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले प्रदर्शनीको उद्घाटन गर्नुहुँदै फोटो प्रदर्शनीले तस्बिरको माध्यमबाट इतिहासको जानकारी दिने चर्चा गर्नुहुँद प्रदर्शनीले इतिहास, पुरानो कला संस्कृति र सम्पदा संरक्षणलाई मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'फोटोको महत्त्वबारे कतिपय फोटोग्राफरहरूलाई जानकारी नहुँदा इतिहास र प्रमाणको समेत लोप भई समस्या सृजना भएको घटना छ । एउटा फोटोले इतिहासलाई स्पष्ट पार्ने काम गर्छ, यसतर्फ फोटोग्राफरहरू सचेत हुनु आवश्यक छ ।'

विगतको फोटो अध्ययन गराउने विद्यालय र विश्वविद्यालय आवश्यक भएको चर्चा गर्नुहुँदै अध्यक्ष रोहितले नयाँ पुस्तालाई फोटोग्राफीबारे अध्ययन र तालिमको व्यवस्था गर्न सके देशको कला संस्कृति र सम्पदा जोगाउने जनशक्ति तयार हुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'बाजे बद्रीप्रसाद बनेपाली, बुबा केदार बनेपाली र नातिनी सुनी बनेपालीले खिचेको फोटो प्रदर्शनीबाट अन्य फोटोग्राफरलाई पनि उत्प्रेरणा मिल्नेछ ।'

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले पर्यटन गतिविधिलाई टेवा पुऱ्याउन र तीन पुस्ताका फोटोग्राफरहरूको सीपलाई जनतामाझ परिचित गराउने उद्देश्यले प्रदर्शनीको आयोजना गरेको बताउनुभयो ।

फोटोग्राफर केदार बनेपालीले नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्न बुबाले सिकाउनु भएको सीप छोराछोरीलाई पनि सिकाएको बताउनुभयो ।

प्रदर्शनीको इतिहासकार, फोटोग्राफर, फोटो पत्रकार, शिक्षक, विद्यार्थीलगायत सर्वसाधारणले अवलोकन गरेका थिए ।

## 'विद्यालयहरूमा नयाँ पुस्तालाई कला-संस्कृति हस्तान्तरण गर्ने कार्य हुनु सराहनीय छ' : अध्यक्ष बिजुक्छेँ



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**को प्रमुख आतिथ्यमा बाल विकास सेकेन्डरी स्कूलको दोस्रो ३६ औं वार्षिकोत्सव समारोह शिक्षक, कर्मचारी सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम गरी फागुन १९ गते सम्पन्न भएको छ।

प्रमुख अतिथि बिजुक्छेँबाट समुद्घाटन भएको उक्त समारोहमा उहाँले स्कूलको स्मारिका विमोचन गर्नुभयो।

कार्यक्रममा शुभकामना मन्तव्य दिनुहुँदै उहाँले स्कूलबाट उत्पादित जनशक्ति को को कहाँ कहाँ कुन कुन अवस्थामा छ भन्ने जानकारी राख्ने समाजको एउटा सग्लो चित्र त्यसमा आउने चर्चा गर्नुभयो।




देश भूगोलमात्र नभएको चर्चा गर्नुहुँदै देशलाई चिनाउने जोगाउने त्यहाँको कला संस्कृति हो अहिले विद्यालय-विद्यालयमा नयाँ पुस्तालाई कला संस्कृति हस्तान्तरण गर्ने जुन काम भइरहेको छ त्यो सराहनीय छ, उहाँले भन्नुभयो।

रुस-युक्रेन युद्धमा नेपाल सरकारले युक्रेनको पक्ष लिनु गलत छ त्यसको नेमकिपाले निरन्तर विरोध गरिरहेको चर्चा गर्नुहुँदै उहाँले त्यही युद्धका कारण आज युरोपको अर्थतन्त्र गञ्जागोल भएको छ भन्नुभयो।

त्यस्तै इजरायलले प्यालेस्टिनमाथि गरिरहेको अत्याचारको विरोध गर्नुहुँदै आज त्यसबाट १८ ओटा अरब देशहरू प्रभावित भएका छन्। गलत र अन्यायको विरोध गर्नु पनि अन्तर्राष्ट्रिय सदाचार हो; यस्तो सदाचार स्कूलदेखि नै सिक्न सिकाउन आवश्यक छ, उहाँले भन्नुभयो।

सरकारले भूगोल र इतिहास पढाउनै छोडेकोमा आपत्ति जनाउनुहुँदै प्रमुख अतिथि बिजुक्छेँले जनतालाई विदेशीको ज्यामीमात्र बनाउने सरकारी नीतिविरुद्ध नयाँ पुस्तामा चेतना जगाउनुपर्नेमा जोड दिनुभयो।

पश्चिमा विदेशी शैली नभई आफ्नै पहिचानलाई महत्त्व दिनुपर्नेमा जोड दिनुहुँदै उहाँले विदेशी दलालहरूबाट देशलाई जोगाउनुपर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, 'हाम्रो देश हाम्रो समाज हामीले नै बनाउने हो; अरूको भर परे हामी मगन्ते बन्ने छौँ, परनिर्भर बन्नु हुँदैन; दुःख भए पनि आत्मनिर्भर बन्ने प्रयास गर्नुपर्छ।'

माओवादीलाई नेमकिपाले १०-२० वर्ष पहिले नै भारतको ट्रोजन हर्स भनी आलोचना गरेको स्मरण गर्नुहुँदै उहाँले हालै भारतका एक अवकाश प्राप्त सैनिक जनरल अशोक मेहत्ताले माओवादी भारतको घोडै हो भनेका छन्; त्यसको माओवादीले खण्डनसम्म गरेको छैन, ट्रोजन हर्स पुनर्पुष्टि भएको छ भन्नुभयो।

जनतालाई सही कुरा बताउने कठिन काम गर्न हामी हरेस खाँदैनौँ निरन्तर काम गर्दै गए अन्ततः सही प्रतिफल आउने छ भन्दै उहाँले जनताको सेवामा निरन्तर लाग्न सुझाव दिनुभयो।

एक बेग्लै सन्दर्भमा उहाँले समाजमा २५ प्रतिशतमा मानसिक रोग छ भनिएको हुँदा घरघरमा त्यसको समीक्षा गर्नुपर्ने बताउनुहुँदै जहाँ पनि र जहिले पनि पैसा पैसा भनी कुर्लनु पनि मानसिक रोग हुन सक्नेमा सचेत पार्नुभयो।

कार्यक्रममा मनोचिकित्सक डा. **विश्वबन्धु शर्मा**ले भक्तपुर हरेक कुरामा नमुना भएको चर्चा गर्नुहुँदै निजी गुठीबाट सञ्चालित स्कुल पनि गैरनाफामुखी हुँदा रहेछ यो पनि एउटा नमुना नै हो भन्नुभयो।

पागलपनमात्र मानसिक रोग होइन भन्नुहुँदै उहाँले समाजमा २५ प्रतिशत मानिस मानसिक रोगबाट पीडित रहेको चर्चा गर्नुभयो। विद्यालयको पाठ्यक्रममा मानसिक रोगबाट कुनै पाठ नभए पनि स्कुल स्कुलमा त्यसबारे जनचेतना जगाउन सके रोगको सुरुमै पहिचान गर्न सकिन्थ्यो र त्यो अवस्थामा उपचार गर्न सहज हुने सुझाव दिनुभयो।

विद्यालयका प्रिन्सिपल एवम् वाग्मती प्रदेश सांसद **सुरेन्द्रराज गोसाईं**ले धेरै स्कुलहरूसँग मिलेर सहकार्य गर्ने स्कुलको चाहना भएको चर्चा गर्नुहुँ कोही कसैप्रति गुनासो गर्नुभन्दा सकेसम्म आफै उदाहरण बनेर देखाउने प्रयास गरिरहेको बताउनुभयो। उहाँले स्कुलका संस्थापकहरूप्रति सामूहिक नेतृत्वको साथ अगाडि बढाइरहेको जानकारी दिनुभयो।

कार्यक्रममा वाग्मती प्रदेशका सांसद **सृजना सैँजू**ले निजी शैक्षिक गुठीबाट सञ्चालित स्कुल पनि गैरनाफामुखी हुन सक्छ भन्ने कुरा सरकारले बालविकासबाट सिक्नुपर्छ, शिक्षाको पूर्ण दायित्व राज्यको हो भन्नुभयो।

लाखौँ युवा देश नफर्किने गरी विदेसिनु विदेशमा नेपाली दोस्रो दर्जामा बस्न बाध्य हुनु देशकै दुर्भाग्य हो भन्नुहुँदै उहाँले देशको गञ्जोगाल सम्हाल्ने नयाँ पुस्ता स्कुलदेखि नै तयारी गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा प्रा.डा. **रामप्रसाद ज्ञवाली**ले व्यावहारिक सीपबिनाको घोकन्ते शिक्षाको प्रमाणपत्रको कुनै अर्थ नहुने चर्चा गर्नुहुँदै विद्यार्थीलाई घरबाट संस्कार र स्कुलले जीवन सङ्घर्षका कुराहरू सिकाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा विद्यालय स्थापनाकालका सदस्य डा. **के.बी. कर्माचार्य**, अभिभावकद्वय काठमाडौँ विश्वविद्यालयका गणित विषयका उपप्राध्यापक **गंगाराम फैजु** र ख्वप कलेजका उपप्राध्यापक **अञ्जु ग्वाछा**ले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा शिक्षिका **सीतालक्ष्मी प्रजापति**ले स्वागत मन्तव्य दिनुहुँदै स्कुलमा हाल १२ सय विद्यार्थी अध्ययनरत रहेको र एक सय जना स्टाफ कार्यरत रहेको जानकारी दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **मोहनप्रसाद प्रजापति**को सभापतित्वमा भएको उक्त कार्यक्रममा निरन्तर १० वर्ष सेवा गरेका शिक्षक कर्मचारीहरूलाई सम्मान गरिएको थियो ।

३६ औँ वार्षिकोत्सवको पहिलो चरण गत माघ २० गते सम्पन्न गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूबाट देशभक्तिपूर्ण गीतमा नृत्यहरू प्रस्तुत गरिएको थियो ।

## भक्तपुर कप फुटबल प्रतियोगिता




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर युवा टीमको आयोजनामा सञ्चालन भएको भक्तपुर कप फुटबल प्रतियोगिताको फागुन १९ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

महेश्वरी खेलमैदानमा सञ्चालित उक्त प्रतियोगिताको उद्घाटन गर्दै नगर प्रमुख **प्रजापति**ले २०५० सालमा स्थापना भएको युवा टीम अझ व्यवस्थित रूपमा सञ्चालनको लागि शुभकामना दिनुहुँदै खेलकुद प्रतियोगिता आजको लागि मात्र नभई भविष्यमा सभ्य र सुसंस्कृत समाज निर्माणको लागि भएको बताउनुभयो ।

समाजलाई अनुशासित र व्यवस्थित गर्ने सिलसिलास्वरूप भक्तपुर नपाले खेलकुद प्रशिक्षण, खुला व्यायामशाला, कभर्ड हल निर्माण, खेलकुद प्रतियोगिताहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुहुँदै उहाँले नयाँ पुस्तालाई खेलकुदमा सहभागी गराउने कोसिस गर्दै आएको बताउनुभयो ।

युवाहरू कुलतमा फसिरहेका छन्, युवालाई विकृति र विसङ्गतिबाट विमुख गर्न खेलकुद सशक्त माध्यम हुने बताउनुहुँदै उहाँले अनुशासित, इमानदार र देशभक्त भावनाले खेलाडीहरूले खेलमा सहभागी हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले निडर र निर्भिक खेलाडी तयार गर्ने उद्देश्यले भक्तपुर नपाले खेलकुद क्षेत्रमा योगदान पुऱ्याइरहेको बताउनुहुँदै प्रतियोगिता सफलताको शुभकामना दिनुभयो ।



भक्तपुर जिल्ला खेलकुद समितिका अध्यक्ष **दिपक थापा**ले भक्तपुर नपाले सञ्चालन गरेको खेलकुद प्रतियोगिताले भक्तपुर खेलकुदमय भएको बताउनुहुँदै खेलकुद प्रतियोगिता आयोजनाले राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलमा पुग्ने दबु भएको बताउनुभयो ।

भक्तपुर नपाले खेलकुद क्षेत्रमा गरेको भौतिक विकास सराहनीय भएको बताउनुहुँदै उहाँले यस किसिमका गतिविधिले खेलाडीहरूलाई प्रोत्साहित गर्ने बताउनुभयो ।

भक्तपुर युवा टीमका संस्थापक अध्यक्ष **विश्वराम कवां**ले युवा टीम स्थापनाको इतिहास बताउनुहुँदै युवालाई कुलतबाट बचाउने अभियानस्वरूप भक्तपुर युवा टीम स्थापना भएको बताउनुभयो ।

भक्तपुर युवा टीमका अध्यक्ष **केशव त्वानाबासु**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर कप फुटबल

प्रतियोगिता संयोजक सुरेश कवांले प्रतियोगितामा १६ ओटा टीम सहभागी भएको अवगत गराउनुभयो ।

## नगर प्रमुख प्रजापतिद्वारा शैक्षिक तथा सांस्कृतिक प्रदर्शनी अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. ४ राममन्दिरमा अवस्थित मिनर्वा इङ्लिस स्कूलको आयोजनामा भएको सांस्कृतिक तथा शैक्षिक प्रदर्शनीको फागुन १९ गते उद्घाटन गर्नुभएको छ ।

विद्यालयमा भएको उक्त प्रदर्शनीको अवलोकन गर्दै नगर प्रमुख **प्रजापति**ले भक्तपुरको स्थानीय कला, संस्कृति र उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित शैक्षिक प्रदर्शनी निकै जीवन्त रहेको बताउनुहुँदै भक्तपुरको मौलिकता झल्काउने प्रदर्शनी आयोजनाको लागि विद्यालय परिवारलाई धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुरका विद्यार्थीहरूलाई भक्तपुर नपाभित्रका कला संस्कृति र सम्पदाहरूको ऐतिहासिक र सांस्कृतिक महत्त्वबारे जानकारी दिनु हामी सबैको कर्तव्य भएको बताउनुहुँदै उहाँले भक्तपुरको इतिहास, भूगोल, राजनीति, संस्कृति, सीप, प्रविधि, खेल आदिबारे  विद्यार्थीहरूलाई अध्ययन अध्यापन गराउने उद्देश्यले भक्तपुर नपाले स्थानीय पाठ्यक्रम ख्वपको पहिचान तयार गरी सबै विद्यालयहरूमा अध्यापन गराउँदै आएको बताउनुभयो ।

नेपाल सबै जातजाति, भाषाभाषीको साझा फूलबारी भएको बताउनुहुँदै उहाँले मौलिकता जोगाउन सके मात्र हाम्रो अस्तित्व र पहिचान बाँकी रहने धारणा उहाँले व्यक्त गर्नुभयो ।

शैक्षिक प्रदर्शनीमा भक्तपुरका कला संस्कृति, जीवनशैली झल्किने विषयवस्तुहरू प्रदर्शनीमा राखिएको थियो । साथै भक्तपुरको प्रसिद्ध भैल प्याखं, कवांचा प्याखं, खिचा प्याखं, धिमे, बाँसुरी बाजालगायतको प्रदर्शनी गरिएको थियो ।

## नगर प्रमुख प्रजापतिद्वारा फोटो प्रदर्शनी अवलोकन



भक्तपुर पर्यटन विकास समितिको आयोजनामा भएको 'ब्रिलियन्ट भक्तपुर फोटो प्रदर्शनी २०८०' को समापन कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा फागुन १९ गते भक्तपुरको दरबार क्षेत्रमा सम्पन्न भयो ।

फोटो प्रदर्शनी अवलोकनपश्चात आयोजित समापन कार्यक्रममा प्रमुख **प्रजापति**ले फोटो आफैं पनि एउटा इतिहास भएको बताउनुहुँदै भक्तपुरको सांस्कृतिक, ऐतिहासिक महत्त्व बोकेको फोटो प्रदर्शनीबाट देशका महत्त्वपूर्ण सम्पत्तिहरूको प्रदर्शन भएको बताउनुभयो ।

भक्तपुर नपाले आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनमा जोड दिँदै आएको बताउनुहुँदै उहाँले फोटोग्राफीको इतिहास बताउने प्रदर्शनी निकै प्रभावकारी भएको बताउनुभयो ।

फोटो प्रदर्शनीको लागि आयोजकलाई धन्यवाद दिनुहुँदै उहाँले आगामी दिनहरूमा यस्ता गतिविधिलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले दुई दिनसम्म आयोजित ब्रिलियन्ट फोटो प्रदर्शनीमा तीन पुस्ताका ६८ ओटा फोटोहरू प्रदर्शन भएको जानकारी गराउनुभयो ।

कार्यक्रममा फोटोग्राफर केदार बनेपालीले नगर प्रमुख सुनिल प्रजापतिसमक्ष फोटो एल्बम हस्तान्तरण गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले फोटो प्रदर्शनी सफलतापूर्वक सम्पन्न गर्न सहयोगी भूमिका खेल्नेहरूलाई प्रशंसा पत्र प्रदान गर्नुभयो ।

## कर्मचारी क्षमता अभिवृद्धि तालिम

वागीश्वरी माध्यमिक विद्यालयको आयोजना कार्यरत कर्मचारीहरूबिच कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम फागुन



१९ गते सम्पन्न भयो ।

कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रमका प्रमुख अतिथि वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष **रबिन्द्र ज्याख्व**ले कर्मचारीहरू भनेको सार्वजनिक व्यक्तित्व हुन् । कर्मचारीहरूले समयानुकुलु ऐन कानुनसँग सधैँ परिचित हुनुपर्ने । कर्मचारीहरू संस्थाप्रति इमानदार हुनुका साथै वैचारिक रूपमा परिपक्वता अनिवार्य रूपमा आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमका अतिथि एवं वागीश्वरी कलेजका संयोजक **ज्ञानसागर प्रजापति**ले काम नै व्यक्तिको परिचय रहेकाले नमुना विद्यालयका कर्मचारीहरू नमुना बन्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई** प्रशिक्षक रहनुभएको कार्यक्रमको दोस्रो चरणमा उहाँले अन्तरक्रियात्मक रूपमा तालिम सञ्चालन गर्दै उहाँ नेपालमा अभ्यास भइरहेको प्रशासनिक कानुनी प्रावधान, कर्मचारीको कर्तव्य, मर्यादाबारे चर्चा गर्नुभएको थियो ।

वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छाले धेरै वर्ष अनुभव लिएर काम गरे पनि यस्ता किसिमको तालिमहरू नियमित रूपमा लिन आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, वागीश्वरी माविका सहायक प्र.अ. कृष्णप्रसाद कर्माचार्य, राजन फेलु, तुल्सीराम प्रजापति तथा सविन्द्र प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले प्रशिक्षक भट्टराईलाई मायाको चिनो प्रदान गर्नुभयो ।

## पुजारी मठ माटो जोडाइबाट पुन:निर्माण गरिने

पुरातत्त्व विभागको चालु आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रमअन्तर्गत भक्तपुर दरबार क्षेत्र परिसरमा अवस्थित लाल बैठक संरक्षण कार्य र भक्तपुर दत्तात्रयस्थित पुजारी



मठ पुन:निर्माण कार्यबारे सरोकारवालाहरूसँग छलफल कार्यक्रम फागुन २० गते भयो ।

पुजारी मठ पुन:निर्माणमा देखिएको समस्याबारे छलफलको लागि बोलाइएको उक्त बैठकले पुजारी मठ मौलिक स्वरूपअन्तर्गत माटो जोडाइबाट पुन:निर्माण गर्ने विषयमा सरोकारवालाहरू सहमत भएका छन् ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले यसअघि नै सरोकारवालाहरूको बैठक राखी पुजारी मठ पुन:निर्माण माटो जोडाइबाट गर्ने निर्णय गरिसकेको बताउनुभयो ।

मौलिक प्रविधि प्रयोग गर्ने विषयमा भक्तपुर नपा अग्रसर रहेको बताउनुहुँदै उहाँले सम्पदा संरक्षण र पुन:निर्माण कार्यमा विज्ञहरूको राय-सल्लाहअनुसार नै अगाडि बढाइरहेको प्रष्ट पार्नुभयो ।

सम्पदा संरक्षण संवेदनशील विषय भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले विदेशी सहयोगबिना नै यहाँका सम्पदाहरू पुन:निर्माणमा जोड दिँदै आएको पनि बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले माटो जोडाइबाट पुन:निर्माण गर्ने भनिएको पुजारी मठमा सुर्की चुना प्रयोग भएपछि पुन:निर्माणको काम रोकिएको बताउनुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले माटो जोडाइ प्रविधि भरपर्दो र बलियो हुने बताउनुहुँदै भूकम्प प्रतिरोधी सम्पदा निर्माणमा पुरातत्त्व विभागले जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले माटो जोडाइबाट पुजारी मठ पुन:निर्माण हुनुपर्ने पक्षमा वडावासीहरू रहेको बताउनुहुँदै वर्षाको समय नजिकिएसँगै निर्माण सामग्रीहरूलाई सुरक्षित र व्यवस्थित गर्नेतर्फ जोड दिनुभयो ।

कन्जर्भेसन आर्किटेक्ट इ. **सुदर्शनराज तिवारी** र विज्ञ इन्जिनियर **प्रेमनाथ मास्के**ले पुजारी मठ पुन:निर्माणको

सन्दर्भमा माटो जोडाइबाटै हुनुपर्नेमा आफूहरू सहमत भएको बताउनुहुँदै पुनःनिर्माणको समयमा प्रयोग हुने माटो र इँटाको गुणस्तरमा पनि सम्बन्धित सरोकारवालाहरूले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरका प्रमुख **अरूणा नकर्मी**ले विज्ञहरूको राय–सुझावअनुसार मठ पुनःनिर्माण कार्य अगाडि बढाउनु उपयुक्त हुने धारणा राख्नुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालय परियोजना प्रमुख एवम् सङ्ग्रहालय प्रमुख **जयन्ती श्रेष्ठ** प्रधानले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।



कार्यक्रममा पुरातत्त्व विभागका स्ट्रक्चरल इन्जिनियर **पुरुषोत्तम डंगोल**ले पुजारी मठ र कला सङ्ग्रहालयको अवस्थाबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा पुरातत्त्व विभागका इ. **विनिता भण्डारी**, ख्वप इन्जिनियरिङ कलेजका प्राध्यापक **चन्द्रकिरण कवां**, निर्माण व्यवसायी प्रतिनिधिलगायतले बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा भक्तपुर दरबार क्षेत्रमा अवस्थित **न्हयकं झ्यः दरबार** र **लाल बैठक** संरक्षणबारे पनि छलफल भएको थियो । छलफलमा लाल बैठकको संरक्षणका विभिन्न विकल्पहरूबारे सहभागीहरूले विचार प्रस्तुत गर्नुभएको थियो ।

## ‘राजनीतिक लडाइँ शोषक र शोषित वर्गबिच हुने गर्छ’




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा नेपाल कर्मचारी समाजको तेस्रो राष्ट्रिय सम्मेलन फागुन २६ गते भक्तपुरमा सम्पन्न भयो ।

सम्मेलनको उद्घाटन गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले राजनीतिक लडाइँ शोषक र शोषित वर्गबिच हुने गर्छ भन्नुभयो ।

उहाँले प्रहरी, सैनिक, गुप्तचर विभाग र कर्मचारीतन्त्र शासनयन्त्रको अङ्ग भएको बताउनुभयो ।

‘शोषकवर्गले आफूले उपभोग गरिरहेको सुख सयल गुम्न नदिन राजनीति गर्छ, तर कामदारवर्गले शोषणरहित समाज स्थापना गर्ने उद्देश्यले राजनीति गर्छ’, उहाँले स्पष्ट पार्नुभयो ।

“कर्मचारीहरूको लागि सरकारले नै आवास तथा कार्यालयमै खानाको व्यवस्था गर्ने सोच ल्याउनु आवश्यक छ । सार्वजनिक यातायातको अव्यवस्था र निजी सवारी साधनको चापले ट्राफिक व्यवस्थापनमा समस्या आइरहेकोले कार्यालय समय फरक फरक गर्नुपर्छ’, अध्यक्ष रोहितले भन्नुभयो ।

शासक पार्टीका नेताहरूमा राजनीति गर्नुको उद्देश्य नै धन कमाउनु हो भन्ने गलत बुझाइ रहेको उहाँले बताउनुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, ‘जनतालाई इमानदार बनाउन हामीले वैचारिक सङ्घर्ष गर्नैपर्छ । हामी आलोचना र आत्मालोचना गर्नबाट भाग्नु हुँदैन । परिवर्तन सम्भव छ; तर बहुमत जनता राजनीतिकरूपमा सचेत र सङ्गठित भएमा परिवर्तन गर्न धेरै समय लाग्नेछैन ।’

असल नेतृत्वकै कारण चीन विश्वको महाशक्ति बन्न सफल भएको उदाहरण दिनुहुँदै उहाँले भन्नुभयो, ‘हामीले संसारको इतिहासबारे तुलनात्मक अध्ययन गर्नु आवश्यक छ । सशस्त्र सङ्घर्षको परिणाम आज चिनियाँ जनता गरिबीबाट मुक्त भएका छन् भने शान्तिपूर्वक आन्दोलन गर्दाको परिणाम आज भारतमा गरिबी बढ्दो छ ।’

कर्मचारीहरू सुसंस्कृत र व्यवहारिक हुनुका साथै ऐन कानुनबारे जानकार हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले जस्तोसुकै जिम्मेवारी आई परे पनि जिम्मेवारी सम्हाल्न तयार भएर बस्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद **सृजना सैंजू**ले कर्मचारीहरू सचेत र इमानदार भए देश नबिग्रने, सरकार कर्मचारीकै भरमा कार्य क्षेत्रमा उत्रने भएकोले कर्मचारीहरू इमानदार हुनु आवश्यक छ भन्नुहुँदै कर्मचारी इमानदार भएमात्र देश अगाडि बढ्ने उल्लेख गर्नुभयो ।

देशको स्थिति भद्रगोल हुनुमा उच्चपदस्थ कर्मचारीहरू पनि उत्तिकै दोषी रहेको चर्चा गर्नुहुँदै उहाँले नेपाल कर्मचारी समाजका सदस्यहरू यसतर्फ सचेत हुनु आवश्यक भएको बताउनुभयो ।

संयमित, इमानदार र इच्छाशक्ति भएका कर्मचारीकै कारण आज छिमेकी चीनले हरेक क्षेत्रमा संसारलाई नेतृत्व दिइरहेको छ भन्नुहुँदै केन्द्रीय सदस्य सैंजूले चीनबाट सिक्न जरुरी रहेको बताउनुभयो ।

भ्रष्टाचारको सवालमा 'फिङ्गा र बाघलाई पनि नछोड्ने' चिनियाँ राष्ट्रपति सी चिनफिङको भनाइ स्मरण गर्नुहुँदै उहाँले भ्रष्टाचार नियन्त्रणसम्बन्धी चिनियाँ नीतिबाट नेपालले सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उत्पादनबिना कुनै पनि देश समृद्ध हुन नसकिने स्पष्ट पार्नुहुँदै उहाँले सानोतिनो नै किन नहोस् देशमै आफ्नै उत्पादन गर्ने वातावरण तयार गर्नुपर्ने बताउनुभयो ।

स्रष्टा समाजका अध्यक्ष **लक्ष्मणराज जोशी**ले नेपाल कर्मचारी समाजमा आबद्ध कर्मचारीहरूले सच्चा राष्ट्र सेवकको कर्तव्य र दायित्व अझ प्रभावकारीरूपमा निर्वाह गर्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, 'हाम्रा साथीहरूमा भएको सचेततालाई अझ सबल बनाउन, इमानदारीलाई अझै सशक्त बनाउन, कर्तव्य र दायित्व निर्वाहमा अझ उत्कृष्टता ल्याउन, सेवाग्राहीहरूको आँखामा राख्दा नबिझाउनेमात्र होइन शीतलता प्रदान गर्नमा अझ सक्षम बनाउन नेपाल कर्मचारी समाजको गतिविधि निरन्तर चलिरहोस् शुभकामना छ ।'

कार्यक्रमका सभापति एवं नेपाल कर्मचारी समाज तेस्रो राष्ट्रिय सम्मेलन तयारी समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले राजनीति गर्नु बेइमानी गर्नको लागि नभई सबैलाई राम्रो बनाउनको लागि हो भन्नुभयो ।

कर्मचारी पनि कामदारवर्गभित्र पर्ने स्पष्ट पार्नुहुँदै उहाँले नेपाल कर्मचारी समाज कर्मचारीको हक, हित एवं व्यक्तित्व विकासमा जोड दिन्छ तर, ट्रेड युनियनवादको पक्षमा नरहेको स्पष्ट पार्नुभयो ।

सम्मेलनको उद्घाटन सत्रमा प्रमुख अतिथि बिजुक्छेँले नेपाल कर्मचारी समाजको मुखपत्र 'सन्देश' बुलेटिन -४, अङ्क ४ सार्वजनिक गर्नुभयो ।

शनिबारै सम्पन्न बन्द सत्रको पहिलो बैठकले समाजका सचिव शिवराम धुख्वाले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ । विधान संशोधन समितिका सदस्य काजीबहादुर पञ्चले विधान संशोधन गर्ने प्रस्ताव पेस गर्नुभएको थियो ।

बन्द सत्रको दोस्रो बसाइमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालको समसामयिक राजनीति, तीन तहको सरकार र कर्मचारीतन्त्र विषयमा र नेपाल प्राध्यापक समाजका सहसचिव **सुजन माक**ले फासीवाद, नाजीवाद र मोदी फासीवाद विषयमा प्रशिक्षण दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**को अध्यक्षतामा रहेको अध्यक्षमण्डलले गौतमप्रसाद लासिवाको अध्यक्षतामा नेपाल कर्मचारी समाजको १५ केन्द्रीय समिति सर्वसम्मतबाट चयन गरेको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल र नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले पनि बोल्नुभएको थियो ।

## जेसीजमा शिक्षासेवीहरू वैद्य र ग्वंग सम्मानित



जेसीज माध्यमिक विद्यालयको ४५ औँ वार्षिकोत्सवको अवसरमा पुरस्कार वितरण, सांस्कृतिक कार्यक्रम, स्थानीय पाठ्यक्रम ख्वपको पहिचानअन्तर्गत विशिष्ट व्यक्तित्वहरूको सम्मान तथा अन्तरक्रिया कार्यक्रम फाल्गुन २७ गते भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' मा समेटिएका विशिष्ट व्यक्तित्वहरू त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायका पूर्वडीन **पृथुचरण वैद्य** र स्थानीय मन्त्रालयका सहसचिव, संस्कृतिविद् एवम् विद्यालयका पूर्वप्रिन्सिपल **तेजेश्वर बाबु ग्वंग**लाई विशेष सम्मान गर्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **के.पी. अवाल**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडाध्यक्ष **हरिप्रसाद बासुकला,** भक्तपुर जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष **दीपक थापा**, विद्यालय व्यवस्थापन समितिका सदस्य प्रा.डा. **अरविन्द्रलाल भोमी**, विद्यालयका प्रिन्सिपल **जयराम गोर्खाली**लगायतले बोल्नुभएको थियो ।

विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रमहरू देखाइएको उक्त

कार्यक्रममा गत फागुन १९ गते सम्पन्न उपत्यकाव्यापी विद्यालयस्तरीय ५ कि.मि. दौड प्रतियोगिताका विजयी विद्यार्थीलाई पुरस्कार पनि वितरण गरिएको थियो।

## किताबी ज्ञानसँगसँगै असल संस्कार र व्यवहार पनि सिकाउनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै असल संस्कार र व्यवहार पनि सिकाउनुपर्ने धारणा राख्नुभएको छ।

हिमालयन इङ्ग्लिस सेकेन्डरी स्कुलको वार्षिक कार्यक्रम तथा एसईई उत्तीर्ण विद्यार्थीहरूको बिदाई गर्न चैत ३ गते आयोजित कार्यक्रममा उहाँले विद्यालयहरूले आयोजना गर्ने अतिरिक्त क्रियाकलापका गतिविधिले विद्यार्थीहरूमा रहेको प्रतिभा प्रस्फुटन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

भक्तपुर नपाले यहाँको शिक्षा, स्वास्थ्य, खेलकुद, सम्पदा संरक्षणलगायतका क्षेत्रमा उल्लेखनीय कार्यहरू गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूलाई यहाँको कला, संस्कृति, भाषा, संस्कार आदि सिकाउन विद्यालयहरूमा स्थानीय पाठ्यक्रममार्फत अध्ययन अध्यापन गराउँदै आइरहेको चर्चा गर्नुभयो। उहाँले नगरवासी विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुभयो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले एसईई २०७६ र २०७७ मा उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

## आधारभूत विद्यालयको रजत जयन्तीमा अवकाश प्राप्त शिक्षकहरूलाई सम्मान

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरका जनशक्तिलाई दक्ष र सीपयुक्त बनाउन विभिन्न तालिम सञ्चालन गर्दै आइरहेको उल्लेख गर्नुहुँदै प्रत्येक युवाहरूलाई विश्वविद्यालयको सर्टिफिकेटसँगै सीपमूलक ज्ञान दिने प्रयास गर्दै आएको बताउनुभयो।




आधारभूत विद्यालय समिति भक्तपुरको २५ औँ वार्षिकोत्सव (रजत जयन्ती २०८०) को अवसरमा चैत २ गते आयोजित कार्यक्रममा बुलेटिन विमोचन तथा शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरका विद्यार्थीहरूलाई स्थानीय विषयमा अध्ययन अध्यापन गराउँदै आइरहेको बताउनुभयो।

भक्तपुर नपाले युवाहरूलाई रु.५ लाखसम्मको उद्यमशीलता ऋणको व्यवस्था गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नपाले शिक्षासँगसँगै व्यवहारिक र सीपमूलक तालिमलाई जोड दिँदै आएको बताउनुभयो।

आधारभूत विद्यालयलाई राम्रो बनाउन विद्यालयको आवश्यकताअनुसारको भौतिक विकासको लागि आर्थिक सहयोग गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपा शिक्षामा धेरै लगानी गरेको नगरपालिका हो भन्नुभयो।

आधारभूत विद्यालय समितिका अध्यक्ष **दीपक माक**ले समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा समितिले विद्यार्थीको रुचि र चाहनाअनुसारका गतिविधिहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो।

नगर शिक्षा शाखा भक्तपुरका प्रमुख **साधुराम फुयाल**ले भक्तपुरको शिक्षा विकासमा आधारभूत विद्यालयको उल्लेखनीय भूमिका रहेको स्पष्ट पार्नुहुँदै भक्तपुरको शिक्षा प्रगतिउन्मुख हुँदै गइरहेको बताउनुभयो।

शिक्षा विकास तथा समन्वय एकाइ समितिका कल्पना ज्ञवालीले भक्तपुरले शिक्षा रूपान्तरणमा धेरै फड्को मारिसकेको बताउनुहुँदै विद्यार्थीहरूलाई श्रम गर्न र श्रमको सम्मान गर्न सिकाउनुपर्छ भन्नुभयो।

उक्त कार्यक्रममा आधारभूत विद्यालय समितिका सञ्चालक सदस्य **पुष्पलाल सुजखू**, शिक्षक प्रतिनिधि **नरेन्द्रप्रसाद जोशी**, समितिका उपाध्यक्ष **तीर्थलक्ष्मी धन्छा** र समितिका सदस्य **सूर्यबहादुर फौंजु**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले अवकाश प्राप्त

शिक्षकहरूलाई दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो। आधारभूत विद्यालय समितिको रजत जयन्तीको अवसरमा आयोजित अतिरिक्त क्रियाकलापका विजयी विद्यार्थी र विद्यालयहरूलाई मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

## नेक्राकिसङ्घद्वारा न्याइच्याईको स्मृति सभा



नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा नेमकिपाका केन्द्रीय सल्लाहकार, नेक्राकिसङ्घका केन्द्रीय सदस्य एवम् पूर्व नगरप्रमुख ज्ञानबहादुर न्याइच्याईको १३ औँ स्मृतिसभा चैत १२ गते सम्पन्न भयो।

सभामा नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले नयाँ पुस्तालाई क्रान्तिकारी बनाउनु जरूरी रहेको चर्चा गर्नुहुँदै नयाँ पुस्ता क्रान्तिकारी नभएमा प्रतिकृयावादीहरूले देश र जनतालाई थप दुःख दिनेछन् भन्नुभयो।

उहाँले भन्नुभयो, 'धन सम्पत्ति सबथोक होइन। नेपालका खर्बपति भनिने विनोद चौधरीले सरकारी जग्गा १० रोपनी कब्जा गरे। यो खर्बपतिलाई २०६४ सालमा एमालेले र २०७४ र २०७९ मा नेकाले प्रतिनिधिसभाको सांसद बनाए।'

इमानदार र परिश्रमीको कमाइ हुने भए संसारमा मजदुर र किसानहरू नै धनी हुनुपर्ने थियो। तर, नेपालमा ठगहरू र कालो बजारियाहरू धनी भए। यस्ता ठगहरूले नै राजा र प्रजाको कित्ता बनाए, उहाँले भन्नुभयो।

पशुपंछी आमाको गर्भबाट एकपल्टमात्र जन्मन्छ। मानिस दुईपल्ट जन्मिन्छन्। पहिलो, आमाको गर्भबाट जन्म हुन्छ भने दोस्रो संस्कृति वा समाजबाट जन्म हुन्छ। मानिस स्वभावले खराब हुँदैन। वरिपरिका स्वार्थी तत्त्वले मानिसलाई प्रतिकृयावादी र खराब बनाउँछ, सचिव सुवालले स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, 'माहिलामाथि दुर्व्यवहार नहुने, सुत्केरी अलपत्र नहुने, चोरी-ठगी नहुने, आत्महत्या र सम्बन्ध विच्छेदसमेत नहुने उदाहरण पहिलो समाजवादी देश रूस थियो। रूसमा पुँजीवाद पुनःस्थापना भएपछि सडकमा माग्ने, बेरोजगारी, धनी-गरिबसमेत देखापऱ्यो।'

'हामी मानव जीवन विचारहीन भएर बिताउनुहुँदैन। चुनावमा पैसा, सामान र भोजको पछि लागेर शासक दलहरूमध्ये कहिले एउटालाई कहिले अर्कोलाई मत माग्ने कार्यकर्ताहरू तिहुन चखुवाजस्तै हुन्। नयाँ पुस्तालाई स्पष्ट र दृढ विचार लिने सचेत नागरिक बनाउनु अहिलेको आवश्यकता हो', सचिव सुवालले बताउनुभयो।

नेमकिपा भजिसका सदस्य **नारायणबहादुर दुवाल**ले पार्टी निर्देशनअनुसार देश र जनताको हितमा निःस्वार्थ सेवा गर्ने भावना भएका ज्ञानबहादुर दाइबाट सिकेर नयाँ पुस्ता अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो।

उहाँले भन्नुभयो, 'धेरै पढेरमात्र निःस्वार्थरूपले देश र जनताको सेवा गर्नसक्छ भन्ने होइन। किताबी ज्ञानको साथै व्यवहारिक सामाजिक मूल्य र मान्यताबारे जानकारी हुनुपर्छ।'

नेक्राकिसङ्घका केन्द्रीय सचिव **हरिराम सुवाल**ले नयाँ पुस्तालाई समाज सेवा गर्ने भावना जागृत गराई अगाडि बढाउन सके योग्य र सक्षम भावी पुस्ता तयार हुनेछ भन्नुभयो।

आयोजक समितिका अध्यक्ष **गोविन्द दुवाल**को सभापतित्वमा भएको उक्त कार्यक्रममा **उपेन्द्र सुवाल, केशवप्रसाद तिमिल्सिना** र **गंगाराम ज्याख्व**ले ज्ञानबहादुर दाइको योगदानबारे बोल्नुभएको थियो।

## प्रा.डा. मल्ल लिखित 'सफल शिक्षणको लागि सरल शिक्षण नमुना' पुस्तक विमोचन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सेवा निवृत्त शिक्षक समाज भक्तपुरद्वारा प्रकाशित प्रा.डा. सर्वज्ञभक्त

मल्लको 'सफल शिक्षणका लागि सरल शिक्षण नमुना' पुस्तक (दोस्रो संस्करण) को चैत १२ गते एक कार्यक्रमबीच सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले अवकाश प्राप्त शिक्षकहरूसँग धेरै अनुभव हुने र ती अनुभव र ज्ञान नयाँ पुस्ताका लागि अमूल्य सम्पत्ति भएको हुँदा त्यसको संरक्षण गर्नु आफैमा उल्लेखनीय काम भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'प्राध्यापकहरू अनुभवका धनी हुन्छन् । जीवन भोगाइका अनुभवहरू झूटो हुन सक्दैन । सेवा निवृत्त शिक्षकहरूको अनुभवले नयाँ पुस्तालाई धेरै राम्रो शिक्षा प्रदान गर्छ ।'

भक्तपुरका सबै विद्यालयहरूको शैक्षिक गुणस्तरमा एकरूपता ल्याउन नगरपालिकाले समय समयमा शिक्षक तालिम, विज्ञ समूहद्वारा विद्यालय अनुगमन र त्यसको सिफारिसअनुसार विद्यालयहरूलाई आर्थिक अनुदान दिने व्यवस्था गर्दै आएको सोही क्रममा उहाँले बताउनुभयो ।

अहिले विद्यालयमा अध्यापनरत शिक्षकहरू तालिम प्राप्त रहेको र विगतको तुलनामा विद्यालयको भौतिक पूर्वाधारहरू पनि सुधार भइसकेको बताउनुहुँदै उहाँले भक्तपुरका अधिकांश सामुदायिक विद्यालयहरूमा शिक्षण सामग्रीहरूको पनि व्यवस्थापन राम्रो रहेको उल्लेख गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरका सामुदायिक र संस्थागत विद्यालयहरूको गुणस्तरमा समानता ल्याउने गतिविधि संयुक्त रूपमा सञ्चालन गर्दै आइरहेको प्रष्ट पार्नुभयो ।

पुस्तकका लेखक एवम् शिक्षाविद् प्रा.डा. **सर्वज्ञभक्त मल्ल**ले पाँच दशक शिक्षण सेवामा आबद्ध हुँदाका आफ्ना अनुभव सुनाउनुहुँदै शिक्षकहरू शिक्षण प्रक्रियामा परिपक्व भए मात्र शिक्षामा गुणात्मक विकास हुने धारणा राख्नुभयो ।

पुस्तकको पहिलो संस्करण वि.सं. २०३४ सालमा प्रकाशित भएको बताउनुहुँदै उहाँले आफूले करिब ५१ वर्ष अगाडि पढेको र सिकेको शैक्षिक अनुभव र ज्ञानबाट नयाँ पुस्तालाई प्रेरणा मिल्नेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् सेवा निवृत्त शिक्षक समाज भक्तपुरका अध्यक्ष **अम्बिकामान मानन्धर**ले पुस्तक प्रकाशन गर्ने अवसर प्राप्त भएकोमा लेखकप्रति समाजको तर्फबाट आभार प्रकट गर्नुभयो ।

कार्यक्रममा 'सेवा निवृत्त शिक्षक समाज' भक्तपुरका प्रधान सम्पादक **ज्ञानसागर प्रजापति**, सदस्य **धिरेन्द्रबहादुर कायस्थ**, कोषाध्यक्ष **विश्वराम कवां** र **तुल्सीराम ग्वाछा**ले पनि बोल्नुभएको थियो ।

## कमलपोखरीको मुद्दा फेरि स्थगित

काठमाडौँ थँवही (ठमेल) स्थित ऐतिहासिक भगवान वहाल विक्रमशील महाविहारसँग सम्बन्धित कमलपोखरी पुरेर बनाइएको छायादेवी कम्प्लेक्सविरुद्धको सर्वोच्च अदालतमा विचाराधीन मुद्दा फागुन २० गते पेशी चढे तापनि पुनः सुनुवाइ स्थगित भएको छ । गत माघ २० गते पेशी चढी बहस सुरु भएको मुद्दाको सुनुवाइमा वादी पक्षका एक दर्जन बढी कानुन व्यवसायीहरूले बहस गरिसके तापनि अझै बहस बाँकी रहेकोले सर्वोच्चले हदहिँदैमा राखेको थियो ।

माननीय न्यायाधीशहरू प्रकाशकुमार राउत र कुमार चुडालको संयुक्त इजलासमा सुनुवाइ भइरहेको मुद्दा २०७२ सालमा सर्वोच्चले दोहोऱ्याइ पाउने निशा प्रदान गरेदेखि चलिरहेको छ । सार्वजनिक पोखरी मिचिएकोविरुद्ध सम्पदा संरक्षणका अभियन्ता भागवतनरसिंह प्रधान, राजवीर डंगोललगायतले फिराद दर्ता गराउनुभएको थियो ।

## बाँसबारी छालाजुत्ता कारखानाको हडपिएको १० रोपनी जग्गा फिर्ता



लिखत किर्ते र ठगी मुद्दाअन्तर्गत अनुसन्धान भइरहेको उक्त जग्गा सरकारले आफ्नो नाममा ल्याए पनि प्रहरीको अनुसन्धान भने नरोकिने भएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जग्गा हिनामिनाको अनुसन्धान गरिरहेको छ । यसमा उद्योगपति तथा सांसद विनोद चौधरी तथा भाइहरू वसन्त र अरूण जोडिएका छन् ।

चौधरी ग्रुपले हडपेको बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडको १० रोपनी जग्गा ४२ वर्षपछि सरकारले आफ्नो नाममा फिर्ता ल्याएको छ ।

डिल्लीबजार मालपोत कार्यालयले मालपोत ऐन, २०३४ को दफा २४ प्रयोग गरेर जग्गा सरकारका नाममा कायम गर्ने निर्णय गरेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले बताए । सो दफामा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने व्यवस्था छ ।

यही व्यवस्थामा टेकेर कमलपोखरीको जग्गा हडपेर बनाइएको छायादेवी कम्प्लेक्स विषयमा मालपोत कार्यालयले जग्गा सरकारी कायम किन नगरेको हो भन्ने सर्वत्र जिज्ञासा र प्रश्न उठेको छ ।

## पर्यटन प्रवर्द्धन रणनीति र कार्य योजना तर्जुमा सम्बन्धी तालिम तथा कार्यशाला गोष्ठी

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र विकास परियोजना (UNDP) को संयुक्त आयोजनामा स्थानीय सरकारको पर्यटन प्रवर्द्धन रणनीति र कार्य योजना तर्जुमा सम्बन्धी तालिम तथा कार्यशाला गोष्ठी चितवनको सौराहामा सञ्चालन भएको छ ।

३८ ओटा पालिकाहरूको सहभागिता रहेको उक्त तालिम तथा कार्यशाला गोष्ठीमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव **गोबिन्दबहादुर कार्की**ले तीन तहको सरकार भइसक्दा पनि सङ्घीय, प्रदेश र स्थानीय तहबीच राम्रो समन्वय हुन नसक्दा पर्यटन क्षेत्रमा पनि प्रभावकारी सफलता हासिल हुन नसकेको बताउनुभयो ।

तालिम सहजकर्ता **रमेशकुमार अधिकारी**ले सङ्घीयता ब्यवहारमा स्थानीय तहको अधिकारलाई सङ्कुचित गर्दै गएको बताउनु भयो ।

कार्यशाला गाष्ठीमा भक्तपुर नगरपालिकाबारे प्रस्तुति गर्दै सहायक निर्देशक **गौतमप्रसाद लासिवा**ले भक्तपुर नगरपालिकाले पर्यटनको आम्दानीले नगरको सरसफाइ, कला संस्कृति र सम्पदाको संरक्षणका साथै शिक्षा र स्वास्थ्य मार्फत नयाँ पुस्ता र देशका जनतालाई सेवा प्रदान गर्दै आएको बताउनु भयो । उहाँले देशलाई उपनिवेश बनाउने जस्ता स्वार्थले प्रेरित के. एफ. डब्लु.को सशर्त सहयोग भक्तपुर नगरपालिकाले स्वीकार नगरेको र स्थानीय जनताको सहयोगबाट पुनः निर्माण तथा मर्मत कार्य नब्बे प्रतिशत भएको बताउनु भयो ।

कार्याशाला गोष्ठीमा नेपाल पर्यटन बोर्डका **रोहिणी खनाल**ले पर्यटन सम्बन्धी बजारीकरण र ब्राण्डिङले अन्तराष्ट्रिय क्षेत्रमा पर्यटन बजार प्राप्त गर्न सकिने बताउनु भयो ।

त्यस्तै तानका सिइओ **रामप्रसाद सेडाई**, यु.एन. डि. पी.का **धर्मराज दवाडी** र **कल्पना सरेकार,** नेपाल पर्यटन बोर्डका प्रचार शाखाका **टिपी भूषाल** र **नारद बास्तोला**ले संचार र प्रविधिको आवश्यकताबारे बताउनुभयो ।

कार्यशाला गोष्ठीका प्रस्तुतकर्ताहरू र भीमेश्वर नगरपालिकाका प्रमुख इन्द्रबहादुर मानन्धरलाई भक्तपुर नगरपालिका वडा नं ८ का वडा अध्यक्ष एवं वातावरण तथा पर्यटन समितिका सदस्य कृष्णप्रसाद कोजुले भक्तपुर नगरपालिकाको प्रकाशनहरू प्रदान गर्नु भएको थियो ।



## भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरू सम्मानित




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरूलाई चैत १६ गते एक कार्यक्रमबिच कदरपत्रका साथ सम्मान गर्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियन भक्तपुर नगरपालिका समितिको आयोजनामा भएको उक्त कार्यक्रममा कर्मचारीहरूलाई मार्गनिर्देश गर्नुहुँदै अध्यक्ष **बिजुक्छेँ**ले संस्थाको हितविपरीत संस्थालाई नोक्सान हुने काम गर्नेलाई दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने बताउनुहुँदै उहाँले जनताले सरकारलाई तिर्नुपर्ने कर समयमै तिरी आफ्नो कर्तव्य पूरा गर्नुपर्छ भन्नुभयो ।

अवकाश प्राप्त कर्मचारीहरूले अवकाश पछिका जीवनलाई



पनि क्रियाशील ढङ्गले सामाजिक गतिविधिहरूमा लाग्न प्रेरित गर्नुहुँदै उहाँले कर्मचारीहरूले सचेत भएर काम गरेन भने संस्थालाई नकारात्मक असर पुग्नेप्रति सचेत हुनुपर्छ भन्नुभयो।

भक्तपुर देशकै सानो जिल्ला भएकोले भक्तपुरलाई टेस्ट ट्युबको रूपमा विकास गर्न सकिने विचार व्यक्त गर्नुहुँदै उहाँले भक्तपुरको विकासलाई अझ परिष्कृत ढङ्गले अगाडि बढाउन आवश्यक भएको बताउनुभयो।

सहकारी संस्थाहरूले सहकारीको भावना र मर्मअनुसार काम नगरेको हुँदा अहिले धेरै जनता सहकारीबाट पीडित भएको बताउनुहुँदै उहाँले जनतामाझ सहकारी शिक्षाबारे पनि कक्षा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारीहरू राम्रा भए जनताले सहज सेवा पाउने बताउनुहुँदै संस्थालाई गलत दिशामा लानबाट रोक्न कर्मचारीको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो।



कर्मचारीहरू राजनीतिक प्राणी पनि भएको हुँदा देशमा भइरहेको विभिन्न राजनैतिक गतिविधिबारे जानकारी राख्नु आवश्यक भएको बताउनुहुँदै उहाँले कर्मचारीहरूले नेतृत्वसँग समन्वय गरी जनप्रतिनिधिको नीति र निर्देशन राम्रोसँग पालना गरी काम गरे संस्था व्यवस्थित ढङ्गले अगाडि बढ्ने बताउनुभयो।



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त सहकार्य र हातेमालोले गर्दा भक्तपुर देशकै नमुना नगरको रूपमा परिचित बनेको बताउनुहुँदै जनताको भावना बुझेर काम गर्न कर्मचारीहरूलाई मार्गनिर्देश गर्नुभयो।

त्यस्तै नेपाल नगरपालिका कर्मचारी एशोसियन भक्तपुर नगरपालिका समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले राजनीतिक रूपले सचेत कर्मचारीले मात्रै देश र जनताको हितमा काम हुने बताउनुहुँदै कर्मचारीहरूले अध्ययनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो। भ्रष्ट कर्मचारीहरूलाई संरक्षण गर्ने काम शासकहरूबाटै हुँदै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले सङ्घीयताको सफल अभ्यास गरिरहेको बताउनुभयो।



भक्तपुर नपाका प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले ३० वर्ष आफ्नो कार्यकालको अनुभव सुनाउनुहुँदै कर्मचारीहरूलाई देश र जनताप्रति दत्तचित्त भएर काम गर्न प्रेरित गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका १५ जना र सेवा निवृत्त ८ गरी २३ जना कर्मचारीलाई प्रमुख अतिथि बिजुक्छेँले कदरपत्र र नगर प्रमुख प्रजापतिले पुष्प गुच्छाका साथ सम्मान गर्नुभएको थियो।

कार्यक्रममा कर्मचारी एशोसिएनका **विकास प्रजापति**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने **राजेश दिष्टि**ले पनि बोल्नुभएको थियो।



# देशको उद्योग तथा व्यापार बलियो बनाउन घरेलु तथा साना उद्योगलाई बलियो बनाउनुपर्ने




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा भएको 'संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घरेलु उत्पादन मेला २०८०' को चैत १६ गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो।

नःपुखु परिसरमा सञ्चालित दुईदिने घरेलु उत्पादन मेलाको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि **सुवाल**ले मेला सफलताको शुभकामना दिनुहुँदै नेपालले विदेशी पर्यटनमा मात्र भर पर्न नहुने, आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो – 'देशको उद्योग तथा व्यापारलाई बलियो बनाउन घरेलु तथा साना उद्योगलाई बलियो बनाउनुपर्छ र देशलाई आत्मनिर्भरताको बाटोमा डोऱ्याउनुपर्छ।'

नेपालको प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको रूपमा रहेको जलमार्ग, पदमार्ग र हवाई मार्ग ध्वस्त बनाउने काम हुँदा पर्यटन प्रवर्द्धनमा समेत बाधा पुगिरहेको बताउनुहुँदै उहाँले सरकारी र सार्वजनिक सम्पत्ति व्यक्तिको नाममा कब्जा हुँदा समेत त्यस्तो विषयमा कारबाही हुन नसक्नुमा सरकार नै दोषी रहेको बताउनुभयो।

सरकारको नाममा दर्ता भएको जग्गा सरकारकै मातहतमा हुनुपर्ने बताउनुहुँदै उहाँले नेपालका उच्च ओहोदामा बस्नेहरूले देशको विषयमा सोचेर मात्र देशको पक्षमा आवश्यक निर्णय लिनुपर्ने बताउनुभयो। व्यक्तिवादी सोच र स्वार्थी भावनाले काम गर्दा देशको स्वाभिमानमा आँच पुग्ने काम भइरहेको बताउनुहुँदै उहाँले घरलु तथा साना उद्योग प्रवर्द्धनमा सरकारकै कृषि क्षेत्रको विकास हुन नसक्दा नेपाल आर्थिक रूपले झन् झन् कमजोर हुँदै गइरहेको बताउनुभयो। उहाँले नेपालको सुरक्षा मामिला भारतमा निर्भर हुँदा नेपाल आर्थिक र राजनीतिक रूपमा भारतनिर्भर हुँदै गइरहेकोतर्फ सबै सचेत हुनुपर्ने बताउनुभयो।

कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले घरेलु मेला आयोजनाले घरेलु उत्पादनबारे प्रचारप्रसार हुनुका साथै व्यापार प्रवर्द्धनमा समेत मद्दत पुग्ने बताउनुहुँदै भक्तपुरको जुजु धौ, भादगाउँले टोपी, हाकुपटासी, टाइचिन च्युराजस्ता वस्तुहरू विश्व बजारमा पुऱ्याउन सके त्यसले देशको आर्थिक विकासमा मद्दत पुग्ने बताउनुभयो।

हरेक वस्तु विदेशी उत्पादनमा भर पर्दा नेपालको उत्पादन घट्नुका साथै बेरोजगारीको समस्या पनि बढ्दै गइरहेको बताउनुहुँदै उहाँले घरेलु उत्पादनहरूलाई नेपालमा मात्र नभई विदेशी बजारसम्म पुऱ्याउने वातावरण सिर्जना गर्न सके विदेशी मुद्रा आर्जन गर्न टेवा पुग्ने बताउनुभयो।

युवाहरूलाई उद्यमशील बनाउने नीतिअनुरूप भक्तपुर नपाले युवा उद्यमशीलता ऋणसम्बन्धी कार्याविधि नगरसभाबाट पारित भइसकेको अवगत गराउनुहुँदै स्वदेशी वस्तु उपभोगमा जोड दिनुपर्नेमा जोड दिनुभयो।



भक्तपुरका प्रजिअ रोशनीकुमारी श्रेष्ठले महिलालक्षित वित्तीय साक्षरता र उद्यमशीलताबारे प्रशिक्षण आवश्यक भएको बताउनुहुँदै यस किसिमका मेलाहरूमा उपत्यकाभित्र रहेका लोप हुन लागेका मौलिक कला संस्कृतिको प्रवर्द्धनमा पनि अग्रसरता लिनुपर्ने बताउनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **प्रेमकृष्ण खर्बुजा**ले मेला आयोजनाको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै स्थानीय सरकारले ससाना उद्योग बचाउन बजेटको व्यवस्था गरी संरक्षण गर्ने नीति लिनुपर्ने बताउनुभयो। भक्तपुर नपामा कोसेली घर निर्माणको खाँचो रहेको औँल्याउनुहुँदै भक्तपुरका मौलिक र स्थानीय सामग्री प्रवर्द्धनमा स्थानीय तहको अग्रसरता महत्त्वपूर्ण हुने बताउनुभयो।

कार्यक्रममा पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष **जगत प्रजापति**, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका पूर्व अध्यक्ष **चन्दनकृष्ण बाडे**, उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख **आशिष दाहाल** र भक्तपुर पर्यटन विकास समितिका सचिव **दिपेश वैंजु**ले पनि मेला आयोजनाको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभयो।

संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घरेलु उत्पादन मेला २०८० उद्योग तथा वाणिज्य कार्यालयको सहकार्य तथा भक्तपुर पर्यटन विकास समितिको संयोजनमा भएको हो। मेला चैत्र १६ र १७ गते बिहान १० बजेदेखि साँझ ६ बजेसम्म नःपुखु परिसरमा गरिने र प्रवेश शुल्क निःशुल्क गरिएको आयोजकले जनाएको छ।

## गाजा युद्ध 'सभ्यताको अपमान' : चिनियाँ विदेशमन्त्री



चीनका विदेशमन्त्री वाङ यीले गाजामा भइरहेको इजरायली सैन्य कारबाही (युद्ध) लाई 'मानव सभ्यताको अपमान' भन्दै तत्काल युद्धविरामका लागि बेइजिङको आह्वान दोहोऱ्याएका छन्।

'आजको २१ औँ शताब्दीमा यो मानवीय विपत्तिलाई रोक्न सकिँदैन भने यो मानवजातिका लागि त्रासदी र सभ्यताका लागि लज्जाजनक कुरा हो,' वाङले पत्रकारसँगको नियमित भेटमा भने।

चीनले ऐतिहासिक रूपमा प्यालेस्टिनी मुद्दाप्रति सहानुभूति राख्दै आएको छ र इजरायल-प्यालेस्टाइन द्वन्द्वको दुई-राज्य समाधानको समर्थन गर्दै आएको छ।

चीनका राष्ट्रपति सी चिनफिङले द्वन्द्व समाधानका लागि 'अन्तर्राष्ट्रिय शान्ति सम्मेलन' आह्वान गरेका छन्।

वाङले भने, 'द्वन्द्व जारी राख्नुलाई कुनै पनि कारणले न्यायोचित ठहराउन सकिँदैन र मानिसहरूलाई निर्मम तरिकाले मार्नुलाई कुनै पनि बहानामा सही मान्न सकिँदैन। अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविराम र शत्रुता अन्त्यलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ र मानवीय राहतलाई तत्काल नैतिक जिम्मेवारीको रूपमा सुनिश्चित गर्नुपर्दछ।'

बेइजिङका उच्च कूटनीतिज्ञले प्यालेस्टिनी राष्ट्रका लागि संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यतालाई चीनले समर्थन गर्ने बताएका छन्।

'हामी प्यालेस्टाइनलाई संयुक्त राष्ट्रसङ्घको औपचारिक सदस्य बन्न समर्थन गर्छौं', वाङले भने, 'गाजामा भएको विपत्तिले प्यालेस्टाइनी भूमि लामो समयदेखि कब्जा गरिएको तथ्यलाई अब नजरअन्दाज गर्न सकिँदैन भन्ने कुरा एकपटक फेरि विश्वलाई स्मरण भएको छ। प्यालेस्टिनी जनताको स्वतन्त्र राष्ट्र स्थापना गर्ने लामो समयदेखिको चाहनालाई अब पन्छाउन सकिँदैन र प्यालेस्टिनी जनताले भोगेको ऐतिहासिक अन्यायलाई नसच्याइ पुस्तौँसम्म जारी राख्न सकिँदैन।'

रासस, फागुन २४, २०८०

**बसिबियाँलोको उत्तर : २४ ओटा ।**

## सहायताको पर्खाइमा रहेका प्यालेस्टिनीमाथि इजरायली आक्रमण

गाजा सहरको पश्चिम तटीय सडकमा सहायता लिन पर्खिरहेका प्यालेस्टिनीहरूको भेलामा इजरायली सेनाले गरेको बम आक्रमणमा कम्तीमा १५० जनाको मृत्यु भएको प्यालेस्टिनी चिकित्सा स्रोत र प्रत्यक्षदर्शीहरूले बताएका छन्।

इजरायली बमबारीमा कम्तीमा १५० जनाको ज्यान गएको र सयौँ जना घाइते भएको मेडिकल स्रोतले सिन्ह्वालाई बताएको छ।

मृतक र घाइतेहरूलाई अल शिफा अस्पतालमा लगिएको छ। यद्यपि सो अस्पतालमा चिकित्सा उपकरण र चिकित्सकको अभाव रहेको बताइएको छ।

प्रत्यक्षदर्शीहरूले सिन्ह्वालाई बताए अनुसार इजरायली सेनाले गाजा सहरको पश्चिममा अल राशिद स्ट्रिटमा नागरिकहरूको भेलालाई आक्रमणको निशाना बनाएको थियो।

सिन्ह्वा/प्रेस टिभी, फागुन १७

## गाजामा तुरुन्त युद्धविराम गर्नुपर्ने प्रस्ताव बहुमतद्वारा पारित



प्रस्तावको पक्षमा उठेका १४ मत

गाजामा तुरुन्त युद्धविरामको प्रस्ताव संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्बाट अत्यधिक बहुमतले पास भएको छ। १५ सदस्यीय सुरक्षा परिषद्मा गाजामा तुरुन्त युद्धविराम लागु गर्ने प्रस्ताव १४ मतले पारित भएको हो। मतदानमा संरा अमेरिका अनुपस्थित रह्यो। यस अघि अमेरिकाले सुरक्षा परिषद्को तीनओटा प्रस्ताव भिटो लगाएर असफल बनाएको थियो।

गाजा क्षेत्रमा इजरायली आक्रमणबाट चैत १३ गतेसम्म ३२ हजार दुई सय २६ प्यालेस्टिनीको मृत्यु र ७४ हजार पाँच सय १८ जना घाइते भएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ।

गाजाका धेरै क्षेत्र इजरायलले ध्वस्त बनाएपछि १५ लाख जनाभन्दा धेरै प्यालेस्टाइनी शरणको लागि रफाहमा पुगेका छन्। त्यहाँ पनि इजरायलले आक्रमण जारी राखेको छ भने सहायता सामग्री पुऱ्याउन दिएको छैन।

# हाम्रो स्वास्थ्य




## स्तन क्यान्सर के हो ?

- स्तनमा रहेका कोषहरूबाट विकसित हुने यो क्यान्सर पुरुष, महिला दुवैमा हुनसक्छ र शरीरका अरू भागमा पनि फैलन सक्छ ।

## स्तन क्यान्सरको अवस्था के छ ?

- यो क्यान्सर जुनसुकै भूगोल र जातजातिका महिलामा हुनसक्छ । महिलाको जीवनकालमा प्रत्येक ८ मा १ जनामा पाइएको छ ।
- यो क्यान्सर प्रत्येक २ मिनेटमा १ जनामा पत्ता लाग्ने गरेको छ ।
- यो क्यान्सर महिलामा बढी देखिने भए पनि पुरुषमा पनि हुनसक्छ ।
- ४० वर्षभन्दा बढी उमेरका महिलामा म्यामोग्राफी भन्ने जाँच गर्ने हो भने यो क्यान्सरका कारण मृत्यु हुने जोखिमलाई ४० प्रतिशत घटाउन सकिन्छ ।
- यो क्यान्सरलाई समयमै पत्ता लगाउन सकियो भने यसबाट हुने मृत्युको जोखिमलाई ४० प्रतिशत घटाउन सकिन्छ ।
- यो क्यान्सर हुने ७५ प्रतिशतमा न त कुनै वंशानुगत गुण हुन्छ न त अन्य जोखिम नै हुन्छ ।
- यो क्यान्सर छिटो पत्ता लगाउन सकियो भने बाँच्ने सम्भावना ९८ प्रतिशतसम्म हुन्छ तर ढिलो भएमा २७ प्रतिशततिर झरेर जान्छ ।
- ७० प्रतिशत स्तन क्यान्सर ढिलो गरी मात्र पहिचान हुन्छ ।
- ६० प्रतिशत महिलाहरू डिप्रेसनको शिकार भएको पाइन्छ ।
- करिब ६७ प्रतिशत उपचारमा स्तन र काखीमा रहेका लसिका ग्रन्थीलाई निकालेर फालिन्छ ।
- प्यालिएटिभ हेरचाह गर्ने संस्था र प्रविधि कम छ ।
- ४०/४९ वर्षको उमेर समूहमा यो बढी देखिएको छ ।
- फोक्सोको क्यान्सर र पाठेघरको मुखको क्यान्सरपछि स्तन क्यान्सर प्रमुख क्यान्सरको रूपमा देखिन्छ ।
- प्रतिवर्ष करिब २ सय जनाको स्तन क्यान्सरको पहिचान हुने गर्छ । यो प्रत्यक वर्ष ५ प्रतिशतले बढिरहेको छ । तर समुदायमा कैयौँ बिरामी पहिचान नभई बसेका छन् ।

## स्तन क्यान्सरको लक्षण र चिह्नहरु केके हुन सक्छन् ?

- स्तन वा काखीमा दुखाइ दीर्घ रूपमा भइरहेमा,
- स्तनको छालामा परिवर्तन देखिएमा,
- स्तनको आकार र बनावटमा परिवर्तन आएमा,
- स्तनको मुन्टोबाट ननिचोरी तरल पदार्थ आएमा,
- स्तनको मुन्टो भित्रतर्फ गडेमा, यसको आकार र स्थानमा परिवर्तन भएमा,
- स्तनमा गाँठो अनुभव भएमा,
- स्तनको मुन्टो वरिपरिको छाला रातो देखिएमा,
- काखीमा वा घाँटीको छेउछाउ लसिका ग्रन्थी बढेमा ।

## स्तन क्यान्सरको जोखिम कसलाई बढी छ ?

- ढिलो सन्तान जन्माउनेहरू,
- कम उमेरमै महिनावारी सुरु हुने (१२ वर्ष पहिले) र ढिलो उमेरमा महिनावारी सुक्ने (५५ वर्षपछि),
- पहिलो सन्तान ढिलो जन्माउने (३० वर्षपछि),
- स्तनपान कम गराउने,
- बढी चिल्लो बोसोयुक्त खाना खाने,
- चुरोट र अत्यधिक रक्सी सेवन गर्ने
- विकीरणको नजिक रहने ।

## स्तन क्यान्सर सुरुमै पहिचान कसरी गर्ने ?

- स्वयं स्तन जाँच विधि,
- क्लिनिकल जाँच विधि,
- म्यामोग्राफी जाँच,
- हाई रेजोलुसन भिडियो एक्स-रे,
- अटोमेटेड होल ब्रेस्ट भिडियो एक्स-रे,
- एमआरआई ।

## स्तन क्यान्सरको उपचार कस्तो छ?

- नेपालमा प्रायः सबै उपचार विधि सुरु भइसकेका छन् तर महँगीका कारण धेरै नेपालीको पहुँचबाट बाहिर छ ।
- सर्जरी, रेडियोथेरापी, केमोथेरापी, हर्मोन थेरापी आदि प्रचलित उपचार विधिहरू हुन् ।
- स्तन पूर्णनिर्माण सर्जरी गर्ने चलन धेरै कम छ ।

## स्तन क्यान्सरमा केके चुनौती छन् ?

- नेपालमा स्तन क्यान्सरको अनिवार्य स्क्रिनिङ कार्यक्रम नहुनु,
- स्तन क्यान्सरको उपचार महँगो हुनु,
- जनचेतनाको कमी हुनु ।

## स्तन क्यान्सर रोकथामका लागि के गर्ने ?

- स्वास्थ्य चेतानामूलक कार्यक्रम
- स्तन क्यान्सर स्क्रिनिङ कार्यक्रम (विश्व स्वास्थ सङ्गठनका अनुसार)

२० देखि ३९ वर्ष : प्रत्येक महिना स्वयं स्तन जाँच विधि र प्रत्येक ३ वर्षमा स्वास्थकर्मीबाट क्लिनिकल जाँच विधि ।

४० देखि ४९ वर्ष : प्रत्येक महिना स्वयं स्तन जाँच विधि र प्रत्येक वर्ष स्वास्थकर्मीबाट क्लिनिकल जाँच विधि, ४० वर्षमा म्यामोग्राफी जाँच र त्यसपछि प्रत्येक २/२ वर्षमा म्यामोग्राफी जाँच ।


५० वर्ष र माथिको उमेर : प्रत्येक महिना स्वयं स्तन जाँच विधि र प्रत्येक वर्ष स्वास्थकर्मीबाट क्लिनिकल जाँच विधि र प्रत्येक वर्ष म्यामोग्राफी जाँच ।

## समयमै स्तन क्यान्सर पत्ता लगाउन के गर्ने ?

- सबैले स्तन क्यान्सरबारे चेतना बढाउने काम सुरु गरौँ र
- सबैले आफ्नो स्तन आफै जाँच्ने विधि सुरु गरौँ ।

स्वास्थ्य खबर पत्रिका

## आ.व. २०८०/८१ फागुन महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २२७ | ३४२ | २५८ | ३३४ | ३८५ | ३२८ | २४६ | २६२ | ३३४ | २४३ | ३२६ | ३६५ | ३६१ | ४६४ | ४१३ | ३८८ | ३६६ | ३६७ | ४४४ | ३२२ | ३६८ | ३१२ | ४२७ | ४९९ | ४०२ | ३६९ | ३६८ | ५२१ | ३९४ | ४११ |
| ■ सार्क तथा चिनियाँ | ३१० | ३७५ | ३०३ | ४४२ | ३४० | २९४ | ३०० | २३७ | ३६८ | ४६३ | ३४३ | २८९ | २७६ | ३३७ | २६१ | २९५ | ३५७ | ३६४ | ४२४ | २०२ | ३१५ | ३२९ | ३२० | ३८६ | ४२३ | ५५३ | ४०२ | ३६० | ३३८ | ३८९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० फागुन | १०,८४६ | १०,३९५ | २१,२४१ |
| २०७९ फागुन | ८,६५१ | ५,९८३ | १४,६३४ |
| प्रगति | २,१९५ | ४,४१२ | ६,६०७ |

सम्पादकको पृष्ठ

# ऐतिहासिक प्रतियोगिताका विजयीलाई बधाई ! सहभागीलाई धन्यवाद !

भक्तपुर नगरपालिकाको आयोजनामा देशकै पहिलो अन्तर नगर महिला कबड्डी प्रतियोगिता सफलताका सम्पन्न भएको छ। देशका अमर सहिदहरूको स्मृतिमा हरेक वर्ष विभिन्न खेलको अन्तर नगर प्रतियोगिता आयोजना गर्दै आएको क्रममा विगतमा अन्तर नगर भलिबल, कराँते, एथ्लेटिक्स, बुद्धिचाल, खो खोपछि यस वर्ष महिला कबड्डी प्रतियोगिताको आयोजना गरेको हो ।

फागुन २९ देखि चैत ३ गतेसम्म भएको खेल प्रतियोगितामा १७ नपाले नाम दर्ता गराए पनि १५ टोलीबिच प्रतिस्पर्धा भएको थियो। अन्तिममा मेलौली नपा, बैतडी च्याम्पियन बन्यो।

देशको एक पुरानो खेल, औपचारिक घोषणा नभए पनि जनताले राष्ट्रिय खेलको रूपमा लिएको कबड्डी देशका सबै प्रदेशमा खेलिन्छ। तर, यस खेललाई राज्यले महत्त्व नदिएको कबड्डीमा संलग्नहरूको समान गुनासो छ, महिला कबड्डी त झनै नेपथ्यमा परेको छ। यस्तो परिवेशमा भक्तपुर नपाले महिला कबड्डीलाई नै महत्त्व दिएर अन्तर नगर प्रतियोगिताको आयोजना गरेको छ। यसबाट खेलप्रेमी, कबड्डीप्रेमी र महिला कबड्डीप्रेमी र खेलाडीहरू हर्षित हुनु स्वाभाविक हो। परन्तु, स्थानीय पालिकाहरूले पनि महिला कबड्डीलाई खासै प्राथमिकता नदिएको आभास कम सहभागिताले दिएको छ। त्यसैले, राष्ट्रिय र अन्तर्राष्ट्रिय पदक हासिल गर्ने कबड्डी खेलाडी र प्रशिक्षकहरूको गुनासो मेटिन सकेको छैन।


नेपालमा पहिलो पटक आयोजित अन्तर नगर कबड्डी प्रतियोगितामा भक्तपुर नपाले विजयी प्रथम, द्वितीय र तृतीयहरूलाई आकर्षक पुरस्कारको व्यवस्थाका साथै मोफसलका खेलाडी र अफिसियललाई बस्ने-खाने सुविधा, खेलाडी बीमाको बन्दोवस्त गरेको थियो। यसलाई सहभागी खेलाडी र प्रशिक्षक्षकहरूले उच्च मूल्याङ्कन गरी सराहना गरेको प्रतिक्रिया दिएका छन्। साथै दिइएका केही सुझावहरूलाई आगामी दिनमा ध्यानमा राख्ने निश्चित छ।

विगतमा खेल मैदानमा बिच भलिबलको प्रतियोगिता आयोजना गरेर नौलो अभ्यास गर्ने भक्तपुर नपाले यसपटक महिला कबड्डी प्रतियोगिता गरेर खेल इतिहासमा नयाँ पाना थपेको छ ।

प्रतियोगिताका दिनहरूमा दर्शकहरूको उल्लेख्य उपस्थितिले यस खेलप्रतिको आकर्षण दर्शाएको थियो भने खेलाडीहरूलाई थप उत्साह र हौसला प्रदान गरेको थियो।


ऐतिहासिक अन्तर नगर महिला कबड्डी प्रतियोगिताका विजयीलाई बधाई तथा सहभागीलाई धन्यवाद !



भक्तपुर नपाबाट पुनर्निर्मित भाजुपुखू र जलेश्वर मन्दिर उद्घाटनमा प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) लगायत मञ्चासीन अतिथिगण (माथि), विमोचित 'भाजुपुखू र जलेश्वर मन्दिर' पुस्तक गाता (बायाँ) र कार्यक्रमस्थल (तल) ।





भक्तपुर नपाबाट पुनर्निर्मित भाजुपुखू र जलेश्वर मन्दिर आकाशबाट हेर्दा